# शिक्षक सेवाको खुल्ला प्रतियोगितात्मक परीक्षा तयारी कक्षा सञ्चालन

## आधारभूत तह

## स्रोत सामग्री
(भाग–१)

शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

# शिक्षक सेवाको खुल्ला प्रतियोगितात्मक परीक्षा

## तयारी कक्षा सञ्चालन

## (आधारभूत तह)

R1 = 309

## स्रोत सामग्री

( भाग - १ )

NCED Library
G3056

शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

२०६८

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
**शैक्षिक जनशक्ति विकास केन्द्र**
सानोठिमी, भक्तपुर

G3086

© शैक्षिक जनशक्ति विकास केन्द्र, २०६८
इमेल : nced@moe.gov.np
वेभ : www.nced.gov.np
फोन नं. : ०१-६६३०७९६, ०१-६६३८१५०, ०१-६६३१२७९
फ्याक्स : ०१-६६३१४८६

## सल्लाहकार

श्री सूर्यप्रसाद गौतम
श्री देवकुमारी गुरागाई
श्री ज्ञानी यादव
श्री वैकुण्ठप्रसाद काफ्ले

## लेखन तथा सम्पादन

श्री ज्ञानी यादव
डा. वासुदेव काफ्ले
डा. बालकृष्ण रन्जित
श्री शम्भु दाहाल
श्री बोधकुमार खनाल
श्री सुकदेव सापकोटा
श्री गोपालप्रसाद भट्टराई
श्री रामचन्द्र पौडेल
श्री सुमन बज्राचार्य
श्री कुलप्रसाद खनाल
श्री पुरूषोत्तम घिमिरे
श्री ईश्वरीप्रसाद ज्ञवाली
श्री वैकुण्ठप्रसाद काफ्ले
श्री रामहरी श्रेष्ठ
श्री मित्रनाथ गर्तौला
श्री दिनानाथ गौतम
श्री डिल्लीश्वर प्रधान
श्री तोयानाथ खनाल
श्री बालकृष्ण चापागाई
श्री परशुराम तिवारी
श्री डिकबहादुर राई
श्री खगेन्द्रप्रसाद नेपाल
श्री बौधराज निरौला

# भूमिका

शिक्षा, स्वास्थ्य, रोजगार, अवसर तथा आयआर्जन आदि क्षेत्रहरूमा महिला पुरुषबीच असमानता छ भन्ने कुरा हामी नकार्न सक्दैनौं । अधिकार र पहुँचमा महिला र पुरुषबीच समानता हुनुपर्दछ । यस्ता विभेदलाई अन्त्य गर्नुपर्दछ । शिक्षक शिक्षा आयोजनाले दलित, जनजाति तथा पिछडिएको समूह विशेषत: महिलाहरूलाई शिक्षण पेसामा प्रवेश गराउन सक्षम बनाउने उद्देश्य अनुरूप २५०० जनालाई पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम छात्रवृत्ति प्रदान गरेको थियो । प्राथमिक विद्यालयमा कम्तीमा एकजना महिला शिक्षक राख्ने प्रावधान शिक्षा नियमावलीमा गरिएको छ । त्यस्तै शिक्षक सेवालाई समावेशी बनाउन सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने शिक्षक पदमध्ये ४५% पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी ३३% मा महिला उम्मेद्वारहरूबीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था छ ।

यी व्यवस्थाहरू भए तापनि विभिन्न जिल्लाहरूमा पुरुषभन्दा महिला शिक्षकको सङ्ख्या ज्यादै कम भएको देखिन्छ भने महिला शिक्षक भएको विद्यालयमा छात्राहरूको सङ्ख्या बढेको देखिन्छ । अत: महिला शिक्षकको न्यून सहभागिता भएका जिल्लाहरूमा शिक्षण पेसामा महिला शिक्षकहरूको सङ्ख्या बढाउनका लागि शिक्षक सेवा आयोगबाट लिइने शिक्षकहरूको खुल्ला प्रतियोगितात्मक परीक्षाको पूर्व सेवा प्रवेश तयारी कक्षा सञ्चालन गरिने छ । उक्त तयारी कक्षा शैक्षिक तालिम केन्द्रहरूमा सञ्चालन गरिने छ ।

शिक्षक सेवा आयोगबाट लिइने आधारभूत तह (कक्षा १-८) को शिक्षण अनुमतिपत्र प्राप्त गरेका उमेद्वारहरूको खुला प्रतियोगितात्मक परीक्षामा महिला उमेद्वारहरूको प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने उद्देश्य राखी यस तालिम कोर्स/स्रोतसामग्रीको विकास गरिएको छ । प्रस्तुत सामग्री १० दिने तयारी कक्षा सञ्चालनको एउटा सहयोगी साधन मात्र हो । उमेद्वारहरूलाई अन्य स्रोत सामग्रीहरूको अध्ययन गर्न पनि अनुरोध गर्दछु ।

यो सामग्री तयारीको क्रममा सञ्चालन भएका कार्यशालाहरूको आधारमा सम्बन्धित विषयका विज्ञहरूबाट यो सामग्री तयार पारिएको छ । अत: सामग्री तयारीको क्रममा संलग्न हुनुभएका सम्पूर्ण विद्वतवर्ग धन्यवादका पात्र हुनुहुन्छ । अन्त्यमा, छोटो अवधिमा तयार भएको यो सामग्रीलाई अझ स्तरीय बनाउन सम्बद्ध सबै महानुभावहरूसँग राय सुझावका लागि यस केन्द्र हार्दिक अनुरोध गर्दछ ।

फाल्गुण, २०६८

सूर्यप्रसाद गौतम
कार्यकारी निर्देशक
शैक्षिक जनशक्ति विकास केन्द्र

## विषयसूची


| क्र.सं. | शीर्षक | पेज |
| --- | --- | --- |
| १ | पाठ्यक्रम | १ |
| २ | तातिमको कार्यतालिका | ६ |
| ३ | सार्क राष्ट्रहरूको शिक्षाको संरचना | ९ |
| ४ | नेपालको शिक्षाको राष्ट्रिय तथा तहगत उद्देश्यहरू | ११ |
| ५ | नेपालको शैक्षिक इतिहास ( राणाकालदेखि हालसम्म ) | १४ |
| ६ | बालअधिकार | २९ |
| ७ | लैङ्गिक समानता | ३२ |
| ८ | नेपालको विद्यालयको तहगत संरचना र पाठ्यक्रमको ढाँचा | ३७ |
| ९ | शिक्षासम्बन्धी योजना तथा परियोजना | ४२ |
| १० | राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ | ५७ |
| ११ | शैक्षणिक योजना | ५९ |
| १२ | बालविकास तथा मनोविज्ञान | ७३ |
| १३ | शिक्षण सिकाइ तथा कक्षा व्यवस्थापन | ७५ |
| १४ | नेपालको अन्तरिम संविधान, २०६३ | ९५ |
| १५ | शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली,२०५९ | १०० |
| १६ | शिक्षक सेवा आयोग नियमावली २०५७, (संशोधन सहित) | १०४ |
| १७ | नमुना प्रश्नहरू | १०५ |

## पाठ्यक्रम

क) शिक्षक सेवा आयोगबाट प्राथमिक र निम्नमाध्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम देहाय अनुसार प्रकाशित गरिएको छ :

तह:प्राथमिक श्रेणी: तृतीय पूर्णाङ्क १००

१) शिक्षासम्बन्धी आधारभूत ज्ञान: वस्तुगत प्रश्न (बहुवैकल्पिक) समानान्तर सेटहरू) - २० अङ्क

क) शिक्षासम्बन्धी आधारभूत जानकारी - १० अङ्क

अ) नेपालको शिक्षाको राष्ट्रिय तथा तहगत उद्देश्यहरू

आ) नेपालको विद्यालय तहको संरचना र पाठ्यक्रमको ढाँचा

इ) पूर्वप्राथमिक शिक्षा तथा प्रारम्भिक बाल विकासको उद्देश्य र कार्यान्वयन

ई) बाल अधिकार तथा लैङ्गिक समानता

उ) शिक्षासम्बन्धी योजना तथा परियोजना:

- रा.शि.प.को योजना (२०२८-०३२) प्राथमिक शिक्षाको संरचना र शिक्षक व्यवस्थापन
- आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो (१९९९-२००४), लक्ष्य र कार्यक्रम
- सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) उद्देश्य, लक्ष्य र कार्यक्रम
- चालु आवधिक योजनामा प्राथमिक शिक्षाको लक्ष्य तथा कार्यक्रम

ऊ) शिक्षण सिकाइ तथा कक्षा व्यवस्थापन

- शिक्षण विधि र प्रक्रिया:
- शैक्षणिक व्यवस्था: विषयगत, कक्षागत र बहुकक्षा शिक्षण
- कक्षाकोठा व्यवस्थापन: भौतिक र विद्यार्थी
- शैक्षिक सामग्रीहरूको व्यवस्था र प्रयोग : स्थानीय तथा अन्य
- स्थानीय/ मातृभाषाको पाठ्यक्रम निर्माण र प्रयोग
- बहुभाषा शिक्षणको महत्त्व र प्रयोग

ए) शैक्षिक योजना निर्माण तथा मूल्याङ्कन

- वार्षिक तथा दैनिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन
- विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन
- निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कन - विभिन्न तरिका र प्रयोग

ऐ) बाल विकास तथा मनोविज्ञान: पूर्वबाल्यावस्था र बाल्यावस्थाका सिकाइसँग सम्बन्धित विशेषताहरू, विकासात्मक पक्षहरू

ख) संविधान, शिक्षासम्बन्धी ऐन तथा नियमावलीहरू - १० अङ्क

अ) नेपालको अन्तरिम संविधान, २०६३: मौलिक हक, शिक्षासम्बन्धी हक

आ) शिक्षा ऐन, २०२८ (संशोधनसहित)

इ) शिक्षा नियमावली, २०५९ (संशोधनसहित) :

- विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार,
- शिक्षकको सेवा शर्त र सुविधाहरू,
- शिक्षक तथा विद्यार्थी आचारसंहिता

ई) शिक्षक सेवा आयोग नियमावली, २०५७ (संसोधनसहित)

२) प्राथमिक तहको विषयसम्बन्धी ज्ञान र सीप तथा आधुनिक शैक्षणिक प्रविधि - ८० अङ्क

क) विषयसम्बन्धी ज्ञान र सीप - ६० अङ्क

प्राथमिक तहको नेपाली, अंग्रेजी, गणित, सामाजिक , विज्ञान र वातावरण आदि विषयहरूसँग सम्वन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा सकभर सबै विषय समेट्ने गरी विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि

ख) आधुनिक शैक्षणिक प्रविधि तथा खोज - २० अङ्क

अ) दूर तथा खुला शिक्षा

आ) अनौपचारिक शिक्षा र साक्षरता, कार्यमूलक तथा लचिलो र वैकल्पिक विद्यालय

इ) श्रव्य तथा दृश्य सामाग्रीको परिचय र यसको प्रयोग

ई) समावेसी शिक्षा: उद्देश्य, महत्त्व र आवश्यकता

उ) सूचना तथा सञ्चार शिक्षाको महत्त्व र आवश्यकता तथा शिक्षण सिकाइमा यसको प्रयोग

तह: निम्नमाध्यमिक श्रेणी: तृतीय पूर्णाङ्क १००

१) शिक्षासम्बन्धी आधारभूत ज्ञान: वस्तुगत प्रश्न (बहुवैकल्पिक- समानान्तर सेटहरू) - २०अङ्क

क) शिक्षासम्बन्धी आधारभूत जानकारी - १० अङ्क

अ) सार्क मुलुकहरूको शिक्षाका तहगत उद्देश्य तथा विद्यालयको संरचनासम्बन्धी आधारभूत जानकारी

आ) नेपालको शिक्षाको राष्ट्रिय तथा तहगत उद्देश्यहरू

इ) नेपालको शैक्षिक इतिहास (राणाकालदेखि हालसम्म)

ई) नेपालका विद्यालयको तहगत संरचना

उ) बाल अधिकार तथा लैङ्गिक समानता

ऊ) शिक्षासम्बन्धी योजना तथा परियोजना:

- रा.शि.प.को योजना (२०२८-०३२): नि.मा. तहको तहगत संरचना र उद्देश्य
- सबैकालागि शिक्षा कार्यक्रम (२००४-२००९): उद्देश्य, लक्ष्य र कार्यक्रम
- माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००८) उद्देश्य, लक्ष्य र कार्यक्रम
- चालु आवधिक योजनामा निम्नमाध्यमिक शिक्षाको लक्ष्य तथा कार्यक्रम

ए) शिक्षासम्बन्धी आयोगका प्रतिवेदन :

- राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९: नि.मा. तथा माध्यमिक शिक्षाका विकासका लागि सुझावहरू

ऐ) शैक्षिक योजना, व्यवस्थापन तथा मूल्याङ्कन

- वार्षिक तथा दैनिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन
- विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन
- निर्माणात्मक तथा निर्णयात्मक मूल्याङकन: विभिन्न तरिका र प्रयोग

ओ) बाल विकास तथा मनोविज्ञान: उत्तरबाल्यावस्था तथा किशोर अवस्थाका सिकाइसँग सम्बन्धित विशेषताहरू र विकासात्मक पक्षहरू

ख) संविधान, शिक्षासम्बन्धी ऐन तथा नियमावलीहरू, - १० अङ्क

अ) नेपालको अन्तरिम संविधान, २०६३

- मौलिक हक
- शिक्षासम्बन्धी हक
- कार्यपालिकासम्बन्धी व्यवस्था

आ) शिक्षा ऐन, २०२८ (संशोधनसहित)

इ) शिक्षा नियमावली, २०५९ (संशोधनसहित) :

- विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार,
- शिक्षकको सेवा शर्त र सुविधाहरू,
- शिक्षक तथा विद्यार्थी आचारसंहिता

ई) शिक्षक सेवा आयोग नियमावली, २०५७ (संसोधनसहित)

२) निम्न माध्यमिक तहको विषयसम्बन्धी ज्ञान र सीप - ८० अङ्क

क) निम्नमाध्यमिक तहको सम्बन्धित विषयको पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि - ६० अङ्क

ख) आधुनिक शैक्षणिक प्रविधि र खोज - २० अङ्क

अ) दूर तथा खुला शिकाइको आवश्यकता र महत्त्व

आ) श्रव्य तथा दृश्य सामाग्रीको प्रयोग

इ) कक्षा शिक्षण सिकाइसँग सम्बन्धित सूक्ष्म कार्यमूलक खोज तथा अनुसन्धान

ई) समावेशी शिक्षाको महत्त्व र प्रयोग

उ) सूचना तथा सञ्चार शिक्षाको महत्त्व, आवश्यकता तथा शिक्षण सिकाइमा यसको प्रयोग

ख) शिक्षक सेवा आयोगबाट प्रकाशित आधारभूत (प्राथमिक र निम्नमाध्यमिक) तहको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रमलाई देहायअनुसार एकीकृत गरिएको छ :

तह: आधारभूत (कक्षा १-८) श्रेणी: तृतीय पूर्णाङ्क १००

१) शिक्षासम्बन्धी आधारभूत ज्ञान: वस्तुगत प्रश्न (बहुवैकल्पिक- समानान्तर सेटहरू) - २० अङ्क

क) शिक्षासम्बन्धी आधारभुत जानकारी - १० अङ्क

अ) सार्क मुलुकहरूको शिक्षाको तहगत उद्देश्य, विद्यालयको संरचनासम्बन्धी आधारभूत जानकारी

आ) नेपालको शिक्षाको राष्ट्रिय तथा तहगत उद्देश्यहरू

इ) नेपालको शैक्षिक इतिहास (राणाकालदेखि हालसम्म)

ई) बाल अधिकार तथा लैङ्गिक समानता

उ) नेपालको विद्यालयको तहगत संरचना र पाठ्यक्रमको ढाँचा

ऊ) शिक्षासम्बन्धी योजना तथा परियोजना

- रा.शि.प.को योजना (२०२८-०३२) प्रा वि तथा नि मा वि तहको तहगत संरचना, उद्देश्य र शिक्षक व्यवस्थापन ।
- आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो ( १९९९- २००४) लक्ष्य र कार्यक्रम
- सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) उद्देश्य, लक्ष्य र कार्यक्रम
- चालु आवधिक योजनामा प्राथमिक तथा निम्न माध्यमिकतहसम्मको शिक्षाको लक्ष्य तथा कार्यक्रम
- माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००८)

ए) शिक्षासम्बन्धी आयोगका प्रतिवेदन :

- राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९: नि मा वि र माध्यमिक शिक्षाका विकासका लागि सुझावहरू

ऐ) शैक्षिक योजना, व्यवस्थापन तथा मूल्याङ्कन

- वार्षिक तथा दैनिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन
- विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन
- निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कन :विभिन्न तरिका र प्रयोग

ओ) बालविकास तथा मनोविज्ञान : पूर्वबाल्यावस्था र बाल्यावस्थाका एवम् उत्तरबाल्यावस्था तथा किशोर अवस्थाका सिकाइसँग सम्बन्धित विशेषताहरू र विकासात्मक पक्षहरू

औ) शिक्षण सिकाइ तथा कक्षा व्यवस्थापन

- शिक्षण विधि र प्रक्रिया :
- शैक्षणिक व्यवस्था : विषयगत, कक्षागत र बहुकक्षा शिक्षण,
- कक्षाकोठा व्यवस्थापन : भौतिक र विद्यार्थी
- शैक्षिक सामग्रीहरूको व्यवस्था र प्रयोग स्थानीय तथा अन्य
- स्थानीय / मातृभाषाको पाठ्यक्रम निर्माण र प्रयोग

- बहुभाषा शिक्षणको महत्त्व र प्रयोग )

ख) संविधान, शिक्षासम्बन्धी ऐन तथा नियमावलीहरू १० अङ्क

अ) नेपालको अन्तरिम संविधान, २०६३

- मौलिक हक
- शिक्षासम्बन्धी हक
- कार्यपालिकासम्बन्धी व्यवस्था

आ) शिक्षा ऐन, २०२८ (संशोधनसहित)

इ) शिक्षा नियमावली, २०५९ (संशोधनसहित) :

- विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार,
- शिक्षकको सेवा शर्त र सुविधाहरू,
- शिक्षक तथा विद्यार्थी आचारसंहिता

ई) शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित)

२) आधारभूत (कक्षा १ -८ ) तहको विषयसम्बन्धी ज्ञान,सीप तथा आधुनिक शैक्षणिक प्रविधि र खोज - ८० अङ्क

क) प्राथमिक तहको नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक, विज्ञान र वातावरण आदि विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा सकभर सबै विषय समेट्ने गरी विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि/निम्न माध्यमिक तहको सम्बन्धित विषयको पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि - ६० अङ्क

ख) आधुनिक शैक्षणिक प्रविधि तथा खोज २० अङ्क

अ) दूर तथा खुला शिक्षा

आ) दूर तथा खुला सिकाइको महत्त्व र आवश्यकता

इ) अनौपचारिक शिक्षा र साक्षरता, कार्यमूलक तथा लचिलो र वैकल्पिक विद्यालय

ई) समावेशी शिक्षाको उद्देश्य महत्त्व, आवश्यकता र प्रयोग

उ) श्रव्य तथा दृश्य सामग्रीको परिचय र यसको प्रयोग

ऊ) सूचना तथा सञ्चार शिक्षाको महत्त्व र आवश्यकता तथा शिक्षण सिकाइमा यसको प्रयोग

ए) कक्षा शिक्षण सिकाइसँग सम्बन्धित सूक्ष्म कार्यमूलक खोज तथा अनुसन्धान

## तालिमको कार्यतालिका

**आधारभूत ( प्राथमिक र निम्न माध्यमिक ) तहमा शिक्षण अनुमति पत्र प्राप्त गरेका महिलाहरूको खुला प्रतियोगितात्मक परीक्षाका लागि प्रतिस्पर्धात्मक क्षमता विकास तालिमको कार्यतालिका**

| दिन | सेसन | विषयवस्तु |
|---|---|---|
| १ | पहिलो | अ) सार्क मुलुकहरूको शिक्षाको तहगत उद्देश्य, विद्यालयको संरचनासम्बन्धी आधारभूत जानकारी<br>आ) नेपालको शिक्षाको राष्ट्रिय तथा तहगत उद्देश्यहरू<br>इ) नेपालको शैक्षिक इतिहास (राणाकालदेखि हालसम्म)<br>ई) बाल अधिकार तथा लैङ्गिक समानता<br>उ) नेपालको विद्यालयको तहगत संरचना र पाठ्यक्रमको ढाँचा |
| | द्वितीय | ऊ) शिक्षासम्बन्धी योजना तथा परियोजना<br>• रा.शि.प.को योजना (२०२८-०३२) प्रा वि तथा नि मा वि तहको तहगत संरचना, उद्देश्य र शिक्षक व्यवस्थापन ।<br>• आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो ( १९९९- २००४) लक्ष्य र कार्यक्रम<br>• सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) उद्देश्य, लक्ष्य र कार्यक्रम<br>• चालु आवधिक योजनामा प्राथमिक तथा निम्न माध्यमिकतहसम्मको शिक्षाको लक्ष्य तथा कार्यक्रम<br>• माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००८) |
| | तृतीय | ए) शिक्षासम्बन्धी आयोगका प्रतिवेदन :<br>• राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९: नि मा वि र माध्यमिक शिक्षाका विकासका लागि सुझावहरू |
| २ | प्रथम | ऐ) शैक्षिक योजना, व्यवस्थापन तथा मूल्याङ्कन<br>• वार्षिक तथा दैनिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन<br>• विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन<br>• निर्माणात्मक तथा निर्णयात्मक मूल्याङकन: विभिन्न तरिका र प्रयोग |
| | द्वितीय | ओ) बालविकास तथा मनोविज्ञान : पूर्वबाल्यावस्था र बाल्यावस्थाका एवम् उत्तरबाल्यावस्था तथा किशोर अवस्थाका सिकाइसँग सम्बन्धित विशेषताहरू र विकासात्मक पक्षहरू |
| | तृतीय | औ) शिक्षण सिकाइ तथा कक्षा व्यवस्थापन<br>• शिक्षण विधि र प्रक्रिया :<br>• शैक्षणिक व्यवस्था : विषयगत, कक्षागत र बहुकक्षा शिक्षण, |

| | | |
|---|---|---|
| | | • कक्षाकोठा व्यवस्थापन : भौतिक र विद्यार्थी<br>• शैक्षिक सामग्रीहरूको व्यवस्था र प्रयोग स्थानीय तथा अन्य<br>• स्थानीय / मातृभाषाको पाठ्यक्रम निर्माण र प्रयोग<br>• बहुभाषा शिक्षणको महत्त्व र प्रयोग ) |
| ३ | | अ) नेपालको अन्तरिम संविधान, २०६३<br>• मौलिक हक<br>• शिक्षासम्बन्धी हक<br>• कार्यपालिका सम्बन्धी व्यवस्था |
| | | आ) शिक्षा ऐन, २०२८ (संशोधनसहित)<br>इ) शिक्षा नियमावली, २०५९ (संशोधनसहित) :<br>• विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार,<br>• शिक्षकको सेवा शर्त र सुविधाहरू,<br>• शिक्षक तथा विद्यार्थी आचारसंहिता |
| | | ई) शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) |
| ४ | प्रथम | आधारभूत तहको नेपाली विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि |
| | द्वितीय | आधारभूत तहको अङ्ग्रेजी विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि |
| | तृतीय | आधारभूत तहको गणित विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि |
| ५ | प्रथम | आधारभूत तहको,सामाजिक अध्ययन, जनसङ्ख्या शिक्षा र नैतिक शिक्षा विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि |
| | द्वितीय | आधारभूत तहको,सामाजिक अध्ययन, जनसङ्ख्या शिक्षा र नैतिक शिक्षा विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि |
| | तृतीय | आधारभूत तहको विज्ञान र वातावरण, विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि |

| | | |
|---|---|---|
| ६ | प्रथम | आधारभूत तहको स्वास्थ्य र शारीरिक शिक्षा विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि |
| | द्वितीय | आधारभूत तहको सिर्जनात्मक कला विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि |
| | तृतीय | आधारभूत तहको स्थानीय विषय/मातृभाषा/संस्कृत/कला आदि विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि |
| ७ | प्रथम | आधारभूत तहको स्थानीय विषय/मातृभाषा/संस्कृत/कला आदि विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि |
| | द्वितीय | आधारभूत तहको पेसा व्यवसाय र प्रविधि शिक्षा विषयहरूसँग सम्बन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि |
| | तृतीय | दूर तथा खुला शिक्षा / सिकाइको महत्त्व र आवश्यकता<br>श्रव्य तथा दृश्य सामग्रीको परिचय र यसको प्रयोग |
| ८ | प्रथम | अनौपचारिक शिक्षा र साक्षरता, कार्यमूलक तथा लचिलो र वैकल्पिक विद्यालय<br>समावेशी शिक्षाको उद्देश्य महत्त्व, आवश्यकता र प्रयोग |
| | द्वितीय | सूचना तथा सञ्चार शिक्षाको महत्त्व र आवश्यकता तथा शिक्षण सिकाइमा यसको प्रयोग<br>कक्षा शिक्षण सिकाइसँग सम्बन्धित सूक्ष्म कार्यमूलक खोज तथा अनुसन्धान |
| | तृतीय | प्रश्नउत्तर लेखन अभ्यास |
| ९ | प्रथम | प्रश्नउत्तर लेखन अभ्यास |
| | द्वितीय | प्रश्नउत्तर लेखन अभ्यास |
| | तृतीय | प्रश्नउत्तर लेखन अभ्यास |
| १० | प्रथम | प्रश्नउत्तर लेखन अभ्यास |
| | द्वितीय | प्रश्नउत्तर लेखन अभ्यास |
| | तृतीय | प्रश्नउत्तर लेखन अभ्यास |

नोट : तालिम सञ्चालनका क्रममा प्रशिक्षकले विषयवस्तुमा हेरफेर नगरी आवश्यकतानुसार यस तालिकालाई परिमार्जन गर्न सक्नेछन् ।

# सार्क राष्ट्रहरूको शिक्षाको संरचना

१. माल्दिभ्स

- पूर्वप्राथमिक शिक्षा : २ वर्ष (Upper kindergarten र lower kindergarten)
- प्राथमिक शिक्षा : ५ वर्ष ( कक्षा १ देखि ५ सम्म ) ६ वर्षको उमेरबाट प्रारम्भ हुने ।
- मिडल स्कुल तह : २ वर्ष ( कक्षा ६ र ७ )
- निम्नमाध्यमिक तह (Lower secondary) : ३ वर्ष ( कक्षा ८ देखि १० सम्म )
- उच्चमाध्यमिक (Upper secondary) तह : २ वर्ष ( कक्षा ११ र १२ )

२. भारत

- पूर्वप्राथमिक शिक्षा : २ देखि ३ वर्ष हुने
- प्राथमिक शिक्षा : ५ वर्ष ( कक्षा १ देखि ५ सम्म )
- मिडल स्कुल तह : ३ वर्ष ( कक्षा ६ देखि ८ सम्म )
- माध्यमिक शिक्षा : २ वर्ष ( कक्षा ९ र १० )
- उच्चमाध्यमिक (Senior secondary) शिक्षा : २ वर्ष ( कक्षा ११ र १२ )

३. बंगलादेश

- प्राथमिक शिक्षा : ५ वर्ष
- माध्यमिक शिक्षा : ७ वर्ष ( कक्षा ६ देखि १२ सम्म )

| निम्नमाध्यमिक | माध्यमिक | उच्चमाध्यमिक |
|---|---|---|
| (३ वर्ष) | (२ वर्ष) | (२ वर्ष) |
| (कक्षा ६ देखि ८) | (कक्षा ९ र १०) | (कक्षा ११ र १२) |

४. भुटान

- पूर्वप्राथमिक + प्राथमिक : ६ वर्ष ( कक्षा १ देखि ६ सम्म )
- माध्यमिक शिक्षा : ४ वर्ष ( कक्षा ७ देखि १० सम्म )

| निम्नमाध्यमिक | माध्यमिक |
|---|---|
| (२ वर्ष) | (२ वर्ष) |
| (कक्षा ७ र ८) | (कक्षा ९ र १०) |

- उच्चमाध्यमिक : २ वर्ष (कक्षा ११ र १२)

५. भुटान

- पूर्वप्राथमिक शिक्षा : ४ देखि ५ वर्षका बालबालिकालाई
- प्राथमिक शिक्षा : ५ वर्ष ( कक्षा १ देखि ५ सम्म )
- माध्यमिक शिक्षा : ८ वर्ष ( कक्षा ६ देखि १३ सम्म )

| निम्नमाध्यमिक | उच्चमाध्यमिक (Senior secondary) | कलेज (Collegiate) |
|---|---|---|
| (४ वर्ष) | (२ वर्ष) | (२ वर्ष) |
| (कक्षा ६ देखि ९ ) | (कक्षा १० र ११) | (कक्षा १२ र १३) |

६. पाकिस्तान

- प्राथमिक शिक्षा : ५ वर्ष ( कक्षा १ देखि ५ सम्म )
- मिडिल स्कुल शिक्षा : ३ वर्ष ( कक्षा ६ देखि ८ सम्म )
- निम्नमाध्यमिक (Lower secondary) : २ वर्ष ( कक्षा ९ र १० )
- उच्चमाध्यमिक : २ वर्ष ( कक्षा ११ देखि १२ सम्म )

७. अफगानिस्तान

- प्राथमिक शिक्षा : ६ वर्ष ( कक्षा १ देखि ६ सम्म )
- मिडिल सेकेण्डरी : ३ वर्ष ( कक्षा ७ देखि ९ सम्म )
- अपर सेकेण्डरी (Upper secondary) : ३ वर्ष ( कक्षा १० देखि १२ सम्म )

८. नेपाल

- पूर्वप्राथमिक शिक्षा : १ वर्ष
- प्राथमिक शिक्षा : ५ वर्ष ( कक्षा १ देखि ५ सम्म )
- निम्नमाध्यमिक शिक्षा : ३ वर्ष ( कक्षा ६ देखि ८ सम्म )
- माध्यमिक शिक्षा : २ वर्ष ( कक्षा ९ र १० )
- उच्चमाध्यमिक शिक्षा : २ वर्ष ( कक्षा ११ र १२ )

विद्यालय क्षेत्र सुधार योजनाको कार्यान्वयन पश्चात भने विद्यालय शिक्षाको संरचना निम्नानुसार गरिने भएको छ :

- पूर्वप्राथमिक शिक्षा : १ वर्ष
- आधारभूत तह : ८ वर्ष ( कक्षा १ देखि ८ सम्म )
- माध्यमिक तह : ४ वर्ष ( कक्षा ९ देखि १२ सम्म )

नेपालका शिक्षाका राष्ट्रिय उद्देश्यहरू सामाजिक, आर्थिक तथा राजनैतिक परिवर्तनसँगै परिवर्तन हुँदै आइरहेका छन् । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन पश्चात् ७ बुँदे शिक्षाको राष्ट्रिय उद्देश्य तय गरिएको थियो । जुन निम्नप्रकार रहेका थिए :

१. प्रत्येक व्यक्तिमा अन्तरनीहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने,
२. प्रत्येक व्यक्तिमा सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक मान्यता आस्थाहरूको सम्वर्द्धन गरी स्वस्थ्य सामाजिक जीवनको विकास निम्ति सहयोग गर्ने,
३. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने,
४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा आफ्नो पहिचान कायम राख्दै व्यक्तिलाई आधुनिक युगमा सामान्जस्यपूर्ण जीवन यापनका निम्ति सरहयोग गर्ने,
५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने,
६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने,
७. समाजमा पछिपरेका व्यक्तिहरूलाई राष्ट्रिय मूलधारमा समाहित गर्न सहयोग गर्ने ।

वि.सं. २०६३ मा भएको राजनैतिक परिवर्तन पश्चात् शिक्षाका राष्ट्रिय उद्देश्यहरूमा परिवर्तन गरिएको छ । जुन निम्नानुसार छन् :

१. प्रत्येक व्यक्तिमा अन्तरनीहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने,
२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको सम्वर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक र सामूहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान् एवम् नैतिकवात् नागरिक तयार गर्ने,
३. स्थानीय र राष्ट्रियस्तरका व्यवसाय, पेसा एवम् रोजगारीका साथै आवश्यकताअनुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने,
४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने,
५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने,
६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने,
७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मदत गर्ने,
८. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने,
९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने,

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, सम्वर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मदत गर्ने ।

### तहगत उद्देश्यहरू

नेपालमा विद्यालय क्षेत्र सुधार योजनाको कार्यान्वयन भएपछि विद्यालयको संरचनामा परिवर्तन भएको छ । यस योजनाको कार्यान्वयन भएपछि साविकको '५+३+२+२' प्रणालीलाई परिवर्तन भई '८+४' अर्थात कक्षा १ देखि ८ सम्म आधारभूत तह र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह भएको छ । तथापि पाठ्यक्रम कार्यान्वयनका सन्दर्भमा भने कक्षा १ देखि ५ सम्म साविककै प्राथमिक शिक्षा पाठ्यक्रम लागू हुँदै आएको छ । त्यस्तै कक्षा ६-८ सम्म साविककै निम्नमाध्यमिक तहको पाठ्यक्रम लागू भएको छ ।

पाठ्यक्रम विकास केन्द्रले शैक्षिक सत्र २०६८ मा आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) विकास गरी देशभरका १६ जिल्लाका १०० ओटा विद्यालयहरूमा परीक्षण गरेको छ । यस पाठ्यक्रममा आधारभूत तहको कक्षा १-८ को तहगत उद्देश्यहरू राखिएको छ भने साविकमा प्राथमिक तथा निम्नमाध्यमिक तहका पाठ्यक्रममा भने छुट्टाछुट्टै तहगत उद्देश्य राखिएका छन् । विभिन्न तहगत उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) पूर्वप्राथमिक शिक्षाको उद्देश्य

पूर्वप्राथमिक शिक्षाले बालबालिकाहरूका निम्नलिखित पक्षमा विकास गर्ने उद्देश्य राखेको छ :

१. शारीरिक, संवेगात्मक, मानसिक, भाषिक र सामाजिक भावनाको विकासमा अवसर प्रदान गर्ने,
२. सरसफाइ र सुरक्षासम्बन्धी बानी बसाल्न प्रेरित गर्ने,
३. सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने,
४. प्राथमिक शिक्षाका लागि पूर्वतयारी गराउने ।

ख) प्राथमिक शिक्षाको उद्देश्य ( मौजुदा प्राथमिक शिक्षाको पाठ्यक्रमअनुसार )

प्राथमिक शिक्षाले बालबालिकाहरूमा निम्नलिखित पक्षमा विकास गर्ने उद्देश्य राखेको छ :

१. राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बनजस्ता सामाजिक र चारित्रिक गुणको विकास गर्ने,
२. आधारभूत भाषिक तथा गणितीय सीप विकास गर्ने,
३. विज्ञान, सूचना प्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान तथा जीवनोपयोगी सीपको विकास गर्ने,
४. कला, सौन्दर्यप्रति अभिरुचि जगाई सिर्जनशील सीपको विकास गर्ने,
५. विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र क्षेत्रप्रति समभाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने,
६. मानवअधिकार तथा सामाजिक मूल्यमान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गर्ने ।

ग) निम्नमाध्यमिक शिक्षाका उद्देश्य ( मौजुदा निम्नमाध्यमिक शिक्षाको पाठ्यक्रमअनुसार )

राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान्, सामाजिक र प्राकृतिक वातावरणप्रति भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका स्वस्थ स्वावलम्बी एवम् चरित्रवान् नागरिक तयार गर्ने ।

घ) आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६८ अनुसार आधारभूत तह (कक्षा १-८) का सक्षमताहरू ( हाल यस पाठ्यक्रम परीक्षको रूपमा छ । )

१. राष्ट्र तथा राष्ट्रियताको संरक्षण र सम्वर्द्धनमा योगदान पुऱ्याउन र लोकतान्त्रिक संस्कार अवलम्बन गर्न,
२. भाषिक सीपलाई सिकाइ र दैनिक व्यवहारमा आत्मविश्वासका साथ प्रयोग गर्न,
३. विविध सूचना र विचारहरू स्पष्टसँग आदनप्रदान गरी रचनात्मक र विश्लेष्णात्मक रूपमा प्रतिक्रिया जनाउन,
४. गणितीय सीपलाई दैनिक व्यवहारमा उपयोग गरी गणितीय समस्या समाधान एवम् तथ्याङ्कहरूको व्याख्या, विश्लेषण तथा प्रयोग गर्न,
५. मानवीय मूल्यमान्यतामा आधारमा व्यक्तिगत र सामाजिक जीवन पद्धतिमा जिम्मेवारपूर्ण चारित्रिक व्यवहार प्रदर्शन गर्न,
६. सामूहिक भावनाको विकास गरी अधिकार र कर्तव्यको पालना एवम् खोजी गर्न,
७. विविध परिस्थितिमा सामञ्जस्यपूर्ण व्यवहार गरी स्वतन्त्रतापूर्व काम गर्न र अरूको स्वतन्त्रताको सम्मान गर्न,
८. जनसङ्ख्या, वातावरण तथा दिगो विकासका विभिन्न पक्षहरूसँग परिचित हुन र तिनको व्यवस्थापन गर्न,
९. वरपरका वस्तु तथा घटनासँग सम्बन्धित वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा नियमहरूको ज्ञानको खोज तथा अनुसन्धान गर्न एवम् तथ्यमा आधारित अभिव्यक्ति दिन,
१०. शारीरिक तथा मानसिक रूपमा स्वव्यवस्थापन गरी स्वस्थ र नैतिकवान् बानी व्यवहार प्रदर्शन गर्न,
११. सूचना प्रविधिको पहुँच र प्रयोगसम्बन्धी आधारभूत सीप हासिल गरी व्यवहारमा प्रयोग गर्न,
१२. जीवन र व्यवहारमा व्यवसायको सम्बन्ध पहिचान गरी सामान्य व्यावसायिक सीप (TEVT-Soft Skills) प्रयोग गर्न र काम, पेसा, व्यवसायप्रति सकारात्मक हुन,
१३. स्थानीय र आधुनिक पेसा, व्यवसाय तथा प्रविधिको अवसर र चुनौतीहरूको जानकारी राखी स्वावलम्बी हुन,
१४. कला र संस्कृतिको संरक्षण तथा सम्वर्द्धन र प्रवर्द्धन गर्ने रचनात्मक कियाकलापमा सहभागी हुन,
१५. अनुभवका आधारमा निरन्तर सिकाइ प्रवर्द्धन गर्न ।

## नेपालको शैक्षिक इतिहास ( राणाकालदेखि हालसम्म )

राणाकालभन्दा अगाडिको शिक्षालाई शैक्षिक इतिहासका दृष्टिकोणले प्राचीनकालीन शिक्षा भनिन्छ । प्राचीनकालीन शिक्षाअन्तर्गत मूख्यत: दुई किसिमका शैक्षिक पद्धतिहरू प्रचलनमा रहेका थिए । ती हुन् : संस्कृत शिक्षा पद्धति र बौद्ध शिक्षा पद्धति ।

संस्कृत शिक्षा पद्धतिअन्तर्गत राजकुल पद्धति, पितृकुल पद्धति, ऋषिकुल पद्धति र गुरुकुल पद्धति प्रचलनमा रहेका थिए । जसमध्ये गुरुकुल शिक्षा पद्धति आधुनिक विद्यालय प्रणालीको सुरुआत नहुँदासम्म प्रचलनमा रहेको थियो । शिष्यहरू आफ्ना गुरुकहाँ पुगेर शिक्षा लिने हुनाले नै संस्कृत शिक्षा प्रणालीलाई गुरुकुल शिक्षा पद्धति भनिएको हो ।

संस्कृत शिक्षा परम्परामा श्रवण, मनन्, व्याख्या, प्रदर्शन, छलफल आदिका माध्यमबाट शिक्षण हुन्थ्यो भने विद्यार्थीको चारित्रिक गतिविधि र सामूहिक परीक्षातर्फ धर्म र दर्शनका बारेमा छलफल र बहस तथा शास्त्रार्थ विधिद्वारा विद्वानहरूको विद्वत सभालाई आफूले आर्जन गरेको ज्ञान, सीप, शील, स्वभाव र शास्त्रार्थले सन्तोस गराउन सकेमा विद्यामा स्नातक कहलाउथे । त्यस समयको अष्टकलशले स्नान गराई स्नातकोपाधि प्रदान गर्ने परम्पराकै रूपमा आजभोली पनि दीक्षान्त समारोह गरिन्छ ।

प्राचीनकालीन शिक्षा परम्पराअन्तर्गतको अर्को पद्धति हो बौद्ध शिक्षा पद्धति । यो शिक्षा पद्धति बुद्धका उपदेश र बौद्ध दर्शनमा आधारित थियो । यसअन्तर्गत पाकृत तथा पाली भाषा, बौद्ध दर्शन तथा साहित्य, त्रिपिटक जातक आदि विषयहरू पढाइन्थ्यो भने शिक्षा प्रदान गर्ने गुरुहरू भिक्षु हुन्थे ।

नेपालको प्राचीनकालीन शिक्षालाई विभिन्न शासनकालमा खण्डित गरेर अध्ययन गर्न सकिन्छ । लिच्छवीकालीन शिक्षा उदार र विद्याप्रेमीदाताहरूको दान दानत्वबाट सञ्चालन भएको थियो । यस्तो दान दानत्वबाट विभिन्न शिक्षा केन्द्रहरू खुलेका थिए । यसका साथै राजा रजौटाहरूले जग्गा गुठी राखिदिन्थे र यसै गुठीबाट पनि शिक्षा केन्द्रहरू सञ्चालित थिए । वास्तवमा लिच्छवीकालमा राज्यले नागरिकलाई शिक्षा प्रदान गर्ने कार्यलाई ऐच्छिक रूपमा लिएको थियो । तसर्थ नागरिकहरू शिक्षाबाट वञ्चित थिए । तथापि यसकालमा शिक्षा हेर्नका लागि प्रशासनको एक अङ्ग खडा गरिएको थियो । जसलाई “अग्रहार” भनिन्थ्यो । एघारौं शताब्दीको सुरुमा फर्पिङ, पाटन र काठमाडौंमा गरी शिक्षाका तीन ठूला केन्द्रहरू रहेका थिए ।

मल्लकालमा सर्वसाधारण जनतालाई शिक्षा प्रदान गर्नु राज्यको कर्तव्य नठानिए तापनि शिक्षा विकासमा सामान्य सहयोग भने पुऱ्याएकै थिए । राजप्रसादमा रहने आचार्य, दैवज्ञ, द्योभाजु, गुभाजु, प्रधान, मास्के र भण्डारी प्राय: पढे लेखेका हुन्थे । यिनीहरूमध्ये धुरन्धर विद्वानलाई राजकुमार, राजकुमारी पढाउने काममा नियुक्त गरिन्थ्यो । चौधौं शताब्दीमा जयस्थिति मल्लले आफ्ना प्रजालाई विभिन्न व्यवसायिक समूहमा विभाजन गरी तिनीहरूलाई व्यावसायिक सीप सिकाउने व्यवस्था गरेका थिए । यसकालमा शिक्षाका केन्द्र मन्दिर र बौद्ध मठमा केन्द्रित हुनाले जयस्थिति मल्लले तिनीहरूको हेरविचार गर्न गुठीको व्यवस्था गरी शिक्षा विकासमा जोड दिएका थिए । त्यस्तै गरी सिद्धिनरसिंह मल्लले धार्मिक संस्था वा तिनका प्रमुखहरूबाट शिक्षा दिने काम बन्द गरेका थिए । यस अगाडि धर्म र शिक्षालाई एकै रूपमा लिइन्थ्यो । उनले धर्मबाट जनसाधारणलाई प्रदान गरिने शिक्षा अलग गराए ।

बाइसे चौबिसे राज्यमा संस्कृतका विद्वानहरूबाट परम्परागत संस्कृत शिक्षा प्रदान गरिन्थ्यो । बाइसे चौबिसे राज्यकालमा कास्की शिक्षा विकासमा अगाडि रहेको थियो । कास्कीका राज सिद्धिनारायण

शाहद्वारा पोखरा थोकमा गुठीको आयस्ताबाट विद्यालय सञ्चालन गराएका थिए । यस विद्यालयमा विद्यार्थीहरूका लागि नि:शुल्क पठनपाठन, छात्रावास र भोजनको व्यवस्था गरिएको थियो । त्यससमयमा गोरखा, तनहुँ, पाल्पा, मकवानपुर, लम्जुङ, डोटी, डडेलधुरा, महोत्तरी, धनुषा, कपिलवस्तुजस्ता ठाउँमा धुरन्धर पण्डित तथा ज्योतिषहरू रहेका थिए । यस्ता विद्वानहरूबाट नै बाइसे चौबिसे राज्यका राजाहरूले आफ्ना राजकुमारहरूको पठनपाठन गराउँथे ।

नेपालको एकीकरण पश्चात्को शाहकालीन शासनको पालामा भएको शिक्षा विकासको सन्दर्भमा पृथ्वीनारायण शाहले आफ्ना सैनिक जवानका टुहुराहरूलाई राष्ट्रको तर्फबाट सैनिक शिक्षा दिई सेनामा भर्ति गर्दथे । उनको पालामा पनि ब्राह्मण परिवारमा परम्परादेखिको संस्कृतमूलक व्याकरण, वेद, दर्शन आदिकै पढाइ हुन्थ्यो । पृथ्वीनारायण शाहले राज्यको तर्फबाट छात्रवृतिको सुरुआत गरी विभिन्न व्यक्तिहरूलाई फारसी, संस्कृत पढ्न भारत पठाएका थिए । यसरी छात्रवृतिको श्रीगणेश गर्ने व्यक्तिका रूपमा पृथ्वीनारायण शाहलाई चिनिन्छ । पृथ्वीनारायण शाहपछिका राजा तथा अन्य दरबारियाहरू आपसी कलह र झगडामा लागेकाले उक्त समयमा नेपालको शिक्षा क्षेत्रमा खासै परिवर्तन र विकास हुन सकेन ।

वि.सं. १९०३ साल आश्विन २ गतेको कोतपर्वपछि नेपालमा राणाकालको उदय भयो । राणाकालका प्रथम प्रधानमन्त्री जङ्गबहादुर राणा भए । उनकै शासनकालदेखि नै नेपालमा आधुनिक (अङ्ग्रेजी ) शिक्षाको सुरुआत भयो । आन्तरिक रूपमा राणाहरूको जनताका छोराछोरीलाई शिक्षा प्रदान गर्ने चाहना नभए तापनि १०४ वर्षे राणा शासनमा नेपालको शिक्षाक्षेत्रमा त्यस अघिको तुलनामा परिवर्तन भएको थियो । यस शासनकालमा शिक्षा क्षेत्रमा भएका परिवर्तनहरूलाई निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छ :

वि.सं. १९१० आश्विन २७ गते (सन् १८५३ अक्टोबर )

जङ्गबहादुरले बेलायत भ्रमणबाट फर्केर आएपछि आफ्ना सन्तानलाई अङ्ग्रेजी भाषाको लेखापढीमा सामर्थ्यवान् बनाउन, अङ्ग्रेजसँग सम्पर्क बढाई आफ्नो शासन बलियो राख्न साथमा ल्याएका दुई अङ्ग्रेजहरूको सुपरीवेक्षणमा आफ्नै थापाथली दरबारको दाखचोकको भुइँ तल्लामा अङ्ग्रेजी प्रारम्भिक स्कुल स्थापना गरेका थिए ।

वि.सं. १९१५ ( सन् १९५८)

शिक्षा डाइरेक्टरको कार्यालय तथा शिक्षा विभाग खुलेको । त्यस विभागका प्रमुख डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सन जनरल बबरजङ्ग राणा नियुक्त ।

वि.सं. १९२७

जङ्गबहादुर राणाकै समयमा बारजना गुरु र ५७ जना संस्कृतका विद्यार्थीहरू भएको नारायणहिटी पाठशाला चलिरहेको । यसबाट यस अगाडि पनि संस्कृत पाठशाला रहेको जानकारी ।

वि.सं. १९३१ ( सन् १८७४ )

जङ्गबहादुर प्रधानमन्त्री छँदा उनका साहिँला छोरा जनरल जितजङ्गले संस्कृतको पठनपाठन र कर्मकाण्ड गराउन केही ब्राह्मण वटुक जम्मा गरी आफ्नो निजी खर्चमा एउटा संस्कृत पाठशाला सुरु गरेका थिए ।

वि.सं. १९३१ ( सन् १८७५ )

धीरशमशेर शिक्षा डाइरेक्टरमा नियुक्त । जङ्गबहादुरको शासनकालमा पूर्वी नेपाल भोजपुर जिल्लाको दिङ्ला भञ्ज्याङमाथि कैलाश डाडामा श्री षड्ानन्द अधिकारीबाट संस्कृत पाठशालाको स्थापना ।

वि.सं. १९३४ ( सन् १८७७ )

रानीपोखरी संस्कृत पाठशालाको स्थापना ।

वि.सं. १९३८

जनरल केदार नरसिंह शिक्षा डाइरेक्टरमा नियुक्त ।

वि.सं. १९४२

- प्रधानमन्त्री वीर शमशेरको पालामा दरवार स्कुलमा सर्वसाधारण जनताका छोराले प्रवेश पाउने भएका ।
- रणोद्दीप सिंहको हत्यापछि प्रधानमन्त्री वीर शमशेरले गोत्रहत्याको पापमोचनका निमित्त तिनधारा गुठीको आयस्ता गुठी चलाई बाँकी रहेको रकमबाट दरवार स्कुलका विद्यार्थीहरूलाई खाजा खुवाउने व्यवस्था भएको ।
- कमान्डर इनचिफ खड्ग नरसिंह राणा शिक्षा विभागको डाइरेक्टर जनरल्स अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्त ।

वि.सं. १९४१ वैशाख १

वीर शमशेरले ५४ जना ब्राह्मणहरूलाई नित्य भोजन गराई वैदिक शिक्षा दिन उपत्यकाभित्र काठमाडौँ, पाटन, भक्तपुर र उपत्यका बाहिर बारा, रौतहट, महोत्तरी आदि जिल्लाका विभिन्न ठाउँका जग्गा सङ्कल्प गरी गुठी राखी तीनधारा पाकशालाको पूर्वाधार खडा गरिदिएका ।

वि.सं. १९४४

- कमान्डिङ जनरल चन्द्र शमशेर शिक्षा विभागको डाइरेक्टर जनरल्स अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्त ।
- नित्य भोजनको व्यवस्था वि.सं. १९४३ सालदेखि नै भए तापनि पाकशाला भवन रानीपोखरीको इशानकोणमा वि.सं. १९४५ साल वैशाख वदी ४ रोज २ मा खडा भएको ।

वि.सं. १९४८

वीर शमशेरको पालामा दरवार स्कुलको स्थायी भवन खडा भएपछि माथिल्लो तल्लामा दरवार स्कुल र तल्लो खण्डमा रानीपोखरी पाठशाला चलाउने गरी रणमुक्तेश्वरबाट स्थानान्तरण गरिएको ।

वि.सं. १९५५

रानीपोखरीको पाठशालामा मध्यमासम्मको पढाइ हुन्थ्यो । त्यहाँ पढेर वनारस परीक्षा दिन जाने छात्रहरूको वेद, व्याकरण र ज्योतिषको परीक्षा लिई दिने व्यवस्था यसै सालदेखि सुरु भएको ।

वि.सं. १९५६

वनारसमा संस्कृत पढ्न जान मासिक रू ५।- छात्रवृत्ति रकमको व्यवस्था ।

वि.सं. १९५७ माघ

पृथ्वी वीर विक्रम शाहदेवको राज्यकालमा प्रधानमन्त्री वीर शमशेरले मृत्यु हुनु केही अगाडि हनुमानढोकामा पं. श्री केदारनाथको जिम्मामा रहेका मूल्यवान दुर्लभ ग्रन्थहरूको व्यवस्था गर्त पुस्तक्खाना ( पुस्तकालय ) स्थापना खडा गरेका ।

वि.सं. १९५८

- जेठ ५ गते देव शमशेर अपदस्त हुनुभन्दा केही दिन अगाडि उनले काठमाडौँ उपत्यकामा १९ ओटा पाठशाला खुलाएका ।
- आश्विन १२ गते चन्द्र शमशेरले काठमाडौँ उपत्यकामा २० पाठशाला खोली शिक्षक दरबन्दी र वार्षिक तलब निर्धारण ।
- कम्यान्डर इनचिफ भीम शमशेर शिक्षा विभागको डाइरेक्टर जनरलस अफ पब्लिक इन्स्ट्रक्सनको पदमा नियुक्त ।

वि.सं. १९६२ कार्तिक (सन् १९०५)

- अड्डामा लेखापढी गर्ने हिसाब किताब राख्ने, लेखन्दास, श्रेस्तेदार, बहिदार आदि तयार पार्ने हेतुले श्रेस्ता पाठशाला खुलेको ।
- त्रिचन्द्र भारती भवन पाठशाला सिलगढी डोटीमा स्थापना भएको ।

वि.सं. १९६३ (सन् १९०७)

जय पृथ्वीबहादुर सिंहले आफू नक्सालमा बस्दा आफ्नो दरवारभित्र सत्यवादी नामको एउटा प्राथमिक पाठशाला सञ्चालन गराएका ।

वि.सं. १९६८ (सन् १९११)

प्रयाग विश्वविद्यालयको म्याट्रीकुलेसन परीक्षामा नेपाली भाषाको माध्यमबाट परीक्षा दिन पाइने भएको ।

वि.सं. १९७२

उपत्यका बाहिर सिराहामा चन्द्र मिडिल स्कुलको नामबाट पहिलो अङ्ग्रेजी मिडिल स्कुलको स्थापना ।

वि.सं. १९७५ भाद्र २७ गते

त्रिचन्द्र कलेजको स्थापना ।

वि.सं. १९७६

- चन्द्र शमशेरले भाषा पाठशालाहरूको निरीक्षण गर्न पाठशाला बन्दोबस्त नागरीफाँट अन्तर्गत इन्सपेक्टरी अफिस खडा गर्न लगाएका । फाँटका तालुकवालामा नायव बडागुरुज्यू पं. हेमराज पाण्डेलाई तोकिएको ।
- श्रेस्ता पाठशालामा लेखा, श्रेस्ता र हिसाब पाठ्यक्रम निर्धारित भएको ।
- त्रिचन्द्र कलेज, दरवार स्कुल लगायत अरू अङ्ग्रेजी स्कुलहरूको क्रमशः प्रोफेसर, शिक्षक, तथा अन्य कर्मचारीहरूको दरबन्दी आदिको व्यवस्था, दैनिक प्रशासन, रेखदेख, सुपरीवेक्षण, निरीक्षण र निर्देशनसमेत दिन कलेज स्कुल गोश्वारा खडा भएको ।

- लेफ्टिनेन्ट जनरल बहादुर शमशेर शिक्षा विभागको डाइरेक्टर जनरल्स अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्त ।

वि.सं. १९७७

त्रिचन्द्र कलेजमा इन्टर मिडियट स्तरको विज्ञानको पढाइ पनि सञ्चालन भएको ।

वि.सं. १९७८

श्रेस्ता पाठशालाको पाठ्यक्रममा एक विषय औंठा पनि थपिएको । लेख, श्रेस्ता, हिसाब र औंठा यी चार विषय पास गरेका कारिन्दालाई चार पासे भनिन्थ्यो ।

वि.सं. १९८०

- चन्द्र शमशेरले काठमाडौं ढोकाटोलमा कन्या पाठशाला स्थापना गरेका ।
- त्रिचन्द्र कलेजको सम्बन्ध कलकत्ता विश्वविद्यालयबाट पटना विश्वविद्यालयमा सारिएको ।
- त्रिभुवन चन्द्र कलेजको नाम त्रिचन्द्र कलेज रहन गएको ।

वि.सं. १९८१

पाटन र भक्तपुरमा एकएकओटा मिडिल स्कुल खुलेको ( यस सालमा खुलेको भक्तपुर मिडिल स्कुल २२ वर्षपछि वि.सं. २००३ मा हाइस्कुल भएको ) ।

वि.सं. १९८४

प्रधानमन्त्री चन्द्र शमशेरको पालामा उनका विश्वासपात्र श्री अमर खाँ फौजदारले आफ्नो गाउँमा तीनजना शिक्षकको अस्थायी दरबन्दी लिएर श्री ३ चन्द्र मिडिल स्कुल बारा जिल्लाको भवानीपुरमा स्थापना गरेका ।

वि.सं. १९८५

- श्रेस्ता पाठशाखाको पाठ्यक्रममा चार पासको बदला नेपाली साहित्य समावेश गरी छ पास बन्न गयो ।
- नेपाल राजकीय आयुर्वेदिक विद्यालय स्थापना भएको ।

वि.सं १९८६

- पटना विश्वविद्यालयको परीक्षा केन्द्र यस सालमा काठमाडौंमा खुलेपछि परीक्षा दिन भारत जानुपर्ने विद्यार्थीहरूको दुःख हट्यो ।
- मेजर जनरल मृगेन्द्र शमशेर शिक्षा विभागको डाइरेक्टर जनरल्स अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्त ।

वि.सं. १९८७

- फाल्गुन १९ मा वसन्तपुर कुमारी चोकमा टेक्निकल स्कुल खुलेको ।
- पुस्तकालय पर्व घटेको ।

वि.सं. १९८९

- वि.सं. १९८७ सालमा काठमाडौंमा स्थापना भएको टेक्निकल स्कुलमा त्यस सालको माघमा इन्जिनियरिङ शाखा खुलेको

- अङ्ग्रेजी शिक्षा र संस्कृत शिक्षापट्टी छुट्टाछुट्टै निर्देशकको व्यवस्था
- अङ्ग्रेजी शिक्षापट्टी मृगेन्द्र शमशेर ज.ब.रा. र संस्कृत शिक्षापट्टी माहिला गुरुज्यू पं. हेमराज पाण्डेलाई डाइरेक्टरमा नियुक्त ।

वि.सं. १९९०

- वीर अस्पतालका सुपरिन्टेडेन्टले सुपरीवेक्षण गर्ने गरी कम्पाउन्डर र ड्रेसर तयार गर्ने गरी सिभिल मेडिकल स्कुलको व्यवस्था भएको ।
- कार्तिक १६ गतेका दिन एस.एल.सी. परीक्षा बोर्ड ( प्रवेशिका परीक्षा बोर्ड ) गठन गर्ने सनद भएपछि पटना विश्वविद्यालयसँग दरवार स्कुलको सम्बन्ध हटेको । एस.एल.सी. परीक्षा बोर्डको पहिलो परीक्षा पौष महिनाको अन्तिम हप्तादेखि सुरु भएको र परीक्षा केन्द्र दरवार स्कुलदेखि दक्षिणपट्टीको भवन मजलिस घरमा रहेको । माघ दुई गतेको भूकम्पले परीक्षा केही दिन स्थगित ।
- प्रधानमन्त्री जुद्ध शमशेरले बैसाख एक गते टेक्निकल स्कुलअन्तर्गत नेपाल आर्ट स्कुल स्थापना गराएका ।

वि.सं. १९९२

असार १ गते सनदबाट पटना विश्वविद्यालयको परीक्षा केन्द्र त्रिचन्द्र कलेज तोकिएपछि कलेजका विद्यार्थीहरू परीक्षा दिन पटना जानबाट मुक्त ।

वि.सं. १९९३

२२ सदस्यीय शिक्षा समिति (बोर्ड) को गठन भएको ।

वि.सं. १९९४

शिक्षा बोर्ड (१९९३) को सुझावअनुसार पासजाँच अड्डाको नयाँ सनद निस्केको सो सनदबमोजिम श्रेस्ता पाठशालाको नियमावली परिवर्तन । विराटनगरमा यस सालतिर आदर्श हाइस्कुल खोल्दा कृष्णप्रसाद कोइराला धुनामा परेका ।

वि.सं. १९९५

- पाठशाला खुलेको ३२ वर्ष वर्षपति श्री सत्यवादी प्राथमिक पाठशालाले स्वीकृति पाएको । जुद्ध हाइ (आदर्श) स्कुल, विराटनगरले स्वीकृति पाएको ।
- चैत्र २८ गते सोमबार दुनियाका तर्फबाट प्राइभेट स्कुल खडा गर्न खड्ग निशाना रिपोट सदर भएको ।
- नेपाल आर्ट स्कुल जुद्धकला पाठशालामा परिणत भएको ।

वि.सं. १९९६

वि.सं. १९९५ साल चैत्र २८ गते रोज २ का दिन खड्ग निशाना रिपोर्ट सदर भई वि.सं. १९९६ साल माघ ८ गते रोज १ का दिन सर्वसाधारण जनताका निमित्त इस्तिहार जारी गरिएको ( शिक्षा विषयको पहिलो इस्तिहार ) ।

वि.सं. १९९८

- वि.सं. १९८७ मा काठमाडौंमा स्थापना भएको टेक्निकल स्कुलमा इन्जिनियरिङ शाखा खुल्यो । विद्यालयको विस्तार नियन्त्रण गर्नका लागि इन्सपेक्टर अफ स्कुल अफिसको स्थापना ।



G 3086
पुस्तकालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी

- मेजर जनरल शारदा शमशेर शिक्षा विभागको डाइरेक्टर जनरल्स अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्त ।

वि.सं. १९९९

- वि.सं. १९९८ मा खुलेको इन्जिनियरिङ शाखाले यस सालदेखि सबओभरसियर तालिम सञ्चालन गरेको ।
- इन्सपेक्टर अफ स्कुल अफिसको स्थापना भएपछि आश्विन २२ गते पहिलो इन्सपेक्टर अफ स्कुलको रूपमा श्री सूर्यप्रसाद उपाध्याय (ढुङ्गेल) नियुक्त ।

वि.सं. २००१

माघ १२ गतेको सनदबाट काठमाडौँ उपत्यका बाहिर वीरगञ्जमा पहिलो एस.एल.सी. केन्द्र त्रिजुद्ध स्कुलमा खोलेको ।

वि.सं. २००२

मेजर जनरल मृगेन्द्र शमशेर शिक्षा विभागको डाइरेक्टर जनरल्स अफ पब्लिक इन्स्ट्रक्सनको पदमा नियुक्त ।

वि.सं. २००३

- शैक्षिक प्रशासनको दृष्टिकोणले काठमाडौँ उपत्यका पूर्वपट्टी पूर्वाञ्चल र पश्चिमपट्टी पश्चिमाञ्चल क्षेत्र समेत जम्मा तीन इन्सपेक्टर अफ स्कुल रहने भएका ।
- पश्चिममा पाल्पा र पूर्वमा जनकपुर । आधार शिक्षा लागू गर्ने योजना भएपछि आधार स्कुलको स्थापना, शिक्षक दरबन्दी व्यवस्था, निकासा, रेखदेख, निरीक्षण तथा सुपरिवेक्षणको सम्पूर्ण काम पाठशाला बन्दोबस्त अङ्ग्रेजी फाँटबाट छुट्याएर शिक्षा विभागअन्तर्गत नयाँ कायम भएको आधार शिक्षा गोरवाराले हेर्ने गरी तोकिएको ।

वि.सं. २००४

- त्रिचन्द्र कलेजमा सर्वप्रथम तीन छात्राहरू भर्ना भएका ।
- कन्याहरूका लागि पहिलो हाइस्कुल पद्मकन्या विद्याश्रम डिल्लीबजारमा खुलेको ।
- आधार स्कुलमा पढाउने शिक्षक तयार गर्न ताहचलमा पहिलो शिक्षक शिक्षण केन्द्र स्थापना (जेठ १० गते) ।
- दरबार स्कुलको प्राङ्गणमा भव्य समारोह बीच आधार शिक्षाको उद्घाटन (कार्तिक ७ गते) ।
- नेपालभर १४ ठाउँमा १४ आधार स्कुल स्वीकृति ( आश्विन १६ गते) ।
- वन विभागअन्तर्गत रेन्जर तथा फरेस्टरहरूको दुई वर्ष अवधिको तालिम कार्यक्रम हेटौँडामा सुरु ।
- कृषि अड्डाअन्तर्गत पशु चिकित्सक तालिम केन्द्रको स्थापना ।

वि.सं. २००५

- आफ्ना विद्यार्थीहरूलाई नेपालको एस.एल.सी. परीक्षामा नबसाई अन्यत्र पठाउने विद्यालयको सरकारी सहायता रोकिने परिपत्र जारी भएको ।

- तात्कालीन शिक्षा डाइरेक्टरको अध्यक्षतामा २५ सदस्यीय विश्वविद्यालय योजना कमिसन गठन (भाद्र १० गते) ।

वि.सं. २००६

वि.सं. २००६ साल वैशाखदेखि आधार शिक्षक शिक्षण केन्द्रमा तालिम सुरु ।

वि.सं. २००७

२००७ सालपछि पब्लिक स्कुलहरूलाई सरकारी दरबन्दीको प्र.अ. र एकाउन्टेन्ट, क्लर्क दिने प्रथा बन्द ।

राणाकालपछिका महत्त्वपूर्ण शैक्षिक घटना, परिवर्तन तथा विकास

वि.सं. २००७ सालमा राणा शासनको अन्त्य भएपछि शिक्षा क्षेत्रमा ठूलो परिवर्तन तथा शिक्षा विकासमा ठूलै लहर देखा पर्न थाल्यो । फलस्वरूप देशमा विद्यालयहरू खुल्ने क्रम बढ्दै गयो । शिक्षा विकासका लागि सरकारी, गैरसरकारी तथा जनताका तर्फबाट शिक्षा विकासमा धेरै प्रयत्न र अभ्यासहरू गरिए । वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय भएपछि भएका शैक्षिक परिवर्तन तथा विकासहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- वि.सं. २००७ साल फाल्गुण ७ गतेका दिन अन्तरिम सरकार गठन भएपछि शिक्षासम्बन्धी काम गर्ने शिक्षा विभागको सट्टा शिक्षा मन्त्रालयको गठन ।
- प्रजातन्त्रको प्राप्ति ताका नेपालमा ३११ ओटा प्राथमिक विद्यालय, ११ ओटा माध्यमिक विद्यालय र एक ओटा महाविद्यालय (त्रिचन्द्र कलेज) मात्र थिए ।
- वि.सं. २००९ सालमा सरदार रूद्रराज पाण्डेको अध्यक्षतामा २० सदस्यीय 'राष्ट्रिय शिक्षा बोर्ड' गठन गरिएको । यस बोर्डको सिफारिसअनुसार वि.सं. २०१० साल चैत्र ९ गते ४६ सदस्यीय राष्ट्रिय शिक्षा योजना आयोग गठन भएको ।
- देशभरमा जनता, शिक्षा प्रशासक, शिक्षक तथा शिक्षाप्रेमी, सरकारी कर्मचारी, बुद्धिजीवी, सामाजिक कार्यकर्तासँग प्रत्यक्ष सम्पर्क तथा प्रश्नावलीका माध्यमबाट राय सङ्कलन गरी एक वर्षमा 'नेपालमा शिक्षा' नामक प्रतिवेदन २०११ फाल्गुण १६ मा पेश गरेको ।
- 'नेपालमा शिक्षा' नामक उक्त प्रतिवेदन नेपालको पहिलो प्रकाशित शिक्षा दस्तावेज रहेको ।
- वि.सं. २०१० माघ १६ गते शैक्षिक विकेन्द्रीकरण गर्ने उद्देश्यले देशको भूभागलाई ७ क्षेत्रमा बाँडी डिभिजनल इन्स्पेक्टरको व्यवस्था भएको (धनकुटा, जनकपुर, काठमाडौँ, पोखरा, तौलिहवा, नेपालगञ्ज र सिलगढी )।
- वि.सं. २०१० मा प्राथमिक शिक्षकलाई तालिम दिने उद्देश्यले राष्ट्रिय शिक्षक शिक्षण केन्द्र खुलेको ।
- वि.सं. २०११ भाद्रमा नेपालमा सर्वप्रथम शिक्षक तालिमको सुरुआत भएको ।
- वि.सं. २०१३ सालमा शिक्षकलाई तालिम प्रदान गर्ने नर्मल स्कुलको स्थापना गरिएको र वि.सं. २०२३ सालमा यसको नाम प्राथमिक शिक्षक शिक्षण केन्द्र रहन पुगेको ।
- वि.सं. २०१४ मा कलेज अफ एजुकेसनको स्थापना भएको।

- वि.सं. २०१४ देखि नेपालभरका विद्यालयहरूमा नेपाली भाषाबाट पढाउनुपर्ने व्यवस्था भएको।
- वि.सं. २०१५ सालमा नेपालमा शैक्षिक प्रशासनलाई २८ जिल्लामा विभाजन गरिएको।
- वि.सं. २०१६ वैशाख १ गतेदेखि लागू हुने गरी प्राथमिक स्कुलको पाठ्यक्रम सरकारी तवरबाट प्रकाशित गरिएको।
- वि.सं. २०१६ आषाढ ११ मा त्रिभुवन विश्वविद्यालयको बडापत्र घोषणा भई त्रिभुवन विश्वविद्यालयको स्थापना भएको।
- वि.सं २०१७ सालदेखि पञ्चायती व्यवस्थाको सुरुआत भएकोले सोही व्यवस्थाबमोजिम शिक्षा प्रणाली लागू गर्न वि.सं. २०१८ साल वैशाख २५ गते तात्कालीन शिक्षा मन्त्री विश्वबन्धु थापाको अध्यक्षतामा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति बनी सो समितिले सोही सालमा नै प्रतिवेदन बुझाएको।
- यस समितिले दिएका सुझाव र सिफारिस एवम् शिक्षा व्यवहार विधि (नियमावली) का आधारमा शिक्षा ऐन तथा नियमको मस्यौदा २०१९ मा प्रकाशित भएको।
- वि.सं. २०१८ आषाढ ३१ गते पास वा जाँच अड्डालाई परीक्षा नियन्त्रण कार्यालयमा गाभिएको।
- वि.सं. २०१८ सालमा पाठ्यपुस्तक लेखन र उत्पादनका लागि संयुक्त राज्य अमेरिका सरकारको सहयोगमा शिक्षा सामग्री केन्द्रको स्थापना भएको।
- वि.सं. २०२३ सालमा शिक्षा नियमावली प्रकाशित भएको र यसले जिल्ला शिक्षा निरीक्षक तथा विद्यालय सञ्चालक समितिको काम तोकेको थियो।
- वि.सं. २०२३ सालमा संस्कृत शिक्षा सुधार परामर्श दातृ समिति गठन।
- वि.सं. २०२७ कार्तिक १ गतेका दिन २०१८ मा स्थापित १४ अञ्चल शिक्षा शिक्षा अधिकारी खारेज गरियो। त्यसपछि २९ ओटा जिल्लामा जिल्ला शिक्षा अधिकारी र बाँकी ४६ जिल्लामा रा.प.अनं. प्रथम श्रेणीमा जि.शि.नि. नै कायम भए।
- वि.सं. २०२८ मा नयाँ शिक्षा योजना लागू भयो (यसलाई राष्ट्रिय शिक्षा पद्धतिको योजना पनि भनिन्छ)।
- वि.सं. २०२८ भाद्र ५ गते पाठ्यक्रम विकास केन्द्रको स्थापना भएपछि देशभर एउटै राष्ट्रिय पाठ्यक्रम लागू गर्ने कार्यको थालनी भएको।
- वि.सं. २०३१ फाल्गुण १२ गतेदेखि शिक्षा दिवस मनाउन सुरु गरिएको र त्यसै अवसरमा प्राथमिक शिक्षा नि:शुल्क घोषणा गरिएको।
- शैक्षिक सत्र २०३२/०३३ देखि सरकारले देशका दुर्गम २८ विद्यालयमा नि:शुल्क पाठ्यपुस्तक वितरण गर्न थालेको।
- वि.सं. २०३७ सालदेखि रेडियो नेपालबाट शिक्षक तालिम कार्यक्रम प्रशारण भएको।
- वि.सं. २०३७ देखि निजी क्षेत्रमा कलेज स्थापना गर्न स्वीकृत दिन थालियो।
- वि.सं. २०३९ भाद्र १ गते रणधीर सुब्बाको अध्यक्षतामा शाही उच्च शिक्षा आयोग गठन भएको।
- वि.सं. २०३९ देखि एसियाली विकास बैंकको सहयोगमा विज्ञान शिक्षा परियोजना सुरु भएको।

- वि.सं. २०४१ देखि प्राथमिक शिक्षा परियोजना विश्व बैंकको ऋण सहयोग र युनिसेफको प्राविधिक सहयोगमा सञ्चालन भएको ।
- वि.सं. २०४३ मा शिक्षाशास्त्र अध्ययन संस्थानलाई शिक्षाशास्त्र सङ्कायमा परिणत गरिएको । सोही सालमा दाङको वेलभुण्डीमा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भएको ।
- वि.सं. २०४६/११/१३ मा शिक्षामन्त्रीको अध्यक्षतामा १३ सदस्यीय उच्च माध्यमिक शिक्षा परिषद् गठन ।
- वि.सं. २०४८ सालमा निजी क्षेत्रमा पहिलोपल्ट काठमाडौं विश्वविद्यालयको स्थापना भएको ।
- वि.सं. २०४९ आषाढ १६ गतेका दिन तात्कातीन सरकारले २०४९ श्रावणदेखि उच्चमाध्यमिक शिक्षा १०+२ का कक्षा सञ्चालन गर्ने निर्णय गरेको ।
- वि.सं. २००७ मा प्रजातन्त्र उदय भएपछि नेपालमा वनेका आयोग तथा समितिहरू यसप्रकार रहेका छन् :

| क्र.सं. | आयोग/समिति | गठन मिति |
|---|---|---|
| १ | राष्ट्रिय शिक्षा बोर्ड | २००९ |
| २ | राष्ट्रिय शिक्षा योजना आयोग | २०१० |
| ३ | सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति | २०१८ |
| ४ | ह्युग वी. उडको टोली गठन | २०१९ |
| ५ | राष्ट्रिय शिक्षा सल्लाहकार परिषद् | २०२४ |
| ६ | राष्ट्रिय शिक्षा पद्धतिको योजना | २०२८ |
| ७ | शाही उच्च शिक्षा आयोग | २०३९ |
| ८ | राष्ट्रिय शिक्षा आयोग | २०४७ |
| ९ | उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग | २०५४ |
| १० | शिक्षा कार्यदल | २०५७ |
| ११ | शिक्षासम्बन्धी उच्चस्तरीय कार्य समिति | २०५८ |

- शिक्षा क्षेत्रमा कार्यान्वयन भएका परियोजना, योजना तथा कार्यक्रमहरू

| क्र.सं. | योजना/परियोजना/कार्यक्रम | |
|---|---|---|
| १ | विद्यालय क्षेत्र सुधार योजना | वि.सं. २०६६ देखि २०७२ |
| २ | सबैका लागि शिक्षा कार्यक्रम | सन् २००४ देखि २००९ |
| ३ | माध्यमिक शिक्षा सहयोग कार्यक्रम | सन् २००३ देखि २००८ |
| ४ | शिक्षक शिक्षा परियोजना | सन् २००२ देखि २००८ |
| ५ | आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम - दोस्रो | वि.सं. २०४९ देखि २०५५ |
| ६ | आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम - प्रथम | वि.सं. २०५६ देखि २०६१ |
| ७ | प्राथमिक शिक्षा विकास कार्यक्रम | |
| ८ | रेडियो शिक्षा शिक्षक तालिम परियोजना | वि.सं. २०३७ |
| ९ | माध्यमिक शिक्षा विकास परियोजना | वि.सं. २०५० देखि २०५६ |

| | | |
|---|---|---|
| १० | विज्ञान शिक्षा विकास परियोजना | सन् १९८४ देखि १९९१ |
| ११ | प्राथमिक शिक्षा परियोजना | वि.सं. २०४२ देखि ५ वर्षका लागि |
| १२ | सेती परियोजना (ग्रामीण विकासका लागि शिक्षा परियोजना) | सन १९८१ देखि १९९१ |
| १३ | सामुदायिक विद्यालय सहयोग कार्यक्रम | सन् २००३ देखि २००८ |
| १४ | रोजगारीका लागि सीप परियोजना | सन् २००६ देखि २०११ |

- शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरूको जानकारी

| क्र.सं. | निकाय | स्थापना मिति | दूरदृष्टि |
|---|---|---|---|
| १ | शिक्षा मन्त्रालय, केशरमहल, काठमाडौँ | वि.सं. २००७ (२०५७/१/६ देखि शिक्षा तथा खेलकुद मन्त्रालय नामाकरण गरिएको र मिति २०६५/५/१५ मा युवा तथा खेलकुद मन्त्रालयको छुट्टै स्थापना भएपछि यस मन्त्रालयको नाम पुन: शिक्षा मन्त्रालय कायम भएको) | राष्ट्रको शिक्षासम्बन्धी सम्पूर्ण नीति निर्धारण, योजना, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूलयङ्कन गर्न तथा मुलुकमा भएको शिक्षा क्षेत्रको योजना, व्यवस्थापन र सेवा प्रदान गर्नु । |
| २ | शिक्षा विभाग सानोठिमी, भक्तपुर | २०५६/२/९ मा विधिवत रूपमा स्थापना | शिक्षालाई विकासको संवाहक बनाउने दृष्टिकोणले सबैलाई आधारभूत शिक्षा उपलब्ध गराउने तथा सोभन्दा अगाडिको विद्यालयस्तरीय शैक्षिक अवसर सहज बनाउने । |
| ३ | पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर | २०२८/५/५ ( यस मिति पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र नामबाट स्थापना भएको र २०५४ सालमा पाठ्यक्रम विकास केन्द्र नामाकरण गरिएको | विद्यालय तहको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, बाल सन्दर्भ सामग्री तथा शिक्षक स्रोत सामग्रीको विकास तथा परिमार्जन गर्ने । |
| ४ | शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी, भक्तपुर | २०५०/४/१ ( वि.सं. २०६१ सालमा माध्यमिक शिक्षा विकास केन्द्र र दूर शिक्षा केन्द्रलाई शैक्षिक | अनुसन्धान र नयाँ प्रविधिको माध्यमद्वारा गुणात्मक शिक्षाको प्रत्याभूतिका लागि उत्कृष्ट शैक्षिक व्यवस्थापन र शैक्षिक |

| | | | |
|---|---|---|---|
| . | | जनशक्ति विकास केन्द्रमा एकीकृत गरिएको )। | क्रियाकलापहरू अभिवृद्धि गर्न सक्ने सक्षम र गतिशील जनशक्ति तयार गर्न नेतृत्वदायी भूमिका खेल्ने। |
| ५ | परीक्षा नियन्त्रण कार्यालय<br>सानोठिमी, भक्तपुर | वि.सं. २०२८ | • माध्यमिक तहमा विद्यार्थीको उपलब्धि परीक्षणको कार्य गर्ने<br>• राष्ट्रिय र जिल्लास्तरमा परीक्षाहरूको विश्वसनीयता र वैधता कायम राख्ने<br>• परीक्षासँग सम्बन्धित नयाँनयाँ प्रविधिहरूको विकास र प्रवोधीकरण गर्ने |
| ६ | अनौपचारिक शिक्षा केन्द्र<br>सानोठिमी, भक्तपुर | वि.सं. २०५६ (२००७ सालमा मन्त्रालयको स्थापनासँगै मन्त्रालयमा प्रौढ शिक्षा शाखाको स्थापना भएको र रा.शि.आ.२०४९ को सिफारिसअनुसार २०५६ मा गठन ) | प्रत्येक नागरिकलाई गुणस्तरीय जीवनयापनका लागि आवश्यक सीप, दक्षता अभिवृद्धिसँगै सन्तुलित राष्ट्र निर्माणमा योगदान पुऱ्याउन सक्षम तथा पूर्ण साक्षर समाजको विकास गर्ने |
| ७ | विद्यालय शिक्षक किताबखाना<br>ताहाचल, काठमाडौं | २०५४/१२/२६ | आधुनिक प्रविधिमा आधारित वैज्ञानिक र व्यवस्थित अभिलेख व्यवस्थापनको माध्यमबाट सेवाग्राहीहरूलाई गुणस्तरीय सेवा प्रवाह गर्दै भरपर्दो अभिलेखका आधारमा सुधारात्मक नीति तथा कार्यक्रम निर्माणमा सरकारलाई सहयोग पुऱ्याउने |
| ८ | शिक्षक सेवा आयोग<br>सानाठिमी, भक्तपुर | २०५८/१०/२५ | सामुदायिक विद्यालयका शिक्षकहरूको स्थायी नियुक्ति, अध्यापन अनुमति पत्र परीक्षा सञ्चालन तथा प्रमाणपत्र तथा स्थायी शिक्षकको बढुवातगायतका कार्यहरू गर्ने |
| ९ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र<br>शिक्षा मन्त्रालय, | वि.सं. २०६६ | शिक्षाको पहुँच, समता र गुणास्तर अभिवृद्धिका लागि समग्र शैक्षिक संरचना तथा कार्य प्रणालीको |

| | | | |
|---|---|---|---|
| | केशरमहल | | परीक्षण गरी शिक्षा मन्त्रालयसमक्ष वार्षिक प्रतिवेदन पेश गर्ने |
| १० | क्षेत्रीय शिक्षा निर्देशनालय (धनकुटा, हेटौंडा, पोखरा, सुर्खेत र डोटी) | वि.सं. २००३ मा जनकपुर र पाल्पामा उपनिरीक्षकको कार्यालयको स्थापनासँगै शिक्षामा क्षेत्रीय प्रशासनको सुरुआत, विद्यमान क्षे.शि.नि.हरू रा.शि.प.यो. २०२८ लागू भएपछि स्थापना भएको | • शिक्षा मन्त्रालय र शिक्षा विभागको निर्देशनमा क्षेत्रभित्रका कार्यक्रमहरू कार्यान्वयन गर्ने<br>• आफ्नो क्षेत्रभित्रका शैक्षिक कार्यक्रम तथा क्रियाकलापको समन्वय गर्ने<br>• क्षेत्रभित्र शैक्षिक कार्यक्रमहरू अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गर्ने |
| ११ | जिल्ला शिक्षा कार्यालय (७५ जिल्ला) (विद्यालय सङ्ख्याका आधारमा जिल्ला शिक्षा कार्यालयलाई 'क', 'ख', 'ग' र 'घ' गरी ४ वर्गमा विभाजन गरिएको छ । 'क' वर्गमा काठमाडौं जिल्ला पर्दछ भने 'ख','ग' र 'घ' अन्तर्गत क्रमशः ७, ५९ र ८ जिल्ला पर्दछन्) | वि.सं. २०२७ | जिल्लामा स्तरीय शैक्षिक विकास कार्यक्रमको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने र राष्ट्रिय नीति र कार्यक्रमका साथै सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग तथा शिक्षा मन्त्रालयको निर्देशानुसार जिल्लामा पठनपाठन प्रक्रिया भए नभएको सुपरिवेक्षण र अनुगमन गर्ने |
| १२ | स्रोतकेन्द्र (मुलुकभर कुल १०९१ स्रोतकेन्द्रहरू तोकिएकोमा हाल १०५३ स्रोतकेन्द्रहरू सञ्चालित) | विभिन्न जिल्लामा फरकफरक मितिमा स्रोतकेन्द्र प्रणाली लागू गरिएको | • योजना निर्माण र कार्यान्वयन<br>• विद्यालय निरीक्षण .<br>• तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन<br>• कक्षा अवलोकन/नमुना पाठ प्रदर्शन |
| १३ | शैक्षिक तालिम केन्द्र शैक्षिक तालिम केन्द्र 'क' (९ ओटा) | | • शिक्षक तालिमसम्बन्धी कार्य गन |

| | | | |
|---|---|---|---|
| | शैक्षिक तालिम केन्द्र 'ख' (२० ओटा)<br>शैक्षिक तालिम उपकेन्द्र'ग' (५ ओटा) | | • व्यवस्थापन तालिमसम्बन्धी कार्य गर्ने |
| १४ | युनेस्कोका निम्ति नेपाल राष्ट्रिय आयोग, शिक्षा मन्त्रालय, केशरमहल | २०११/४/११ | • शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक कार्यहरूको माध्यमबाट नेपाली जनताको आर्थिक, सामाजिक एवम् बौद्धिक विकास गर्ने<br>• शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार तथा सामाजिक क्षेत्रमा अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी, सभा, सम्मेलन आदि गर्ने गराउने आदि |
| १५ | उच्चमाध्यमिक शिक्षा परिषद्<br>सानोठिमी, भक्तपुर | २०४६/११/१२ | उच्चमाध्यमिक शिक्षासम्बन्धी कार्य गर्ने जस्तै :<br>• उ.मा.वि.लाई सम्बन्धन प्रदान गर्ने<br>• उ.मा.तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन गर्ने<br>• उ.मा. तहको परीक्षा सञ्चालन तथा प्रमाणपत्र प्रदान गर्ने |
| १६ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्<br>सानोठिमी, भक्तपुर<br>(२५ ओटा प्राविधिक शिक्षालय र बहुप्राविधिक शिक्षालय, एउटा प्राविधिक प्रशिक्षण प्रतिष्ठान, २ ओटा व्यावसायिक तालिम केन्द्र, ३० ओटा एनेक्स विद्यालय) | २०४५ | सीपयुक्त जनशक्ति तयार पार्नु |

| | | | |
|---|---|---|---|
| १७ | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड<br>सानोठिमी, भक्तपुर | २०१८-शिक्षा सामग्री उत्पादन केन्द्र र लेखन केन्द्र<br>२०२४-जनक शिक्षा सामग्री केन्द्र<br>२०३५/६/८- जनक शिक्षा सामग्री केन्द्र लिमिटेड | नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय शिक्षा नीति अनुरूपका कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तक प्रकाशन गरी विक्री वितरण गर्नु |
| १८ | विश्वविद्यालय अनुदान आयोग<br>सानोठिमी, भक्तपुर | २०५०/८/७ | • विश्वविद्यालयहरूको सञ्चालन तथा विकासका लागि विभिन्न स्रोतबाट प्राप्त अनुदान रकम समुचित तवरबाट वितरण गर्ने<br>• विश्वविद्यालयहरूको शैक्षिक स्तर निर्धारण गर्ने<br>• गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन दिने<br>• नेपाल सरकारलाई नयाँ विश्वविद्यालय स्थापनाका सम्बन्धमा परामर्श दिने |

- नेपालका शिक्षासँग सम्बन्धित नीतिहरू
  १. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकाससम्बन्धी नीति, २०६४
  २. अनौपचारिक शिक्षा नीति, २०६३
  ३. दूर तथा खुला सिकाइ नीति, २०६३
  ४. निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३
  ५. शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम नीति, २०६२
  ६. विशेष शिक्षा नीति, २०५३

बालबालिका समाजका अभिन्न अङ्ग हुन् । आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक विकास तथा स्वच्छ वातावरण लगायतका सरोकार राख्ने हकदारका रूपमा रहेका बालबालिकाले सबैको माया, संरक्षण तथा सुरक्षा पाउने अधिकारसमेत राख्दछन् । उल्लिखित अधिकारको उपभोगको लागि परिवार, समाज र राज्यको महत्वपूर्ण भूमिका रहन्छ । आफ्नो विषयमा आफैले निर्णय गर्न नसक्ने, आफ्नो खुट्टामा उभिन नसक्ने तथा राम्रो नराम्रो एकिनसाथ छुट्याउन कठिन हुने भएकाले उनीहरूका लागि संरक्षणको आवश्यकता महसुस गरिएको हो । संरक्षकत्व प्रदान गर्नेले जस्तो शिक्षा दीक्षा तथा अवसरहरू उपलब्ध गराउँछन् सोहीअनुरूप बालबालिकाको भविष्य निर्धारण हुन्छ । त्यसकारण बालबालिकाको अधिकारका संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न प्रयासहरू भएका छन् । यसमध्ये बालअधिकारको सम्बन्धमा बालअधिकारसम्बन्धी महासन्धि १९८९ सबैभदा महत्त्वपूर्ण दस्तावेजको रूपमा रहेको छ । यसले बालबालिकाको बाँच्न पाउने अधिकार, बालबालिकाको संरक्षण हुन पाउने अधिकार, बालबालिकाको विकासको अधिकार र बालबालिकाको सहभागिताको अधिकारलाई विशेष जोड दिएको छ ।

क) **बाँच्न पाउने अधिकार** (Survival rights)

गर्भावस्थादेखि नै बालबालिकाको बाँच्न पाउने अधिकारअन्तर्गत मूलत: बालबालिकाको स्वास्थ्य उपचारसँगको पहुँच र व्यवस्था, कुपोषणको न्यूनीकरण, सफा पिउने पानीको व्यवस्था, मातृशिशु स्वास्थ्यसम्बन्धी व्यवस्था आदि पर्दछन् । साथै यसले स्वास्थ सेवासम्बन्धी सूचनाको पहुँच, उपचारात्मक तथा निदानात्मक स्वास्थ्य सेवाको विकास, परिवार नियोजनसम्बन्धी व्यवस्था आदि सबै बाँच्न पाउने अधिकार समूहभित्र पर्छन् ।

बाँच्न पाउने अधिकारअन्तर्गत पर्याप्त जीवनको स्तर (living standard), स्वास्थ्य सेवाको पहुँच (Access to medical services), बाँच्ने र विकास हुने अधिकार (Survival to development), अभिभावकको जिम्मेवारी (Parental responsibilities), शरणार्थी तथा अपाङ्गता बालबालिका (Refugee and disable children), सामाजिक सुरक्षा र आदिवासी बालबालिका (Social security and children of minorities or indigenous people) सँग सम्बन्धित व्यवस्था सबै बाँच्न पाउने अधिकारअन्तर्गत पर्छन् । धारा ६,९, १०, २२, २३, २४, २६ र २७ लाई यसअन्तर्गत राख्न सकिन्छ ।

ख) **सुरक्षित/संरक्षित हुन पाउने अधिकार (Protection rights)**

यो समूहअन्तर्गत त्यस्ता अधिकारहरू पर्दछन् जसले बालबालिकाको बाँच्न पाउने र विकास हुन पाउने वातावरणबाट वञ्चित गर्ने कार्यबाट सुरक्षित गर्दछ । यसले बालबालिकालाई शोषण हुने अवस्थाबाट, अमानवीय व्यवहार गर्न सक्ने अवस्थाबाट सुरक्षित गर्छ । जोखिमपूर्ण वातावरणमा जिउन पर्ने अवस्थाबाट बालबालिकालाई सुरक्षित गर्ने कुरासँग सम्बन्धित सबै अधिकारहरू Protection rights अन्तर्गत पर्छन् । त्यसैले Right to name and nationality (17), Right to equality (2), Right to protection against sexual exploitation and abuse (34, 35), Protection from abuse and neglect (19), Protection of privacy (10), Protection of

child without family (20), र Protection from other forms of exploition (36, 37) आदि व्यवस्थाहरू पर्दछन् ।

ग) **विकाससम्बन्धी अधिकार (Development rights)**
यो अधिकार समूहअन्तर्गत बालबालिकाको शारीरिक, बौद्धिक तथा मानसिक, नैतिक, आध्यात्मिक र सामाजिक विकाससँग सम्बन्धित अधिकारहरू पर्दछन् । त्यसैले शिक्षासम्बन्धी व्यवस्था, सूचनासम्बन्धी पहुँच, खेल तथा आनन्द, सांस्कृतिक क्रियाकलाप, विचारको स्वतन्त्रता, धर्म र धर्मसम्बन्धी स्वतन्त्रतासँग गाँसिएका अधिकारहरू यसअन्तर्गत पर्दछन् । बालअधिकार महासन्धिले गरेका व्यवस्थाहरू, जस्तै- Right to education (28), right to freedom of thought, conscience and religion (14), Right to play (31), Adminstration of juvenile justice (40) आदि यस समूहअन्तर्गत राख्ने गरिन्छ ।

घ) **सहभागितासम्बन्धी अधिकार (Participation rights)**
यस समूहअन्तर्गत मूलत: बालबालिकाले आफ्नो विचार राख्न पाउने स्वतन्त्रता, सामाजिक क्रियाकलापमा, पारिवारिक निर्णय प्रक्रियामा सहभागी हुन पाउने अधिकार पर्दछन् । बालबालिकासँग सम्बन्धित विषयमा उनीहरूले आफ्नो विचार तथा भनाइ राख्न पाउने अधिकार सुरक्षित हुनेतर्फ यो समूहको विशेष जोड रहन्छ । अत: Freedom of expression (13), Freedom of association (7), The child's opinion (12) यससँग प्रत्यक्ष सम्बन्ध राख्ने व्यवस्था हुन् ।

**बालअधिकार महासन्धि, १९८९ सँग गाँसिएका मुख्य सिद्धान्तहरू**

- राज्यले थप व्यवस्था गरेको अवस्थामा बाहेक सबै बालबालिका जो १८ वर्ष भन्दा कम छन् तिनमा लागू हुन्छ ।
- Non-discrimination (कुनै पनि कारण वा अवस्थामा बालबालिकालाई विभेद गर्न नपाउने) ।
- बालबालिकाको Best interest ले प्रमुख स्थान प्राप्त गर्नुपर्ने ।
- राज्यले विविध प्रक्रिया, उपायहरू अपनाई बालअधिकारको सुनिश्चितता गरिनुपर्ने ।
- बालबालिकाको सक्षमता विकास क्रमसँगै अभिभावकले उचित सरसल्लाह र परामर्श प्रदान गर्नुपर्ने ।
- बालबालिकाको विचारको भावनाको उच्च सम्मान गर्ने ।

**बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रयासको विकासक्रम**

१९२३ - बालअधिकारसम्बन्धी अवधारणाको विकास
१९२३ - बालबचाउ अन्तर्राष्ट्रिय युनियनले बालअधिकारलाई मान्यता प्रदान
१९२४ - लिग अफ नेसन्सबाट पाँच बुँदे बालअधिकार घोषणा पत्र पारित
१९४८ - संयुक्त राष्ट्रसङ्घबाट मानवअधिकार घोषण पत्र पारित
१९५९ - संयुक्त राष्ट्र सङ्घबाट बालअधिकारसम्बन्धी १० बुँदे घोषणापत्र पारित
१९७९ - संयुक्त राष्ट्र सङ्घ बालवर्ष/पोल्याण्ड सरकारबाट बालअधिकार महासन्धिको प्रस्ताव
१९८९ - संयुक्त राष्ट्र सङ्घ महासभाबाट बालअधिकार महासन्धि पारित
१९९० - बालअधिकार महासन्धि लागू

१९९०- १४ सेप्टेम्बरमा नेपालले महासन्धि अनुमोदन ,सन् २००० सम्ममा विश्वका सबै राष्ट्रबाट बालअधिकार र महासन्धिलाई अनुमोदन गराई सर्वमान्य विश्वव्यापी दस्तावेज बनाउने प्रयास जारी ।

बालअधिकार महासन्धिमा हस्ताक्षर पछि नेपालले गरेका प्रयासहरू:

- बालबालिकासम्बन्धी ऐन २०४८ निर्माण
- बालबालिकासम्बन्धी नियमावली २०५१ निर्माण
- केन्द्रीय बालकल्याण समिति गठन
- जिल्ला बालकल्याण समिति गठन
- २० नोभेम्बरलाई अन्तर्राष्ट्रिय बालअधिकार दिवस मनाउने घोषणा
- महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको स्थापना
- राष्ट्रिय मानवअधिकार आयोग अन्तर्गत बालअधिकार संरक्षण एवम् सम्वर्द्धन एकाइको स्थापना
- बालबालिकालाई न्यायिक सेवा उपलब्ध गराउन बाल इजलासको व्यवस्था
- बालबालिकाका लागि काम गर्ने संस्थाहरूको सङ्ख्यामा वृद्धि
- बालश्रम महासन्धि १८२ मा हस्ताक्षर
- जनचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन
- जन्म दर्तामा वृद्धि तथा बालविवाहमा कमी
- भिटामिन ए, पोलियो तथा खोप कार्यक्रम सञ्चालन
- प्राथमिक विद्यालय पौष्टिक आहार कार्यक्रम कार्यान्वयन
- शिक्षाका लागि विभिन्न छात्रवृत्ति तथा पोसाकहरूको व्यवस्था ।

# लैङ्गिक समानता

ङ्गिक" भन्ने शब्द सुन्नासाथ सबैले महिला भन्ने गरेको हामीले सुनेका छौं । तर वास्तवमा लिङ्ग (sex) ले जैविक (Biologically) रूपमा महिला र पुरुष भन्ने जनाउँछ भने लैङ्गिक (Gender) भन्नाले समाजले महिला र पुरुषका लागि बनाएको धारणा र उनीहरूप्रतिको व्यवहार बुझिन्छ ।
लैङ्गिक भनेको महिला वा पुरुषको शारीरिक भूमिका तथा विशेषताको सट्टा महिला र पुरुषबीचको सामाजिक भिन्नता हो । यसलाई हामी लैङ्गिक विभेद (Gender difference) भन्छौं ।
समाजमा महिला र पुरुष झल्काउने शब्दहरू, प्रायजसो त्यस समाजको व्यावहारिक एवम् सांस्कृतिक पक्षमा आधारित हुन्छन् । तसर्थ "लैङ्गिक" भन्ने शब्द वैज्ञानिक र सांस्कृतिक पक्षसँग सम्बन्धित छ । Robert stoller को पुस्तकका अनुसार यदि लिङ्गका लागि उपयुक्त शब्द महिला र पुरुष हुन् भने लैङ्गिक (Gender) लाई बुझाउने समान शब्द स्त्रीत्व (Feminine) र पुरुषत्व (Masculine) हुन्छ । यी शब्दहरूले जीवलाई हैन जीवको आनीबानी, व्यवहार, सोच/विचारलाई जनाउँछन् । समाज, समय, स्थान र आर्थिक अवस्था जस्ता कुराअनुसार महिला र पुरुषको भूमिका फरकफरक हुन्छ । त्यसैले समाजले पुरुष र महिलाले गर्ने भनेर निर्धारण गरेका भूमिकाहरू नै लैङ्गिक भूमिका हुन् ।
लैङ्गिक अवधारणाका बारेमा कुरा उठाउँदा हामीले तेस्रो लिङ्गीका बारेमा पनि बोल्नु उचित हुन्छ । तेस्रो लिङ्गी (Third gender) (जन्मदा बालक वा बालिका जेसुकै भएपनि) यस्तो व्यक्ति (हुर्कँदा) जसको लैङ्गिक पहिचान (Gender identity), लैङ्गिक प्रस्तुति (Gender Expression) व्यक्तित्व आदि परम्परागत रूपमा महिला र पुरुषबाट अपेक्षा गरिएको भन्दा फरक हुन्छ ।

प्राकृतिक अर्थात् जैविक लिङ्ग लैङ्गिक वा सामाजिक लिङ्ग (Gender) बीचको भिन्नता

| प्राकृतिक लिङ्ग | सामाजिक लिङ्ग |
|---|---|
| १. जैविक अर्थात् प्राकृतिक र जन्मजात हो ।<br>२. भिन्न यौनाङ्ग र त्यसको कामलाई जनाउँछ ।<br>३. प्राकृतिक रूपमा भिन्न हुन्छ ।<br>हिजोआज आधुनिक विज्ञानले केही हदसम्म परिवर्तन गर्न सकिने उपाय प्रयोगमा ल्याइसकेको भए तापनि महिला र पुरुषको प्राकृतिक संरचना अपरिवर्तनशील छ । जिन (Gene) तथा हर्मोन (Hermone) का कारणबाट पुरुषमा दारी आउनु, शुक्रकीट उत्पादन गर्ने क्षमता हुनु, XY क्रोमोजोम हुनु आदि विशेषता हुन्छ भने महिलाको स्तन बढ्नु, डिम्ब उत्पादन गर्नु, XX क्रोमोजोम्स हुनु, गर्भधारण गर्नु, बच्चा जन्माउनु, स्तनपान गराउनु जस्ता विशेषता हुन्छन् । पुरुष र महिलामा हुने क्रोमोजोमकै कारणबाट छोरी वा छोरा जन्मने कुरा पुरुषको शुक्रकीटमा नै निर्भर हुन्छ । महिलाको शरीरले यसको निर्धारण गर्दैन । | १. समाजबाट निर्मित हो ।<br>२. समाजद्वारा निर्मित भूमिकालाई जनाउँछ । यो परिवर्तन गर्न सकिन्छ ।<br>३. सामाजिक, सांकृतिक, स्थानअनुसार निर्धारित हन्छ । तसर्थ परिवेशअनुसार भिन्न हुन्छ । समय, परिस्थिति वा परिवेशअनुसार भूमिका पनि फरक फरक हुनसक्छ ।<br>४. महिला घरायसी काममा सीमित हुनु, बालबच्चा हेर्नु, खाद्यान्न सङ्कलन गर्नु र पुरुषले सार्वजनिक कार्य गर्नु, बाहिर काम गरेर पनि घरपरिवार पाल्ने काम गर्नु सामाजिक तथा सांस्कृतिक रूपमाा निर्धारित भूमिका हुन् । अहिलेको अवस्थामा धेरै नै परिवर्तन भई महिलाहरू पनि घरबाहिरको काममा सहभागी हुन थालिसके । यस अवस्थामा कतिपय पुरुषले घरभित्रको काम |

| | |
|---|---|
| | सघाउनुपर्ने भइसक्यो र सघाउन सुरु पनि गरिसके । |

महिला र पुरुषले जन्म लिएपछि जीवन धान्ने वा जिन्दगी जिउने क्रममा गर्ने जतिपनि कामहरू छन् ती जन्मँदै भाग लागेर वा तोकिएर आएका हुँदैनन् भन्ने कुरा माथिको तालिकाबाट प्रस्ट हुन्छ ।

**ंगिक समता तथा समानता**

जैविक लिङ्ग तथा सामाजिक लिङ्गका साथै लैङ्गिक विषयको अर्को महत्त्वपूर्ण अवधारणाहरूमा लैङ्गिक समता (gender equity) र लैङ्गिक समानता (Gender Equality) पर्छन् । हेर्दाखेरि यी दुइटै शब्दहरू एकै खालको देखिए तापनि यी दुईबीचको अर्थमा भने भिन्नता पाइन्छ । लैङ्गिक हिसाबमा यी दुई अवधारणा निकै विवाद र छलफलको विषय बन्न पुगेको छ । लैङ्गिक विकासका लागि लैङ्गिक समानता हुनुपर्दछ भन्ने मान्यता सुरु सुरुमा देखा पऱ्यो, तर यस मान्यता मात्रले लैङ्गिक विकासमा पर्याप्त सहयोग गरेको भने देखिँदैन । महिलालाई पनि पुरुष सरह समान अवसर दिइए तापनि घर गृहस्थीको कार्यभार, परम्परागत रुढीवादी विचारधारा, विभिन्न बाधा, व्यवधान एवम् पुरुष तथा नारीमा हुने शारीरिक क्षमता इत्यादि कारणले गर्दा महिला र पुरुषबीच समानता कायम हुन सकेन ।

**ंगिक समता**

लैङ्गिक समताले महिला पुरुषको प्राकृतिक संरचना, अवस्था र प्रवृत्ति अनुसार गरिने न्यायोचित, विवेकशील व्यवहारलाई जनाउँछ । अर्को शब्दमा लैङ्गिक समताले सामाजिक न्याय (social Justice) मा जोड दिन्छ । यो अवस्था सबैभन्दा व्यावहारिक र समसामयिक पनि छ । समताले न्याय, निष्पक्षता र उचित व्यवहारलाई बुझाउँछ । महिला र पुरुषबीच नैसर्गिक न्याय कायम गर्नु नै लैङ्गिक समता हो । समाजमा जबसम्म सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक रूपमा महिलाहरूले कार्य गर्ने वातावरण पाउँदैनन् र तिनीहरूलाई तिनीहरूको अवस्था अनुरूप अवसर दिँदैनन् तबसम्म समान अधिकार दिएर पनि महिलाहरूले समान किसिमले त्यसलाई उपभोग र परिचालन गर्न सक्दैनन् । महिला र पुरुष दुवैको क्षमताअनुसार व्यवहार गर्नु दुवैको अवस्थाअनुसार अवसर उपलब्ध गराउनु कार्यभार अनुसार विवेकशील व्यवहार गर्नु प्राकृतिक संरचना, क्षमता स्वभाव, अवस्थाअनुसार समान व्यवहार गर्नु र अवसर प्रदान गर्नु लैङ्गिक समता हो । लैङ्गिक समता नै लैङ्गिक समानता प्राप्त गर्ने एउटा प्रमुख माध्यम हो । लैङ्गिक विकासका लागि यी दुवै पक्षहरू अपरिहार्य छन् । यसरी उपलब्ध गराइएका अधिकार तथा अवसरहरूको सही सदुपयोग गर्न उनीहरूको क्षमता अभिवृद्धि र उनीहरूलाई सशक्तीकरण गर्नुपर्ने हुन्छ ।

**ंगिक समानता (Gender Equality)**

लैङ्गिक समानताले सामजिक, आर्थिक, राजनीतिक आदि क्षेत्रमा महिला र पुरुषको समान सहभागिता वा पहुँच भन्ने जनाउँछ । कतिपय समाजशास्त्रीहरूले समानताका धारणाले महिला र पुरुषबीचमा झनै असमानता सिर्जना हुन सक्ने कुरा प्रस्टयाएका छन् । समाजमा शिक्षा, स्वास्थ्य, राजनीति, रोजगार, अवसर, सुविधा, आय आर्जन लगायतका विभिन्न पक्षहरूको पहुँचमा महिला पुरुषबीचको असमानता छ भन्ने कुरा हामी नकार्न सक्दैनौं । परम्परागत रुढीवादी धारणा एवम् लिङ्गकै आधारमा गरिने व्यवहार र भूमिकाहरूमा परिवर्तनको टड्कारो आवश्यकता देखिएको छ । यसका लागि समान अवसर दिने

लैङ्गिक योजना तथा कार्यक्रमहरूको विकास तथा विस्तार गर्नुपर्दछ । यसरी समान किसिमको अधिकार र पहुँचको उपलब्धताले महिला र पुरुषबीच समानता कायम हुन सक्छ भन्ने मान्यता नै लैङ्गिक समानता (Gender Equality) हो ।

प्राकृतिक लिङ्ग परिवर्तन हुन नसक्ने कुरामा दुइमत छैन । आमा एउटी महिला नै हुन्छिन, अर्थात् बच्चा जन्माउने क्षमता महिलामै हुन्छ भने शुक्रकीट उत्पादन पुरुषले मात्र गर्न सक्छन् । त्यस्तै समाजले बनाएको महिला पुरुषको धारणामा, बच्चाको हेरविचार गर्ने, खाना पकाउने, गाइवस्तु हेर्ने र घरभित्रको काम गर्ने महिलाको काम तथा घरबाहिर गएर परिवार पाल्ने पुरुषको काम हुन्छ । तर यी दुवै काम बच्चा र घरवार हेर्ने अनि घरबाहिर रोजगारी गर्ने जस्ता कार्यहरू महिला र पुरुष दुवैले गर्न सक्ने क्षमता राख्छन् । महिलालाई पुरुषसरह काम गर्न तथा अधिकारबाट वञ्चित गर्नु हुँदैन । कुनै पनि प्रतिफल महिला र पुरुषलाई समान हुनेगरी वितरण गर्नु नै समानता हो । समानताले महिला र पुरुषको लागि बराबर प्राप्ति, उपलब्धि, पहुँच र वितरण आदिको अवस्था जनाउँछ । यस्ता विभेदलाई अन्त्य गर्नु र यस्ता विभेदपूर्ण अवस्था सिर्जना हुन नदिनु नै लैङ्गिक समानता हो ।

यसको साथसाथै लैङ्गिक समानता भनेको लिङ्ग, जाति, धर्म, पेसा, वर्ण, भाषा, सांकृतिक आधारमा असमान व्यवहार हुन नदिनु हो । महिला पुरुष दुवैको स्वास्थ्य जस्ता आधारभूत कुरामा समान पहुँच, शिक्षा, खाद्यान्न, समान सामाजिक सांस्कृतिक, अवसर समान आर्थिक अवसर तथा पहुँच, निर्णय तह तथा नीति निर्माण प्रक्रियामा समेत सहभागिता जनाउने समान अवसर प्रदान गर्नु हो । यसका लागि समाजले दिएको लैङ्गिक भूमिकालाई परिवर्तन गर्नुपर्ने हुन्छ ।

### ्गिक समानता लागि भए गरेका प्रयासहरू

**विद्यातय क्षेत्र सुधार योजना (२०६६-२०७२)**

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरणका क्षेत्रमा निम्नानुसारका रणनीतिक कार्यकलाप अख्तियार गरेको छ :

क) प्रारम्भिक बाल शिक्षा तथा विकास

- सबै बातबालिका, खासगरी छात्रा, विशेष आवश्यकता भएका बालबातिका, बहिस्करणमा परेका बालबालिकाहरूको पहुँच तथा सहभागिता बढाउन समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको प्रवर्द्धन गरिने ।
- दलित, छात्रा र सीमान्तकृत वर्गलाई विशेषरूपमा लक्षित गर्दै सबै बालबालिकाको सुरक्षा र सम्मान गर्न आचारसंहिता लागू गरिनेछ ।

ख) आधारभूत तह

- छात्राहरूलाई विशेषरूपमा लक्षित गर्दै कर्णाली अञ्चलका सामुदायिक विद्यालयका विद्यार्थीहरू, दलित समुदायका र अपाङ्गता भएका सबै विद्यार्थीहरूको आवश्यकतालाई पूरा गर्न विशेष प्रावधानको व्यवस्था गरिने
- शिक्षण पेसामा महिलालाई प्रवेश गराउन विशेष प्रावधान तथा योग्य महिला, दलित तथा पिछडिएको शिक्षकको पदोन्नतिका लागि सरल आधार निर्माण गरिने

- सुत्केरी हुँदा महिलाले तथा श्रीमती सुत्केरी हुँदा पुरुषले पाउने बिदा, बच्चालाई खुवाउनका लागि विश्राम समय तथा वैकल्पिक शिक्षकको व्यवस्था गरिने ।

ग) माध्यमिक तह

- दलित, सीमान्तकृत समूह, अपाङ्ग, छात्रा तथा विपन्न वर्गका परिवारका बालबालिकाको माध्यमिक शिक्षामा पहुँच पुऱ्याउने तथा पढाइ पूरा गर्ने सुनिश्चितताका लागि प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिने
- सबै तहका प्रशासन तथा व्यवस्थापन समितिहरूमा महिला तथा पिछडिएको समूहको समानुपातिक सहभागीता होस् भन्नाका लागि सकारात्मक उपायको नीति अबलम्बन गरिने
- माध्यमिक शिक्षामा महिलाको सहभागिताका लागि निम्नलिखित प्रावधानहरू तय गरिएको :
  क) सुत्केरी तथा श्रीमती सुत्केरी हुँदा पुरुषले पाउने बिदा, शिशुलाई खुवाउने विश्राम समय र सट्टा शिक्षकको प्रावधान ।
  ख) पिछडिएका समूह र महिलालाई शिक्षक पदमा बढुवाका लागि कम अवधि भए पनि उम्मेदवार हुन पाउने प्रावधान
- विपन्न वर्गका परिवारका कक्षा ९-१० मा अध्ययनरत छात्राहरूले छात्रवृत्ति पाउने ।
- कर्णाली अञ्चलका सामुदायिक विद्यालयका सम्पूर्ण र अन्य जिल्लाका ५०% छात्रालाई प्रति विद्यार्थी रु. ३५०।-का दरले छात्रवृत्ति प्रदान गरिने ।

समुदाय परिचालन

- विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति, जिल्ला शिक्षा समितिमा महिला प्रतिनिधित्व अनिवार्य गरिएको
- बालिका शिक्षाका लागि सचेतना कार्यक्रम सञ्चालन गरिएको
- प्रारम्भिक बालविकास कार्यक्रमको सहजकर्तामा महिलाको नियुक्तीलाई अनिवार्य गरिएको
- लैङ्गिक समविकासका लागि बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजना निर्माण गरी लागू गरिएको
- शिक्षा मन्त्रालय र यस अन्तर्गतका केन्द्रिय निकाय तथा हरेका जिल्लाका शिक्षा कार्यालयहरूमा लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको
- शिक्षाका योजनाहरूमा लैङ्गिक सम्वेदनशीलतालाई हेर्ने गरिएको
- जेन्डर अडिट र जेन्डर बजेटको विश्लेषणलाई कार्यक्रम निर्माणमा ध्यान दिइएको ।

ि गिक समताका लागि शिक्षा मन्त्रालय र सोअन्तर्गतगका निकायहरूबाट गरिएका केही प्रयासहरू

उपरोक्त सिद्धान्त तथा रणनीतिका आधारमा शिक्षा ऐन तथा नियमावली र निर्देशिकाहरूमार्फत् प्राथमिक शिक्षामा बालबालिकाहरूलाई समान अवसर दिन र लैङ्गिक समानताको उद्देश्य हासिल गर्ने दिशामा निम्न अनुसारका विधि तथा क्रियाकलापहरूको अवलम्बन गरिएका छन् :

- खासगरी बालिकाहरू तथा सुविधाविहीन बालबालिकाका लागि विविध प्रकारका छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रमहरू परीक्षण गरी परीक्षण मूल्याङ्कन अध्ययनले सिफारिस गरेअनुरूप हाल कार्यान्वयन भइरहेका छात्रवृत्ति कार्यक्रमलाई परिमार्जन गर्दै अगाडि बढाउँदै लागिएको,

- जिल्ला शिक्षा, गाउँ शिक्षा र विद्यालय व्यवस्थापन समितिहरूमा महिलाहरूको अनिवार्य प्रतिनिधित्व गराइएको,
- हाल ३ ओटा दरबन्दी भएका प्रत्येक प्राथमिक विद्यालयमा कम्तीमा १ जना, ४ देखि ७ ओटासम्म दरबन्दी भएकामा कम्तीमा २ जना र ७ ओटाभन्दा बढी दरबन्दी भएकामा कम्तीमा ३ जना महिला शिक्षकको व्यवस्था गरिएको,
- छात्राहरूलाई छात्रवृति, पोसाक र भौतिक सुविधाको व्यवस्था तथा फिडर होस्टेलको व्यवस्था गरिएको,
- प्रारम्भिक बालविकास शिक्षाको सहजकर्तामा महिलाको नियुक्ति अनिवार्य गरिएको,
- दलित, जनजाति तथा पिछडिएको समूहका विशेषतः महिला शिक्षाको सेवा विस्तार गर्न लक्षित समूहलाई शिक्षण सेवामा प्रवेश गराउन सक्षम बनाउने उद्देश्यले पूर्व सेवाकालीन प्राथमिक शिक्षक तालिम, छात्रवृत्ति कार्यक्रममा २५०० जनाले तालिम पूरा गरी सकेका शिक्षकहरूलाई अझ बढी टेवा पुऱ्याउन १० दिने शिक्षक सेवा तयारी कार्यशाला जस्ता कार्यक्रम तयार गरिएको,
- प्राथमिक तहको विद्यालयमा गरिबीका आधारमा छनोट भएका ५० प्रतिशत छात्राहरूलाई छात्रवृत्ति प्रदान गरिएको,
- प्राथमिक तहका विद्यालयमा ५० प्रतिशत महिला शिक्षक नियुक्ति गर्ने विद्यालयलाई थप अनुदानको व्यवस्था गरिएको,
- ४५ प्रतिशत भन्दा बढी छात्राहरू भर्ना गर्ने र वर्षभरि टिकाइ राख्ने विद्यालयलाई थप अनुदानको व्यवस्था गरिएको,
- विद्यालय बाहिर रहेका बालिकाहरूलाई विद्यालयभित्र ल्याउन र तिनलाई विद्यालयमा टिकाइ राख्न सके वापत विद्यालयलाई थप सहुलियत/सुविधा प्रदान गर्ने व्यवस्था गरिएको,
- विद्यालय जाने उमेर नाघिसकेका बालिकाका लागि महिला साक्षरता शिक्षा कार्यक्रम सञ्चालन गरिएको,
- बालिका/महिला शिक्षा तथा लैङ्गिक विषयका सम्बन्धमा सरोकारवालाहरूलाई सजग गराउनका लागि विविध माध्यमबाट प्रचारप्रसार भइरहेको,
- महिला शिक्षक समाजको गठन भई महिला शिक्षकको सञ्जालीकरण गर्ने कार्य भइरहेको,
- सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) को उद्देश्य नं. ५ लैङ्गिक असमानताको निर्मूलीकरण (Eliminating Gender Disparity) हासिल गर्ने सन्दर्भमा शिक्षा विभागको सक्रियतामा तयार गरिएको लैङ्गिक समविकासका लागि बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजना २०६३ शिक्षा मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयन भइरहेको ।

## नेपालको विद्यालयको तहगत संरचना र पाठ्यक्रमको ढाँचा

क) नेपालको विद्यालयको तहगत संरचना

नेपालको विद्यालय तहको तहगत संरचनालाई विगतदेखि नियाल्दा निम्नानुसार रहेको पाइन्छ :

- राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ को कार्यान्वयनका समयमा विद्यालय शिक्षाको संरचना '३+४+३' थियो । अर्थात कक्षा १ देखि ३ सम्म प्राथमिक तह, कक्षा ४ देखि ७ सम्म निम्नमाध्यमिक तह र कक्षा ८ देखि १० सम्म माध्यमिक तह ।
- पाठ्यक्रम कार्यान्वयन योजना, २०३८ को कार्यान्वयनपछि विद्यालय शिक्षाको संरचना '५+२+३' रहन गयो । अर्थात कक्षा १ देखि ५ सम्म प्राथमिक तह, कक्षा ६ र ७ निम्नमाध्यमिक तह र कक्षा ८ देखि १० सम्म माध्यमिक तह भनियो ।
- राष्ट्रिय शिक्षा आयोग, २०४९ को सिफारिसअनुसार विद्यालय तहको संरचना '५+३+२+२' भयो । अर्थात कक्षा १ देखि ५ सम्म प्राथमिक तह, कक्षा ६ देखि ८ सम्म निम्नमाध्यमिक तह र कक्षा ९ र १० माध्यमिक तह र कक्षा ११ र १२ उच्चमाध्यमिक तहमा राखियो ।
- विद्यालय क्षेत्र सुधार योजनाको कार्यान्वयनपछि विद्यालय तहको कक्षा १ देखि ८ सम्म आधारभूत तह र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह भनी छुट्याइएको छ ।

ख) पाठ्यक्रमको ढाँचा

हाल कार्यान्वयमा रहेको आधारभूत तह (कक्षा १-५) को पाठ्यक्रमको ढाँचा निम्नानुसार रहेको छ :

कक्षा १-३

| क्र.सं. | विषय | कक्षा १-३ | |
|---|---|---|---|
| | | पाठ्यभार | ्क |
| १ | नेपाली | ८ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ६ | १०० |
| ४ | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | ६ | १०० |
| ५ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | ५ | १०० |
| ६ | स्थानीय विषय/मातृभाषा | ४ | १०० |
| | जम्मा | ३४ | ६०० |

कक्षा ४ - ५

| क्र.सं. | विषय | कक्षा ४-५ | |
|---|---|---|---|
| | | पाठ्यभार | ्क |
| १ | नेपाली | ८ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ६ | १०० |

| | | | |
|---|---|---|---|
| ४ | सामाजिक अध्ययन | ५ | ७५ |
| ५ | सिर्जनात्मक कला | ३ | २५ |
| ६ | विज्ञान तथा वातावरण | ४ | ५० |
| ७ | स्वास्थ्य र शारीरिक शिक्षा | ४ | ५० |
| ८ | स्थानीय विषय/मातृभाषा | ४ | १०० |
| | जम्मा | ३९ | ६०० |

हाल कार्यान्वयनमा रहेको आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रमको ढाँचा निम्नानुसार रहेको छ :

क) साधारण विद्यालय

| क्र. सं. | विषय | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्य भार | ्क | पाठ्य भार | ्क | पाठ्य भार | ्क |
| १ | नेपाली | ५ | १०० | ५ | १०० | ५ | १०० |
| २ | गणित | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ३ | अङ्ग्रेजी | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ४ | सामाजिक शिक्षा | ५ | १०० | ५ | १०० | ५ | १०० |
| ५ | विज्ञान | ५ | १०० | ५ | १०० | ५ | १०० |
| ६ | स्वास्थ्य र शारीरिक शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ७ | संस्कृत | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ८ | जनसङ्ख्या र वातावरण शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ९ | कला वा पूर्व व्यावसायिक | ३ | ५० | ३ | ५० | ३ | ५० |
| | जम्मा | ३९ | ७०० | ३९ | ७०० | ३९ | ७०० |

कला विषयमा सङ्गीत तथा नृत्य अथवा चित्रकला तथा हस्तकलामध्ये एक विषय लिन सकिने ।

ख) संस्कृत विद्यालय

| क्र. सं. | विषय | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्य भार | ्क | पाठ्य भार | ्क | पाठ्य भार | ्क |
| १ | नेपाली | ५ | १०० | ५ | १०० | ५ | १०० |
| २ | गणित | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ३ | अङ्ग्रेजी | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ४ | सामाजिक शिक्षा | ३ | ५० | ५ | ५० | ५ | ५० |
| ५ | विज्ञान | ५ | १०० | ५ | १०० | ५ | १०० |
| ६ | स्वास्थ्य र शारीरिक शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ७ | संस्कृत, व्याकरण र अनुवाद | ५ | १०० | ३ | १०० | ३ | १०० |
| ८ | जनसङ्ख्या र वातावरण शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |

| ९ | संस्कृत भाषा | ३ | ५० | ३ | ५० | ३ | ५० |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | ३९ | ७०० | ३९ | ७०० | ३९ | ७०० |

ग) संस्कृत विद्यालय (वेदविद्याश्रम)

| क्र.सं. | विषय | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्य भार | ़क | पाठ्य भार | ़क | पाठ्य भार | ़क |
| १ | नेपाली | ५ | १०० | ५ | १०० | ५ | १०० |
| २ | गणित | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ३ | कर्मकाण्ड अथवा ज्योतिष | ५ | १०० | ५ | १०० | ५ | १०० |
| ४ | सामाजिक शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ५ | वेद अथवा नीतिशास्त्र | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ६ | संस्कृत, व्याकरण र अनुवाद | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ७ | जनसङ्ख्या र वातावरण शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ८ | संस्कृत भाषा | ५ | १०० | ५ | १०० | ५ | १०० |
| | जम्मा | ३९ | ७०० | ३९ | ७०० | ३९ | ७०० |

हाल देशभरका १६ जिल्लाका १०० ओटा विद्यालयहरूमा परीक्षणको रूपमा लागू भएको आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) अनुसार कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रम ढाँचा निम्नानुसार रहेको छ :

अ) साधारण शिक्षा (कक्षा ६-८)

| क्र.सं. | विषय साप्ताहिक | पाठ्यभार | ़क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ५ | १०० |
| ४ | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | ५ | १०० |
| ५ | विज्ञान तथा वातावरण | ५ | १०० |
| ६ | स्वास्थ्य र शारीरिक शिक्षा | २.५ | ५० |
| ७ | नैतिक शिक्षा | २.५ | ५० |
| ८ | पेसा, व्यवसाय र प्रविधि शिक्षा | ५ | १०० |
| ९ | मातृभाषा/स्थानीय विषय/संस्कृत/कला तथा अन्य | ५ | १०० |
| | जम्मा | ४० | ८०० |

द्रष्टव्य : क्र.सं नं. ६ र ७ मा रहेका विषयको साप्ताहिक पाठ्यभार २.५ रहेकोमा वर्षभरिको कुल पाठ्यभारका आधारमा मिलान गरी पठनपाठन गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

आ) संस्कृत शिक्षा (कक्षा ६-८)

| क्र.सं. | विषय साप्ताहिक | पाठ्यभार | क्र |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ५ | १०० |
| ४ | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | ५ | १०० |
| ५ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | ५ | १०० |
| ६ | संस्कृत व्याकरण | २.५ | ५० |
| ७ | पेसा, व्यवसाय र प्रविधि शिक्षा* | २.५ | ५० |
| ८ | संस्कृत भाषा | ५ | १०० |
| ९ | मातृभाषा/स्थानीय विषय/संस्कृत/कला तथा अन्य | ५ | १०० |
| | जम्मा | ४० | ८०० |

द्रष्टव्य : *पेसा, व्यवसाय र प्रविधि शिक्षाअन्तर्गत कर्मकाण्ड/फलितज्योतिष/आयुर्वेद/योग/प्राकृतिक चिकित्सा/जडिबुटी खेती/पुष्प खेती/बेमौसमी तरकारी खेती/पशुपालन/गृह विज्ञान/सिलाइ बुनाइ लगायतका विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

इ) गुरुकुल शिक्षा (कक्षा ६-८)

| क्र.सं. | विषय साप्ताहिक | पाठ्यभार | क्र |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | अङ्ग्रेजी/संस्कृत भाषा | ५ | १०० |
| ३ | गणित | ५ | १०० |
| ४ | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | ५ | १०० |
| ५ | संस्कृत व्याकरण | ५ | १०० |
| ६ | वेद वा नीतिशास्त्र | ५ | १०० |
| ७ | पेसा, व्यवसाय र प्रविधि शिक्षा* | ५ | १०० |
| ८ | संस्कृत रचना | ५ | १०० |
| | जम्मा | ४० | ८०० |

द्रष्टव्य :

१. *पेसा, व्यवसाय र प्रविधि शिक्षाअन्तर्गत कर्मकाण्ड/फलितज्योतिष/आयुर्वेद/योग/प्राकृतिक चिकित्सा/जडिबुटी खेती/पुष्प खेती/बेमौसमी तरकारी खेती/पशुपालन/गृह विज्ञान/सिलाइ बुनाइ लगायतका विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

२. गुरुकुल विद्याश्रमतर्फको (कक्षा ६-८) पाठ्यक्रम स्वीकृत भएपछि वेदविद्याश्रमतर्फ पनि गुरुकुल विद्याश्रमकै पाठ्यक्रम लागू हुनेछ ।

ई) गोन्पा तथा विहार शिक्षा (कक्षा ६-८)

| क्र.सं. | विषय साप्ताहिक | पाठ्यभार | क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ५ | १०० |
| ४ | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | ५ | १०० |
| ५ | विज्ञान तथा वातावरण | ५ | १०० |
| ६ | भोटभाषा/पाली भाषा/संस्कृत/अन्य भाषा | ५ | १०० |
| ७ | पेसा, व्यवसाय र प्रविधि शिक्षा* | ५ | १०० |
| ८ | स्थानीय विषय/बौद्ध शिक्षा/सम्भोटा व्याकरण/अन्य** | ५ | १०० |
| | जम्मा | ४० | ८०० |

द्रष्टव्य :

१. *पेसा, व्यवसाय र प्रविधि शिक्षाका रूपमा कला, कम्प्युटर, प्रविधि, आयुर्वेद, प्राकृतिक चिकित्सा, थान्का, दीप-धूप निर्माण, काष्ठकला, मूर्तिकला, वास्तुकला, कृषि, पशुपालन, वाद्यवादन र सङ्गीत आदि विषयमध्येबाट गुम्बा/विहार स्वयम्ले छानेको एक विषय रहने छ । यसको पाठ्यक्रम, पाठ्यपुस्तक स्थानीय निकायको परामर्शमा गुम्बा/विहार स्वयम्ले व्यवस्था गर्नुपर्ने छ ।

२. **स्थानीय विषय/बौद्ध शिक्षा/सम्भोटा व्याकरण/अन्य विषयका रूपमा पठनपाठन हुने विषयको छनोट पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा गुम्बा वा विहार वा विद्यालय आफैँले गर्ने छ ।

उ) मदरसा शिक्षा (कक्षा ६-८)

| क्र.सं. | विषय साप्ताहिक | पाठ्यभार | क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ५ | १०० |
| ४ | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | ५ | १०० |
| ५ | विज्ञान तथा वातावरण | ५ | १०० |
| ६ | आचार शिक्षा (दिनियात) | ५ | १०० |
| ७ | कुर्आन (अरबिक) | ५ | १०० |
| ८ | उर्दू भाषा | ५ | १०० |
| | जम्मा | ४० | ८०० |

द्रष्टव्य : सामाजिक अध्ययन (जनसङ्ख्या शिक्षासमेत) विषय उर्दू भाषामा अध्ययन अध्यापन गर्न सकिनेछ ।

**राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८–२०३२)**

राष्ट्रिय उद्देश्य: दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अनुकूल न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना, राष्ट्रिय शिक्षा प्रणालीको स्वस्थ र सुनियोजित आयोजनाबाट मात्र सम्भव भएकोले नेपाल अधिराज्यमा शिक्षाका राष्ट्रिय उद्देश्यहरू देहायबमोजिम निर्दिष्ट गरिएका छन् :

राष्ट्र र राष्ट्रियताप्रति वफादार रही राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने तथा पञ्चायती व्यवस्था अनुकूल आफ्नो अधिकार कर्तव्यप्रति सजक र सक्रिय रहने नागरिक तयार गर्ने,

देशको आर्थिक विकासका लागि आवश्यक ज्ञान, विज्ञान, प्राविधिक दक्षता र सीपको विकास, संरक्षण, सम्वर्द्धन र प्रसार गरी देश विकासको प्रत्येक कार्यक्षेत्रमा आवश्यक योग्य कार्यकर्ताहरू तयार गर्ने,

प्रत्येक व्यक्तिमा निम्नलिखित कुराहरूको विकास गर्ने:

क) नैतिक चरित्र

ख) परिश्रम गर्ने बानी

ग) स्वातम्बी हुने प्रवृत्ति

घ) सिर्जनात्मक प्रवृत्ति

ङ) वैज्ञानिक ढङ्गले विचार गर्ने प्रवृत्ति

च) अरूको असल भावना र विचारको कदर गर्ने बानी

छ) कुशल कला र सौन्दर्यप्रति अनुरागपूर्ण भावना

ज) विश्वबन्धुत्वको भावना

राष्ट्र भाषा, संस्कृति, साहित्य र कलाको विकास, संरक्षण, सम्वर्द्धन र प्रसार गर्ने।

्गठन

प्राथमिक शिक्षाको हालको अवधि ५ वर्षको छ। यो अवधि साक्षरताको सीप मात्र सिकाउनलाई बढी र अरू सीप, प्रवृत्ति र ज्ञान सिकाउनलाई अपर्याप्त छ। अब नयाँ शिक्षा सङ्गठन यस प्रकार हुनेछ :

१. प्रथम तह : कक्षा १ देखि कक्षा ३ सम्म (प्राथमिक शिक्षा) : यस तहका शिक्षाका उद्देश्य साक्षरताका शिक्षा दिनु हुनेछ।

२. दोस्रो तह : कक्षा ४ देखि कक्षा ७ सम्म (निम्न माध्यमिक शिक्षा) : यस तहको शिक्षाको उद्देश्य देशभक्ति, राजभक्ति सिकाइ चरित्र निर्माण गर्नु हुनेछ र पूर्वव्यावसायिक शिक्षाको प्रारम्भ गर्नु हुनेछ।

३. तेस्रो तह: कक्षा ८ देखि कक्षा १० सम्म (माध्यमिक शिक्षा)
यो तहको शिक्षाको उद्देश्य व्यावसायिक शिक्षामा जोड दिई उत्पादनशील र उपयोगी नागरिक तयार गर्नु हुनेछ।

कक्षा ७ सम्म देशभरी सबै बालबालिकाहरूका लागि एकै प्रकारको शिक्षा दिने व्यवस्था हुनेछ। कक्षा ८ देखि विविधीकरण प्रारम्भ हुनेछ। कक्षा ७ पछि माध्यमिक विद्यालयमा भर्ना गर्नका लागि परीक्षा लिनु आवश्यक छ। यस्तो परीक्षाको उद्देश्य योग्यता पुगेका विद्यार्थीहरूले उपयुक्त माध्यमिक शिक्षा पाउने व्यवस्था गर्नु हुनेछ।

**पाठ्यक्रम**

पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो। माथि उल्लिखित शिक्षाको उद्देश्य र नीतिअनुसार पाठ्यक्रम निर्धारित हुनुपर्दछ। तसर्थ पाठ्यक्रम निम्न कुराहरूमा आधारित हुनुपर्दछ।

१. प्राथमिक कक्षामा भाषा र गणितका प्रारम्भिक सीपहरू सिकाउनमा जोड दिने र विद्यार्थीको वास्तविक जीवनसँग सम्बन्धित पेसाको विशेष गरी कृषिको प्रारम्भिक ज्ञान पनि दिइनेछ।

२. निम्नमाध्यमिक कक्षाहरूमा चरित्र निर्माणमा जोड दिने र श्रमप्रति आदरको भावनाको विकासमा जोड दिने।

प्राथमिक कक्षाहरूमा सिकाइने विषयहरू (कक्षा १ देखि ३ सम्म)

| विषय | विद्यालय घण्टाको प्रतिशत | पूर्णाङ्क |
|---|---|---|
| नेपाली भाषा | ४० | ३०० |
| गणित शिक्षा | ३० | २०० |
| सामाजिक शिक्षा | २० | १०० |
| शारीरिक शिक्षा, सफाइ, हस्तकला र चित्रकला | १० | ५० |

प्राथमिक कक्षाहरूमा सिकाइने विषयहरू (कक्षा ४ देखि ७ सम्म)

| विषय | विद्यालय घण्टाको प्रतिशत | पूर्णाङ्क |
|---|---|---|
| नेपाली भाषा | ३० | २०० |
| नेपाली भाषा | २५ | १७० |
| सरल संस्कृत भाषा (कक्षा ६ र ७ मा) | ५ | ३० |
| संयुक्त राष्ट्रसङ्घीय भाषाहरूमध्ये एक | १० | ६०० |
| सामाजिक शिक्षा | १३ | १०० |
| गणित | २० | १५० |
| विज्ञान | १० | १०० |
| पूर्वव्यावसायिक शिक्षा | १० | १०० |
| शारीरिक शिक्षा र स्वास्थ्य शिक्षा | ७ | ५० |

यो तह चरित्र निर्माण गर्ने उपयुक्त समय हो। तसर्थ कक्षाभित्रको पढाइमा देशका विभूतिहरूको जीवनी र देशको रक्षा र विकासमा राजपरिवारको देन विषयमा जोड दिएर पढाउने र अतिरिक्त क्रियाकलापद्वारा देशभक्ति, राजभक्ति र अनुशासनको भावना, प्रवृत्ति र सीपको विकास गर्नमा जोड दिइनेछ।

त्यस्तै आत्मनिर्भर हुने, जवाफदेही लिने, इमानदार हुने, सहयोग गर्ने बानी बसाल्नमा यसै तहमा जोड दिनु पर्दछ। यो तहमा श्रमप्रति इज्जत र प्रेम जगाउने वास्तविक काम सुरु पर्नुपर्दछ। शिक्षकहरूले कुनै उपयोगी काम गराउने योजना बनाउनुपर्दछ। जस्तो काठको सामान बनाउने, कागतको फाइल, खाम आदि बनाउने र खेतमा लगी बाली उत्पादनमा सहायत गराउने काम आदि गराउनु पर्दछ। शिक्षालाई व्यवसायउन्मुख (vocational oriented) अथवा समाजका लागि उपयोगी बनाउने योजना यसै तहबाट हुनुपर्दछ।

**शिक्षकहरूको सेवामा सुधार**

शिक्षाको सुधार र उन्नति गर्न योग्य व्यक्तिहरूलाई शिक्षक बनाउनु र उनीहरूलाई शिक्षामा नै बस्न राजी गराउनु ज्यादै जरुरी छ । तसर्थ शिक्षकहरूको सेवामा सुरक्षा, पदोन्नतिको आशा र तलब दर सन्तोषजनक बनाउने कार्यक्रमलाई योजनाकालमा विशेष प्राथमिकता दिइनेछ ।

**सेवाको सुरक्षा**

हाल सरकारी शिक्षकहरू र प्रध्यापकहरू लोकसेवा आयोगबाट नियुक्त हुन्छन् र निजामति सेवा ऐन र नियमावलीअन्तर्गत उनीहरूको सेवामा सुरक्षा छ । हाम्रो देशमा सरकारी स्कुल र कलेजहरूभन्दा पब्लिक कलेजहरू तथा स्कुलहरू धेरै मात्रामा छन् । यसरी पब्लिक स्कुल र कलेजमा रहेका शिक्षक तथा शिक्षकहरूको सेवामा सुरक्षा प्रदान गर्नु अति आवश्यक छ ।

शिक्षकहरूको सेवाको सुरक्षा गर्न तलका व्यवस्थाहरू हुनेछन् :

१. शिक्षकहरूको सेवाको गठन

प्रत्येक जिल्लामा शिक्षा सेवा आयोग गठन हुनेछ । उक्त आयोगले जिल्ला शिक्षा सेवा आयोग गठन गर्नेछ र जिल्लाभित्रको सबै प्रकारका शिक्षकहरूको दरबन्दी गर्ने, भर्ना गर्ने, पदोन्नति गर्ने, सरुवा र खारेज गर्ने काम जिल्ला शिक्षा सेवा आयोगले नै गर्नेछ । उक्त आयोगले शिक्षकहरूको विवरण राख्नेछ ।

२. जिल्ला शिक्षा कोष

प्रत्येक जिल्लामा एउटा जिल्ला शिक्षा कोष खडा हुनेछ । उक्त कोषमा सरकारी अनुदान, शुल्कबाट उठ्ने रकम, शिक्षा करबाट उठ्ने रकम र चन्दा रहनेछन् । सोही कोषबाट प्रत्येक महिनामा शिक्षकहरूलाई समयमा नै तलब खुवाउने व्यवस्था हुनेछ ।

३. शिक्षकहरूको तलब स्केल

शिक्षकहरूको तलब स्केल तोकिदा समान योग्यता भएकाहरू पेसामा काम गर्नेहरूले पाए सरह पाउने व्यवस्था हुनुपर्दछ र बढ्दो बजार भाउअनुसार तोकिएको तलब दरमा बराबर संशोधन गर्ने व्यवस्था हुनुपर्दछ । शिक्षकहरूको तलब दरमा प्रत्येक वर्षको अनुभवअनुसार थप वृद्धि पाउने तथा विशेष तालिम पाएअनुसार थप भत्ता पाउने व्यवस्था पनि गर्नु राम्रो हुनेछ र दुर्गम स्थानमा खटिई जाने शिक्षकहरूले दुर्गम स्थान भत्ता पाउने व्यवस्था हुनेछ ।

४. विद्यालयमा शिक्षकको दरबन्दी

प्राथमिक विद्यालय

| दर्जा | सङ्ख्या | न्यूनतम योग्यता | तलब | तालिम भत्ता | कैफियत |
|---|---|---|---|---|---|
| प्रधान अध्यापक | १ | एस.एल.सी.वा सो सरह तालिम प्राप्त | १५५/- | १५/- २५/- | प्र.अ.भत्ता |
| शिक्षक | ३ | ,, | १५५/- | १५/- | |

निम्नमाध्यमिक विद्यालयमा

| दर्जा | सङ्ख्या | न्यूनतम योग्यता | तलब | तालिम भत्ता | कैफियत |
|---|---|---|---|---|---|
| प्रधान अध्यापक | १ | आइ.एड. अथाव आइ.ए. अथवा सो सरह र तालिम प्राप्त | २५० | ५० | प्र.अ.भत्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षक | ३ | आइ.एड. अथाव आइ.ए. अथवा सो सरह र तालिम प्राप्त | २५० | | |
| शिक्षक | १ | एस.एल.सी. वा सो सरह र तालिम प्राप्त | १५५ | १५ | |

५. छात्र शिक्षक अनुपात

प्राथमिक शिक्षामा १:३०, निम्नमाध्यमिक शिक्षामा १:२५ शिक्षक विद्यार्थी अनुपात निर्धारण गरिएको छ ।

६. पदोन्नतिको व्यवस्था

शिक्षकहरूको पदोन्नतिको व्यवस्था गर्दा निम्नलिखित कुराहरूको आधारमा गरिनेछ :

(क) शैक्षिक योग्यता (ख) नोकरी वर्ष अथवा अनुभव

(ग) उल्लेखित काम गरेवापत पाएको तक्मा वा कदरपत्र

(घ) स्वास्थ (ङ) दुर्गम क्षेत्रमा काम गरेको अनुभव

(च) विभागीय प्रमुखको सिफारिस (छ) सेवाकालीन तालिम

(ज) अनुसन्धान कार्य

७. अवकास प्राप्त भएपछिको व्यवस्था

गैरसरकारी विद्यालयहरूमा शिक्षकहरूले अवकास प्राप्त गरेपछि निवृतिभरण नपाउने भएकाले हाललाई एकमुष्ट आर्थिक अनुदान दिने व्यवस्था गर्ने तर्फ विचार हुनेछ ।

८. अरू सुविधा

प्रतिवर्ष निश्चित सङ्ख्यामा शिक्षकहरूलाई तक्मा, विभुषण दिने परम्परा बसालिनेछ ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो (१९९९-२००४)

आधारभूत तथा प्राथमिक शिक्षा विकासका लागि नेपालमा विभिन्न योजना परियोजना तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन् । सन् १९९० मा थाइल्याण्डको जोमटेनमा सबैका लागि गुणस्तरीय आधारभूत शिक्षा उपलब्ध गराउनका लागि विश्वव्यापी रूपमा प्रतिबद्धता जनाउन सबैका लागि शिक्षाको विश्व सम्मेलनको आयोजन गरिएको थियो । उक्त सम्मेलनबाट पारित प्रतिबद्धतामा नेपालले पनि हस्ताक्षर गरेको छ । नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका जिल्लाहरूमा सफलतापूर्वक सञ्चालन गरिएको ग्रामीण विकासका निम्ति सेती परियोजनाको अनुभवको आधारमा र सबैका लागि नेपालले अन्तराष्ट्रियस्तरमा गरेको प्रतिवद्धताबमोजिम नेपालमा प्राथमिक शिक्षामा पहुंच, गुणस्तर र व्यवस्थापकीय सक्षमतामा सुधार गर्ने उद्देश्यले आठौं पञ्चवर्षीय योजना अवधिमा सन् १९९२ देखि आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू गरिएको थियो । यो परियोजनाको प्रथम चरण समाप्त भए पछि यसबाट प्राप्त सफलताका आधारमा नेपाल सरकारले नवौं पञ्चवर्षीय योजना अवधिमा आधारभूत तथा प्राथमिक शिक्षालाई दोस्रो चरणको कार्यक्रमको रूपमा सञ्चालन गर्ने निर्णय गर्‍यो ।

आधारभूत तथा प्राथमिक शिक्षा दोस्रो चरणका मुख्य उद्देश्यहरू

आधारभूत तथा प्राथमिक शिक्षा दोस्रो चरणका उद्देश्यहरू निम्नानुसार छन् :

१. आधारभूत तथा प्राथिमिक शिक्षामा प्राथमिक उमेरका बालबालिकाहरू विशेष गरी बालिका र सुविधाविहीन समूहका बालबालिकाहरूको पहुँच बढाई उनीहरूलाई विद्यालयमा टिकाई राख्ने ।
२. विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार ल्याउने ।
३. विद्यालयको कार्य कुशलतामा सुधार ल्याउन, योजन निर्माण गर्न र अनुगमन गर्नका लागि समुदायस्तर, जिल्लास्तर र राष्ट्रियस्तरका संस्थाहरूको क्षमता विकास गर्ने ।

उपर्युक्त उद्देश्यहरू पूरा गर्ने सन्दर्भमा आधारभूत तथा प्राथमिक शिक्षा दोस्रो चरणले देहायबमोजिम सूचक सहितका लक्ष्यहरू निर्धारण गरेको थियो :

क) पहुँच तथा विद्यालयमा टिकाउने लक्ष्यहरू

| सूचकहरू | विद्यमान अवस्था | २००३/०४ को अवस्था | २००८/०९ को अवस्था |
|---|---|---|---|
| समग्र सहजै देखिने भर्नादर | ११७ | १०६ | १०० |
| छात्राको सहजै देखिने भर्ना दर | १०० | १०० | १०० |
| दलितको सहजै देखिने भर्ना दर | ५० | ८० | १०० |
| समग्र खुद भर्ना दर | ७९ | ९० | ९५ |
| सहजै देखिने भर्ना दर र खुद भर्ना दरबीचको भिन्नता | ४७ | १६ | ० |
| प्राथमिक तह चक्र पूरा गर्ने दर | ४१ | ७५ | ९० |
| विद्यालय पूर्वतयारीको अवसर | ४० | ७० | ९० |

ख) सिकाइ उपलब्धि बढाउने लक्ष्यहरू

| सूचकहरू | विद्यमान अवस्था | २००३/०४ को अवस्था | २००८/०९ को अवस्था |
|---|---|---|---|
| कक्षा १ देखि ३ सम्मको उत्तीर्ण दर | ७० | १०० | १०० |
| कक्षा ४ देखि ५ सम्मको उत्तीर्ण दर | ७० | ९० | १०० |
| कक्षा ३ र ५ मा न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने बालबालिकाको प्रतिशत | ४५ | ७० | ९५ |
| कक्षा ३ र ५ का विद्यार्थीहरूको औसत प्राप्ताङ्क | ४५ | ७५ | ९० |
| विद्यार्थीको औसत दैनिक हाजिरी प्रतिशत | ६० | ९० | ९५ |
| शिक्षकहरूको औसत दैनिक हाजिरी प्रतिशत | | ८० | ९० |
| रिकरेन्ट तालिम प्राप्त गर्ने शिक्षकको प्रतिशत | | १०० | १०० |
| पहिलो मोड्युल तालिम प्राप्त शिक्षकको प्रतिशत | ४० | ९० | १०० |
| दस महिने तालिम प्राप्त शिक्षकको प्रतिशत | | ५० | ९० |

ग) क्षमता विकास गर्ने लक्षहरू

| | |
|---|---|
| जिशिका सुदृढीकरण | गाउँ शिक्षा समितिहरू गठन र सुदृढीकरण भएको हुने |
| अनौपचारिक शिक्षा केन्द्र सुदृढीकरण | गाउँ शिक्षा योजना तयार भएको हुने |

| | |
|---|---|
| शिक्षा मन्त्रालयका कर्मचारीहरूलाई तालिम लिएको हुने | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू तालिम प्राप्त भएको हुने |
| शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा कर्मचारी व्यवस्थापन सूचना प्रणाली स्थापित भएको हुने | प्रधानाध्यापक तालिम प्राप्त भएको हुने |
| विकेन्द्रित ढाँचाबमोजिम जिल्ला शिक्षा योजना निर्माण र कार्यान्वयन भएको हुने | विद्यालय सुधार योजनाहरू तयार भएको हुने |

माथिका लक्ष्यहरू प्राप्त गर्नका लागि आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो) ले निम्नानुसार विभिन्न १७ प्रकारका कार्यक्रमहरू अघि सारेको थियो :

क) पहुँच बढाउने र विद्यालयमा टिकाउदर सुधार गर्ने उद्देश्यसँग सम्बन्धित कार्यक्रमहरू

१. विद्यालय भौतिक सुधार
२. वैकल्पिक विद्यालय शिक्षा
३. छात्राहरूका लागि शिक्षा
४. लक्षित समूहका लागि शिक्षा
५. विशेष शिक्षा
६. पूर्व बाल्यावस्था शिक्षा
७. समुदाय परिचालन
८. साक्षरता कार्यक्रम

ख) सिकाइ उपलब्धि बढाउने उद्देश्यसँग सम्बन्धित कार्यक्रमहरू

१. पाठ्यक्रम र पाठ्यपुस्तक नवीकरण गर्ने
२. निरन्तर मूल्याङ्कन पद्धति
३. रिकरेन्ट समूह विद्यालयमा आधारित तालिम र सहयोग
४. प्रमाणीकरण तालिम

ग) क्षमता विकासको उद्देश्यसँग सम्बन्धित कार्यक्रमहरू

१. जिल्ला शिक्षा कार्यालयको सुदृढीकरण
२. जिल्ला शिक्षा योजना निर्माण सुदृढीकरण
३. स्थानीय स्तरमा क्षमता विकास
४. सीआपी कार्यक्रम व्यवस्थापन /शिक्षा विभाग
५. प्राविधिक सहायता सल्लाहकार समूह

**आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (दोस्रो) का प्रमुख विशेषताहरू**

- स्थानीय स्तरमा सहभागितामूलक प्रक्रिया र मानवविकास गरी समुदाय सचेतना, समुदाय परिचालन र सूक्ष्म योजनामा जोड दिइएको ।
- छात्राहरू तथा विशेषगरी शैक्षिक र सामाजिक रूपले पछाडि परेका समुदायमा लक्षित कार्यक्रमहरू सञ्चालन गरिएको ।
- विद्यार्थीहरूको न्यूनतम सिकाइ स्तर कायम गर्ने लक्ष्य लिएको ।
- प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन तालिम र शिक्षकहरू तथा सहजकर्ताहरूलाई शिक्षक तालिम मार्फत पेसागत सहयोग उपलब्ध गराउने, बहुकक्षा शिक्षण विधिको प्रयोग, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरू विद्यालयमा समयमा नै उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने प्रयास गरिएको ।
- शिक्षा सेवामा कार्यरत व्यक्तिहरूको व्यवस्थापकीय र प्राविधिक क्षमता विकास गर्ने र स्थानीय स्तरदेखि केन्द्रीय स्तरसम्म संस्थागत क्षमता अभिवृद्धि गरी प्राथमिक शिक्षामा सुधार ल्याउने प्रयास गरेको ।
- विद्यालय सुधार योजना, गाउँ शिक्षा योजना र जिल्ला शिक्षा योजनाहरू निर्माण गरी विकेन्द्रित अभ्यासमा जोड दिइएको ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति प्रणालीको अभ्यास गरिएको ।
- प्राथमिक तहमा महिला शिक्षक राख्नका लागि प्रोत्साहन गरिएको ।

**सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९)**

**परिचय**

सन् १९९० मा जोमटेनमा भएको सबैका लागि शिक्षाको विश्व सम्मेलनले सबैका लागि गुणस्तरीय आधारभूत शिक्षामा पहुँच पुऱ्याउने प्रतिबद्धता जाहेर गरेको थियो । दस वर्षको अनुभवबाट सबैका लागि शिक्षाका लक्ष्यहरू प्राप्त गर्न गरिएका प्रयासहरू अपर्याप्त भएको महसुस गरी सन् २००० मा सेनेगलको डकारमा "सबैका लागि शिक्षा"को विश्व शिक्षा मञ्चको आयोजना गरियो । यो अन्तराष्ट्रिय सम्मेलनले सबैका लागि शिक्षाका लागि प्रतिबद्ध कुनै पनि देशले साधन र स्रोतको अभावमा सबैका लागि शिक्षा प्रदान गर्ने कार्यमा पछि पर्नु नपरोस भनी विभिन्न छ ओटा उद्देश्यहरूमा प्रतिबद्धता जनाएको थियो । डकारमा भएको विश्व शिक्षा सम्मेलनले सबैका लागि शिक्षा कार्यढाँचा तथा संयुक्त राष्ट्रसङ्घीय महासभाबाट सहस्राब्दी विकास लक्ष्य अनुमोदन भए पश्चात् नेपालले "सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना २००१-२०१५" तयार गरी शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने प्रयास गरेको छ । सोही कार्ययोजनाका आधारमा पाँचवर्षे रणनीतिका रूपमा सबैका लागि लागि शिक्षा (सन् २००४–२००९) कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । आधारभूत प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरणका उपलब्धि र अनुभवलाई सुदृढीकरण गर्दै निर्माण गरिएको यस कार्यक्रमका नीतिगत खाका दसौं योजना (गरिबी न्यूनीकरण रणनीतिक पत्र), राष्ट्रिय प्राथमिकतामा आधारित मध्यावधिक व्यय खाका, स्थानीय स्वायत शासन ऐन, २०५५ र शिक्षा ऐन सातौं संशोधनमा आधारित छ । यसरी सबैका लागि शिक्षाको दृष्टिकोण र

उद्देश्य अनुरूप आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको निरन्तरताको रूपमा यो कार्यक्रम तयार गरिएको हो ।

उद्देश्यहरू

डकार कार्यढाँचाले तय गरेका ६ ओटा उद्देश्यमा आधारित भई यस कार्यक्रमका निम्नानुसार कम्पोनेन्टहरू रहेका छन् :

- बालविकासको विस्तार तथा सुधार ।
- सबै बालबालिकाहरूका लागि शिक्षाको सुनिश्चितता ।
- आदिवासी, अल्पसङ्ख्यक भाषिक समुदाय लगायतका बालबालिकाहरूका सिकाइ आवश्यकताहरूको परिपूर्ति ।
- प्रौढ निरक्षरतामा कमी ।
- गुणस्तरीय शिक्षाका सबै पक्षहरूको सुधार ।

यस कार्यक्रमले लक्षित नतिजाका रूपमा सन् २०१५ सम्ममा एउटा बालक, एउटा कक्षा कोठा, एउटा शिक्षक, एउटा विद्यालय र एउटा समुदाय र जिल्ला कस्तो हुनेछ भनी परिकल्पना गरेको छ । यसरी सबैका लीग शिक्षा (२००४–२००९) मुख्य उद्देश्य सन् २०१५ को पकिल्पनालाई साकार पार्ने काममा प्रगति गर्न र सबैका लागि शिक्षामा निर्दिष्ट गरिएका लक्ष्य प्राप्त गर्नु हो । सन् २०१५ को लक्ष्य र सन् २००९ को अन्तरिम तक्ष्यहरूलाई तलको तातिकामा प्रस्तुत गरिएको छ:

| क्र. सं. | सूचक | २००१ | २००८/०९ | २०१५ |
|---|---|---|---|---|
| १ | बाल विकास/पूर्व विद्यालय | १३ | ५१ | ८० |
| २ | बाल विकाससहित कक्षा १ मा भर्ना हुनेहरूको प्रतिशत | ०८ | ६० | ८० |
| १ | कक्षा १ मा कुल आगमन दर | १४१ | ११० | १०२ |
| ४ | कक्षा १ मा खुद आगमन दर | ५३.७ | ९५ | ९८ |
| ५ | कुल भर्ना दर | १२३ | १०४ | १०५ |
| ६ | खुद भर्ना दर | ८१ | ९६ | १०० |
| ७ | प्राथमिक शिक्षाका लागि निर्देशित कुल राष्ट्रिय उत्पादनका प्रतिशत | १.७ | २.३ | २.५ |
| ८ | प्राथमिक शिक्षामा निर्देशित कुल शिक्षाको बजेटको प्रतिशत | ५५.६ | ६० | ६५ |
| ९ | आवश्यक योग्यता र तालिम प्राप्त शिक्षकको प्रतिशत | १५ | ९९ | १०० |
| १० | आवश्यक प्रमाणपत्र सहितका शिक्षकको प्रतिशत | | ९९ | १०० |
| ११ | विद्यार्थी शिक्षक अनुपात | ३९ | ३७ | ३० |
| १२ | कक्षा दोहोऱ्याउने दर | | | |
| | कक्षा १ | ३९ | १० | १० |
| | कक्षा ५ | ९ | ३ | ८ |

| | | | | |
|---|---|---|---|---|
| १३ | कक्षा १ देखि ५सम्म पुग्नेहरूको दर | ६६ | ८५ | ९० |
| १४ | कार्यदक्षताको गुणाङ्क | ६० | ८३ | ८० |
| १५ | कक्षा ५ को सिकाइ उपलब्धिको प्रतिशत | ४० | ६० | ८० |
| १६ | साक्षरता दर | | | |
| | उमेर समूह १५-२४ | ७० | ८२ | ९५ |
| | उमेर समूह ६ वर्ष | ५४ | ७६ | ९० |
| १७ | प्रौढ साक्षरता (१५ वर्ष) | ४८ | ६६ | ७५ |
| १८ | साक्षरता लैङ्गिक समानता सूचक (१५ वर्ष) | ०.६ | ०.९ | १.० |

(स्रोत: सबैका लागि शिक्षा २००४-२००९ मुख्य दस्तावेज, शिक्षा विभाग)

उपरोक्त लक्ष्यहरू पूरा गर्न सबैका लागि शिक्षा २००४-२००९ का तीनओटा उद्देश्य यसप्रकार छन् :

१. प्राथमिक शिक्षामा पहुँच समन्याय सुनिश्चित गर्ने ।
२. प्राथमिक तहको गुणस्तर र सान्दर्भिकताको अभिवृद्धि गर्ने ।
३. सबै तहमा विद्यालय र संस्थाहरूको कार्यदक्षता र संस्थागत क्षमताको विकास गर्ने ।

शिक्षा प्रत्येक बालकको अधिकार भएको सन्दर्भमा सबैका लागि शिक्षा २००४-२००९ ले वास्तविक भर्ना दर ८१ प्रतिशतलाई वृद्धि गरेर ९० प्रतिशत पुऱ्याउने उद्देश्य लिएको थियो । अर्को शब्दमा कार्यक्रमले विद्यालयमा भर्ना नभएका विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयको पहुँच र विद्यालयमा नियमित रूपमा अध्ययनरत बालबालिकाहरूलाई यमौती सुनिश्चित गर्न प्रति लक्षित रहको थियो । त्यसैले अपाङ्गता, धर्म, गरिबी, जातजातियता, क्षेत्रीय तथा भाषिक पृष्ठभूमिका आधारमा भेदभाव नगरी सबै बालबालिकाहरूलाई प्राथमिक शिक्षा पहुँच योग्य बनाउन उपायहरूमा जोड दिएको थियो ।
सबैका लागि शिक्षा २००४-२००९ को **दोस्रो उद्देश्य** बालबालिका समुदायको आवश्यकता अनुकूल सान्दर्भिक बनाउने हिसाबले प्राथमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु रहेको थियो । त्यसैले गुणस्तरीय शिक्षा तथा बाल विकास कार्यक्रम, शिक्षक तालिम, प्रेरणादायी सिक्ने वातावरण, उत्प्रेरित गर्ने शैक्षिक सामग्री, विद्यातय सञ्चालन हुने वास्तविक् दिन र समय (घण्टा) मा वृद्धि, स्थानीय आवश्यकता र परिस्थिति अनुकूलको पाठ्यक्रम निर्माण गर्ने न्यूनतम राष्ट्रिय मापदण्ड र आर्थिक सीमा निर्धारण गर्न जोड दिएको छ ।
सबैका लागि शिक्षाका **तेस्रो उद्देश्य** कार्य दक्षता तथा संस्थागत क्षमताको सुधार गर्नु हो । यो उद्देश्य प्राप्तिका लागि गरिने प्रयासहरूमा शिक्षक तथा शिक्षा सेवामा संलग्न कर्मचारीहरूको कार्य दक्षता विकास गर्न मानव संसाधन विकास योजना लागू र कार्यान्वयन गर्ने, सबै तहका शिक्षा सुधारका योजना तथा कार्यान्वयनका गतिविधिहरूमा सरोकारवाला तथा नागरिक समाजको बढी सहभागिता जुटाउने कुरा मुख्य हुन् । यी कुरा प्राप्तिका लागि पारदर्शिता, जिम्मेवारी तथा समन्यायमा जोड दिदै प्रशासनलाई सुधार ल्याउनेजस्ता कुरामा जोड दिइएको छ ।

**सबैका तागि शिक्षाका मुख्य रणनीति तथा कार्यक्रमहरू**

पहुँच तथा समन्यायिकतासम्बन्धी रणनीति तथा कार्यक्रमहरू जस्तै: निशुल्क: प्राथमिक शिक्षा र अवसरको खर्चका लागि छात्रवृत्ति र प्रोत्साहनका कार्यक्रमहरू, निशुल्क: पाठ्यपुस्तक, लक्षित विद्यालयहरूमा विद्यालय

खाजा र पोषण कार्यक्रम सहयोग, महिला एवम् पिछडिएका समूहलाई शिक्षण सेवाप्रति आकर्षित गर्ने कार्यक्रमहरू, समन्यायिक ढङ्गबाट नयाँ विद्यालय निर्माण र सुविधाहरूको उपलब्धता, गाविस, विव्यस, शिअसं तथा स्थानीय गैसससँग सहकार्य, समाहित शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, वैकल्पिक प्राथमिक विद्यालय कार्यक्रम, सीप विकासमा आधारित प्रौढ शिक्षा आदि ।

गुणस्तरसम्बन्धी रणनीतिहरूमा जस्तै: प्रभावकारी शिक्षकको व्यवस्था, प्रभावकारी पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू, मातृभाषा एवम् द्वैभाषिक शिक्षाको अवसर, विद्यालय व्यवस्थापन र सुधार, उपयुक्त सिकाइ वातावरण, क्षमता विकास कार्यक्रमहरू रहेका छन् ।

संस्थागत क्षमता सुधारसम्बन्धी रणनीति तथा कार्यक्रमरुमा समुदायमा विद्यालय व्यवस्थापन हस्तान्तरण, विद्यालय सुधार योजना, मन्त्रालयको मानव संसाधन विकास योजना कार्यान्वयन र स्थानीय समुदायमा आधारित संस्था र गैरसरकारी संस्थाहरूसँग साझेदारी गर्ने रणनीतिहरू रहेका छन् ।

चालू त्रिवर्षीय योजना (२०६७/६८–२०६९/७०) मा शिक्षासम्बन्धी नीतिगत व्यवस्था

दीर्घकालीन सोच

सम्वृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न लोकतान्त्रिक समावेशी एवम् समतामूलक गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गरी सचेत, सक्षम र उत्पादनशील नागरिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको मागअनुसार ग्राह्रय हुने मानव स्रोतको सुनिश्चितता गर्नु शिक्षा क्षेत्रको दूरदृष्टि हुनेछ ।

उद्देश्य

१. साक्षरता शिक्षालाई जीवन पद्धतिसँग आबद्ध गरी सीप र कामको अन्तर्सम्बन्ध स्थापित गर्दै सबै नेपाली र विशेष गरी महिला तथा विपन्न समुदायका व्यक्तिहरूलाई साक्षरता र निरन्तर शिक्षाका अवसरहरू उपलब्ध गराउने ।
२. प्रारम्भिक बालविकास शिक्षाको विकास तथा विस्तार गर्ने ।
३. सबैलाई नि:शुल्क, अनिवार्य र गुणस्तरीय आधारभूत शिक्षा (कक्षा १-८) प्रदान गर्ने र माध्यमिक शिक्षा (९-१२) र उच्च शिक्षामा समन्यायिक एवम् समावेशी पहुँच विस्तार गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने ।
४. सीपमूलक र रोजगारमूलक शिक्षाको विकास र विस्तार गर्ने ।
५. उच्च शिक्षालाई ज्ञान केन्द्रित समाज सिर्जना गर्ने तर्फ लक्षित गर्दै राष्ट्रिय उत्पादन र विकाससँग आबद्ध गरी क्षेत्रीय सन्तुलन कायम गर्ने ।
६. सबै तहको शिक्षालाई गुणस्तरीय, सान्दर्भिक, जीवनोपयोगी एवम् समसामयिक बनाउँदै सकारात्मक सामाजिक परिवर्तनको माध्यमको रूपमा विकसित गर्ने ।
७. सामुदायिक र संस्थागत विद्यालयबीच साझेदारी र समन्वय कायम गरी सामुदायिक विद्यातयको शैक्षिकस्तर अभिवृद्धि गर्न यी दुवैमा रहेका असल अभ्यासको उपयोग गर्ने ।

रणनीति

१. योजना अवधिमा निरक्षरतामा उल्लेख्य रूपले कमी ल्याउने । साक्षरता कार्यक्रमलाई जीवनोपयोगी सीपसँग आबद्ध गरी सञ्चातन गर्ने ।
२. प्रारम्भिक बालविकास शिक्षालाई विंस्तार गर्नुका साथै यसको व्यवस्थापनमा सुधार ल्याउने ।

३. नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट कार्ययोजनासहित लागू गर्ने ।
४. विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
५. शिक्षक व्यवस्थापन तथा शैक्षिक प्रशासनमा रहेका समस्याहरूलाई स्पष्ट कार्ययोजनासहित समाधान गर्ने ।
६. शिक्षामा संस्थागत विद्यालयको सहभागिता, त्यसको व्यवस्थापन, नियमन, सामाजिक, शैक्षिक दायित्व तथा गुणस्तरीय पक्षका सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गर्ने ।
७. प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई अलगअलग धारका रूपमा विकास गरी व्यावसायिक तालिममा अधिकाधिक युवाहरूलाई अवसर प्रदान गर्दै रोजगारोन्मुख बनाउने ।
८. उच्च शिक्षा नीतिको तर्जुमा गरी यसलाई अनुसन्धान, राष्ट्रिय उत्पादन र विकाससँग आबद्ध गर्ने । विश्वविद्यालय स्थापना र सञ्चालनलाई व्यवस्थित गर्न उच्च शिक्षा ऐन (छाता ऐन) जारी गर्ने ।
९. सबै तहको शिक्षाको पाठ्यक्रम, पठनपाठन सामग्री तथा विधि र गुणस्तरमा समसामयिक परिवर्तन तथा सुधार गर्ने ।
१०. स्थानीय निकाय एवम् समुदायलाई विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस र विश्वविद्यालय सञ्चालनमा जिम्मेवारीसहित सहभागी बनाउने ।
११. सबै तहको शिक्षासम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने ।

कार्यनीतिहरू (आधारभूत तहसँग सम्बन्धित मात्र)

१. प्रारम्भिक बालविकास शिक्षामा विपन्न, दलित र सीमान्तकृत समुदायका बालबालिकाको पहुँच विस्तार गरी यस कार्यमा संलग्न सरकारी, सामुदायिक तथा अन्य निकायका कार्यक्रमहरूलाई समन्वयात्मक रूपमा अघि बढाउँदै बालविकास केन्द्रहरूको व्यवस्थापनमा सुधार ल्याउन स्थानीय सरकारलाई क्रियाशील बनाइनेछ ।
२. नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट रूपमा परिभाषित गरिनेछ र आवश्यक स्रोत साधन विनियोजन गरी स्पष्ट कार्ययोजनासहित लागू गरिनेछ ।
३. अङ्ग्रेजी भाषा शिक्षण समेतलाई समावेश गरी भाषिक सर्वेक्षणका आधारमा स्थानीय भाषाका शिक्षकहरूको नियुक्ति र पाठ्यसामग्रीहरूको विकास गर्दै बहुभाषिक शिक्षाका अवसरहरू विस्तार गर्दै लगिनेछ ।
४. आधारभूत तहमा नि:शुल्क र अनिवार्य शिक्षाका लागि वैकल्पिक शिक्षाका कार्यक्रमहरूको पहुँचमा विस्तार गरिनेछ । विद्यालयतहमा हाल विभिन्न निकायबाट सञ्चालित खुला शिक्षा कार्यक्रमलाई प्रणालीगत रूपमा समन्वयात्मक ढङ्गले कार्यान्वयनमा ल्याइनेछ ।
५. सबै तहको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण सिकाइ क्रियाकलापमा पुनरावलोकन गरी समसामयिक परिवर्तन गरिनेछ ।
६. सबै तहको शिक्षा पद्धति अन्तर्गतका शैक्षिक क्रियाकलापहरूको सञ्चालनमा अनुसन्धान र सूचना तथा सञ्चार प्रविधिको प्रयोगको विस्तार गरिनेछ ।

परिमाणात्ममक लक्ष

| क्र.सं. | विवरण | आ.व. ०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | प्रौढ साक्षरता दर | ६३.० | ६७.० |
| २ | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | ८६.५ | ९०.० |
| ३ | कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाको दर | ४९.९ | ५७.० |
| ४ | आधारभूत तह (कक्षा १-५) खुद भर्ना दर | ९३.७ | ९८.० |
| ५ | आधारभूत तह (कक्षा ६-८) को खुद भर्ना दर | ६३.२ | ७५.० |
| ६ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर | ४०.८ | ५०.० |
| ७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर | ८३.२ | ९१.३ |
| ८ | कक्षा ५ सम्म टिकाउ दर | ७७.९ | ८५.५ |
| ९ | कक्षा ८ सम्म टिकाउ दर | ६२.० | ७०.० |
| १० | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर | २३.९ | ३५.० |
| ११ | उच्च शिक्षामा सहजै देखिने भर्ना दर | ७.५ | १०.० |

प्रमुख कार्यक्रम (आधारभूत शिक्षा): विद्यालय शिक्षामा पुनसंरचना, अनिवार्य आधारभूत शिक्षाको विस्तार, गुणस्तरमा सुधार, छात्रवृत्तिलगायतका उत्प्रेरक कार्यक्रमहरू, बहुभाषिक र बहुकक्षा शिक्षा कार्यक्रम विस्तार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि, पाठ्यक्रम, पाठ्यसामग्री र निर्देशिकाहरूको सुधार, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति सुदृढीकरण, शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार, लैङ्गिक समविकास तथा समावेशीकरण कार्यक्रम, भौतिक पूर्वाधारको निर्माण एवम सम्भार, शिक्षक व्यवस्थापन, स्थानीय निकायको सहयोगमा शिक्षा विशेष प्याकेज कार्यान्वयन, गुणस्तर सुधारका लागि सार्वजनिक र निजी विद्यालयहरूबीच सहकार्यलगायतका कार्य गरिनेछन् ।

माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३–२००८)

सामुदायिक माध्यमिक शिक्षाको विस्तारमा विगतका दसकमा सुधार भएको देखिए तापनि गुणस्तरमा भने अझै सुधार हुन बाँकी नै रहेको छ । यो कुरा धेरैजसो अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई निजी क्षेत्रका विद्यालयमा पढाउने चाहना गरेबाट प्रष्ट हुन्छ । प्राथमिक शिक्षाको अधिक उच्च भर्ना दर र प्राथमिक शिक्षा पूरा गर्नेहरूको दरमा वृद्धि भएको कारणबाट आएको बढ्दो माग र गरीबमुखी रणनीतिको एउटा भागको रूपमा गरीबहरूका लागि बढीभन्दा बढी अवसरहरू प्रदान गर्नुपर्ने आवश्यकताबाट नेपालमा माध्यमिक शिक्षाको क्षेत्रमा व्यापक सुधार गर्नु पर्ने स्पष्ट देखिन्छ । त्यस्तो कायापलट गर्न र सार्वजनिक माध्यमिक शिक्षाको विस्तारका लागि नेपाल सरकार, एशियाली विकास बैंक (एडीबी) र डानिडाद्वारा माध्यमिक शिक्षा क्षेत्र कार्यक्रमको विकास गरिएको हो । राष्ट्रिय विकासको आवश्यकताअनुसार गुणस्तरीय माध्यमिक शिक्षाको विस्तार गर्नु नै माध्यमिक शिक्षा शिक्षा सहयोग कार्यक्रमको उद्देश्य रहेको छ ।

माध्यमिक शिक्षा सहयोग कार्यक्रमका निम्नलिखित तीन मध्यवर्ती उद्देश्यहरू रहेका थिए :

क) सार्वजनिक माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकतामा सुधार गर्ने ।

ख) बालिकाहरू, अपाङ्ग, गरीब र सुविधाविमुख समूह र जिल्लाहरूबाट आएका विद्यार्थीहरूलाई विशेष जोड दिँदै सार्वजनिक माध्यमिक शिक्षामा पहुँचको सुधार गर्ने ।

ग) योजना र व्यवस्थापनको विकेन्द्रीकृत प्रणालीलाई आधार मानी सार्वजनिक माध्यमिक विद्यालयहरू र केन्द्रीय र जिल्लास्तरीय शिक्षासम्बन्धी संस्थाहरूको व्यवस्थापन र सङ्गठनात्मक क्षमताको विकास गर्ने ।

माध्यमिक शिक्षा सहयोग कार्यक्रम नेपाल सरकार, एशियाली विकास बैंक र डानिडा द्वारा संयुक्त रूपमा विकास गरिएको हो । साथै यो कार्यक्रम यसभन्दा अगाडिका विभिन्न दस्तावेज लगायत दसौं पञ्चवर्षीय योजना र मध्यावधिक खर्च संरचना, शिक्षा ऐन, २०५९ (सातौं संशोधन) र स्थानीय स्वायत्त शासन ऐन, २०५७ लगायतका सरकारी कानुनहरू, डानिडा सम्भाव्यता अध्ययन (२०५८) एवम् माध्यमिक शिक्षा विकास योजना (२०५७) जस्ता दस्तावेजहरूमा आधारित छ ।

माध्यमिक शिक्षा सहयोग कार्यक्रमका मुख्य उद्देश्यहरू

माध्यमिक शिक्षा सहयोग कार्यक्रमका तीनओटा मुख्य उद्देश्यहरू निम्नानुसार छन्, ती हुन् :-

क) माध्यमिक शिक्षाको पहुँच र समतामा सुधार,

ख) माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकतामा सुधार र

ग) विद्यालय-केन्द्रित माध्यमिक शिक्षा प्रणालीलाई टेवा दिन संस्थागत क्षमतामा सधुार ।

यसबाट निम्नलिखित नतिजा प्राप्त हुने लक्ष्य राखिएको थियो :

१. निम्नमाध्यमिक तह र माध्यमिक तहमा खुद भर्ना दरलाई सन् २००७ सम्ममा क्रमशः ५५% बाट ६५% र ३५% बाट ५५% मा पुऱ्याउने ।

२. सन् २००७ सम्ममा निम्न माध्यमिक तथा माध्यमिक तह दुवै तहमा छात्राहरूको सहभागिता ४०% बाट बढाएर ५०% मा पुऱ्याउने र सुविधाविमुख समूहको सङ्ख्यालाई पनि सोही प्रतिशतले वृद्धि गर्ने ।

३. कक्षा ८ र एस.एल.सी. परिक्षाका शैक्षिक परिणामहरूमा अभिवृद्धि गरी मापन गर्न सकिने सुधारहरूलाई स्थायित्व प्रदान गर्ने । त्यस्तै किसिमको वृद्धिको अनुपात छात्राहरू र परम्परागत रूपमा सुविधा विमुख समूहका विद्यार्थीहरूमा समेत देखिनु पर्छ ।

माध्यमिक शिक्षा सहयोग कार्यक्रमको रणनीति

शिक्षण सिकाइको गुणस्तरमा आवश्यक सुधार ल्याउन, पाठ्यक्रम र सिक्ने वातावरणका लागि आवश्यक पर्ने आर्थिक र प्राविधिक सहायता उपलब्ध गराउनु माध्यमिक शिक्षा सहयोग कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ । नेपालको केन्द्रीय र स्थानीय स्तरको क्षमता वृद्धि विस्तार गर्दै यस्ता सुधारहरूलाई भविष्यमा समेत अघि बढाउन र आफ्नै स्रोतबाट उच्च स्तरको आवर्तक कोष जुटाउन र विकास खर्च जुटाउने क्षमता वृद्धि गराउने उद्देश्य माध्यमिक शिक्षा सहयोग कार्यक्रमको प्रमुख रणनीति रहेको छ ।

माध्यमिक शिक्षा सहयोग कार्यक्रमका तीनओटा मुख्य उद्देश्यहरूका आधारमा निम्नानुसारका रणनीतिहरू अपनाइने व्यवस्था गरिएको छ ।

क) गुणस्तर एवम् सान्दर्भिकता (Quality and Relevancy)

- राष्ट्रिय आवश्यकता पूर्ति गर्ने एवम् क्षेत्रीय तथा स्थानीय आवश्यकताअनुकूल हुने खालको पाठ्यक्रमको विकास गर्ने ।
- सम्पूर्ण माध्यमिक विद्यालयमा पाठ्यक्रम पढाउन सक्ने योग्य शिक्षकहरूको नियुक्ती एवम् प्रभावकारि उपयोग गर्ने ।
- प्रत्येक माध्यमिक विद्यालयमा माध्यमिक पाठ्यक्रमको आवश्यकता पूर्ति गर्न पर्याप्त मात्रामा गुणस्तरीय पाठ्यसामग्रीहरूको व्यवस्था गर्ने ।
- विद्यालयमा माध्यमिक शिक्षाको गुणस्तर सुनिश्चित गर्न विद्यालय व्यवस्थापनलाई सुदृढ गर्ने ।

ख) पहुँच र समता (Access and Equity)

- प्राथमिक शिक्षा पूरा गर्ने सबैलाई माध्यमिक शिक्षामा पहुँचको अवसर प्रदान ।
- जाति, धर्म, वर्ग, जातीयता वा शारीरिक असमर्थता आदिको कारणले माध्यमिक शिक्षाबाट वञ्चित रहेकाहरूसमेतलाई समाजका सबै वर्गका आश्यकताहरूलाई प्रतिबिम्बित गने खालको माध्यमिक शिक्षाको उपलब्धता ।
- बालिकाहरूको आवश्यकता परिपूर्ति गर्ने खालनको माध्यमिक शिक्षाको प्रबन्ध ।

ग) संस्थागत सक्षमता (Institutiohnal Efficiency)

- माध्यमिक शिक्षामा संस्थागत व्यवस्थापनका साथै सबै तहमा बढी सहभागितामूलक पद्धति (Participatory Approach) को विकास ।
- विद्यालयका आवश्यकताहरूलाई राष्ट्रिय नीति र राष्ट्रिय संस्थाहरूको विज्ञता र सक्षमतालाई विद्यालयको आवश्यकतासँग मिलाएर विकेन्द्रित योजना एवम् व्यवस्थापन प्रणली (Decentralized Planning and Management System) को विकास ।
- माध्यमिक शिक्षा व्यवस्थापन तथा सङ्गठनका सबै तहहरूमा सुशासनका सिद्धान्त र अभ्यासको प्रत्याभूति (Maintenance of Principle and Practices of Good Governance)
- उपयुक्त तह र गुणस्तरको माध्यमिक शिक्षाका लागि आर्थिक स्रोत उपलब्ध गराउनु पर्याप्त हुने गरी केन्द्रीय एवम् जिल्ला र स्थानीय दुवै स्तरमा स्रोत आधारहरू कायम गर्ने (Maintainacne of Resource Base ) ।
- माध्यमिक सहयोग कार्यक्रमका उद्देश्यहरू प्राप्तिका लागि कार्यक्रममा चारओटा अङ्गहरू (Components) समावेश गरिएका छन् ।
- सिकाइ वातावरण (Learning Environment)
- पाठ्यक्रम विकास, मूल्याङ्कन तथा शैक्षिक सामग्री (Curriculum Development , Assessment and Education Materials)
- शिक्षक शिक्षा र विकास (Teacher Education and Development)
- संस्थागत व्यवस्थापन तथा क्षमतामा अभिवृद्धि (Institutional Managment and capacity)

**माध्यमिक शिक्षा सहयोग कार्यक्रमअन्तर्गत सञ्चालित प्रमुख कार्यक्रमहरू**

**कम्पोनेन्ट १: सिकाइ वातावरणको विकास**

यसअन्तर्गत माध्यमिक शिक्षा छात्रवृत्ति, दलित छात्रवृत्ति, विद्यालय अपायक परेका सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षकका लागि आवासीय सुविधा, बहिरा विद्यार्थीको शिक्षाका लागि विद्यालयलाई अनुदान, दृष्टिविहीन विद्यार्थीका शिक्षाका लागि विद्यालयलाई अनुदान, शारीरिक अपाङ्ग र सुस्तमनस्थितिका बालबालिका लागि सीपमूलक कार्यक्रम सञ्चालन गर्ने अनुदान, घरेलु कामदार बालबालिका तथा सडक बालबालिकाका लागि शैक्षिक कार्यक्रम, समाहित शिक्षासम्बन्धी स्रोतकेन्द्रस्तरीय प्रबोधीकरण कार्यक्रम, सीमान्त गरिबको रेखामुनी रहेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति, हिमाली छात्रावासमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति, फिडर छात्रावासमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति, अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति, द्वन्द्व पिडित राहत छात्रवृत्ति, खुला विद्यालय कार्यक्रम रहेका छन् ।

**कम्पोनेन्ट २: पाठ्यक्रम तथा  क्न**

यसअन्तर्गत जिल्ला पाठ्यक्रम समितिका लागि पाठ्यक्रम, विद्यालय मूल्याङ्कनका सम्बन्धमा निमावि विषयगत शिक्षकका लागि अभिमुखीकरण कार्यक्रम, राष्ट्रिय पाठ्यक्रम प्रारूप सम्बन्धमा स्रोत केन्द्रस्तरमा अभिमुखीकरण कार्यक्रम, स्थानीय पाठ्यक्रसम्बन्धमा शिक्षक तथा सरोकारवालाहरूका लागि अभिमुखीकरण, सघन सहयोग विद्यालयहरूका लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रम, कर्णाली अञ्चलका निमावि र माविमा अध्ययनरत विद्यार्थीलाई निशुल्क: शिक्षाका लागि विद्यालयलाई अनुदान, एसएलसी परीक्षाका केन्द्राध्यक्षलाई अभिमुखीकरण कार्यक्रम, अगुवा स्रोतकेन्द्रहरूलाई पुस्तकालय सहयोग कार्यक्रम, कक्षा ८ को National Assessment सञ्चालन, एसएलसी परीक्षाको क्षमता विकास, धार्मिक विद्यालयहरूलाई मूलप्रवाहीकरण गर्ने कार्यक्रमहरू रहेका छन् ।

**कम्पोनेन्ट ३: शिक्षा शिक्षा विकास र व्यवस्थापन**

यसअन्तर्गत मागमा आधारित शिक्षक तालिम, महिला तथा पिछडिएका वर्गका लागि छात्रवृत्ति, शैतकेहरूको सुदृढीकरण, सक्षमतामा आधारित दस महिने विषयगत सेवाकालीन तालिम कार्यक्रमहरू रहेका छन् ।

**कम्पोनेन्ट ४: संस्थागत क्षमता विकास अभिवृद्धि**

यसअन्तर्गत सञ्चालित कार्यक्रमहरूमा विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रअहरूका लागि विद्यालय स्तरीकरण सामाजिक लेखापरीक्षण, विद्यालय अनुदान निर्देशिका, विद्यालय सुधार योजना र वार्षिक कार्यक्रम तथा अनुगमन सम्बन्धमा अभिमुखीकरण; विद्यालय नक्साङ्कन, आचारसंहिता र विद्यालय स्तरीकरणसम्बन्धी कार्यक्रम; माध्यमिक तहमा खुला विद्यालय सञ्चालन; निशुल्क शिक्षासम्बन्धी कार्यक्रम, प्रअका लागि विद्यालय व्यवस्थापन तालिम, विव्यस र प्रअका लागि विद्यालय सुधार योजनासम्बन्धी तालिम, जिशिकाहरूमा कम्प्युटर तालिम कार्यक्रमहरू रहेका छन्

(स्रोत: SESP Evaluation Report, 2009)

वि. सं. २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि परिवर्तित परिवेशअनुसारको शिक्षा प्रणाली अपनाउन प्रचलित शिक्षा पद्धतिमा के कस्तो फेरबदल गर्न आवश्यक छ भन्ने उद्देश्यले वि.सं. २०४७ साल फागुन १४ गते तात्कालीन शिक्षामन्त्री केशरजङ्ग रायमाझीको अध्यक्षतामा १६ सदस्यीय राष्ट्रिय शिक्षा आयोगको गठन गरियो । जननिर्वाचित सरकारको गठनपछि रामहरि जोशी र सरकार पुर्नगठन भएपछि गोविन्दराज जोशी सो आयोगका अध्यक्ष भएका थिए । आयोगले आफ्नो प्रतिवेदन वि. सं. २०४९ साल असार १४ गते तात्कालीन प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालासमक्ष प्रस्तुत गरेको थियो ।

आयोगको कार्यक्षेत्र १७ ओटा तोकिएको थियो । विभिन्न पक्षको अध्ययन गर्न नौ ओटा कार्यटोली गठन गरिएको थियो । देशका विभिन्न चार क्षेत्रमा क्षेत्रीय गोष्ठीको आयोजनाको क्रममा चार क्षेत्रअन्तर्गत आठ स्थानमा गोष्ठीको आयोजना गरिएको थियो । क्षेत्रीय गोष्ठीबाट प्राप्त सुझावहरूमा पृष्ठपोषण लिन २०४९ भाद्र ६ गते राष्ट्रिय शिक्षा गोष्ठीको आयोजना गरिएको थियो । विज्ञान तथा प्रविधिका क्षेत्रमा भएका विकासको अवलोकन गर्न कार्यटोलीले एसियाका मुलुकहरू बङ्गलादेश, थाइल्याण्ड, इन्डोनेसिया, मलेसिया र कोरियाको अध्ययन भ्रमण गरेको थियो । मस्यौदा प्रतिवेदनमा छलफल गर्न २०४९ वैशाख २३ देखि २५ गतेसम्म राष्ट्रिय शिक्षा गोष्ठीको आयोजना गरिएको थियो ।

उक्त आयोगको प्रतिवेदन १३ भागमा उल्लिखित छ । प्रतिवेदनअनुसार माध्यमिक शिक्षासम्बन्धी सिफारिसहरूमध्ये केही तल उल्लेख गरिएका छन् :

- भौगोलिक दृष्टिले घरबाट २ घन्टाभन्दा बढी हिँड्न नपर्ने गरी कक्षा ८ सम्मको शिक्षा दिनुपर्ने ।
- शिक्षाको संरचना ५+३+२+२+३+२ तय गरियो
  - कक्षा १-५ लाई प्राथमिक,
  - कक्षा ६- ८ लाई निम्नमाध्यमिक,
  - कक्षा ९-१० लाई माध्यमिक,
  - कक्षा ११-१२ लाई उच्चमाध्यमिक
- उच्चशिक्षामा निम्नानुसारको संरचना हुने सिफारिस गरेको छ :
  - ३ वर्षको स्नातक,
  - २ वर्षको स्नातकोत्तर,
  - १ वर्षको एम. फिल.,
  - ३ देखि ५ वर्षको विद्यावारिधि
- आठौं योजना अवधिमा माध्यमिक तहको उमेर समूहका विद्यार्थीमा सरदर भर्ना प्रतिशत निम्नमाध्यमिक तहमा ६०, माध्यमिक तहमा ४५ र उच्चमाध्यमिक तहमा ३० पुऱ्याउने ।
- आठौं योजना अवधिमा सबै जिल्लामा कक्षा १२ सम्मको अध्ययन गर्ने सहुलियत पुऱ्याउनुपर्ने र औपचारिक विद्यालय खोल्न सम्भव नभए विद्यार्थीलाई नजिकको जिल्लामा छात्रवृत्ति र अन्य सहुलियत उपलब्ध गराउनुपर्ने ।
- निम्नमाध्यमिक तह (कक्षा ६-८) मा ७५० पूर्णाङ्क र ९ ओटा विषयको पठनपाठन गर्नुपर्ने ।

- माध्यमिक तह (कक्षा ९-१०) मा ७५०+१०० पूर्णाङ्क र ७ ओटा विषयको पठनपाठन गर्नुपर्ने ।
- सङ्गीत तथा नाट्य विद्यालय खोल्न प्रोत्साहित गर्ने ।
- केन्द्रीय तहमा एसएलसीको तयारी गरी क्षेत्रीय तहमा परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण तथा परीक्षाफल प्रकाशन गर्ने व्यवस्था गर्ने ।
- कम्पार्टमेन्टलको व्यवस्था केही वर्षसम्म कायमै राख्ने ।

प्रतिवेदनका अन्य उल्लेख्य पक्षहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- शिक्षाको राष्ट्रिय एवम् तहगत उद्देश्यको निर्धारण, ती उद्देश्य प्राप्त गर्न अपनाउनुपर्ने शिक्षा नीति,
- तहगत संरचना,
- प्राथमिक तहदेखि माध्यमिक तहसम्म अध्यापन गरिने विषयको पाठ्यक्रम, पाठ्यभार तथा पूर्णाङ्क निर्धारण
- प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिन सकिने व्यवस्था,
- वि.सं. २०५७ सालसम्पमा प्रवीणता प्रमाणपत्र तहलाई उच्चमाध्यमिक तह (+२) मा स्थानान्तरण गर्नुपर्ने,
- संस्कृतमा उच्चशिक्षाका लागि अलग व्यवस्था,
- सबै तहका शिक्षामा महिलालाई प्राथमिकता,
- विश्वविद्यालय अनुदान आयोगको स्थापना,
- निजी क्षेत्रलाई शिक्षण संस्था खोल्न प्रोत्साहन
- कक्षा १ मा प्रवेश गर्ने विद्यार्थी ६ वर्ष लागेको हुनुपर्ने,
- उच्च माध्यमिक शिक्षा साधारण, पेसागत, प्राविधिक, बहुप्राविधिक र संस्कृत गरी ५ किसिमको हुनुपर्ने,
- विद्यालय तहको शिक्षण पेसामा प्रवेश गर्न शिक्षक प्रशिक्षण अनिवार्य गर्नुपर्ने,
- प्राथमिक विद्यालयको व्यवस्थापन साधारणतया अलग्गै हुनुपर्ने

यसै आयोगको सिफारिसअनुसार शिक्षाका राष्ट्रिय उद्देश्यहरूमा परिमार्जन, उच्चमाध्यमिक शिक्षा परिषद्को स्थापना, विश्वविद्यालय अनुदान आयोगको स्थापनाजस्ता कार्यहरू भए । निजी क्षेत्रबाट विश्वविद्यालय तथा उच्च शिक्षण संस्थाहरू खोल्ने क्रम बढ्यो ।

निर्धारित उद्देश्यहरू प्राप्तिका लागि तयार पारिएको निश्चित कार्यपद्धतिको निश्चित ढाँचालाई योजना (Planning) भनिन्छ । कुनै पनि कार्यक्रमको सफलता वा उपलब्धि त्यो कार्यक्रमको उद्देश्य प्राप्तिका लागि निर्धारण गरिएको योजनामा पूर्णरूपले निर्भर रहन्छ । शिक्षणसिकाइको सन्दर्भमा कुरा गर्दा निश्चित पाठ्यक्रमअनुसार निर्धारित विषयवस्तुका आधारमा विद्यार्थीहरूलाई ज्ञान, सीप एवम् अभिवृत्तिहरूसँग सम्बन्धित उद्देश्य हासिल गर्नका लागि गरिने पूर्वतयारी नै शैक्षणिक योजना हो । तसर्थ शिक्षणसिकाइ कार्यको सुरुआत योजनाबाट गरिन्छ । योजनामा पाठ्यक्रमद्वारा निर्धारित उद्देश्यहरू पूरा गर्न शिक्षण गर्नुभन्दा पहिले के, किन, कति, कहिले र कसरी शिक्षणसिकाइ कार्य सञ्चालन गर्ने भन्ने कुराको पूर्वतयारी गरिएको हुन्छ । प्रत्येक गणित शिक्षकले शिक्षणसिकाइ कार्य सञ्चालनका लागि योजना निर्माण गर्नुपर्दछ । शिक्षकले योजना तयार पार्दा विशिष्ट उद्देश्यहरूको निर्माण गर्ने, विषयवस्तुहरूको क्रम मिलाउने, उपयुक्त शैक्षिक सामग्रीहरूको छनोट गर्ने, वैध र विश्वसनीय मूल्याङ्कनका साधनहरूको छनोट गर्ने र सिकाइ क्रियाकलापहरूको तयारी गर्नुपर्ने हुन्छ । शिक्षकले निर्माण गर्नुपर्ने शैक्षणिक योजनाहरूमा वार्षिक योजना (Annual work plan), एकाइ योजना (Unit plan) र दैनिक पाठ योजना (Daily lesson plan) पर्दछन् ।

प्रत्येक योजनामा सामान्यतया शैक्षणिक उद्देश्यहरूको निर्माण, शिक्षणसिकाइ सामग्रीको तयारी, शिक्षण विधि तथा प्रक्रियाको निर्धारण र मूल्याङ्कन विधि उल्लेख भएको हुनुपर्दछ । कुनै पनि विषयवस्तुको शिक्षण गर्नुभन्दा अगाडि नै के, किन र कसरी शिक्षणसिकाइ कार्य सञ्चालन गर्ने र विद्यार्थीको मूल्याङ्कन कसरी गर्ने भन्ने कुरामा शिक्षक स्पष्ट हुनु आवश्यक छ । यही स्पष्टताका लागि शिक्षकले योजना निर्माण गर्नुपर्ने हुन्छ । विद्यार्थीको रुचि, आवश्यकता र क्षमताअनुरूप पर्याप्त समय र विषयवस्तुबीच अनुकूलता कायम गरी उद्देश्यमूलकरूपमा क्रमबद्ध शिक्षणसिकाइका लागि शैक्षणिक योजना अति आवश्यक हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका लक्ष्यहरू प्राप्तिका लागि योजना बनाउने, योजनाको कार्यान्वयन गर्ने (शिक्षण गर्ने) र लक्ष्य प्राप्ति भयो वा भएन भन्नेबारे मूल्याङ्कन गरिन्छ । यी कार्यहरू एकपछि अर्को चक्र (cycle) का रूपमा घुमिरहेका हुन्छन् । एउटा उद्देश्य पूरा भएपछि पुनः अर्को त्योभन्दा उच्चस्तरको उद्देश्य प्राप्तिका लागि योजना बनाउने, शिक्षण गर्ने र मूल्याङ्कन गर्ने कार्य एउटा नियमित प्रक्रिया (continuous process) को रूपमा चलिरहन्छ ।

**शिक्षणसिकाइ प्रक्रियामा योजनाको महत्त्व**

शिक्षणसिकाइ प्रक्रियामा योजनाको महत्त्वलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ :

- पाठ्यक्रमका निर्धारित सिकाइउपलब्धि/उद्देश्यहरू प्राप्त गर्न शैक्षणिक योजनाले सहयोग पुऱ्याउँछ ।
- पाठ्यक्रमका उद्देश्यहरू र पाठ्यवस्तुबीच समन्वयको विश्लेषण गर्न सहयोग पुऱ्याउँछ ।
- निर्धारित उद्देश्यहरूको परिपूर्तिका लागि आवश्यक शिक्षण विधि र शिक्षण क्रियाकलापहरू छनौट गर्न सघाउ पुग्दछ ।
- आवश्यक शिक्षण सामग्रीको चयन र प्रयोग गर्न शैक्षणिक योजनाले आधार प्रदान गर्दछ ।
- विद्यार्थीहरूको रुचि, क्षमता र आवश्यकता पहिचान गरी शिक्षण गर्न सहयोग पुग्दछ ।

- एउटा योजनाबाट प्राप्त उपलब्धिको विश्लेषणका आधारमा भविष्यमा गरिने शैक्षिक योजनाको खाका तयार पार्नमा मदत गर्दछ ।
- शिक्षणसिकाइ प्रक्रियामा नियमितता, निरन्तरता र स्थायित्व कायम गर्छ ।
- शिक्षणसिकाइप्रति विद्यार्थीलाई उत्प्रेरित गर्नमा सहयोग पुग्छ ।
- शिक्षकमा शिक्षणका लागि सक्षमता र आत्मविश्वासको विकास गर्छ ।
- मूल्याङ्कनका उपयुक्त विधि तथा प्रविधि छनोट गर्न सहयोग गर्दछ ।
- समयको उचित सदुपयोग गर्न सहयोग पुग्छ ।
- शिक्षणसिकाइमा सुधारका लागि निरन्तर सुधारका लागि पृष्ठपोषण प्रदान गर्छ ।
- ढिलो सिक्ने वा कमजोर विद्यार्थीहरूलाई उनीहरूको क्षमताअनुसार शिक्षण गर्नका लागि शैक्षणिक योजनाले सघाउ पुऱ्याउँदछ ।

**शैक्षणिक योजना निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू**

विद्यार्थीहरूको ज्ञान, सीप र अभिवृत्तिको विकासमा शैक्षणिक योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षकले पाठ प्रवेश गर्ने तरिका, विषयवस्तुको अर्थपूर्ण रूपमा प्रस्तुति, शिक्षणको गति, शिक्षण क्रियाकलापको विविधता, शिक्षण क्रियाकलापमा विद्यार्थीहरूको सहभागिताको मात्रा आदि शैक्षणिक योजनासँग सम्बन्धित कुराहरूमा शिक्षणको प्रभावकारिता भर पर्दछ । त्यसैले शैक्षणिक योजना निर्माण गर्दा निम्नलिखित कुराहरूमा ध्यान दिनु आवश्यक देखिन्छ :

१. आगामी हप्ताका क्रियाकलापहरू अग्रीमरूपमा विद्यार्थीहरूलाई जानकारी गराउने । यसबाट विद्यार्थीहरूको उत्साह बढाउन सकिन्छ ।
२. पाठको सुरुआत आकर्षक बनाउन प्रयास गर्ने अर्थात् गीत, कविता, लघुकथा, चुट्किला आदिबाट पाठ सुरु गर्ने ।
३. प्रस्तुतीकरणमा दृश्यात्मक (Visual) पक्षहरूलाई जोड दिने । यसबाट विद्यार्थीहरूको ध्यान आकर्षित गर्न मदत पुग्दछ ।
४. शिक्षण क्रियाकलाप तथा प्रस्तुतिमा विविधता ल्याउन प्रयास गर्ने । विद्यार्थीहरूको रुचिलाई प्राथमिकता दिने ।
५. छलफलका बेला कम बोल्ने विद्यार्थीहरूलाई नामबाट बोलाएर प्रश्न राखी बोल्न प्रोत्साहित गर्ने ।
६. निर्देशन दिँदा वा सूचनाको प्रस्तुतीकरणका बेला बोलीको गति र तीव्रतामा विविधता ल्याउन प्रयास गर्ने । कुन कुराले विद्यार्थीको ध्यान आकर्षित भएको छ भन्ने कुरा विद्यार्थीका आँखा/मुखाकृति हेरेर पत्ता लगाउने ।
७. कुनै क्रियाकलापका लागि निर्देशन दिइरहेको बेला कुनै विद्यार्थीको ध्यान अन्यत्र छ भने एकछिन रोकेर उसको पनि ध्यान केन्द्रित गराउने ।
८. बोर्डमा लेखेर निर्देशन वा सूचनाहरू प्रस्तुत गर्दा विभिन्न रङका चकहरू प्रयोग गरी प्रस्तुतिलाई आकर्षक बनाउने ।
९. विद्यार्थीहरू दिनभरि एकै ठाउँमा बसीरहँदा दिक्क लाग्न सक्छ, त्यसैले उनीहरूको कार्यथलो बेलाबेला परिवर्तन गरी राख्ने ।

१०. महिनामा एकमन्दा बढी पटक कक्षाको बसाइ व्यवस्था परिवर्तन गर्ने । यसबाट पनि उनीहरूको पढाइप्रतिको ध्यान/रुचि केन्द्रित गर्न सकिन्छ ।
११. प्रत्येक हप्ता विद्यार्थीहरूलाई परियोजना कार्य दिने ।
१२. हरेक विद्यार्थीको कार्यलाई ध्यानपूर्वक अवलोकन गर्ने र आवश्यकताअनुसार व्यक्तिगतरूपमा सहयोग प्रदान गर्ने ।
१३. कक्षाका ढिलो गतिमा सिक्ने, मध्यम गतिमा सिक्ने तथा छिटो सिक्ने सबै खालका विद्यार्थीहरूको आवश्यकतालाई ख्याल गरी योजना तयार गर्ने ।

**शैक्षणिक योजनाको महत्त्व**

शैक्षणिक योजना निर्माणको महत्त्व निम्नानुसारका काममा हुन सक्छ ।

- शिक्षणलाई प्रभावकारी बनाउन,
- निर्धारित समयमा पाठ पूरा गर्न,
- शिक्षणसिकाइ क्रियाकलापहरूलाई मार्गदर्शन गर्न,
- शिक्षण/सिकाइ प्रक्रियालाई क्रमबद्ध बनाउन,
- कक्षामा पसेर शिक्षकले गर्ने/गराउने कामसम्बन्धी अन्यौल हटाउन,
- सिकाइलाई व्यवहारमा उतार्न,
- मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन,
- सिकाउने क्रममा पृष्ठपोषण दिन/लिन,
- शिक्षणसिकाइ कार्यहरूमा सरोकारवालाहरूको सहभागिता बढाउन र
- शिक्षकमा शिक्षणसम्बन्धी आत्मविश्वास जगाउन ।

**शैक्षणिक योजनाहरू**

**क) दैनिक पाठयोजना (Daily Lesson Plan)**

प्रत्येक पाठको अध्यापनपूर्व कक्षाकोठामा सञ्चालन गरिने क्रियाकलापहरूको लिखित तयारीलाई दैनिक शैक्षणिक योजना भनिन्छ । यस योजनामा विद्यार्थीले सिक्नु पर्ने ज्ञान, धारणा, सीप अभिवृत्तिलाई उद्देश्यको रूपमा उल्लेख गरिएको हुन्छ । शिक्षणमा प्रयोग हुने सामग्री, शिक्षसिकाइ क्रियाकलाप, मूल्याङ्कन र गृहकार्यजस्ता पक्षहरू यसमा समेटिएका हुन्छन् । दैनिक पाठ्ययोजनामा समेटिनु पर्ने कुराहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

१. **उद्देश्य**

यसलाई पाठयोजनाको एक प्रमुख पक्षका रूपमा लिने गरिन्छ । दैनिक शैक्षणिक योजनामा यसले अग्रस्थान ग्रहण गर्दछ । पढाइअन्तर्गत गरिने क्रियाक्लापहरूलाई यसैले निर्देशन दिन्छ । कुनै पनि पाठ पढाइ सकेपछि विद्यार्थीहरूमा आउनु पर्ने सकारात्मक परिवर्तनको अपेक्षा गर्ने काम यसैले गर्छ । शिक्षणसिकाइअन्तर्गत गरिने सबै कामहरू उद्देश्य प्राप्तिका लागि नै हुन । उद्देश्य किटान गर्दा पाठ्यक्रमले तोकेको सिकाइउपलब्धिले निर्धारण गरे बमोजिम ज्ञान, धारणा, सीप, र अभिवृत्ति समेटिनु पर्ने हुन्छ । उद्देश्य व्यवहारिक, मापनीय र उपयोगी हुनुपर्छ । उद्देश्य लेख्दा SMART हुने गरी लेख्नुपर्दछ ।

S = Specific (विशिष्ट)

M = Measurable (मापनीय)

A = Achievable (प्राप्त गर्न सकिने)

R = Reliable (विश्वशनीय)

T = Time bound (समयसीमाबद्ध)

२. शैक्षणिक सामग्री

दैनिक पाठयोजना तर्जुमा गर्दा शिक्षण/सिकाइका क्रममा प्रयोग गरिने शैक्षिक सामग्री उल्लेख हुन आवश्यक हुन्छ । शैक्षिक सामग्रीले उद्देश्य प्राप्तिका लागि गरिने क्रियाकलापहरूलाई अगाडि बढाउन सहयोग गर्छ । सामग्रीले विद्यार्थीको सहभागिता बढाउने र शिक्षण /सिकाइमा रोचकता प्रदान गर्दछ । सामग्री उल्लेख गर्दा सान्दर्भिक र उपयोग हुने/नहुने कुरामा विचार पुऱ्याउनु पर्ने हुन्छ ।

३. शिक्षणसिकाइ क्रियाकलाप

शिक्षणसिकाइका क्रममा विद्यार्थी र शिक्षकले गर्ने क्रियाकलापहरू नै शिक्षणसिकाइ क्रियाकलाप हुन् । पाठयोजनामा निर्धारित पाठका उद्देश्य प्राप्तीका लागि विद्यार्थीलाई केके गराउने र शिक्षकले केके गर्ने भनी स्पष्ठ रूपमा लेखिएको हुनुपर्दछ । ती क्रियाकलापहरू पाठको शिक्षणका लागि उपलब्ध समयभित्र भ्याइने गरी निर्धारण गर्नुपर्दछ । क्रियाकलापहरू सकेसम्म विद्यार्थीकेन्द्रित हुने गरी चयन गर्नुपर्दछ । शिक्षकको भूमिकालाई सकेसम्म सहजकर्ताको रूपमा रहनु पर्दछ । पाठयोजनाको 'शैक्षणिक सामग्री' अन्तर्गत उल्लेख गरिएका सामग्रीहरू कहाँ र कसरी प्रयोग गर्ने भनी प्रस्टसित लेखएको हुनुपर्दछ । पाठको सुरुमा विद्यार्थीलाई पाठप्रति उत्प्रेरणा जगाउने र पाठका विषयवस्तुसित सम्बन्ध जोड्ने/परिवेश तयार गर्ने क्रियाकलापहरूको छनोट गर्नुपर्दछ ।

४. ्कन

मूल्याङ्कन पाठयोजनाको एक महत्त्वपूर्ण पक्ष हो । सञ्चालन गरिएका क्रियाकलापहरू उद्देश्य र सिकाइउपलब्धि पूरा गर्न प्रभावकारी भए/नभएका कुराको सङ्केत यसले दिने हुँदा यसलाई क्रियाकलापमा आधारित बनाएर उल्लेख गर्नु पर्ने हुन्छ । उद्देश्यमापन हुने किसिमका प्रश्नहरू हुनु पर्ने कुरा योजनामा मूल्याङ्कन सम्बन्धी क्रियाकलाप समावेश गर्नु पूर्व नै सोच्नु पर्छ ।

५. गृहकार्य

पाठयोजनाको अन्तिम भाग गृहकार्यले ओगटेको हुन्छ । पाठमा गराउने क्रियाकलापहरूले उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन भन्ने हेतुले विद्यार्थीलाई कक्षाकोठाको अतिरिक्त घरमा पनि अभ्यास गराउनका लागि गृहकार्यको व्यवस्था गरिएको हुँदा दैनिक शिक्षण योजनामा यस भागलाई उल्लेख गर्दा उद्देश्य र क्रियाकलापका आधारमा सान्दर्भिक हुने/नहुने कुरामा ख्याल गर्नुपर्छ । योजनामा गृहकार्य उल्लेख गर्दा परीक्षण गर्न र पृष्ठपोषण दिन सकिने किसिमको हुनुपर्ने कुरामा विचार पुऱ्याउनु पर्ने हुन्छ ।

## दैनिक पाठयोजनाको ढाँचा

कक्षा : विषय : घन्टी :

समय :

पाठ शीर्षक :

१. उद्देश्य :

(क)

(ख)

..................

२. शैक्षणिक सामग्री :

३. शिक्षणसिकाइ क्रियाकलाप :

(क)

(ख)

................

४. मूल्याङ्कन :

५. गृहकार्य :

ख) **एकाइ योजना (Unit Plan)**

विद्यार्थीलाई सिकाउनु पर्ने विषयवस्तुलाई, विभिन्न भागमा बाँड्ने काम पाठ्यक्रमले गरिदिएको हुन्छ । स्तर, क्रम, पूर्वानुभव आदिका आधारमा यी भागहरू छुट्याइएका छन् । यी भागहरूलाई नै एकाइ भनिन्छ । एउटा एकाइमा एक वा धेरैओटा पाठ पर्न सक्छन् । निर्धारित एकाइलाई अध्यापन गर्न गरिने पूर्व तयारीलाई एकाइ योजना भनिन्छ । यस योजनालाई समेट्न सक्ने ढाँचा निम्नबमोजिम हुन सक्छ :

एकाइ योजनाको ढाँचा

कक्षा : विषय :

| क्र. स. | एकाइ शीर्षक | उद्देश्य | सिकाइ उपलब्धि | विषयवस्तु | शिक्षण सामग्री | शिक्षण विधि | मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

घ) **वार्षिक योजना (Annual Plan)**

शिक्षकले वर्षभरिमा आफूले पढाउनु पर्ने विषयको पाठ्यवस्तुलाई महिना, हप्ता वा दैनिक आधारमा गरेर पढाउनका लागि बनाइएको कार्यक्रमलाई वार्षिक शैक्षणिक योजना भनिन्छ । वार्षिक शैक्षणिक योजना बनाउँदा महिना, एकाइ पाठ्यवस्तु (पाठ), एकाइ पूरा गर्न लाग्ने समय, अनुमानित घण्टी, प्रयोग गरिने सामग्री, शिक्षण विधि तथा मुख्य क्रियाकलापहरू उल्लेख गर्नुपर्छ । यस योजनाको एउटा नमुना तल प्रस्तुत गरिएको छ :

वार्षिक योजनाको ढाँचा

कक्षा : २ विषय : मेरो सेराफेरो

| महिना | विषयवस्तु | एकाइ पूरा गर्न लाग्ने समय | अनुमानित घन्टी | आवश्यक शैक्षिक सामग्री | शिक्षण विधि |
|---|---|---|---|---|---|
| वैशाख | म सानो विद्यार्थी<br>मेरो अनुहार | २ हप्ता | ११ घन्टी | परिवारको चित्र<br>विद्यार्थीको चित्र | छलफल चित्र वर्णन |
| जेठ | मेरो आँखा(मेरो नाक, मेरो कान)<br>म सफा गर्छु | ४ हप्ता | २२ घन्टी | मानिसको चित्र<br>कुचो, अन्य अभ्यास सामग्री | छलफल, प्रदर्शन, अभिनय, चित्र वर्णन |
| असार | बानी व्यहोरा<br>मेरो लुगा कपडा | २ हप्ता | १० घन्टी | फोहोरी र सफा चित्र<br>विद्यार्थी निरीक्षण | प्रदर्शन, अभिनय, चित्र वर्णन |
| श्रावण | मेरो घर<br>खानेकुरा | ४ हप्ता | २० घन्टी | घरको चित्र<br>विद्यार्थी निरीक्षण | प्रदर्शन, वर्णन, छलफल, |
| भाद्र | मेरो परिवार<br>मेरो कक्षाकोठा | ४ हप्ता | २२ घन्टी | विद्यालयको चित्र<br>आफ्नो विद्यालयको अवलोकन | प्रदर्शन, अवलोकन, छलफल, चित्र वर्णन |
| आश्विन | हाम्रो विद्यालय<br>कस्ता कस्ता जनावर | ४ हप्ता | २० घन्टी | विभिन्न जनावरको चित्र, बोटविरुवाको चित्र | चित्र, छलफल, अवलोकन |
| कार्तिक | कस्ता कस्ता बोट बिरुवा | ४ हप्ता | २२ घन्टी | जमीन र पानीको चित्र, गाउँको चित्र | चित्र वर्णन, छलफल, अवलोकन |
| मङ्सिर | हाम्रो गाउँ पहिले र अहिले, घामपानी | ३ हप्ता | २० घन्टी | घामपानी चित्र<br>यातायात साधनको चित्र | छलफल, चित्र वर्णन |
| पुष | कसरी जाने<br>कहिले जाने | ४ हप्ता | २४ घन्टी | विभिन्न चाडपर्वका चित्र | छलफल, चित्र वर्णन |
| माघ | हाम्रो झण्डा<br>पुनरावलोकन<br>नमुना प्रश्नहरू | ४ हप्ता | २२ घन्टी | नेपालको झण्डा | छलफल, चित्र वर्णन |
| फागुन | परीक्षा सञ्चालन<br>परीक्षाफल प्रकाशन | २ हप्ता | १० घन्टी | | |
| चैत्र | बिदा —— | | | | |

## विद्यार्थी मूल्याङ्कन

मूल्याङ्कन भनेको के हो ?

"विद्यालय, कक्षा र विद्यार्थी स्वयंलट्टे तय गरेका शैक्षिक उद्देश्यहरू प्राप्त गर्ने दिशामा विद्यार्थीले हासिल गरेको प्रगति नै मूल्याङ्कन हो ।"

- जेम्स. एम. ली

"शैक्षिक उद्देश्यहरू कुन हदसम्म आत्मसात गरियो भन्ने कुरा निर्धारण गर्ने प्रक्रिया नै मूल्याङ्कन हो ।"

- टेलर

"विद्यार्थीहरूले शैक्षिक उद्देश्यहरूमा कुन हदसम्म उपलब्धि हासिल गरे भन्ने कुरा निर्धारण गर्ने सिलसिलेवार एवम् नियमित प्रक्रिया नै मूल्याङ्कन हो ।"

### ग्रोनलण्ड

यदाकदा मूल्याङ्कन र परीक्षालाई एउटै रूपमा पनि बुझ्ने गरिएको पाईन्छ । यी दुई अलग कुराहरू हुन् । मूल्याङ्कन एउटा प्रक्रिया हो भने परीक्षा मूल्याङ्कनको एउटा साधन मात्र हो । परीक्षासम्बन्धी जानकारीहरू (जाँचहरूबाट प्राप्त) को प्रयोग निश्चित समूहसँग सम्बद्ध छ भने मूल्याङ्कन निर्णय गर्ने कुरासँग । मूल्याङ्कन अत्यधिक विश्लेषणात्मक र व्यापकरूपमा प्रयोग हुने पदावली हो भने परीक्षा एक किसिमको मापन प्रणाली हो ।

मूल्याङ्कन र परीक्षाबीचको भिन्नताहरू निम्नानुसार देखाउन सकिन्छ :

**मूल्याङ्कन र परीक्षाबीचको भिन्नता**

| मूल्यांङ्कन | परीक्षा |
|---|---|
| १. ज्ञान वा सीपको मात्रा मात्र निर्धारण नगरी समस्त शैक्षिक विकासको लेखाजोखा राख्नु, | १. विषयवस्तुसम्बन्धी ज्ञान र सीपको मात्रा मापन गर्नु, |
| २. मूल्याङ्कनमा साधनको रूपमा परीक्षालगायत व्यक्तित्व परीक्षण, अवलोकन, आदि विधिहरू प्रयुक्त हुन्छन्, | २. परीक्षाका साधनको रूपमा विभिन्न किसिमका उपलब्धि परीक्षा र अन्तर्वार्ता प्रयुक्त हुन्छन्, |
| ३. निरन्तर चलिरहने प्रक्रिया, | ३. निश्चित समयावधिमा सञ्चालन हुने पद्धति |
| ४. प्राप्त सूचनाका आधारमा निर्णय गरिने पद्धति | ४. मूल्याङ्कनका लागि सूचना प्रदान गर्ने पद्धति |
| ५. शिक्षक, विद्यार्थी, सरोकारवालालगायतका आन्तरिक एवम् वाह्य पक्षको सहभागिता रहने पद्धति | ५. खास गरी शिक्षक र विद्यार्थी मात्र सहभागी रहने पद्धति, विशेष अवस्थामा अन्य पक्षको पनि सहभागिता अपेक्षित हुने । |

्कन विधि

मूल्याङ्कन गर्दा निम्नलिखित कुराहरूमा ध्यान दिनु जरुरी छ । यी मूल्याङ्कनका प्रकारहरू हुन्:

- कक्षाकार्य
- गृहकार्य

- एकाइ परीक्षा
- त्रैमासिक तथा अर्धवार्षिक परीक्षा
- व्यवहारको अवलोकन (नियमितता, अनुशासन आदि)
- अतिरिक्त क्रियाकलाप (खेलकुद, सांस्कृतिक कार्यक्रम आदि)
- सहशैक्षणिक क्रियाक्लाप (हिज्जे, हाजिरी जवाफ आदि)

प्रचलनमा रहेका मूल्याङ्कन विधिहरू निम्नलिखित छन् :

- मौखिक
- लिखित
    - वस्तुगत प्रश्न
        - बहुवैकल्पिक प्रश्न
        - ठीक / बेठीक
        - जोडा मिलाउने
        - खाली ठाउँ भर्ने
    - विषयगत प्रश्न
        - छोटो उत्तर आउने प्रश्न
        - लामो उत्तर आउने प्रश्न

्कन

साधारण अर्थमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने कार्य विद्यार्थी मूल्याङ्कन हो । विद्यार्थी मूल्याङ्कनबाट सिकाइएका कुराहरू उनीहरूले के कति सिके वा सिकेनन भन्ने कुराको जानकारी प्राप्त हुन्छ । साधारणतया: मूल्याङ्कन दुई प्रकारका हुन्छन्: निर्माणात्मक र निर्णयात्मक । निर्माणात्मक मूल्याङ्कनबाट विद्यार्थीको कमी कमजोरीहरू समय मै पत्ता लगाउन सकिने र तत्काल सुधारात्मक शिक्षण गरी उनीहरूलाई सहयोग पुऱ्याउन सकिन्छ भने निर्णयात्मक मूल्याङ्कन विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिन प्रयोग गरिन्छ । अत: सुधारात्मक शिक्षणका लागि गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन र विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिन गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ ।

मूल्याङ्कनको उपयुक्त पद्धतिलाई शैक्षिक कार्यक्रममा सुधार गर्ने एउटा अङ्गका रूपमा स्वीकार गरिएको छ । नेपालको माध्यमिक शिक्षाको सन्दर्भमा मूल्याङ्कन प्रणाली कक्षा उत्तीर्ण गर्ने उद्देश्यबाट क्रमश: विद्यार्थीमा सर्वपक्षीय क्रियाकलापको मूल्याङ्कनतर्फ उन्मुख हुँदै गइरहेको छ । शिक्षणसिकाइको आन्तरिक अङ्गका रूपमा निर्माणात्मक मूल्याङ्कन महत्त्वपूर्ण छ । यसलाई pro-active evaluation पनि भनिन्छ । यसको नियमित प्रयोगबाट शिक्षणसिकाइ कार्यलाई अझ प्रभावकारी बनाउन सहयोग मिल्ने विश्वास गरिएको छ ।

निर्णयात्मक मूल्याङ्कन कार्यक्रम वा शैक्षिक सत्रको अन्तमा लिइन्छ । यसलाई recto-active evaluation पनि भनिन्छ । कुनै प्रक्रिया, तालिम, शिक्षणसिकाइ, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्रीको निर्माणपश्चात् त्यसको मूल्य निर्धारण गर्नु, कार्यान्वयन गर्ने नगर्ने निर्णय गर्नु, पासफेल गर्नु

आदि निर्यायात्मक मूल्याङ्कनसित सम्बन्धित छ । यो अन्तिम मूल्याङ्कन भएकाले यसलाई योजनाकार वा योजना सञ्चालन गर्ने व्यक्ति तथा संस्थाले नगरी बाहय व्यक्ति तथा संस्थाले गर्नु उपयुक्त मानिन्छ । शैक्षिक संस्थामा सञ्चालन हुने अर्धवार्षिक परीक्षा, वार्षिक परीक्षा एवम् अन्य बाहय परीक्षाहरू निर्णयात्मक मूल्याङ्कनका उदाहरण हुन् ।

कनमा फरक

| निर्माणात्मक मूल्याङ्कन | निर्णयात्मक मूल्याङ्कन |
|---|---|
| • विद्यार्थीलाई आवश्यक पृष्ठपोषण प्रदान गरी सही सिकाइका लागि बाटो देखाउँछ ।<br>• समस्यालाई समयमै पत्ता लगाई निराकरण गर्न सहयोग गर्छ ।<br>• शिक्षणसिकाइ क्रियाकलापमा नै सुधार ल्याउँछ ।<br>• पास फेलको निर्णय गर्दैन ।<br>• शिक्षाको उद्देश्य प्राप्तिमा सहयोग गर्दछ । | • पास फेलको निर्णय गर्छ ।<br>• प्रमाणपत्र प्रदान गर्छ ।<br>• विद्यार्थीको स्तर थाहा हुन्छ ।<br>• शिक्षाको उद्देश्य प्राप्तिको लेखाजोखा गर्छ<br>• शैक्षिक क्रियाकलापहरूको प्रभावकारिता मूल्याङ्कन गर्छ । |

## निरन्तर मूल्याङ्कन पद्धति (Continuous Assessment System - CAS)

सार्वजनिक परीक्षाप्रणालीको माध्यमबाट लिइएका परीक्षामा विद्यार्थीहरूले प्राप्त गरेका नतिजाले उनीहरूको समग्र व्यक्तित्वको मूल्याङ्कन गर्ने कुरामा विश्वस्त हुन सकिँदैन भन्ने विषयमा सामान्यत: सबैको सहमति रहेको पाइन्छ । निश्चित अवधिमा व्यक्तिका विकासका विविध पाटाहरू खुलेका हुन्छन् र उनीहरूले हासिल गरेका उपलब्धिहरू विभिन्न समयमा अलगअलग ढङ्गले मुखरित भइरहेका हुन्छन्, जसलाई वाहय परीक्षा प्रणालीबाट समेट्न सकिँदैन । तसर्थ निरन्तर मूल्याङ्कन पद्धतिको अवधारणा अघि सारिएको हो । शैक्षिक क्रियाकलापका साथै व्यक्तिको व्यक्तित्वका समग्र पाटाहरूलाई समेट्ने गरी निरन्तर रूपमा गरिरहने मूल्याङ्कनको परिपाटीलाई नै निरन्तर मूल्याङ्कन पद्धति भन्ने गरिन्छ ।

निरन्तर मूल्याङ्कन पद्धतिले समेट्नु पर्ने मुख्य बुँदाहरू :

- विद्यालयको प्रोफाइल (विस्तृत विवरण)
- विद्यार्थीको स्वास्थ्य अवस्था
- शैक्षिक उपलब्धि
- व्यक्तिगत र सामाजिक गुणहरू (जस्तै: नियमितता, अनुशासन, सरसफाइ आदि)
- मूल्य, मान्यता र मनोवृत्ति (शिक्षक, सहपाठी, शैक्षिक कार्यक्रम आदि)
- अतिरिक्त क्रियाकलाप (सङ्गीत, नृत्य, स्वअध्ययन, लेखन, कलाकारिता, खेलकुद, शारीरिक अभ्यास आदि) ।

## निरन्तर मू ्कन पद्धति किन ?

- शिक्षणसिकाइको अभिन्न अङ्गका रूपमा निरन्तर जारी रहने प्रक्रियाका रूपमा स्थापित गर्दै विद्यार्थीको समष्टिगत व्यक्तित्वको मूल्याङ्कन गर्न,
- विद्यार्थीहरूलाई क्षमतामा आधारित (Competency based) शिक्षण एवम् मूल्याङ्कन ढाँचाप्रति जागरुक गराउन,

- विद्यार्थीहरूको समग्र विकासका विश्वसनीय र जायज प्रमाणहरू जुटाउन
- विद्यार्थी, शिक्षण र सिकाइको वातावरण बारे समयानुकूल एवम् उपयुक्त निर्णयहरू लिन,
- शिक्षणसिकाइ कार्यमा शिक्षक, अभिभावक र विद्यार्थीको सहभागिता सुनिश्चित गर्नका साथै उनीहरूको मूल्याङ्कन सीप अभिवृद्धि गर्न ।

विद्यालय सुधार योजना (School Improvement Plan)

शैक्षिक व्यवस्थापनको साविक अभ्यासबाट अपेक्षित रूपमा शैक्षिक गुणस्तर कायम गर्न नसकिएको भन्ने निष्कर्षमा आधारित भई शैक्षिक सुधारको रणनीतिको रूपमा विकेन्द्रिकृत शैक्षिक योजना निर्माण प्रयास वर्तमानमा प्रारम्भ गरिएको छ । विकेन्द्रित शैक्षिक योजनाको अवधारणा मुताविक स्थानीय शैक्षिक योजनाको रूपमा हाल सालै प्रत्येक विद्यालयले विद्यालय सुधार योजना (School Improvement Plan) तयार गरी कार्यान्वयन गर्नु पर्ने अनिवार्य व्यवस्था गरिएको छ ।

विद्यालयको समग्र विकास गरी विद्यार्थीको उच्च सिकाइउपलब्धिस्तर सुनिश्चित गर्ने पक्षमा केन्द्रित रही विद्यालयका सम्पूर्ण सरोकारवाला पक्षहरू (अभिभावक, प्र.अ., शिक्षक, विद्यार्थी र समुदाय) को सहभागितामा विद्यालय मै निर्माण गरिने योजनालाई School Improvement Plan (SIP) भनिन्छ । स्थानीय आवश्यकता, चाहाना र प्राथमिकता प्रतिनिधित्व गरी विद्यालय प्रभावकारिता सुनिश्चित गर्ने अभिप्रायबाट SIP को थालनी गरेको पाइन्छ । शिक्षा विभागबाट आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमदेखि SIP मा आधारित अनुदान प्रदान गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ । जस अनुसार SIP निर्माण गरी सो बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने विद्यालयलाई प्राथमिक विद्यालयको हकमा ५-९ वर्ष समूहका विद्यार्थी सङ्ख्याका अनुपातमा प्रति विद्यार्थी निश्चित रकमले हुन आउने एकमुष्ट बजेट वार्षिक रूपमा विद्यालयलाई अनुदान स्वरूप प्रदान गरिन्छ । त्यस्तो बजेट विद्यार्थीको शैक्षिक उपलब्धिस्तर बढाउने एवम् शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सोझै सघाउ पुऱ्याउने कार्यक्रम जस्तै: शिक्षक तालिम, शैक्षिक सामग्री खरीद/निर्माण, शिक्षकको पेसागत बैठक/सेमिनार आदि सञ्चालन गर्न प्रयोग गर्न पाउने व्यवस्था छ ।

शिक्षा क्षेत्रमा सामान्यतया शैक्षिक योजना भन्नाले उद्देश्यहरू (Targets) को निर्धारण र ती उद्देश्य प्राप्तिका लागि रणनीतिहरू तय गर्ने कार्यलाई बुझाउँछ । यसमा के प्राप्त गर्ने र के पहिले नै प्राप्त गरियो भन्ने कुराले अहम् भूमिका खेल्दछ । शैक्षिक योजनामा उद्देश्यहरूले विद्यालयको गन्तव्य (Where to reach) का बारेमा जानकारी दिन्छन् भने SWOT analysis अर्थात् सबल पक्ष (Strengths), दुर्बल पक्ष (Weaknesses), अवसर (Opportunities) र चुनौती (Threats) हरूको चिरफार (Diagnosis) ले विद्यालयको वर्तमान स्थिति (Where we are) का बारेमा सूचना प्रदान गर्दछ ।

त्यसैले SWOT analysis विद्यालय सुधार योजना (SIP) को तर्जुमाका लागि प्रारम्भिक कार्य हो भन्ने बुझिन्छ । SWOT analysis एउटा यस्तो प्रक्रिया हो जसले वर्तमानमा हासिल गरिएका उपलब्धिहरूको यथार्थपरक लेखाजोखा गर्दछ । यसरी विद्यालयका सबल र कमजोर पक्ष पत्तालगाई त्यसैको लेखाजोखाको आधारमा उद्देश्यहरू (Targets) तय गरिन्छन् ।

शैक्षिक योजनामा SWOT analysis वा Diagnosis ले उपलब्धि (Achievements) र व्यवधानहरू (Constraints) को उचित ढङ्गले लेखाजोखा (Assessment) गर्दछ । विभिन्न कारणहरूले गर्दा

प्राय:जसो उपलब्धिहरूको प्राप्ति विद्यालय सुधार योजनाले अपेक्षा गरेअनुरूप नहुन सक्छ । अत: SWOT analysis ले यी विभिन्न व्यवधानहरू पत्ता लगाउन सहयोग गर्दछ ताकि अर्को पटक तर्जुमा र कार्यान्वयन गरिने विद्यालय सुधार योजनाबाट यी व्यवधानहरू हटाउन सकियोस् ।

१. योजना निर्माणका मुख्य चरणहरू

कार्यालय सञ्चालनको सन्दर्भमा योजना निर्माण गर्दा विभिन्न चरणहरू पूरा गर्नुपर्दछ । त्यसमध्ये मुख्यमुख्य यसप्रकार उल्लेख गर्न सकिन्छ :-

क) वर्तमान अवस्थाको विश्लेषण (Diagnosis of situation)

विद्यालयको सन्दर्भमा कुरा गर्दा विद्यमान अवस्था जस्तै विद्यालयको भौतिक एवम् मानवीय क्षमता, बाह्य परिवेश, आवश्यकता, कार्य प्रणाली आदि पक्षहरूको विश्लेषण गरी सुधारका लागि बाधक पक्ष अथवा समस्याको पहिचान गर्नुपर्दछ ।

ख) भविष्यको कार्यदिशा निर्धारण (Projection for the future)

प्रगति उन्मुख सुधारका लागि पहिचान गरिएको समस्याको समाधानका लागि भविष्यमा लिनुपर्ने वाञ्छित पहलका बारेमा दूरदृष्टिपूर्ण कार्यदिशाको निर्धारण गर्ने कार्य दोस्रो महत्वपूर्ण चरण हो । यसलाई गन्तव्य निर्धारण वा उद्देश्य चयन को प्रक्रियाको रूपमा पनि हेरिन्छ ।

ग) योजना तयारी (Plan preparation)

निर्धारित उद्देश्य हासिल गर्न अपनाउनु पर्ने कार्यप्रणाली एवम् कार्यकलापको पहिचान गरी त्यसका लागि आवश्यक स्रोतसामग्री र जिम्मेवारी बाँडफाँडको व्यवस्थित फेहरिस्त तयार गर्ने कार्य यस चरण अन्तर्गत पर्दछ ।

२. विद्यालयस्तरको योजना निर्माणमा प्रभाव पार्ने तत्वहरू

साविकको अवस्थामा केन्द्रीकृत शैक्षिक योजनाको अभ्यास जारी रहेको भए तापनि शैक्षिक व्यवस्थापनमा विकेन्द्रीकरणको प्रयास थालनी भएको वर्तमान अवस्थामा स्थानीयस्तरमा योजना निर्माणको परिपाटी थालनी गरिँदैछ ।

शैक्षिक योजना निर्माण प्रक्रियाको सन्दर्भमा स्थानीय योजना भन्नाले विद्यालयस्तरमा निर्माण हुने योजनालाई पनि बुझ्न सकिन्छ । यस्तो स्थानीय योजना निर्माण कार्यमा स्थानीय अभिभावक, विद्यार्थी, शिक्षक, समुदाय जसलाई विद्यालयका सरोकारवाला पक्षहरू पनि भनिन्छ, आदि संलग्न भई सामूहिक रूपमा योजना तयार गरी विद्यालयको समग्र विकासमा सामूहिक प्रयास थालनी गरिन्छ ।

यस्तो योजना स्वतन्त्र नभई विभिन्न तत्वहरूको अधिनमा रहनु पर्ने हुन्छ । ती तत्वहरू मध्ये मुख्यमुख्य तत्वहरू यस प्रकार उल्लेख गर्न सकिन्छ :-

क) समुदायको आवश्यकता र चाहना

ख) राष्ट्रको शैक्षिक नीति र प्राथमिकता

ग) शिक्षा व्यवस्थापनसम्बन्धी ऐन/नियम

घ) विद्यालयको क्षमता

ङ) सुधारका लागि विद्यालयको तयारी (Preparedness for development)

SIP निर्माणका चरणहरू

शिक्षा विभागबाट प्रकाशित SIP निर्माणसम्बन्धी दस्तावेजहरूका आधारमा SIP निर्माण गर्दा अपनाउनु पर्ने चरणहरूको सविस्तार वर्णन गरिएको छ । सङ्क्षेपमा ती चरणहरू यस प्रकार छन् :

क) विद्यालय एवम् समुदायको विवरण

१. विद्यालयको अवस्थिति

यस भागमा विद्यालय रहेको अञ्चल, जिल्ला, गा.वि.स./न.पा., वार्ड नं. तथा टोल समेत उल्लेख गर्नुपर्छ र विद्यालय रहेको स्थान कहाँनेर पर्छ, सोसमेत खुलाउनुपर्छ ।

२. विद्यालयको सेवाक्षेत्रको पहिचान

यस भागमा विद्यालयको सेवा क्षेत्रभित्र पर्ने गाउँ/टोलहरूको नाम, विद्यालयको सेवाक्षेत्रसँग जोडिएका अन्य विद्यालयहरू र तिनीहरूबीचको अनुमानित दूरी समेत उल्लेख गर्नुपर्छ । मुख्य वस्ती र समुदायबाट विद्यालय पुग्न लाग्ने भौगोलिक दूरी, समय र त्यसमा पर्ने प्राकृतिक अवरोधहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ । यसमा विद्यालयको चार किल्ला, सिमाना तथा सदरमुकामदेखि पुग्ने भौगोलिक विवरण आदि उल्लेख गर्नुपर्दछ ।

३. विद्यालय सेवा क्षेत्रको समुदायसँग सम्बन्धित विवरण

विद्यालयले आफ्नो योजना निर्माण गर्दा विद्यालयभित्रका पक्षहरूमा विशेष ध्यान दिनुपर्दछ भन्ने पनि प्रवल रूपमा अगाडि आएको छ । विद्यालय-समुदायले संयुक्त रूपमा तयार गर्ने विद्यालय सुधार योजनामा विद्यालय सेवा क्षेत्रभित्रको विवण लिई त्यसलाई पनि योजनाले सम्बोधन गर्नुपर्दछ भन्नेहरू पनि छन् ।

४. विद्यालयसँग सम्बन्धित विवरण

्क्षिप्त इतिहास

सर्वप्रथम विद्यालय स्थापनासम्बन्धी विवरण,संस्थापकहरू तथा सुरुमा कसरी सञ्चालन भएको थियो ? कहिलेदेखि पूर्ण रूपमा सञ्चालन कार्य सुरु भयो ? आदि कुराहरूको साथै विद्यालय सञ्चालन गर्न समुदायले खेलेको भूमिका स्पष्ट उल्लेख गर्नुपर्छ :

विद्यार्थीसम्बन्धी विवरण

- विद्यार्थी भर्ना
- कक्षा दोहोऱ्याउने, छोड्ने र उत्तीर्ण हुने दर
- विद्यार्थीको विषयगत तथा कक्षागत सिकाइ औसत उपलब्धि

शिक्षकसम्बन्धी विवरण

शिक्षकहरूको हकमा पूरा नाम र पदसहित जम्मा, पुरुष, महिला, उमेर, योग्यता, तालिमको स्थिति, जातजाति, घरमा बोलिने भाषा, नागरिकता, स्थानीय वा बाहिरबाट आएको आदि साथै प्रत्येक शिक्षकहरूको बसोवास भएको जिल्ला जन्म मिति, शिक्षण अनुभव, स्थायी, अस्थायी, निजी स्रोत आदि ।

विद्यालयको भौतिक अवस्था

- विद्यालयले ढाकेको क्षेत्र र अन्य जमिनको क्षेत्रफल, स्वामित्व र बनोट तथा वरिपरिको वस्तुस्थिति, भ-क्षय, भू-संरक्षण आदिको विवरण ।

- विद्यालयको भवन, कक्षाकोठा तथा बाहिरी वातावरण, जस्तै - खानेपानी, शौचालय, कम्पाउन्ड वाल, भवनहरूको सङ्ख्या एवम् तिनीहरूको वर्तमान अवस्था, जम्मा कक्षाकोठा, कोठाहरूको साइज तथा प्रयोग, खेलमैदान, कम्पाउन्ड पर्खाल भएको/नभएको आदि ।

**शैक्षिक सामग्रीको विवरण**

विद्यालयमा विद्यमान शैक्षिक सामग्रीहरूको सूची तयार पारी ती शैक्षिक सामग्रीहरूको अवस्था आदि ।

**विद्यालयको आम्दानी र खर्च विवरण**

यसमा गत आर्थिक वर्षको विभिन्न शीर्षकहरू अन्तर्गतका रकम, तिनीहरूको स्रोत तथा विभिन्न शीर्षक अन्तर्गतका खर्चहरू उल्लेख गर्नुपर्छ । तोकिएको शीर्षकमा उल्लेख गर्न नसकिने रकमलाई खाली महलमा शीर्षक जनाएर उल्लेख गर्नुपर्छ ।

**ख) मुख्य मुद्दा/समस्याहरू (Major Issues and Problems)**

पहिलो खण्डमा उल्लिखित विवरणहरूको विश्लेषणका आधारमा सम्बन्धित विद्यालयका प्रमुख समस्या तथा मुद्दाहरूलाई विद्यालय सुधार योजनाले मुख्य रूपमा ध्यान दिनुपर्ने हुन्छ । मुद्दा तथा समस्याहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ ।

**ग) आवश्यकताको पहिचान**

विद्यालयसँग सम्बन्धित समस्याहरूको पहिचान गरिसकेपछि यी समस्या समाधानका निमित्त गर्नुपर्ने उपायहरूको पहिचान नै आवश्यकताको पहिचान हो । सबै आवश्यकताहरू एकैचोटी परिपूर्ति गर्न सकिँदैन । त्यसकारण विद्यालयका आवश्यकताहरूको प्राथमिकता निर्धारण गर्नु जरुरी हुन्छ । यसो गर्दा अत्यन्त जरुरी कुराहरू पहिले र अरू कुराहरू क्रमिक रूपले अल्पकालीन र दीर्घकालीन सोचका आधारमा सम्पन्न गर्ने गरी समावेश गर्दै राख्दै जानुपर्दछ । प्राथमिकता निर्धारण गर्दा पहिचान भएका समस्याहरूलाई ध्यानमा राख्नुपर्दछ । आवश्यकताको प्राथमिकता निर्धारण गर्दा विद्यालय आफैले गर्न सक्ने कुरा कति हुन ? कतिमा समुदायको सहयोग चाहिन्छ ? कतिका लागि बजेटको आवश्यकता पर्ने हो ? बजेट बेगर पनि सम्पन्न गर्न सकिने कार्यक्रमहरू केके हुन् त्यसमा ध्यान राख्नुपर्दछ ।

**घ) विद्यालयको स्पष्ट दृष्टिकोण**

माथिका चरणहरू पूरा गरिसकेपछि विद्यालयले अन्ततोगत्वा कस्ता उपलब्धि हासिल गर्न सक्छ, सोको दीर्घकालीन सोच वा अङ्गीकार गर्ने नीति स्पष्ट उल्लेख गरी सोमा सबैको सामूहिक सहमति र प्रतिबद्धता हासिल गर्नुपर्दछ । विद्यालयका उद्देश्यहरू अवलम्बन गरिने रणनीतिहरूबाट निर्देशित भएको हुनुपर्दछ ।

**विद्यालयका उद्देश्यहरू**

माथि उल्लेख भएका पक्षहरूको सूक्ष्म विश्लेषण अवलम्बन गरिएका रणनीतिका आधारमा विद्यालयका उद्देश्यहरू तय गरिनुपर्दछ । उद्देश्य निर्धारण गर्दा हामी के हासिल गर्न चाहन्छौँ भन्ने कुरा स्पष्टरूपमा उल्लेख हुनुपर्दछ । विद्यालयका उद्देश्य तय गर्दा सरोकारवालाहरू सबैले प्रस्ट बुझ्ने किसिमको हुनुपर्दछ । यसमा सबैको सहमति र सामूहिक प्रतिबद्धता जनाइएको हुनुपर्दछ ।

च) लक्ष्य तथा सूचकको निर्धारण

उद्देश्यहरू क्रमिक रूपबाटमात्र पूरा हुन सक्छन् । कुन कुरा केकति हदमा र कहितेसम्ममा प्राप्त गर्ने भन्ने कुराको निर्धारण हुनुलाई नै लक्ष्य निर्धारण भनिन्छ भने तोकिएको लक्ष्य हासिल भए/नभएको जाँच्ने कसीका रूपमा सूचकहरूको प्रयोग हुन्छ । निर्धारित कार्यक्रमले अपेक्षित परिणाम दिएको छ/छैन, वा कुन हदसम्म दिएको छ भन्ने कुरा जाँच्नलाई समेत सूचकको प्रयोग गरिन्छ । विद्यालयको वर्तमान शैक्षिक स्थिति जनाउने विभिन्न सूचकहरूको गणना (Calculate) गरी तालिकामा राख्नुपर्छ । मुख्य सूचकहरूमा सहजैदेखिने भर्नाप्रतिशत, खुद भर्नाप्रतिशत, शिक्षक-विद्यार्थी अनुपात, शिक्षकको औसत उपस्थिति, विद्यार्थीको औसत उपस्थिति आदि रहन्छन् ।

छ) कार्यक्रम एवम् रणनीतिहरू

विद्यालयका उद्देश्य निर्धारण भएपछि तिनको प्राप्तिका लागि केकस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ? किन गर्ने ? कसरी गर्ने ? कहिलेसम्ममा गर्ने ? यी विषयमा ध्यान दिनुपर्ने हुन्छ । यस्ता कार्यक्रमहरू निर्धारण गर्दा सरोकारवालाहरू सबैको सामूहिक प्रयासबाट गर्नु पर्ने हुन्छ । तय गरिएका कार्यक्रमहरूको औचित्यता समेत पुष्टि गर्नुपर्ने हुन्छ । साथै ती कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी समेत तोकिनु पर्छ ।

ज) स्रोतहरूको पहिचान र विश्लेषण

स्थानीय सरोकारवालाहरूले एकआपसमा छलफल गरेर समुदाय तथा विद्यालयमा हाल उपलब्ध भइरहेका स्रोतहरूको उल्लेख गर्नुपर्छ । उपलब्ध हुन सक्ने स्रोतहरूको खोजी एवम् पहिचान गर्दा आपसी भेटघाट, स्थानीय निकायसँग छलफल, सम्बद्ध निकायसँग अनुरोध गर्ने जस्ता प्रक्रियाहरू चलाउनु पर्छ । यस्ता स्रोतहरू पहिचान गर्ने क्रममा हाल उपलब्ध नभएका तर भविष्यमा उपलब्ध हुन सक्ने भएमा त्यस्ता स्रोतहरू समेत उल्लेख गर्नुपर्छ । आवश्यक भएमा गा.वि.स.सँग बैठक, जि.शि.का. तथा स्रोतव्यक्तिसँग समन्वय गरी स्रोतहरूको खोजी गरिनु पर्छ । विद्यालय र समुदायको आफ्नै स्रोतभन्दा बाहिरका स्रोतहरूको उल्लेख गर्नु पर्दा ती संस्थाहरूसँग अनिवार्य रूपमा छलफल गर्नुपर्छ ।

झ) अनुगमन योजना

वार्षिक योजनामा उल्लेख गरिएका कार्यक्रमहरू तोकिएको समयमा सम्पन्न भएको/नभएको, सम्पन्न हुन नसकेको भए सोको कारण र जिम्मेवार व्यक्ति र देखा परेका समस्याहरू र समाधानका उपायहरू पत्ता लगाई सञ्चालकलाई सहयोग पुऱ्याउने योजना नै अनुगमन योजना हो । तयार गरिएको योजना विद्यमान नीतिअनुरूप छ/छैन ? त्यसमा राखिएका लक्ष्यहरू प्राप्त गर्न सकिने किसिमका छन्/छैनन् ? उल्लेख गरिएका स्रोतहरू विश्वसनीय छन्/छैनन् ? भनी लेखाजोखा गर्नुपर्दछ । लेखाजोखा गर्नका लागि विद्यालयले योजना निर्माण गरिसकेपछि सो योजना स्रोतकेन्द्रमा पेस गर्नुपर्दछ । स्रोतकेन्द्रमा पेश गरिएको विद्यालय सुधार योजनामा आवश्यक सरसल्लाह तथा सुझाव लिन र त्यसलाई अनुमोदन गर्न सम्बन्धित गाविस अध्यक्ष, सम्बन्धित स्रोतकेन्द्रको स्रोतव्यक्ति/विद्यालय निरीक्षक, स्रोतकेन्द्र/विद्यालयको प्रअ को बैठक स्रोतकेन्द्रमा बसाउनु पर्छ ।

*(स्रोत : १. प्राथमिक विद्यालय प्रअ व्यवस्थापन तालिम सामग्री)*

विद्यालयमा सम्पन्न हुने बालबालिकाहरूको सिकाइ उनीहरूको विकास र मनोविज्ञानसँग गहिरो रूपमा जोडिएको हुन्छ। त्यसैले विद्यालयमा काम गर्ने शिक्षकहरूले आफूले शिक्षण गर्ने विद्यार्थीहरूको शारीरिक, मानसिक, भाषिक विकासका साथै मनोवैज्ञानिक पक्षका बारेमा पर्याप्त जानकारी प्राप्त गर्नुपर्दछ। आधारभूत विद्यालय तह (प्राथमिक र निम्नमाध्यमिक) मा अध्ययन गर्न आउने विद्यार्थीहरू पूर्व बाल्यावस्था, उत्तर बाल्यावस्था र किशोरावस्थाका हुने भएकाले यस तहमा शिक्षण गर्ने शिक्षकहरूले ती उमेर समूहका बालबालिकाहरूको विकासात्मक विशेषताहरू र पक्षहरूको राम्रो जानकारी लिनु आवश्यक छ। शिक्षकमा यस्तो जानकारी भएमा विद्यार्थीहरूको मनोभावना बुझेर विद्यार्थी केन्द्रित शिक्षण गर्न सजिलो पर्दछ।

### पूर्व बाल्यावस्था र यसका विशेषताहरू

यो बालबालिकाहरूको २ वर्षदेखि छ वर्षसम्मको विकासात्मक अवस्था हो। यो अवस्था पारिवारिक वातावरणबाट विद्यालयको वातावरणसँग समायोजन हुने अवस्था पनि हो। यस अवस्थामा शारीरिक वृद्धिभन्दा सामाजिक, सम्वेगात्मक, मानसिक र वाचन क्षमतामा बढी विकास हुन्छ। हिड्न सिक्नु, ठोस खाना खान सिक्नु, बोल्न सिक्नु, दिसापिसाब नियन्त्रण गर्न सिक्नु, उपयोगी शब्दभण्डार वृद्धि गर्नु, उच्चारण र बोध क्षमता बढाउनु, यौन विभिन्नता बारे सिक्नु, ठीक बेठिक छुट्याउन सिक्नु, चेतना विकासको सुरुवात हुनु, आफ्ना आमा, बाबु, दाजुभाइ, दिदीबहिनी र आफन्तजनहरूसँग सम्बन्ध राख्न सिक्नु यस अवस्थाका विकासात्मक कार्य हुन्।

१. यो समस्याको उमेर हो।
२. यो खेलौनाको उमेर हो।
३. यो पूर्व विद्यालय उमेर हो।
४. यो पूर्व बाल समूह उमेर हो।
५. यो अन्वेषणात्मक उमेर हो।
६. यो अनुकरण गर्ने उमेर हो।
७. यो सिर्जनात्मक उमेर हो।

### उत्तर बाल्यावस्था र यसका विशेषताहरू

६ वर्षदेखि यौन परिपक्वता प्राप्त नगरेसम्मको अवधिको विकासात्मक अवस्था उत्तर बाल्यावस्था हो। सामान्यतया केटीहरू १३ वर्ष र केटाहरू १४ वर्षदेखि यौन परिपक्वता प्राप्त गर्दछन्। त्यसैले ६ वर्षदेखि १२ वर्षसम्मको अवस्थालाई उत्तर बाल्यावस्था भनिन्छ। यो अवस्था बालबालिकाहरूले आफ्नो भविष्यको जीवनशैली विकास गर्नुपर्ने अवस्था हो। यस अवस्थाका बालबालिकाहरू अलि बढी चञ्चल र क्रियाशील हुन्छन्। खेलकूद, नाचगान र हिँडडूल गर्न यस अवस्थाका बालबालिकाहरू बढी मात्रामा रुचाउँछन्।

उत्तर बाल्यावस्थाका विशेषताहरू

१. यो समस्यापूर्ण उमेर हो ।
२. यो फोहरी उमेर हो ।
३. यो झगडा गर्ने उमेर हो ।
४. यो प्रारम्भिक विद्यालय उमेर हो ।
५. यो नाजुक अवस्थाको उमेर हो ।
६. यो बालसमूहको उमेर हो ।
७. यो रचनात्मक उमेर हो ।
८. यो खेलको उमेर हो ।
९. यो खुसी हुने उमेर पनि हो ।

पूर्वकिशोरावस्था र यसका विशेषताहरू

यो बालबालिकाहरूको १३-१४ वर्षसम्पको उमेर समूहको अवस्था हो। यस अवस्थामा बालबालिकाहरूका शारीरिक, मानसिक, सामाजिक, सम्वेगात्मक, यौन तथा सम्पूर्ण पक्षको व्यापक परिवर्तन हुन्छन् । यो अवस्थामा बालबालिकाहरू अप्रजनन्शीलबाट प्रजनन्शीत प्राणीको अवस्थामा परिवर्तन हुन्छन् । यस अवस्थामा बाल्यवस्थामा देखिने विशेषताहरू क्रमश: हराउँदै जान्छन् । Root का अनुसार यो यौनाङ्गहरू परिपक्व हुने र सन्तानोत्पादन गर्न सक्ने क्षमता प्राप्त हुने यौन परिपक्वताको अवस्था हो ।

पूर्व किशोरावस्थाका विशेषताहरू

१. यो खप्टिएको अवस्था हो ।
२. यो तिव्र वृद्धि र परिवर्तनको अवस्था हो ।
३. यो एउटा नकारात्मक अवस्था पनि हो ।
४. यो विभिन्न उमेरमा आउने अवस्था हो ।

सन्दर्भ सामग्रीहरू


अधिकारी, हेमाङ्गराज (२०५०), *नेपाली भाषा शिक्षण* । काठमाडौं कुन्जल प्रकाशन ।

अधिकारी, विष्णुप्रसाद (२०६७), *प्राथमिक शिक्षक दिग्दर्शन* । काठमाडौं आशिष बुक्स आउस प्रा.लि. ।

खनाल, तोयानाथ (२०५५), भाषा शिक्षणमा शिक्षण विधिहरूको महत्त्व र वर्तमान अवस्था । *शैक्षिक उन्नयन* । काठमाडौं : शैक्षिक प्रवर्धन केन्द्र नेपाल ।

पाठ्यक्रम विकास केन्द्र (२०६२), *प्राथमिक शिक्षा पाठ्यक्रम* । भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *निम्नमाध्यमिक तहको पाठ्यक्रम* । भक्तपुर : लेखक ।

इन्स्टिच्युट अफ ओपन लर्निङ नेपाल (२०६५), *शिक्षा मनोविज्ञान* । काठमाडौं : लेखक ।

## शिक्षण विधि र प्रक्रिया

हामी जीवनमा जे जति ज्ञान, सीप तथा बानी व्यवहार सिक्छौं त्यसका केही माध्यम र तरिकाहरू छन् । हामीले ज्ञान, सीप तथा अनुभव हासिल गर्न हाम्रा ज्ञानेन्द्रिय र इन्द्रियहरूको परिचालन गर्छौं । जस्तो कि हामी सुनेर सिक्छौं, देखेर सिक्छौं, पढेर सिक्छौं, बोलेर सिक्दछौं, छामेर सिक्छौं, काम गरेर सिक्छौं, परेर सिक्छौं, भोगेर सिक्छौं, खेलेर सिक्छौं । वास्तविक जीवनमा मानिसले कसरी सिक्दो रहेछ भन्ने विषयमा गहिरो अवलोकन, अध्ययन तथा अनुसन्धान गरेर शिक्षाविद्हरूले मानिसबाट सिक्ने तरिका वा प्रक्रिया (Learning process) पहिचान गरेका छन् । यिनै सिक्ने तरिकाहरूलाई सिकाइ प्रक्रिया भनिन्छ । प्रौढ तथा बालकले सिक्ने तरिकाका आधारमा सिकाउनेले अवलम्बन गर्ने तरिकालाई शिक्षण विधि (Teaching Methods) भनिन्छ ।

प्रचलित शिक्षण विधिहरू यस प्रकार छन् :

**क. व्याख्यान विधि**

सुनाइबाट पनि सिकाइ हुन्छ भन्ने स्थापित मान्यताका आधारमा शिक्षकले विद्यार्थीको सामुन्ने भएर विषयवस्तुको व्याख्या, वर्णन, प्रवचन गर्ने विधि हो । सबै प्रकारका विषयवस्तु सिक्न यो विधिबाट सम्भव छैन । व्याख्यानका सायमा हाउभाउ, अभिनय, वस्तु/चित्र/चार्ट/नक्साको प्रयोग, प्रश्नोतरात्मकता (Interactivity) थपेर व्याख्यान विधिलाई प्रभावकारी बनाउन सकिन्छ ।

**ख. छलफल विधि**

वादे वादे जायते तत्व बोध भनेझैं बोलेर, तर्क वितर्क गरेर, वादविवाद गरेर सिकाइ हुन्छ भन्ने मान्यताका आधारमा छलफल विधि प्रयोग गरिन्छ । छलफल जोडीमा, समूहमा, प्यानेलमा आदि विभिन्न तरिकाले गराउन सकिन्छ ।

**ग. प्रदर्शन विधि**

विद्यार्थीले हेर्न/देख्न/अवलोकन गर्न पाए भने सिकाइ हुन्छ भन्ने मान्यतामा यो विधि प्रयोग गरिन्छ । वस्तु, चित्र, चार्ट, पोस्टर, नक्सा, वातावरण, कार्यप्रक्रिया, आदि विद्यार्थीलाई हेर्न वा अवलोकन गर्न लगाइन्छ । प्रदर्शनको सायमा छोटो वर्णन वा सङ्क्षिप्त पठन सामग्री भएमा यो विधि अझ प्रभावकारी हुन्छ ।

**घ. प्रश्नोतर विधि**

विद्यार्थीहरूमा जिज्ञासा उत्पन्न गर्ने गरी प्रस्तुत भएर विविध प्रश्न गरेर र विद्यार्थीले प्रश्न गर्ने वातावरण मिलाएर यो विधि सञ्चालन गरिन्छ । विषयवस्तु माथि मन्थन, तर्क वितर्क, जिज्ञासा प्रस्तुति गर्दै निष्कर्षहरू निर्माण गरिन्छ ।

**ङ. अभिनय तथा भूमिका निर्वाह विधि**

विद्यार्थीले नै कुनै वस्तु, व्यक्ति, पात्र, जनावर, चरा, कार्यप्रक्रिया आदिको नक्कल प्रस्तुति गर्ने, अभिनय गर्ने, ससाना नाटकको पात्र झैं भूमिका निभाउने तरिका यस विधिमा अवलम्बन गरिन्छ ।

च. कथा कथान विधि

विषयवस्तुलाई शिक्षकले कथा भने जस्तो गरी प्रस्तुत गर्छन । विभिन्न दृष्टान्त र घटना (Case) प्रस्तुत गरिन्छ । प्रवचनको शैली भएपनि कथाको जस्तो स्वाद (Flavour) विद्यार्थीले पाउँछन् ।

छ. खेल विधि

साना बालबालिका खेल खेल्न बढी रुचाउँछन । उनीहरूको रुचिलाई प्रयोग गर्दै विषयवस्तुलाई खेल क्रियाकलापको रूपमा तयार गरिन्छ । खेल्ने क्रममा विद्यार्थीले सिक्नुपर्ने कुराहरू सिकिरहेका/अभ्यास गरिरहेका हुन्छन् ।

ज. परियोजना कार्य विधि

गरेर/परेर/भोगेर सिकाइ हुन्छ भन्ने मान्यतामा यो विधि प्रयोग गरिन्छ । विद्यार्थी सक्रियता बढी हुने र सिकाइ वास्तविक, स्वभाविक हुनुका साथै रचनात्मक (Constructive ) ज्ञान निर्माण हुन्छ ।

झ. अवलोकन तथा भ्रमण विधि

हेरेर, देखेर, प्राकृतिक/स्वभाविक अवस्थामा वस्तु, व्यक्ति तथा प्रणालीसँग साक्षात्कार हुँदा सिकाइ हुन्छ । यसै आधारमा यो विधिको प्रयोग गरिन्छ र निकै प्रभावकारी पनि मानिन्छ ।

ञ. खोज विधि

विद्यार्थीलाई उनीहरूकै प्रयासले कुनै कुरा खोज्न, पत्ता लगाउन, ठहऱ्याउन लगाएर यो विधि प्रयोग गरिन्छ ।

ट. समस्या समाधान विधि

सोच विचार ( Insightful ) गरेर उपायको खोजी गर्दा सिकाइ हुन्छ । त्यसैले समस्या दिई समाधान गर्न लगाइन्छ ।

यी विधिमध्ये कुनै एक विधिको प्रयोग गर्दा शिक्षकको बढी सक्रियता आवश्यकता पर्छ भन्ने कुनैमा विद्यार्थीको सक्रियता बढी हुन्छ । सिकाइ प्रक्रिया सञ्चालन गर्न विधिको प्रयोग गर्दा शिक्षक वा विद्यार्थीमध्येको बढी सक्रिय हुन्छ भन्ने आधारमा यी विधिहरूलाई शिक्षक केन्द्रित विधि तथा विद्यार्थी केन्द्रित विधि भनेर छुट्याउने गरिन्छ ।

| शिक्षक केन्द्रित विधिहरू | विद्यार्थी केन्द्रित विधिहरू |
|---|---|
| • व्याख्यान वा प्रवचन | • छलफल |
| • प्रदर्शन | • अभिनय (विद्यार्थीले गर्ने ) |
| • प्रश्नोत्तर | • भूमिका निर्वाह |
| • कथाकथन | • अवलोकन भ्रमण |
| | • खेल |
| | • परियोजना कार्य |
| | • खोज |
| | • समस्या समाधान |

शिक्षण सिकाइ प्रक्रियामा सिकारुको सक्रियता निकै महत्त्वपूर्ण मानिन्छ । त्यसैले सिकाइ प्रक्रियालाई बढीभन्दा बढी सिकारु सक्रिय हुने गराउन शिक्षकले विद्यार्थी केन्द्रित विधि छनोट गर्नुपर्छ । यद्यपि विधि छनोट गर्न निम्न पक्षहरूले भूमिका खेल्छन् :

क. बालबालिकालाई सिकाउन लागिएको विषय वस्तुको प्रकृति

ख. उपलब्ध स्रोत साधन/सामग्री

ग. विद्यार्थीका रुचि, क्षमता, सिकाइ शैली

घ. उपलब्ध समय

ङ. शिक्षकको दक्षता, आत्मविश्वास

च. सिकाइ उद्देश्यको तह (Domain and level), आदि ।

शिक्षण विधिको प्रयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले निम्नलिखित पक्षमा पनि विचार पुऱ्याउनु पर्छ :

क. पूर्वज्ञान हुँदै नयाँ विषयवस्तुतर्फ लैजाने (Known to unknown)

ख. ठोस र प्रत्यक्ष अनुभव हुँदै भावात्मक विषयवस्तुतर्फ लैजाने (Concrete to abstract)

ग. विषयवस्तुको प्रकृति हेरी उपयुक्ततानुसार पूर्णबाट अंशतिर वा अंशबाट पूर्णतिर लाने (Whole to part or part to whole)

## शैक्षणिक व्यवस्था

शैक्षणिक व्यवस्थालाई बुझ्न तलका उदाहरण पढौं ।

ज्ञानोदय मा.वि. वाफलमा -

क. कक्षा एकमा मिलन विडारीले पढाउनु हुन्छ । उहाँ दिनभरि त्यही एउटा कक्षामा पढाउनु हुन्छ । वर्षभरिकै लागि कक्षा एक उहाँको जिम्मामा छ । कक्षा एकका विद्यार्थीले वर्षभरिमा हासिल गर्नुपर्ने सबै सिकाइ उपलब्धि/सबै विषय उहाँले नै सिकाउनु पर्छ । त्यसैगरी कक्षा दुईमा लक्ष्मी खड्काले र कक्षा तिनमा इन्दिरा आचार्यले पढाउनुहुन्छ । शिक्षणको यस्तो व्यवस्थालाई कक्षा शिक्षण ( Grade Teaching) भनिन्छ । एउटा कक्षामा सिकाउनुपर्ने सम्पूर्ण कुरा एउटै शिक्षकले सिकाउने व्यवस्था ।

ख. कक्षा चारमा भने यस्तो व्यवस्था छैन । फरकफरक विषयका शिक्षकहरू प्रत्येक दिन आआफ्नो घण्टीमा कक्षामा गएर आफ्नो विषयमात्र पढाउँछन् । विषयअनुसारका शिक्षक/विद्यार्थीले प्रत्येक विषय अलग्गै शिक्षकबाट सिक्न पाउँछन् । यस्तो शिक्षण व्यवस्थालाई विषय शिक्षण ( Subject Teaching) भनिन्छ । कक्षा उही भएपनि विषयअनुसारका धेरै शिक्षकले पढाउने व्यवस्था ।

ग. जनता प्रा.वि. खलङ्गाको भने शिक्षण व्यवस्था अर्कै छ । सम्पूर्ण विद्यार्थीहरू दुई समूहमा बाँडिएर दुइओटा कोठामा बसेका छन् । विद्यालय आउन थालेको तीन वर्ष वा चार वर्ष पूरा भएका सबैजसो केटाकेटीहरू कोठा नं. 'क' मा बस्छन् । विद्यालय आउन थालेको तीन वर्ष नपुगेका केटाकेटीहरू सबै कोठा नं. 'ख' मा बस्छन् । दुवै कक्षामा सानाठूला, फरकफरक उमेर भएका विद्यार्थी छन् । तिनीहरूको ज्ञान, सीप, अनुभव, बुझाइको तह पनि निकै फरकफरक छ । शिक्षकलाई कक्षामा भएका सबै विद्यार्थीको विभिन्नता थाहा छ । अभिलेख

पनि छ । एक जना शिक्षक कोठा नं. 'क' मा पढाउँछन् अर्को कोठा नं. 'ख' मा । विद्यार्थीको भिन्नताको ख्याल गर्दै शिक्षकले पाठ्यवस्तुको समायोजन गर्दै विभिन्न तरिका प्रयोग गरी जसले जे सिक्नुपर्ने हो योजनाबद्ध तरिकाबाट सिकाइ रहेका हुन्छन् । वर्षअनुसारका कक्षा छैनन् । यस्तो शिक्षण व्यवस्था बहुकक्षा शिक्षण (Multigrade Teaching ) हो । बढी वर्ष स्कुल पढेका र कम वर्ष स्कुल पढेका विद्यार्थी एउटै कक्षामा बसेर पढ्ने व्यवस्था ।

माथिका तीन थरी शिक्षण व्यवस्थामा कुन चाहीं सबैभन्दा राम्रो ? वा कुन रोज्ने त ? कुन शैक्षणिक व्यवस्था रोज्ने भन्ने निर्णय गर्न निम्नलिखित कुराहरूले प्रभाव पार्छन् :

- विद्यालयको तह/सञ्चालित कक्षाहरू
- विद्यार्थी सङ्ख्या/शिक्षक विद्यार्थी अनुपात
- पढाउनुपर्ने विषय क्षेत्रहरू
- शिक्षकको दक्षता
- आर्थिक मितव्ययिता
- स्रोत साधन आदि ।

आफ्नो विद्यालयको परिस्थितिअनुसार कम खर्चिलो र प्रभावकारी हुने गरी एउटा शिक्षण व्यवस्था छनोट गर्न सकिन्छ । प्रत्येक प्रकारका शिक्षण व्यवस्थाका सबल पक्ष ( Strengths) र कमजोर पक्ष (Drawbacks) छन् ।

| कक्षा शिक्षण | बहुकक्षा शिक्षण | विषय शिक्षण |
|---|---|---|
| • शिक्षक र विद्यार्थीबीच घनिष्टता बढी हुने ।<br>• शिक्षकले प्रत्येक विद्यार्थीलाई गहन रूपमा चिन्ने ।<br>• घण्टी वा समय तालिका बाधक नहुने ।<br>• लगभग समान तहका विद्यार्थी भएकाले एकै प्रकारका क्रियाकलाप भए पुग्ने ।<br>• समान तहका भएकाले ठूला र अनुभवीबाट सिक्ने अवसर कम ।<br>• सबै विषयमा एउटै दक्ष शिक्षक चाहिने ।<br>• एकीकृत शिक्षण गर्ने सम्भव<br>• प्रति कक्षा एक शिक्षक भए पुग्ने/आवश्यक पर्ने ।<br>• सो कक्षामा सिक्नुपर्ने कुरा सोही | • शिक्षक र विद्यार्थीबीच घनिष्टता बढी हुने ।<br>• शिक्षकले विद्यार्थीलाई गहन रूपमा चिन्ने ।<br>• घण्टी वा समय तालिका बाधक नहुने ।<br>• सिकाइ क्षमता/तहअनुसार विविध क्रियाकलाप आवश्यक पर्ने<br>• जान्ने विद्यार्थीबाट सिक्दै गरेकालाई मदत पुऱ्याउन सकिने ।<br>• सबै विषयमा एउटै दक्ष शिक्षक चाहिने ।<br>• एकीकृत शिक्षण गर्ने सम्भव ।<br>• विद्यार्थी सङ्ख्या निकै कम भएको अवस्थामा उपयोगी, कम खर्चिलो, | • घनिष्टता कम हुने ।<br>• चिनारी कम हुने<br>• घण्टीमा सीमित समय<br>• लगभग समान तहका विद्यार्थी भएकाले एकै प्रकारका क्रियाकलाप भए पुग्ने ।<br>• ठूला र अनुभवीबाट सिक्ने अवसर कम ।<br>• आफ्नो विषयमा दक्ष शिक्षक भए पुग्ने ।<br>• विषयगत शिक्षक हुने ।<br>• विषयअनुसारका शिक्षक चाहिने ।<br>• कक्षागत र विषयगत रूपमा प्रत्येक वर्ष उत्तीर्ण हुनपर्ने ।<br>• माथिल्ला कक्षाका लागि |

| | | |
|---|---|---|
| कक्षामा सिकी सक्नुपर्ने, नत्र वर्षको अन्तमा कक्षा नचढ्ने ।<br>• साना कक्षाका लागि बढी उपयोगी (१-३ सम्म) । | • आफ्नो गतिअनुसार सिक्ने अवसर मिल्ने ।<br>• वर्षको अन्तमा अनुत्तीर्ण हुने खतरा नभएको ।<br>• साना कक्षाका लागि बढी उपयोगी (३ वर्षे, ५ वर्षे वा ३ वर्षे + २ वर्षे) | वढी उपयोगी । |

**कक्षाकोठा व्यवस्थापन**

कक्षाकोठा शिक्षक र विद्यार्थीले दिनभर, महिनाभर वर्षभर बस्ने, समय बिताउने, सिकाइ क्रियाकलाप सञ्चालन गरी उद्देश्य हासिल गर्ने थलो हो । यसको उपयुक्त व्यवस्थापन शिक्षण सिकाइको महत्त्वपूर्ण पाटो हो ।

क. कक्षाकोठाको भौतिक व्यवस्थापन

कक्षाकोठाको भौतिक व्यवस्थापन भित्र देहायका पक्षहरू पर्दछन् :

- तातो चिसो, हावाहुरी, वर्षात आदिबाट सुरक्षित
- झ्याल, ढोका भएको, उज्यालो, पर्याप्त अक्सिजन प्रवाह हुने
- सरसफाइ, सामग्री, फर्निचर, उपकरण, बिजुली, आदिको कारण हुने चोटपटक/दुर्घटनाको जोखिम नभएको
- आवश्यक फर्निचर, सामग्री र कक्षाकोठाको सजावट भएको
- शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न (अभिनय, समूहकार्य, भूमिका निर्वाह) प्रयाप्त स्थान (Space) भएको
- विद्यार्थीका सामग्री ( जुत्ता, छाता, रेनकोट, झोला, खाजा, पानी, खेलौना) राख्ने स्थान भएको आदि ।

ख. कक्षाकोठामा विद्यार्थी व्यवस्थापन

कक्षामा विद्यार्थी व्यवस्थापन गर्नु निकै महत्त्वपूर्ण कार्य हो । विद्यार्थी व्यवस्थापन भन्नाले निम्न कुराहरूलाई बुझ्न पर्दछ :

- विद्यार्थीको बसाइ व्यवस्था
- कक्षामा प्रत्येक विद्यार्थीको जिम्मेवारी र भूमिकाको व्यवस्था
- कक्षामा प्रजातान्त्रिक अनुशासन तथा नियमपालन व्यवस्था
- कक्षालाई निर्भय, शान्त, द्वन्द्वरहित बनाउने व्यवस्था
- सिकाइ प्रक्रियामा विद्यार्थीका समूह निर्माण र परिचालन
- सहयोगी र सहकार्यात्मक पद्धति सञ्चालन
- कक्षालाई सिकाइ समुदाय (Learning community) बनाउने व्यवस्था
- विद्यार्थी उत्प्रेरणा, आत्मसम्मान र गौरव महसुस हुने व्यवस्था
- विविधता (Diversity) व्यवस्थापन ।

- समावेशीकरण (inclusivity) व्यवस्थापन ।

ग. कक्षाको प्रभावकारी व्यवस्थापन साधन/तरिका

कक्षाकोठाको प्रभावकारी व्यवस्थापनका लागि शिक्षकले प्रयोग गर्न सक्ने साधन तथा तरिकाहरू यस प्रकार छन् :

- विद्यार्थीको सहभागितामा कक्षाको नियम ( House rule) बनाइ कक्षामा टाँस्ने र कार्यान्वयन गर्ने गराउने
- कक्षामा गर्नुपर्ने विविध कामको व्यक्तिगत र समूहगत तहमा कार्यविभाजन गरी कामको तालिका (Job chart ) तयार गरी कक्षामा टाँस्ने र सोही बमोजिम कार्यान्वयन गर्ने
- आवश्यकतानुसार समूहगत बसाइ तथा अर्धवृत्ताकार बसाइ
- समूहमा नेतृत्व तथा भूमिका परिवर्तनको व्यवस्था मिलाइ जिम्मेवारी दिने
- कक्षामा मनिटरको व्यवस्था गरी अधिकार प्रत्योजन गर्ने
- सिकाइ कुना (Learning corner) को व्यवस्था गर्ने
- जोडीमा गर्ने र समूहमा गर्ने सिकाइ क्रियाक्लापलाई प्रायमिकता दिने
- उक्त कक्षाका विद्यार्थीहरूले हासिल गर्नुपर्ने सिकाइ उपलब्धिसँग सम्बन्धित चित्र, नक्सा, चार्ट, तालिका, पोस्टर आदि सामग्रीले कक्षाका भित्ताको सजावट गर्ने
- कक्षामा फोहर सङ्कलनका लागि डातोको व्यवस्था गरी विसर्जनको व्यवस्था गर्ने
- शिक्षण गर्ने योजना तथा पूर्ण तयारीका साथ कक्षा प्रवेश गर्ने ।

स्थानीय/मातृभाषाको पाठ्यक्रम निर्माण र प्रयोग

क. सन्दर्भ

आधारभूत तहको पाठ्यक्रमले स्थानीय तहमा विद्यार्थीको आवश्यकताअनुसार विद्यालयले कुनै एक विषय (मातृभाषा/स्थानीय विषय/संस्कृति/कला तथा अन्य) छनोट गरी त्यसको पाठ्यक्रम तथा पाठ्य सामग्री बनाई पाठनपाठन गर्नुपर्ने व्यवस्था गरेको छ । पाठ्यक्रमले गरेको यही लचिलो व्यवस्थाको उपयोग गर्दै इलामका केही विद्यालयले चिया खेतीको पाठ्यक्रम, पाठ्यसामग्री बनाएर पठनपाठन सुरु गरे । पाल्पाका घना मगरवस्ती भएका स्थानका केही विद्यालयहरूले मगरभाषाको पाठ्यक्रम/पाठ्यपुस्तक तयार गरी पढाउन थाले भने डोल्पाका केही विद्यालयहरूले यार्सागुम्बाको पाठ्यक्रम तयार गरी विद्यालयमा पढाउन थाले ।

स्थानीय/मातृभाषाको पाठ्यक्रम सम्बन्धमा देहायको नीतिगत व्यवस्था विद्यमान छ :

- विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट, पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय तथा सम्बन्धित शैक्षिक संस्था आफैंले गर्ने छ ।
- स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी पेसा, व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तुसम्बन्धी विषय स्थानीय निकायको

परामर्शमा विद्यालय आफैंले छनोट गर्न सक्नेछ । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैंले गर्नेछ ।

- मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैंले निर्माण गर्नेछ । जिल्ला भर एकै खालका विषय मिल्दा देखिएमा जिल्लास्तरमा र स्रोतकेन्द्र स्तरमामात्र मिल्ने विषय भएमा स्रोतकेन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने छ ।

ख. पाठ्यक्रम निर्माण (Curriculum Development)

स्थानीय तहमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित चरण तथा प्रक्रियाहरू पूरा गर्नुपर्छ :

- आवश्यकता पहिचान/छनोट (Need identification)
  विद्यालयका सम्पूर्ण सरोकारवालाहरूको सामूहिक छलफल र अन्तरक्रियाबाट कुन विषय बालबालिकाहरूका लागि सबैभन्दा आवश्यक हो छनोट गरी निर्णय लिनु पर्दछ । विद्यालयले स्रोतकेन्द्र र जिल्ला पाठ्यक्रम समन्वय समितिसँग समन्वय समेत गरी आवश्यकतानुसार छनोट गर्ने काम टुङ्गो लगाउनु पर्छ ।

- उद्देश्यहरूको निर्माण (Formaulation of objective)
  विषय छनोटको काम पूरा भएपछि पाठ्यक्रम निर्माणको बढी प्राविधिक काम प्रारम्भ हुन्छ । उक्त विषयमा विद्यार्थीले हासिल गर्ने तहगत र कक्षागत सक्षमताहरू सूचीबद्ध गर्नुपर्दछ । कक्षागत सक्षमताहरू निर्माण गर्दा सामान्यबाट विशिष्टतिर, सरलबाट जटीलतिर, जानेकोबाट नजानेको तिर जस्ता सिद्धान्तको आधारमा गर्नुपर्छ ।

- विषयवस्तुको निर्धारण (Content determination)
  उद्देश्य तथा सक्षमता हासिल गर्न आवश्यक पर्ने विषयवस्तु पहिचान र सूचीबद्ध गर्ने ।

- विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गर्ने
  समग्र विषयवस्तुको सूची तयार भए पछि कक्षागत रूपमा उक्त विषयवस्तु वितरण गर्ने । कक्षागत रूपमा विषयवस्तु निर्धारण गर्दा क्षेत्र र क्रम (Scope and Sequence) निर्धारणका तरिकाहरूको अवलम्बन गरी सिलसिलेवार सिकाइ हुने गरी मिलाउने । यस चरणमा आवश्यकताअनुसार विषयवस्तुलाई विस्तार (content elaboration) गर्न सकिन्छ । साथै विषयवस्तुको प्रत्येक खण्डको शिक्षण सिकाइ गर्न कति समय वा घण्टी आवश्यक पर्ने हो सो को निर्धारण गर्नुपर्छ ।

- शिक्षण विधि तथा सिकाइ क्रियाकलापको निर्धारण
  छनोट गरिएको विषय भाषा हो वा कला हो वा पेसा के हो ? त्यसकै आधारमा र विषयवस्तुको प्रकृतिका आधारमा निर्धारित सक्षमता हासिल हुने गरी शिक्षण विधि र क्रियाकलाप निर्धारण गरी उल्लेख गर्नुपर्छ ।

- शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भइरहँदा वा भइसकेपछि निर्धारित सक्षमताहरू विद्यार्थीमा हासिल भए नभएको थाहा पाउन कस्ता साधनको प्रयोग गर्ने हो ? निर्धारण गर्नुपर्छ । जस्तै : अवलोकन, प्रयोगात्मक परीक्षा, लिखित परीक्षा, निरन्तर मूल्याङ्कनको

पद्धति आदि । प्रश्न निर्माण ग्रीड, अवलोकन फारमको नमुना, नमुना प्रश्न आदि उल्लेख गर्नुपर्छ ।

ग. **पाठ्यक्रमको स्वरूप**

पाठ्यक्रम निर्माणका सम्पूर्ण चरणको प्रक्रिया सम्पन्न गरेपछि निम्नलिखित खाका बमोजिमको स्वरूपमा (पाठयक्रम विकास केन्द्रको प्रचलनअनुसार) पाठ्यक्रमको लिखित दस्तावेज तयार हुनु पर्दछ ।

(विषयको नाम ...............)

१. परिचय

(आवश्यकताको सन्दर्भ, पृष्ठभूमि र आशय उल्लेख गरिन्छ)

२. तहगत सक्षमताहरू

(१-५ वा ६-८ का उक्त विषयमा विद्यार्थीले हासिल गर्ने तहगत सक्षमता बुँदागत रूपमा लेखिन्छ)

३. कक्षागत सिकाइ उपलब्धि

(उक्त विषयमा प्रत्येक कक्षामा हासिल हुने सिकाइ उपलब्धिहरू कक्षागत रूपमा बुँदागत उल्लेख गरिन्छ )

४. विषयवस्तुको क्षेत्र र क्रम

(प्रत्येक कक्षाका लागि छुट्याइएको विषयवस्तुको एकाइ/क्षेत्रगत रूपमा क्षेत्र र क्रम तालिकामा प्रस्तुत गरिन्छ)

| एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | अनुमानित घण्टी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

५. शिक्षण सिकाइ विधि/क्रियाकलाप

(उक्त विषयको सक्षमता हासिल गराउने मूलभूत तरिका, विधि र क्रियाकलाप लेखिन्छ)

६. मूल्याङ्कन

(उक्त विषयमा विद्यार्थी मूल्याङ्कन गर्ने मूल्याङ्कनका प्रकार, तरिका, प्रश्न अङ्क विभाजन आदिको विवरण प्रस्तुत गरिन्छ)

घ. **पाठ्यक्रमको प्रयोग र सुधार**

पाठ्यक्रम एक पटक तयार गरेपछि सधैंका लागि हुने होइन । पाठ्यक्रम विकास एक निरन्तर प्रक्रिया हो । विकास गरिएको पाठ्यक्रमलाई कार्यान्वयन गर्नु भन्दा पहिले प्रयोग गरेर हेर्नु पर्दछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा धेरै कुराले प्रभाव पारिरहेका हुन्छन् । जस्तो कि उक्त पाठ्यक्रमको सिकाइप्रति विद्यार्थीको रुचि, अभिभावकको चाहना, त्यो पाठ्यक्रमअनुसार शिक्षण गर्ने शिक्षकको दक्षता, अनुभव, उत्प्रेरणा र आत्मविश्वास, पाठ्यक्रम कार्यान्वयन गर्न आवश्यक पूर्वाधार तथा तयारी र स्रोत साधन आदि ।

पाठ्यक्रमको प्रयोगबाट अनुभव गरिएका र प्राप्त पृष्ठपोषणका आधारमा निरन्तर एवम् आवधिक रूपमा पाठ्यक्रमको सुधार परिमार्जन गर्नुपर्दछ ।

बहुभाषी शिक्षणको महत्त्व र प्रयोग

क. परिचय

नेपालमा धेरै प्रकारका भाषाहरू बोलिन्छन् । जस्तै नेपाली, नेवारी, तामाङ, मैथिली, अवधि, मगर, गुरुङ, थारु, डोटेली, चेपाङ आदि । हाम्रा आधारभूत तहका कक्षामा पढ्न आउने बालबालिकाहरू यिनै भाषिक समुदायबाट आउँछन् । विद्यालयहरूमा भने अधिकांशरूपमा नेपाली भाषा र अङ्ग्रेजी भाषा पठनपाठनको माध्यम भाषाको रूपमा प्रयोग भएको पाइन्छ । यस अवस्थामा भिन्न मातृभाषा भएका बालबालिकाहरूलाई असहज र सिक्न कठिन हुनुको साथै पढाइप्रति नै निराशा (demotivation) पैदा हुन जान्छ । यस अवस्थालाई मध्यनजर गरी नेपाल सरकारले आफ्ना रणनीतिक दस्तावेजहरूमा बालबालिकाले मातृभाषामा शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै जाने विषय अगाडि ल्याएको छ । नेपालमा बहुभाषी (Multilingual) शिक्षा प्रणालीलाई रणनीतिको रूपमा लिन खोजिएको छ । बहुभाषी शिक्षा (Multilingual Education) भनेको देश एउटै भए पनि त्यहाँका विद्यालयहरूमा भाषाको उपस्थितिअनुसार फरकफरक भाषामा पठनपाठन हुने । अर्थात एउटै देशमा विभिन्न भाषा शिक्षणको माध्यम भाषा हुने अवस्था/नीति हो ।

ख. बहुभाषी शिक्षा (Multilingual Education) को महत्त्व

नेपालको सन्दर्भमा बहुभाषी शिक्षाको महत्त्व तथा फाइदा देहाय बमोजिम हुन सक्छ :

- लोपोन्मुख भाषाहरूको संरक्षण भई कला र संस्कृतिको सम्वर्द्धन हुने
- विभिन्न जातजातिको पहिचान कायम रही अझ सुदृढ हुने
- विद्यालयको शिक्षण सिकाइ अवस्था मातृभाषी बालबालिकालाई सहज हुन गई सिकाइ बालमैत्री हुन सघाउ पुग्ने
- भाषिक सहजताले गर्दा विद्यालय उत्प्रेरित भई विद्यालय आउने, नियमित हुने दर बढ्ने
- मातृभाषा माध्यम हुँदा सिकाइ सरल हुन गई सिकाइ उपलब्धि दर बढ्ने । उत्तीर्ण दर बढ्ने
- बीचैमा कक्षा तथा विद्यालय छाड्ने (Dropout) दर घट्ने
- दोस्रो भाषाको रूपमा नेपाली तथा अङ्ग्रेजी सिक्ने अवसर पनि हुने
- मातृभाषामा शिक्षा आर्जन गर्नेहरूको अभिव्यक्ति क्षमता सुदृढ हुने । एक भाषामा सिकेको ज्ञान उमेरसँगै अर्को भाषामा स्वभावैले मिल्न जाने ।

ग. बहुभाषी शिक्षा (Multilingual Education) का चुनौतिहरू

सूचना, सञ्चार तथा प्रविधिको क्षेत्रमा भएको विकासले गर्दा संसार साँघुरो भएको छ । यस सन्दर्भमा अभिभावक तथा विद्यार्थीहरू अङ्ग्रेजी भाषातर्फ बढी आकर्षित भइरहेका छन् । नेपाली माध्यममा पढ्नेहरूलाई भन्दा अङ्ग्रेजी माध्यममा पढ्नेहरूलाई अवसरको खोजीमा सजिलो भएको महसुस गरिएको छ । सरकारी कामकाजदेखि लिएर आम सञ्चार तथा अन्तर मातृभाषी सम्पर्क भाषाको रूपमा नेपाली भाषाको प्रभाव पनि निकै गाढा भइसकेको छ ।

मातृभाषामा शिक्षा लिनेहरू बदलिँदो राष्ट्रिय तथा विश्व परिवेशमा अझ पछाडि पर्ने हुन कि भन्ने चुनौती पनि छ।

दक्ष शिक्षक र पर्याप्त शिक्षण सिकाइ सामग्रीको अभावमा आरम्भ गरिने बहुभाषी शिक्षाको गुणस्तर कायम गर्नु अर्को चुनौती हो।

शिक्षामा लगानी बढाउन नसकिरहेको अल्पविकसित मुलुकका लागि भाषैपिच्छेका पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक उत्पादन गर्ने तथा मूल्याङ्कन र शिक्षा प्रशासन सञ्चालन गर्ने पक्ष ठूलो आर्थिक चुनौतीको विषय हो।

## शैक्षिक सामग्री

कक्षाशिक्षणमा विद्यार्थीहरूको सिकाइलाई सहज बनाउन, सिकाइको गति र स्तर बढाउनका लागि शिक्षक तथा विद्यार्थीहरूद्वारा प्रयोग हुने सामग्रीहरू नै शिक्षण सामग्रीहरू हुन्। शिक्षण सामग्रीहरूको प्रयोगबाट विभिन्न विषयका जटिल विषयवस्तुहरूलाई पनि सरल ढङ्गबाट शिक्षण गरी विद्यार्थीहरूमा ज्ञान निर्माण (Construction of knowledge) तथा सीप विकास प्रक्रियालाई सहजता प्रदान गर्न सकिन्छ। प्राथमिक तहका विषय शिक्षणका लागि आवश्यक अधिकांश शिक्षण सामग्रीहरू स्थानीयरूपमा पाइने वस्तुहरू प्रयोग गरी कम मूल्यमा निर्माण गर्न सकिन्छ। कतिपय शिक्षण सामग्रीहरू एकभन्दा बढी शीर्षक वा एकभन्दा बढी विषय शिक्षणका लागि प्रयोग गर्न सकिन्छ। कम मूल्यका शिक्षण सामग्री निर्माण तथा सङ्कलनका लागि विद्यार्थी, अभिभावक तथा समुदायका अन्य सदस्यहरूलाई पनि परिचालन गर्न सकिन्छ। स्थानीयस्तरमा सजिलै उपलब्ध हुने वस्तुहरूको प्रयोगबाट थुप्रै किसिमका शिक्षण सामग्रीहरू बनाई विभिन्न विषयका जटिल (विद्यार्थीका लागि) धारणाहरूलाई सहजरूपमा प्रस्ट पार्न सकिन्छ। यसका लागि शिक्षकसँग जाँगर र सीपको जरूरत पर्दछ। यहाँ शिक्षण सामग्रीको प्रयोगका फाइदा, शिक्षण सामग्रीको छनोट, प्रयोग र निर्माण प्रक्रियाका बारेमा चर्चा गरिनेछ।

क) शिक्षण सामग्री प्रयोगबाट हुने फाइदाहरू

शिक्षण सामग्रीहरूको प्रयोगबाट हुने फाइदाहरू यसप्रकार छन् :

१. शिक्षण सामग्रीको प्रयोग गर्दा सिकाइमा विद्यार्थीहरूको सक्रियता बढ्छ।
२. जटिल धारणाहरू पनि सरल र सहज तरिकाबाट प्रस्ट्याउन सकिन्छ।
३. सिकाइलाई रोचक, अर्थपूर्ण, उपलब्धिमूलक र चिरस्थायी बनाउन सहयोग पुग्दछ।
४. विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरणा जगाउँछ।
५. विद्यार्थीहरूलाई शिक्षणसिकाइ क्रियाकलापहरूमा प्रत्यक्ष सहभागी बनाउन सहयोग गर्दछ।
६. सिकिसकेका धारणाहरूलाई दैनिक जीवनमा प्रयोगमा ल्याउन सहयोग पुग्दछ।
७. विद्यार्थीहरूमा विषयवस्तुप्रति सकारात्मक धारणा उत्पन्न गर्न सहयोग पुग्दछ।
८. सिकाइको गतिलाई बढाउँछ।
९. विद्यार्थीहरूले कम समयमा धारणा निर्माण गर्न सक्छन्।
१०. विद्यार्थी केन्द्रित क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ।
११. विद्यार्थीहरू एकआपसबाट सिक्ने अवसर प्राप्त गर्दछन्।
१२. विद्यार्थीहरूमा सिर्जनात्मकता (Creativity) को विकास हुन्छ।

१३. शिक्षकको कार्यबोझ कम हुन्छ । घाँटी सुक्ने गरी कराउनु आवश्यक पर्दैन ।

१४. उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउँदछ ।

ख) शिक्षणसामग्रीको छनोट र प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

१. शिक्षण सामग्रीहरू उद्देश्यमूलक हुनुपर्दछ, पाठको उद्देश्यसँग मेल खाने हुनुपर्दछ ।

२. उपयुक्त साइजको, स्पष्ट र सफा हुनुपर्दछ ।

३. विद्यार्थीको रुचि, क्षमता र स्तरअनुसारको हुनुपर्दछ ।

४. सकेसम्म स्वनिर्मित/विद्यार्थी निर्मित हुनुपर्दछ ।

५. सकेसम्म दह्रो र टिकाउ खालको हुनुपर्दछ ।

६. प्रयोग गर्नु अगावै परीक्षण गरिएको हुनुपर्दछ ताकि प्रयोग गर्दा समस्या आइनपरोस् ।

७. प्रयोग गर्नुपूर्व विद्यार्थीहरूले गर्नुपर्ने कुराहरू, अपनाउनुपर्ने सावधानीका तरिकाहरूबारे प्रस्ट निर्देशन दिनुपर्दछ ।

८. मूल्याङ्कन विधिसँग मेल खाने गरी वर्गीकरण गरी प्रयोग हुनुपर्दछ ।

ग) ्कलन तथा निर्माण प्रक्रिया

कम मूल्यका शिक्षण सामग्री सङ्कलन तथा निर्माण प्रक्रियालाई तलको चार्टबाट प्रस्ट पार्न सकिन्छ ।




**विद्यार्थीको रुचि, क्षमता, पाठको उदेश्य, हासिल गर्न खोजिएको सिकाइउपलब्धिका आधारमा आवश्यकताको पहिचान हुन्छ । सोही आवश्यकताका आधारमा शिक्षण सामग्री सङ्कलन तथा निर्माणको उद्देश्य तय गरिन्छ । अनि मात्र सो उद्देश्य पूरा गर्ने गरी निर्माण गर्नुपर्ने सामग्रीको डिजाइन गरिन्छ । सामग्री डिजाइनमा कोरा वस्तुहरूको उपलब्धता, मूल्य, स्रोतसामग्रीको प्रकार, शिक्षक, विद्यार्थी, समुदायका व्यक्तिहरूको सीप आदिले पनि प्रभाव पार्दछ । शिक्षण सामग्रीको**

सङ्कलन तथा निर्माणमा शिक्षक, विद्यार्थी, समुदायका व्यक्तिहरूको प्रमुख भूमिका हुन्छ । शिक्षण सामग्री सङ्कलन तथा निर्माण भइसकेपछि कक्षाकोठामा प्रयोग गरिन्छ । प्रयोगको आधारमा मात्र सामग्रीहरूको प्रभावकारिता निर्धारण हुनसक्दछ र पृष्ठपोषण पनि प्राप्त हुन्छ । सोको आधारमा उद्देश्यमा पुनर्विचार गर्नुपर्ने/नपर्ने कुरा छुट्याइन्छ ।

कुनै पनि कार्य गर्नका लागि केहीनकेही सामग्री, औजारहरू तथा साधनहरूको आवश्यकता पर्दछ । विना सामग्रीका शिक्षणसिकाइ 'भन्नका लागि' मात्र हुने र 'सिक्नका लागि' हुन सक्दैन किनकि सामग्री विनाको शिक्षणसिकाइबाट अर्थपूर्ण सिकाइ हुन सक्दैन । भाषा, गणित, सामाजिक, विज्ञान जस्ता विषयहरूमा दिइने धारणागत विषयवस्तुहरूलाई स्पष्ट पार्न ठोस, अर्धठोस तथा साङ्केतिक (छापिएका पठनीय) सामग्री प्रयोग गरिन्छ । यस्ता सामग्रीहरूले दिइएको धारणाको बुझाइलाई सरल तथा अर्थपूर्ण बनाउन सघाउँछ । त्यसैगरी विभिन्न किसिमका सामग्रीहरूको प्रयोगबाट गरिने शिक्षणसिकाइमा बहुचेतनाको उपयोग हुने र एउटा चेतनाले सङ्ग्रह गरेका सूचना वा ज्ञानलाई अर्को चेतना ग्रन्थिले तुलना गर्दै सही सूचनाका तथ्यहरू मस्तिष्कमा पुग्दछ । यसबाट सिकाइ दिगो र आत्मविश्वासका साथ अर्को नयाँ परिस्थितिमा सहज तरिकाबाट प्रयोग गर्न सक्षम बनाउँछ । यदि सक्षमतामा आधारित शिक्षणसिकाइ सिद्धान्तलाई अनुसरण गर्ने हो र बालकेन्द्रित शिक्षणसिकाइको पद्धतिलाई आधार मानेका आवस्थामा गरिने शिक्षणसिकाइमा शैक्षिक सामग्रीहरूको प्रयोग अझ गम्भीर हुन्छ ।

शैक्षिक सामग्रीहरू सकेसम्म स्थानीय स्तरमा उपलब्ध हुन सक्ने न्यून मूल्य पर्ने तथा मूल्य नपर्ने एवम् वातावरणमा खेर गएका वस्तुहरूलाई प्राथमिकताका साथ उपयोगमा ल्याउन सकिन्छ ।

शिक्षण सहयोगीका रूपमा प्रयोग गरिने दृश्य सामग्रीहरू र तिनका विशेषताहरू

- भाषा शिक्षणका लागि चार्टहरू, फ्लास कार्डहरू
- तस्विरयुक्त चार्टहरूले विद्यार्थीहरूलाई छलफलका माध्यमबाट भाषाका सुनाइ र बोलाइ सीप विकासमा सक्षम बनाउन सघाउँछ । पाठलाई जीवनसँग सम्बन्धित गर्ने र पढाइने विषयवस्तुलाई वास्तविकताको चेतना दिन, रुचिलाई प्रोत्साहित गर्न र सही प्रभावको सिर्जना गर्न यस्ता तस्विरयुक्त चार्टले सघाउँछ ।
- खुला क्रियाकलापहरूको योजनाका लागि फ्लास कार्डहरूले सघाउँछ । यस्ता चार्टहरू बालबालिकाहरूलाई आकर्षण गर्न र वास्तविकताको नजिक पुग्न एवम् धारणाहरूलाई स्पष्ट पार्न रङ्गीन बनाउनु राम्रो हुन्छ ।

तीन आयामिक आकृतिहरूका धारणा दिन मोडेलहरूको विकास गर्नुपर्दछ । सबै खाले शैक्षिक सामग्रीहरू विकास गर्दा निम्नलिखित पक्षलाई ध्यान दिनु जरुरी हुन्छ :

- शुद्धता, सान्दर्भिकता, बोधगम्यता, रुचियुक्तता, उत्प्रेरणायुक्त तथा वास्तविकतायुक्त हुनु पर्दछ ।

सबै दृश्यसामग्रीहरू निम्नानुसारका लागि तयार पार्नुपर्दछ :

- विद्यार्थीहरूलाई रुचि जगाउने र उत्प्रेरित गर्न सक्ने हुनुपर्दछ ।
- धारणाहरूलाई ठोस रूपमा उतार्न सक्ने हुनुपर्दछ ।
- नयाँ तथा ऐतिहासिक सामग्रीहरूको प्रस्तुति गर्दा राम्रो हुन्छ ।

- वास्तविक रूपमा पुग्न र अवलोकन गर्न नसकिने तथा माइक्रोस्कोपिक वस्तुहरूका सूचनाहरू दिनका लागि यस्ता सामग्रीहरू प्रस्तुत गर्नु अत्यावश्यक हुन्छ ।
- कुनै विषयवस्तुको धारणागत सार दिन सक्ने हुनुपर्दछ ।
- समूहको माध्यमबाट सक्रिय सिकाइलाई प्रोत्साहित गर्ने खालको हुनुपर्दछ ।

**पाठ्यक्रम, पाठ्यपुस्तक**

पाठ्यक्रमले पठनपाठनका लागि प्रयोग गरिने ज्ञानका क्षेत्रहरू, त्यसको प्रसारणका क्षेत्रहरू र सिकाइको सुनिश्चित गर्ने तौरतरिकाहरू समावेश गरी त्यसबाट कुन तह र स्तरका सिकारुले कुन स्तरको कति ज्ञान, सीप र प्रवृत्ति सिक्नुपर्दछ भन्ने कुरा स्पष्ट पार्दछ । बालकेन्द्रित शिक्षणसिकाइमा आधारित पाठ्यक्रमले दूरविनबाट बालकलाई हेरेर उसको वर्णन गरेजस्तै गरी केन्द्रमा बालबालिका रहन्छन् । बालमनोविज्ञान, बालविकासका अवस्थाहरू तथा विशेषताहरू समेतलाई आधार सिद्धान्तका रूपमा लिइ बालबालिकाहरूका रुचि, क्षमतालाई समेत ध्यान पुऱ्याइ विषयवस्तुहरूको चयन गरिएको हुन्छ । एउटा राम्रो बालमैत्री पाठ्यक्रमले निम्नलिखित विशेषताहरू बोकेको हुन्छ :

- यसमा राखिएका सामग्रीहरू तार्किक रूपमा क्रम मिलाएर राखिएको हुन्छ जसमा ठोसबाट साङ्केतिक, सरलबाट जटिल, परिचितबाट अपरिचित एवम् साधारणबाट विशिष्टका क्रममा विषयवस्तुहरू पस्किएका हुन्छन् ।
- विषयवस्तुहरू लम्बीय तथा क्षितिजीय रूपमा सम्बन्धित गरिएका र पाठ्यक्रमका उद्देश्यहरूसँग मेल खानेगरी प्रस्तुत गरिएका हुन्छन् ।
- विषयवस्तुको वैधता उच्च राखिए तापनि निश्चित समयावधिमा पूरागर्ने गरी राखिएका हुन्छन् ।
- पाठ्यक्रमका संज्ञानहरू बालबालिकाहरूका संज्ञानको तह र उनीहरूका मनोविज्ञानका आवश्यकतासँग मिल्ने गरी रहेका हुन्छन् ।
- विषयवस्तुहरूले बालबालिकाहरूलाई व्यावहारिक र प्रयोगयुक्त अनुभवहरू दिन्छ जसमा गुणात्मक जीवनको सुधारका लागि विशेष सन्दर्भ उपलब्ध गराउँछ ।
- यसले बालबालिकाहरूको शिक्षाका लागि आवश्यक पूर्वाधारहरूसँग मेल खान्छ ।
- छानिएका विषयवस्तुहरूले व्यक्ति र समुदायका आवश्यकताहरूसँग सम्बन्धित सीपहरू, रुचिहरू तथा प्रवृत्तिहरूको विकासका लागि प्रसस्त अवसरहरू प्रदान गर्दछ ।
- यी सामग्रीहरूले समुदायका सामाजिक, आर्थिक, सांस्कृतिक तथा आध्यात्मिक पक्षहरूको प्रतिविम्वन गर्नुका साथै देशभित्रका विभिन्न पेसा, व्यवसायहरूका बारेमा सचेतना प्रदान गर्दछ ।
- सिकाइका अनुभवहरू शिक्षणसिकाइ विधि तथा तौरतरिका एवम् मनोवैज्ञानिक सिद्धान्तहरूको परिफेरीमा रहेका हुन्छन् ।

- स्थानीय परिवेससँग मेलखाने गरी बालअधिकार, महिला तथा मानव अधिकारका अवयवहरूलाई प्रतिविम्बन गर्ने गरी सामग्रीहरूको व्यवस्थापन गरिएको हुन्छ ।
- राखिने सामग्रीहरूलाई स्तरीयता दिन विभिन्न उपयोगी रङ तथा स्तरअनुसार आकारप्रकारको सही प्रयोग गर्ने प्रयास गरिएको हुन्छ ।
- राखिएका सामग्रीहरूले सोचाइ क्षमता विकास गर्न र समस्या समाधानबाट विद्यार्थीहरूको सिर्जनशीलतालाई बढाउन प्रोत्साहन गर्ने खालका हुन्छन् ।
- प्रस्तुत गरिएका विषयवस्तुहरू तथा क्रियाकलापहरूलाई सबैको सहभागिता रहने र सिकारुमैत्री हुने सिद्धान्तलाई आधार मानी तयार गरिएको हुन्छ ।

सन्दर्भ सामग्री

सन्दर्भ सामग्रीका रूपमा कक्षा, तह तथा विषयवस्तुहरू पठनपाठन तथा क्रियाकलापहरू तयार गर्नका लागि तोकिएका पाठ्यक्रम, पाठ्यपुस्तकबाटमात्र सबै विषयवस्तुहरू नपुग्न सक्दछन् । शिक्षकले आफ्नो परिवेश विद्यार्थीहरूको रुचि, आवश्यकता, सिकाइको स्तर आदिका आधारमा मिल्दा विषयवस्तुहरू अन्य स्रोतबाट पनि लिन सक्दछन् । जस्तै पत्रपत्रिका, विभिन्न प्रकाशनका अन्य पाठ्यपुस्तकहरू, इन्टरनेटबाट प्राप्त गर्न सकिने विभिन्न विषयवस्तुहरू, चित्र, चार्ट, नक्सा जस्ता थप सामग्रीहरूको प्रयोग गर्न सक्दछन् । यस्ता सबै सामग्रीहरू सन्दर्भ सामग्रीका रूपमा लिने गरिन्छ । यसरी हरेक प्रकारको सामग्री छनोट र प्रयोग गर्ने क्रममा बालकेन्द्रित वातावरण अनुकूल छ छैन भन्ने कुरा भने हरेक शिक्षकले सम्वेदनशील भएर चिन्तन गर्नु आवश्यक हुन्छ ।

घ) विभिन्न विषयमा प्रयोग गर्न सकिने सामग्रीहरू

१. नमुना घडी

आवश्यक कच्चा वस्तु: प्लाइउड वा बाक्लो कागज, कम्पास, पेन्सिल, साइन पेन, कैंची, हेक्स, पिन, खाग्सी, रुलर आदि ।

नमुना घडी प्रयोग गरी विद्यार्थीहरूलाई समयको बारेमा धारणा निर्माण गराउन सकिन्छ । अङ्ग्रेजी भाषा, नेपाली भाषा तथा अन्य भाषा, सामाजिक शिक्षा, गणित र विज्ञान विषय शिक्षणका क्रममा पनि नमुना घडी प्रयोग गर्न सकिन्छ ।

२. तराजु

आवश्यक कच्चा वस्तु: प्लाइउडको गोलकार पाता वा प्लास्टिकको प्लेट, धागो वा मसिनो डोरी, पेन्सिल, सीधा लठ्ठी, हेक्स, खाग्सी, रुलर आदि ।

प्लाइउड वा प्लास्टिक प्लेट वा कुटबाट तराजुको प्यान तयार गर्न सकिन्छ । सीधा लठ्ठीमा धागो वा मसिनो डोरीले बाँधेर सन्तुलन हुने गरी प्यान झुन्ड्याउन सकिन्छ । तराजु प्रयोग गरी गणित विषयमा असमानता, समीकरणको धारणा निर्माण गराउन सकिन्छ । विज्ञान विषयमा तौलको धारणा दिन तराजु प्रयोग गरिन्छ ।

३. गोजी तालिका (पकेट चार्ट)

आवश्यक कच्चा वस्तु: कार्डबोर्ड पेपर वा सेतो कपडा, कैंची, सियो धागो (कपडा भएमा), रुलर, स्टिच मेसिन, गम, पेन्सिल, साइन पेन, सीधा लठ्ठी, मसिनो डोरी आदि ।

सेतो कपडामा गोजीहरू राखेर वा कार्डबोर्ड पेपरलाई पट्याई गोजीतातिका निर्माण गर्न सकिन्छ । अङ्ग्रेजी, नेपाली तथा अन्य भाषाशिक्षणमा, सामाजिक शिक्षा शिक्षणमा पकेट चार्टको प्रयोग गरिन्छ । गणित विषयमा स्थान मानको धारणा दिन स्थानमान पकेट चार्टको प्रयोग गरिन्छ ।

४. फ्लिपचार्ट

आवश्यक कच्चा वस्तु: कार्डबोर्ड पेपर, कैंची, रुलर, पन्चिङ मेसिन, पेन्सिल, साइनपेन, प्लास्टिकका चुरा वा अन्य खालका रिङहरू आदि ।

कार्डबोर्ड पेपरमा चार्टहरू तयार गरी प्वाल पारेर प्लास्टिकका चुरा वा अन्य कुनै रिङ घुसारी पल्टाउन मिल्ने बनाई फ्लिपचार्ट तयार गर्न सकिन्छ । अथवा बजारमा उपलब्ध हुने स्पाइरल बाइन्डिङ गरेर पनि फ्लिपचार्ट बनाउन सकिन्छ । फ्लिपको अर्थ पल्टाउनु भन्ने हुन्छ । अर्थात् क्रमशः पल्टाउन मिल्ने गरी तयार गरिएको चार्टहरूको सङ्गलो नै फ्लिपचार्ट हो । फ्लिपचार्ट तयार गरी विभिन्न विषयका विभिन्न विषयवस्तुहरूको धारणा दिन सकिन्छ ।

५. शब्दपतीहरू/वाक्यपतीहरू

आवश्यक कच्चा वस्तु: कार्डबोर्ड पेपर, रुलर, कैंची, साइन पेन आदि ।

कार्डबोर्ड पेपर काटेर भाषाशिक्षणका लागि आवश्यक शब्दपत्तीहरू तथा वाक्यपत्तीहरू तयार गर्न सकिन्छ ।

६. फलानेल बोर्ड

आवश्यक कच्चा वस्तु: फलाटिनको कपडा, आयताकार प्लाइउड वा लट्ठीहरू, सियो, धागो, कैंची, रुलर, खाग्सी आदि ।

फलाटिनको कपडाबाट फलाटिन बोर्ड तयार गरिन्छ । फलाटिनको कपडाले आयताकार प्लाइउडलाई बेरेर वा आयताकार फलाटिनको कपडाको दुई विपरीत किनारामा काठको लट्ठी राखेर फलानेल बोर्ड तयार गर्न सकिन्छ । यसमा विभिन्न खालका चार्ट, पत्ती, चित्रहरू खाग्सीको माध्यमबाट अड्याई कक्षाशिक्षणका समयमा प्रदर्शन गर्न सकिन्छ ।

७. रुलर

आवश्यक कच्चा वस्तु: काठको लिस्टी, रुलर, कलम, खाग्सी, हेक्स, रुलर, पेन्सिल आदि ।

काठको लिस्टीबाट रुलर तयार पारी विभिन्न वस्तुहरूको वा स्थानको लम्बाइ, चौडाइ, उचाइ नाप्ने तरिका सिकाउन सकिन्छ ।

८. विभिन्न खालका चित्र, चार्ट, फोटोहरू

आवश्यक कच्चा वस्तु: कार्डबोर्ड पेपर, साइनपेन, रुलर, पेन्सिल आदि ।

विभिन्न विषयका विभिन्न विषयवस्तुका लागि आवश्यक चित्र तथा चार्टहरू तयार पारी शिक्षणमा प्रयोग गर्न सकिन्छ । कतिपय चित्र वा चार्टहरू पत्रपत्रिका वा समाचारपत्रहरूबाट काटेर पनि निकाल्न सकिन्छ ।

गणित विषयका लागि आवश्यक सामग्रीहरू

१. जियोबोर्ड/पिनबोर्ड

आवश्यक कच्चा वस्तु: प्लाइउड, आधा इन्चका किलाहरू, ह्यामर, खाग्सी, रबरब्यान्ड, ग्राफपेपर, कम्पास, रुलर, पेन्सिल, साइनपेन ।

वर्गाकार प्लाइउडमा १२१ ओटा आधा इन्चका किलाहरू वर्गाकार रूपमा ठोकेर जियोबोर्ड तयार गरिन्छ । जियोबोर्डमा रबर ब्यान्ड प्रयोग गरी पूर्णसङ्ख्याका चार साधारण क्रियाहरू (जोड, घटाउ, गुणन, भाग), भिन्न तथा दशमलवका चार साधारण क्रियाहरू, ज्यामितीय आकारहरू (त्रिभुज, चतुर्भुज, आयात, वर्ग, समानान्तर चतुर्भुज, अन्य बहुभुजहरू) तथा तिनको वर्गीकरणको धारणा दिन सकिन्छ ।

२. ठोस वस्तुहरूका नेट (जाली) र नमुनाहरू (कागज/काठबाट बनेका)

आवश्यक कच्चा वस्तु: घन, टेट्राहेड्रन, अक्टाहेड्रन, पिरामिड, प्रिज्म आदिका नेट कागजमा खिच्न सकिन्छ भने ती वस्तुका नमुनाहरू काठ वा कागजबाट तयार गर्न सकिन्छ ।

३. ठोस वस्तुका खोक्रा नमुनाहरू (स्केलेटन)

आवश्यक कच्चा वस्तु: घन, टेट्राहेड्रन, अक्टाहेड्रन, पिरामिड, प्रिज्म आदिका खोक्रा नमुना (स्केलेटन) छ्वाली (स्ट्र) वा सिन्का र धागो आदि । मसिना आलु र बाँसका सिन्का वा टुथ पिक्सले पनि ठोस वस्तुका खोक्रा नमुना तयार पार्न सकिन्छ ।

४. टेनग्राम

आवश्यक कच्चा वस्तु: पातलो प्लाइउड, हेक्स, कैंची, रुलर, पेन्सिल, साइनपेन, सेट स्क्वाएर, खाग्सी, किला, फेविकोल इत्यादि ।

प्लाइउड वा कुट कागज काटेर टेनग्राम तयार गर्न सकिन्छ । तयारी अवस्थाका टेनग्रामहरू बजारमा किन्न पनि पाइन्छ । यसबाट ज्यामितीय आकारहरूको धारणा दिन सकिन्छ । यसबाहेक विभिन्न आकर्षक चित्रहरू पनि तयार गर्न सकिन्छ । यसलाई पजलको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

५. सङ्ख्या रेखाहरू

आवश्यक कच्चा वस्तु: कार्डबोर्ड वा काठका तिस्टीहरू, कलर साइनपेन, खाग्सी आदि ।

काठको रुलर वा बाक्लो कागजबाट सङ्ख्या रेखाहरू तयार पार्न सकिन्छ । यसको माध्यमबाट पूर्ण सङ्ख्या, भिन्न तथा दशमलवका आधारभूत क्रियाहरू शिक्षण गर्न सकिन्छ ।

६. घुम्ने ज्यामितीय नमुनाहरू (मेकानो स्ट्रिप्स)

आवश्यक कच्चा वस्तु: लिस्टी, खाग्सी, पेचकिला, नट, नाप्ने फिता, धागो, काठको टुक्रा, प्रोट्याक्टर, हेक्स, रुलर, पेन्सिल, साइनपेन, इत्यादि ।

काठका लिस्टीहरूमा पेचकिला र नट राखेर घुम्ने ज्यामितीय नमुनाहरू (मेकानो स्ट्रिप्स) तयार गर्न सकिन्छ । यसबाट कोण, त्रिभुज तथा तिनको वर्गीकरण, वर्ग, आयातको धारणा दिन सकिन्छ ।

८. एबाकस

आवश्यक कच्चा वस्तु: काठको फलेक, ह्यामर, किला आदि ।

काठको टुक्रामा किला ठोकी साधारण एबाकस तयार पार्न सकिन्छ । यसबाट स्थानमान तथा सङ्ख्याका चार साधारण क्रियाहरूको धारणा दिन सकिन्छ ।

९. सिन्काहरू

आवश्यक कच्चा वस्तु: सिन्काहरू, धागो वा रबर ब्यान्ड आदि ।

सिन्काहरूको दसदसओटाको मुठा बनाई स्थानमान तथा सङ्ख्याका चार साधारण क्रियाहरूको धारणा दिन सकिन्छ ।

१०. बेस टेन ब्लकहरू/पत्तीहरू

काठबाट वेसटेन ब्लकहरू तयार पार्न सकिन्छ । बाक्लो कागजबाट वेसटेन पत्तीहरू तयार पार्न सकिन्छ । यसबाट स्थानमान तथा सङ्ख्याका चार साधारण क्रियाहरूको धारणा दिन सकिन्छ ।

११. ग्रुबी बोर्ड

कार्डबोर्ड पेपरलाई कैंचीले काटेर स्ट्रिप्स निकाली पन्चीङ मेसिनबाट प्वाल पारेर ग्रुबीबोर्ड तयार पार्न सकिन्छ । यसबाट जोड, घटाउ, गुणन, भागको धारणा दिन सकिन्छ ।

१२. भिन्न चार्ट तथा नमुनाहरू

आवश्यक कच्चा वस्तु: कार्डबोर्ड, कैंची, रुलर, साइनपेन, पेन्सिल, ट्रान्सपरेन्सी सिट आदि ।

कार्डबोर्ड पेपरबाट विभिन्न खालका भिन्न चार्ट तथा नमुनाहरू तयार पार्न सकिन्छ । ट्रान्सपारेन्ट सिटबाट भिन्नको गुणनको धारणा दिन सकिन्छ ।

१३. सममिति नमुनाहरू

ऐना, धागो, मसी, पिन, कैंची, कार्बनपेपर, कागजको पाना प्रयोग गरी विभिन्न किसिमका सममिति नमुनाहरू तयार पार्न सकिन्छ ।

१४. कागजको चाँद (कागजको पाना, कैंची)

आवश्यक कच्चा वस्तु: कैंची, कागजका पाना आदि ।

कागजको पाना पट्याएर अर्धवृताकार आकारमा काटी १५$^{\circ}$ का मल्टिपल कोणहरू नाप्न मिल्ने चाँद तयार पार्न सकिन्छ ।

विज्ञान विषयका लागि आवश्यक सामग्रीहरू

१. स्वासप्रस्वासको नमुना

स्लाइनको पाइप, बेलुन, बोतल, धागो, कर्क, किला प्रयोग गरी स्वास प्रस्वासको नमुना तयार पार्न सकिन्छ ।

२. फिल्टरको नमुना

मिनरल वाटरको बोतल काटेर त्यसमा कोइला, रोडा, वालुवा राखी फिल्टर तयार गर्न सकिन्छ ।

३. चार्टहरू (सौर्यमण्डल, जीवनचक्र, सन्तुलित भोजन, मौसमी, जलचक्र आदि)

कार्डबोर्ड पेपरमा विभिन्न चार्टहरू बनाई कक्षाशिक्षणमा प्रयोग गर्न सकिन्छ ।

४. हर्बेरियम

हर्बेरियम बनाउनका लागि विरुवाहरू सङ्कलन गरी पुरानो पत्रिकामा एकहप्ता जति (सुख्खा नहुन्जेल) चापेर राख्नुपर्दछ । त्यसपछि कार्डबोर्ड पेपर चार फोल्ड गरी पट्याएर एकातिर स्टिच गरी अन्य तिनतिर कैंचीले काटेर फाइल तयार गर्न सकिन्छ । उक्त फाइलमा सुख्खा विरुवा राखेर सेलोटेपले अड्याई हर्बेरियम तयार गर्न सकिन्छ ।

५. भूक्षय नमुना

दुईओटा टिनको बट्टा लिई एउटामा माटो र अर्कोमा झारसहितको माटो (चपरी) राखी कुनै भाँडोबाट बराबर समय पानी खन्याउँदा कुन चाहिँ बट्टाबाट बढी माटो बग्यो भन्ने कुरा देखाउन सकिन्छ ।

६. रक किट बक्स

फोटो रिलको बट्टामा विभिन्न किसिमका चट्टान सङ्कलन गरी काठको बट्टामा राखी रक किट बक्सको नमुना तयार पार्न सकिन्छ ।

७. ह्यान्डलेन्स

जलेको चिमबाट साबधानीपूर्वक भित्रको तार हटाई त्यसमा पानी भरेर स्टेरियो फोमबाट बिर्को लगाई ह्यान्डलेन्स तयार गर्न सकिन्छ । बजारबाट कम मूल्यमा नै ह्यान्डलेन्स खरीद गरी प्रयोग गर्न पनि सकिन्छ।

१०. स्प्रिट बर्नर

मसीको सिसीमा स्पिरिट राखी बिर्कोमा धागोबाट बत्ती तयार गरी स्प्रिट ल्याम्प बनाउन सकिन्छ ।

११. पृथ्वीको मोडेल

कुनै गोलो बस्तु प्रयोग गरी पृथ्वीको मोडेल तयार गर्न सकिन्छ ।

१२. बोतलबाट सोली, विकर र नाप्ने सिलिन्डर

बोतलको साँगुरो भाग काटेर निकाली सोली, विकर र नाप्ने सिलिन्डर तयार गर्न सकिन्छ ।

१३. धागो र बट्टाबाट टेलिफोन

दुईओटा बट्टामा प्वाल पारी धागो अड्याएर टेलिफोन तयार गर्न सकिन्छ ।

नेपाली विषयका लागि आवश्यक सामग्रीहरू

१. शब्दपत्तीहरू
२. वाक्यपत्तीहरू
३. फ्लानेल बोर्ड
४. फ्लिपचार्ट
५. स्वरवर्ण र व्यञ्जनवर्ण चार्ट
६. वर्णपत्तीहरू
७. टुक्रे अक्षरहरू
८. गोजीतालिका
९. कोठेपद
१०. चित्र, फोटो, चार्ट आदि ।

कार्डबोर्ड पेपरबाट यी माथिका सम्पूर्ण सामग्रीहरू तयार पार्न सकिन्छ ।

सामाजिक विषयका लागि आवश्यक सामग्रीहरू

१. विभिन्न खालका नक्साहरू

ग्राफपेपर वा कार्डबोर्ड पेपरमा नक्साहरू खिच्ने अभ्यास गराउन सकिन्छ । तयारी नक्साहरू बजारबाट खरीद गरी प्रयोग गर्न सकिन्छ ।

२. चित्रहरू

विभिन्न खालको कागजमा चित्रहरू कोरेर कक्षाशिक्षणमा प्रयोगमा ल्याउन सकिन्छ । पत्रपत्रिका, पुस्तकबाट पनि चित्रहरू सङ्कलन गर्न सकिन्छ ।

३. समय रेखा

कार्डबोर्ड पेपर वा काठको रुलरमा समय रेखा खिच्न सकिन्छ ।

४. ग्राफ तथा चार्टहरू

५. ग्लोब

५. फोटोहरू

६. Picture diary

७. वृक्ष चार्ट

८. टेम्प्लेटहरू

९. मोडेलहरू

आवश्यक कच्चा वस्तु: बाक्लो कुट वा प्लाइउड, हेक्स, कैंची, रुलर, खाग्सी आदि ।
बाक्लो कुट वा प्लाइउडबाट विभिन्न टेम्प्लेटहरू तयार पार्न सकिन्छ ।

ग्रेजी विषयका लागि आवश्यक सामग्रीहरू

1. Sentence chart
2. Phonic wheel
3. Word cards
4. Sound cards
5. Letter charts
6. Flanel board
7. Pocket chart
8. Model of clock
9. Flip chart
10. Realia
11. Puppets
12. Cutouts

आवश्यक कच्चा वस्तु: कार्डबोर्ड पेपर, कैंची, रुलर, साइन पेन, गम, पिन, कम्पास आदि ।
कार्डबोर्ड पेपरबाट यी सम्पूर्ण सामग्रीहरू तयार पार्न सकिन्छ ।

शिक्षणसिकाइ क्रियाकलापहरू सधैं एकै खाले सामग्री र तरिकाबाट मात्र नगरी विविधता ल्याउनु आवश्यक हुन्छ । हरेक विद्यार्थीहरूमा देखिने विविधतालाई सम्मान गर्ने र हरेक बालकको सिक्ने फरक तरिकालाई अवसरको रूपमा लिएर शिक्षणसिकाइको वातावरण सिर्जना गर्न शैक्षिक सामग्रीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

यसैले कस्तो शैक्षिक सामग्री बढी प्रभावकारी हुन्छ भनेर थाहा पाउन त्यो सामग्री प्रयोग गर्नेको रुचि, स्तर र सिकाइशैली तथा उसमा भएको बहुबौद्धिकताले महत्त्व राख्दछ ।
मानवमा रहेको पाँचओटा चेतना ग्रन्थिहरू जसका माध्यमबाट सूचनाहरू मस्तिष्कसम्म पुऱ्याउन सहयोग पुग्दछ । जस्तै, छोएर, सुँघेर, चाखेर, हेरेर, सुनेर । सुनेर भन्दा हेरेर बढी बुझाइ छिटो हुन्छ भने गरेर सिक्दा सिकाइमा स्थायित्व आउँछ । त्यसैले सिकाइलाई जति बढी चेतना ग्रन्थिको उपयोग गरी सिक्ने अवसर प्रदान गर्न सक्यो त्यति नै सिकाइ प्रभावकारी र अर्थपूर्ण हुन्छ ।

संविधान देशको मूल कानुन हो । देशमा बन्ने अन्य ऐन कानुनहरू संविधानबाट नै निर्देशित हुन्छन् । कानुनहरू संविधानसँग बाझिएमा त्यस्ता कानुन स्वत: अमान्य हुन्छन् ।

नेपालको अन्तरिम संविधान, २०६३ मा २०६२/०६३ मा सम्पन्न दोस्रो जनआन्दोलन र तात्कालिन सात राजनैतिक दलहरू र नेकपा माओवादीबीच सम्पन्न शान्ति सम्झौता पश्चात् प्राप्त उपलब्धिलाई संस्थागत गर्ने क्रममा बनाइएको संविधान हो । यो संविधान २०६३ माघ १ गते घोषणा भई लागू भएको हो । यो संविधान २०६८ मङ्सिर १३ गतेसम्म ११ पटक संशोधन भइसकेको छ । यसका प्रमुख विशेषताहरू निम्नानुसार रहेका छन् :

- तात्कालीन सात राजनीतिक दल र नेकपा माओवादी बीचको सम्झौताको दस्तावेज
- नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रूपमा पहिलोपटक घोषणा
- सार्वभौमसत्ता जनतामा निहित
- जनताबाट घोषित पहिलो संविधान
- नयाँ संविधान बनाउन संविधान सभाको व्यवस्था
- मानव अधिकार आयोगलाई पहिलोपटक संवैधानिक अङ्गको रूपमा व्यवस्था
- आलङ्कारिक राष्ट्रपति र कार्यकारी मन्त्रिपरिषद्को व्यवस्था
- नेपालमा बोलिने सबै भाषालाई राष्ट्र भाषाको रूपमा मान्यता
- माध्यमिक तहसम्मको शिक्षालाई कानुनमा व्यवस्था भएबमोजिम नि:शुल्क शिक्षा पाउने हकको व्यवस्था
- शक्ति पृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्तमा आधारित
- राज्यको सबै अङ्गहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता
- राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाउन नपाइने व्यवस्था
- माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापनाका निम्ति विशेष समिति बनाउने व्यवस्था
- लचिलो संविधान
- धर्मनिरपेक्षतामा आधारित

क) मौलिक हक

नेपालको अन्तरिम संविधानको भाग ३ मा विभिन्न २१ ओटा मौलिक हकको व्यवस्था गरिएको छ । जुन निम्नानुसार रहेका छन् :

धारा - १२ : स्वतन्त्रताको हक

- सम्मानपूर्व बाँच्न पाउने हक
- मृत्युदण्डको सजाय हुने गरी कानुन नबनाइने

- प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिमा स्वतन्त्रता
- बिना हातहतियार भेला हुने स्वतन्त्रता, राजनैतिक दल खोल्ने स्वतन्त्रता, सङ्घसंस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवतजावत गर्ने र पेसा, रोजगार, उद्योग, व्यापार गर्ने स्वतन्त्रता हुने
- सङ्कटकालको समयमा माथि उल्लेखित मध्ये केही हकहरू प्रतिबन्धित हुन सक्ने र कानुन बनाएर पनि केहीमा प्रतिबन्ध लगाउन सकिने

धारा - १३ : समानताको हक

- कानुनको दृष्टिमा सबै नागरिक समान हुने
- कानुनको संरक्षणबाट कसैलाई पनि वञ्चित नगरिने
- धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा, वैचारिक आस्थाको आधारमा भेदभाव नगरिने
- महिला, दलित, आदिवासी, जनजाति, मधेसी, किसान, मजदुर, पिछडिएको वर्ग, बालक, वृद्ध, अपाङ्ग, अशक्तको संरक्षण, सशक्तीकरण र विकासका लागि विशेष व्यवस्था गर्न सकिने
- समान कामका लागि महिला र पुरुषबीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने

धारा - १४ : छुवाछुत तथा जातिय भेदभाव विरूद्धको हक

- कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय, पेसाको आधारमा छुवाछुत र जातीय भेदभाव गर्न नपाइने
- जातीय भेदभाव गरेमा दण्डनीय हुने
- जातजातिको आधारमा प्रयोगमा रहेका सार्वजनिक सेवा, सुविधा उपयोग गर्न, धार्मिक कार्य गर्न बाट वञ्चित गर्न नपाइने
- वस्तु, सेवा, सुविधा, उत्पादन गर्न वा बिक्री वितरण गर्न जातजातिको आधारमा रोक लगाउन नपाइने
- जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने

धारा - १५ : प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक

- सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्वप्रतिबन्ध नलगाइने
- छापाखाना तथा सञ्चार माध्यमको बन्द, जफत वा दर्ता खारेज नगरिने
- कानुनबमोजिम बाहेक छापाखाना, सञ्चार माध्यमलाई अवरूद्ध नगरिने

धारा - १६ : वातावरण तथा स्वास्थ्यसम्बन्धी हक

- प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक
- आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक

धारा - १७ : शिक्षा तथा संस्कृतिसम्बन्धी हक

- मातृभाषामा आधारभूत शिक्षा पाउने हक
- कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक
- प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक

धारा - १८ : रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी

- कानुनमा व्यवस्था भएबमोजिम रोजगारी प्राप्त गर्ने हक
- महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहायको सामाजिक सुरक्षाको हक
- प्रत्येक नागरिक्लाई खाद्य सम्प्रभुताको हक

धारा - १९ : सम्पत्तिको हक

- प्रत्येक नागरिक्लाई सम्पत्ति आर्जन, भोग, बेचविखन र कारोवार गर्ने हक
- सार्वजनिक हितबाहेक राज्यले व्यक्तिगत सम्पति अधिग्रहण नगर्ने

धारा - २० : महिलाको हक

- महिला भएका कारणले भेदभाव नगरिने
- प्रत्येक महिलालाई प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने
- महिला विरूद्ध हुने शारीरिक, मानसिक तथा हिंसा गरेमा दण्डनीय हुने
- पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक हुने

धारा - २१ : सामाजिक न्यायको हक

- पछिपरेका समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुन पाउने हक

धारा - २२ : बालबालिकाको हक

- पहिचान र नामको हक
- पालनपोषण, स्वास्थ्य र सामाजिक सुरक्षाको हक
- शारीरिक, मानसिक र शोषण विरूद्धको हक
- असहाय, अनाथ, द्वन्द्वपिडित, विस्थापित, सडक बालबालिका, सुस्तमनस्थितिका बालबालिकालाई विशेष सुविधा पाउने हक
- बालश्रम विरूद्धको हक

धारा - २३ : धर्मसम्बन्धी हक

- परापूर्वदेखि चलिआएको धर्म अवलम्बन र संरक्षण गर्न पाउने हक
- धार्मिकस्थल र धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक

धारा - २४ : न्यायसम्बन्धी हक

- पक्राउको कारणसहित सूचना नदिई थुनामा राख्न नपाइने
- कानुन व्यवसायीसँग सल्लाह लिन पाउने हक
- पक्राउ गरेमा व्यक्तिलाई २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने
- असमर्थ पक्षलाई नि:शुल्क कानुनी सेवा पाउने हक

धारा - २५ : निवारक नजरबन्द विरूद्धको हक

- देशको सार्वभौमसत्ता र अखण्डता, शान्ति व्यवस्थामा खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राख्न नपाइने
- कानुन विपरीत नजरबन्द राखेमा कानुनद्वारा तोकिएबमोजिम क्षतिपूर्ति पाउने व्यवस्था

धारा - २६ : यातना विरुद्धको हक

- थुनामा रहेको व्यक्तिलाई शारीरिक, मानसिक यातना दिन नपाइने
- यातना दिएमा क्षतीपूर्ति दिनुपर्ने

धारा - २७ : सूचनाको हक

- सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुने
- कानुनद्वारा गोप्य राख्नुपर्ने सूचना दिन कर नलगाउने

धारा - २८ : गोपनीयताको हक

- व्यक्तिको जीउ, आवास, सम्पति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनीयता अनतिक्रम्य हुने

धारा - २९ : शोषण विरूद्धको हक

- प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुने
- कसैलाई शोषण गर्न नपाइने
- मानिसलाई बेचबिखन गर्न, दास वा बाधा बनाउन नपाइने
- इच्छा विरुद्ध काममा लगाउन नपाइने

धारा - ३० : श्रमसम्बन्धी हक

- प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रमको हक हुने
- कामदार र कर्मचारीलाई ट्रेड युनियन खोल्ने र सामूहिक सौदाबाजी गर्ने हक हुने

धारा - ३१ : देश निकाला विरूद्धको हक

- कुनै पनि नागरिकलाई देश निकाला गर्न नपाइने

धारा - ३२

- मौलिक हकहरू प्राप्त नभएमा अदालतमा रिट निवेदन हाली प्राप्त गर्न सकिने ।

नेपालको अन्तरिम संविधान, २०६३ ले माथि उल्लिखित नयाँ आठ र २०४७ को संविधानमा रहेका १३ ओटा केही संसोधनसहित मौलिक हकहरूको व्यवस्था गरेको छ । यी मौलिक हकहरूको जानकारी लिने र आफूले वा अन्य व्यक्तिले प्राप्त नगरेको भए प्राप्त गर्नका लागि कोसिस गर्नुपर्दछ ।

ख) कार्यपालिकासम्बन्धी व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ५ मा कार्यपालिकासम्बन्धी व्यवस्था गरिएको छ । धारा ३७ देखि ४४ सम्म गरिएको उक्त व्यवस्थामा मुख्य रूपमा निम्नलिखित कुरा रहेका छन् :

- कार्यकारिणी अधिकार मन्त्रीपरिषद्मा रहने

- शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन मन्त्रीपरिषद्ले गर्ने
- राजनैतिक सहमतिका आधारमा प्रधानमन्त्री र मन्त्रीपरिषद्को गठन हुने । सहमति हुन नसकेमा व्यवस्थापिका संसदबाट बहुमतको आधारमा प्रधानमन्त्री निर्वाचित हुने
- मन्त्रीपरिषद्मा उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरू आवश्यकतानुसार रहने
- व्यवस्थापिका संसदको सदस्य नभएका व्यक्ति पनि मन्त्रीमा नियुक्त हुन सक्ने
- प्रधानमन्त्री र अन्य मन्त्रीहरूको पारिश्रमिक ऐनद्वारा निर्धारण भएबमोजिम हुने
- प्रधानमन्त्रीले राष्ट्रपतिसमक्ष र अन्य मन्त्रीले प्रधानमन्त्रीसमक्ष पद र गोपनियताको सपथग्रहण गर्नुपर्ने
- सहमतिको आधारमा सरकारले कार्यक्रम सञ्चालन गर्ने
- शारांशमा कार्यपातिकाले देशको शासन सञ्चालन गर्ने, नियम कानुन तर्जुमा गरी व्यवस्थापिकासमक्ष स्वीकृतिका लागि पेश गर्ने एवम् अन्य प्रशासकिय सम्पूर्ण कार्य सञ्चालन गर्ने गर्दछ ।

थप अध्ययनका लागि सन्दर्भसामग्री

१. नेपालको अन्तरिम संविधान, २०६३

शिक्षा ऐन, २०२८

कुनै पनि देशको विकासलाई अगाडि बढाउने सबभन्दा अचुक उपाय बनेको शिक्षा क्षेत्रको विकास र विस्तार नै हो । शिक्षाले मानवको क्षमता अभिवृद्धि गर्न सहयोग गर्दछ र यसले नै विकासका सम्भावनाका ढोकाहरू खोल्न मदत गर्ने हुनाले शिक्षा प्रणालीलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन वैधानिक रूपमा शिक्षासम्बन्धी ऐन, नियम, विनियम, निर्देशिका आदिको व्यवस्था गरिएको पाइन्छ । नेपालमा वैधानिक रूपमा वि.सं. १९९६ सालमा लागू भएको शिक्षाको इस्तिहारलाई नेपालको शिक्षाको इतिहासमा प्रथम कानुन मानिन्छ । प्रजातन्त्रको स्थापनापछि गठन भएको नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन (नेपालमा शिक्षा, २०११) मा शिक्षाको सङ्गठन, नियम, शिक्षा, अर्थव्यवस्था नियम, प्राथमिक पाठशाला नियम, माध्यमिक पाठशाला नियम गरी अलगअलग शिक्षालयको विधान सङ्ग्रह गरी प्रकाशन गर्न सिफारिस गरेको थियो । राजनैतिक अस्थिरताका बाबजुद पनि यस आयोगले सिफारिस गरेका केही बुँदाहरू कार्यान्वयन गरिए भने केही कार्यान्वयन हुन सकेनन् ।

वि.सं. २०१८ सालमा तात्कालीन शिक्षामन्त्री विश्वबन्धु थापाको अध्यक्षतामा गठन भएको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिर्पोटमा शिक्षा ऐनको मस्यौदा समेत प्रस्तावित गरिएअनुसार शिक्षा ऐन २०१८ तथा शिक्षा नियमावली २०१८ तर्जुमा गरी लागू गरिएको थियो । वि.सं. २०२८ सालमा लागू गरिएको राष्ट्रिय शिक्षा पद्धतिको योजना (राशिपयो) ले निर्दलीय पञ्चायती व्यवस्था अनुकूलको शैक्षिक जनशक्ति उत्पादन गर्ने उद्देश्य लिएको थियो । यसलाई २०३२ सालसम्म नेपालका सबै जिल्लामा लागू गरियो । राशिपयोको सिफारिसअनुसार शिक्षा ऐन २०२८, तर्जुमा गरी लागू गरियो । शिक्षा ऐनलाई पञ्चायतकालमा नै विभिन्न समयमा छ पटक संशोधन गरिएको थियो । वि.सं. २०६० सालमा शिक्षा ऐनको आठौँ पटक संशोधन भयो । अध्यादेशबाट नै २०६२ सालमा अन्तिम पटक संशोधन भएको यो ऐनलाई पछिल्लो पटक वि.सं. २०६६ साल माघ ७ गते गणतन्त्र सुदृढीकरण तथा केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६६ द्वारा शिक्षा ऐनमा संशोधन गरी नेपालको परिवर्तित परिवेश अनुकूल बनाउने प्रयत्न गरिएको छ ।

नयाँ ऐनको सट्टा राष्ट्रिय शिक्षा पद्धतिको योजनालाई कार्यान्वयन गर्न बनेको ऐनलाई नै संशोधन गरी यो ऐन बनेको पाइन्छ । केही ऐनलाई संशोधन गर्न आवश्यक भएकोले शिक्षा ऐन २०२८ लाई सुधार गरिएको बताइएको छ । शिक्षा ऐनमा प्रस्तावना सहित जम्मा २१ दफाको व्यवस्था गरिएको छ । विद्यालय शिक्षाको सङ्घसङ्गठनदेखि यसको प्रकार, लागू गरिने पाठ्यक्रम कस्तो हुने, शिक्षाको माध्यम कुन भाषा हुन सक्ने सम्मका कुराहरू स्पष्ट पारिएको छ । विद्यालय शिक्षाको संरचनामा पूर्वप्राथमिक शिक्षालाई पनि समेटिएको र चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई दिइने शिक्षा भनेर समेटिएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम मार्फत कक्षा १ देखि कक्षा ८ सम्मलाई आधारभूत शिक्षा र कक्षा ९ देखि कक्षा १२ सम्मलाई माध्यमिक शिक्षा भनेर छुट्याइएको भए तापनि यो ऐनमा कक्षा १ देखि ५ सम्म, ६ देखि ८ सम्म, ९ देखि १० सम्म, तथा ११ देखि १२ सम्म क्रमशः प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्चमाध्यमिक शिक्षा भनेर छुट्याएको छ । शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालाय, जिल्ला शिक्षा कार्यालयको भूमिका तथा शिक्षक सेवा आयोग गठन गर्ने सम्बन्धमा उल्लेख गरिएको छ । कार्यरत शिक्षकलाई स्थायी गर्ने सम्बन्धमा निश्चित प्रावधान राखिएको, शिक्षकको पदपूर्ति गर्दा

समावेशी प्रावधान अनुसार रिक्त पद मध्ये ४५ प्रतिशत छुट्याएर त्यसलाई सतप्रतिशत मानी महिलाका लागि ३३, आदिवासी जनजातिका लागि २७, मधेशीका लागि २२, दलितका लागि ९, अपाङ्गका लागि ५ र पिछडिएको क्षेत्रका लागि ४ प्रतिशत पदमा प्रतिस्पर्धा गर्नुपर्ने प्रावधान राखिएको छ । त्यस्तै शिक्षा व्यवस्थापनको विकेन्द्रीकरणको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिदेखि जिल्ला शिक्षा समितिसम्मको व्यवस्था गरिएको पाइन्छ । ग्रामीण क्षेत्रमा सञ्चालन हुने विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा गुणस्तर अभिवृद्धि गर्नका लागि केन्द्रीय स्तरमा एक ग्रामीण शिक्षा कोष समेत रहने व्यवस्था गरिएको छ ।

शिक्षा नियमावली, २०५९ ( छैटौं संसोधन )

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी शिक्षा नियमावली २०२८ तर्जुमा गरी लागू गरियो । वि.सं २०४९ सालमा शिक्षा नियमावली, २०२८ खारेज गरी शिक्षा नियमावली २०४९ लागू गरियो । वि.सं. २०५९ सालमा पुन: यसलाई खारेज गरी वि.सं. २०५९ साल जेठ १६ गते शिक्षा नियमावली २०५९ तर्जुमा गरी लागू गरिएको छ । वि.सं. २०६७ साल माघ ९ गतेसम्ममा यस नियमावलीमा छैटौं पटक संशोधन गरिसकिएको छ । यहाँ शिक्षक सेवा आयोगले निर्धारण गरेका क्षेत्रको विषयमा मात्र प्रस्तुत गरिएका छन् ।

विद्यालय व्यवस्थापन समिति र यसको काम कर्तव्य र अधिकार

शिक्षा ऐनको दफा १२ मा सामुदायिक विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ । विद्यालय व्यवस्थापन समितिको गठन देहाय अनुसार हुनेछ :

सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क. अभिभावकहरूले आफूहरूमध्येबाट छानी पठाएको व्यक्ति - अध्यक्ष

ख. अभिभावकहरूले आफूहरूमध्येबाट छानी पठाएका एकजना महिला सहित तीनजना - सदस्य

ग. विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

घ. स्थानीय बुद्धिजीवी वा शिक्षाप्रेमीहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना - सदस्य

ङ. विद्यालयका संस्थापकहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना - सदस्य

ङ१. विद्यालयलाई तोकिएबमोजिम रकम, घर वा जग्गा उपलब्ध गराउने चन्दादाताहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना - सदस्य

च. विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना - सदस्य

छ. विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

यो ऐनले गरेको व्यवस्था अनुसार प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा वाणिज्य महासङ्घका दुईजना प्रतिनिधि सदस्य रहनेछन् । त्यसैगरी सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिहरूलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सकिने व्यवस्था छ । संस्थागत विद्यालयको हकमा विद्यालयको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले मनोनित गरेको विद्यालयका संस्थापक वा लगानीकर्ताहरूमध्येबाट एकजना अध्यक्ष हुनेछन् । सदस्यहरूमा महिला समेत पर्ने गरी अभिभावकमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुइजना, स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरूबाट सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले मनोनित गरेको एकजना, सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक, शिक्षकहरूमध्येबाट छानी पठाएको एकजना सदस्य र विद्यालयको प्रधानाध्यापक सदस्य सचिव रहने व्यवस्था छ । सामुदायिक तथा संस्थागत विद्यालयका छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुने र उनीहरूले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा जुन निकायले छानेको वा मनोनयन गरेको हो सोही निकायले निजलाई जुनसुकै वखत पदबाट हटाउन सक्ने व्यवस्था समेत शिक्षा ऐनले गरेको छ । सरकारले भवन र जग्गा समेत उपलब्ध गराएको वा कुनै किसिमको सहयोग दिएर वा विशेष शिक्षा सञ्चालन गर्ने कुनै संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन नेपाल सरकारबाट हुन आवश्यक देखिएमा शिक्षा मन्त्रालयले सोको कारण खुलाई आफैले गर्न सक्ने व्यवस्था समेत छ ।
शिक्षा ऐनको सोही दफाको उपदफा ६ मा सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार समेत उल्लेख गरेको छ । विद्यालयका लागि प्राप्त साधन र स्रोतको परिचालन तथा लागत राख्ने र सुरक्षा गर्ने यसको मुख्य काम उल्लेख गरिएको छ । विद्यालयको वार्षिक बजेट स्वीकृत गरी गाउँ शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयलाई जानकारी दिने, विद्यालयमा स्वच्छ शैक्षिक वातावरणका लागि पहल गर्ने, जिल्ला शिक्षा कार्यालयबाट खटिई आएको शिक्षकलाई हाजिर गराई काममा लगाउने, जिल्ला शिक्षा कार्यालयबाट तोकेको लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराई आवश्यक कार्यवाही तथा सो को प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेस गर्नुपर्ने, जिल्ला शिक्षा कार्यालयले दिएका आदेश तथा निर्देशनहरूको पालना गर्नुपर्ने यसको कर्तव्य तोकिएको छ । त्यसैगरी आफैले नियुक्त गरेको शिक्षकको तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने र शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक–अभिभावक सङ्घको गठन गर्न सक्ने भनी यसको अधिकार सुनिश्चित गरिएको छ । त्यसै गरी संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार समेत सोही दफाको उपदफा ७ मा गरिएको छ । यो समितिले विद्यालयको साधन स्रोतको व्यवस्था, परिचालन तथा संरक्षण गर्ने, सरकारले स्वीकृत गरेको पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने, अध्यापन अनुमति प्राप्त उपयुक्त व्यक्तिको छनोट गरी काममा लगाउने र न्यूनतम सेवा सुविधाको प्रत्याभूति गर्ने र सरकारले दिएका निर्देशनहरू पालना गर्नुपर्ने भनी उल्लेख भएका छन् ।

### शिक्षकको सेवा शर्त र सुविधाहरू

शिक्षा नियमावलीले शिक्षकको सेवा शर्त र सुविधाहरूको स्पष्टसँग उल्लेख गरेको छ । यस सम्बन्धमा नियमावलीको परिच्छेद १६ देखि २३ सम्म विभिन्न शीर्षकअन्तर्गत सेवाको गठन प्रक्रिया, सुविधा,

आचारसंहिता र सजायसम्पको प्रावधान राखिएको पाइन्छ । शिक्षकको वृत्तिविकासका अवसरका लागि विद्यालय शिक्षा सेवाको गठन, तह र श्रेणी विभाजन गरेको पाइन्छ । प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तह गरी तीन तहको शिक्षक सेवा हुने र हरेक तहमा तीनओटा श्रेणी रहने व्यवस्था गरेको पाइन्छ । जम्मा पद सङ्ख्यामा तृतीय श्रेणी, द्वितीय श्रेणी र प्रथम श्रेणीको निश्चित अनुपातमा विभाजन, हरेक तह र श्रेणीको न्यूनतम आधारहरू समेत उल्लेख गरी पारदर्शी ढङ्गबाट अवसर उपलब्ध गराउन खोजिएको छ । महिला शिक्षकको पद रहने भनी स्पष्ट व्यवस्था समेत गरेको पाइन्छ ।

शिक्षक तथा विद्यार्थीको आचारसंहिता

शिक्षाको गुणस्तरको सुनिश्चितताका लागि शिक्षा नियमावलीको परिच्छेद २२ मा शिक्षक तथा विद्यार्थीको आचारसंहितालाई पनि नियमबद्ध गरिएको छ । शिक्षकका पेसागत मर्यादा र सामाजिक व्यवहारदेखि राष्ट्रिय एकताका लागि गर्नुपर्ने कार्यहरू उल्लेख गरिएको छ भने विद्यार्थीले समेत शिक्षकप्रतिको व्यवहार र अनुशासन तथा राष्ट्रियताका लागि गर्न सक्ने योगदानलाई समेत शिक्षक तथा विद्यार्थीको आचारसंहितामा उल्लेख गरिएका छन् । शिक्षकले पालन गर्नुपर्ने आचारसंहितालाई नियम १३३ मा उल्लेख गरिएका छन् जसमा तोकिएको ठाउँमा गई काम गर्नुपर्ने, सूचना दिएर मात्र विदामा बस्नुपर्ने, आफ्नो स्वार्थ पूर्तिका लागि अरू माथि नाजायज प्रभाव पार्न नहुने, नेपालको अखण्डता र नेपाली जनताको आपसी सद्भाव खलबलिने खालका क्रियाकलाप गर्न नहुने, आज्ञाकारिता, अनुशासन, सद्भाव वा सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनुपर्ने, राष्ट्रिय भावना जागृत गरी देशभक्तिका लागि भावनात्मक एकता सुदृढ गर्नुपर्ने, विद्यार्थीलाई शारीरिक तथा मानसिक सजाँय दिन नहुने जस्ता कुराहरू प्रमुख रूपमा छन् ।

त्यसै गरी पालन गर्नुपर्ने आचारसंहितालाई नियम १३४ मा लिपिबद्ध गरिएको छ । शिक्षकको आज्ञापालन र आदार गर्नुपर्ने, विद्यालय बाहिर वा भित्र अनुशासनमा रहनुपर्ने, राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानका लागि प्रयत्नशील रहनुपर्ने, विद्यालयका कार्यक्रममा सक्रिय सहभागी हुनपर्ने, सबैसँग शिष्ट व्यवाहार गर्नुपर्ने र व्यवस्थापन समितिले गरेका अन्य आचारसंहिता पालना गर्नुपर्ने जस्ता कुराहरूलाई विद्यार्थीको आचारसंहितामा उल्लेख गरिएका छन् ।

औपचारिक रूपमा शिक्षाको आधार स्तम्भ विद्यालय तहबाट सुरु हुन्छ । विद्यालयमा काम गर्ने जनशक्तिले विद्यार्थीको क्षमताको प्रस्फुटन गराउन प्रमुख भूमिका खेल्न सक्ने भएकाले उक्त क्षेत्रमा प्रतिस्पर्धाबाट सक्षम जनशक्तिको आपूर्ति आवश्यक छ । राष्ट्र विकासका लागि चाहिने जनशक्ति तयार गर्न आधारशीलाको रूपमा विद्यालय रहेका छन् । राज्यद्वारा अनुदान प्राप्त गरी स्थापना भएका वा सञ्चालन भएको विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षाको प्रत्याभूति दक्ष शिक्षकहरूबाट मात्र सम्भव छ । यही आवश्यतालाई ध्यानमा राखी सक्षम शिक्षकहरूको नियुक्ति गर्न यो नियमावलीको विकास भएको हो । शिक्षा ऐन २०२८ को छैटौं संशोधनले सरकारी अनुदान प्राप्त विद्यालय स्तरमा (सामुदायिक विद्यालयमा शिक्षकहरू ) को छनोट र सिफारिस गर्ने कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यले शिक्षा ऐन २०२८ को छैटौं संशोधन (२०५५/१०/०१) मा राष्ट्रिय शिक्षक सेवा आयोगको व्यवस्था गरिएको छ । यस बमोजिम शिक्षक सेवा आयोग नियमावली २०५७ तर्जुमा गरी ०५७/७/२४ देखि लागू गरियो । हालसम्म (२०६७/१०/०९) यो नियमावली पाँच पटक संशोधन भइसकेको छ । पाँचौ संशोधन २०६७/१०/०९ अनुसार यस नियमावलीमा रहेको मूलभूत विशेषताहरू निम्नानुसार रहेका छन् :

१. आयोगका काम तथा अधिकारसम्बन्धी स्पष्ट व्यवस्था - यसमा आयोगको बैठकसम्बन्धी कार्यविधि समेत उल्लेख गरेको पाइन्छ । आयोगको अध्यक्षको अध्यक्षतामा बैठक बस्ने, उनको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यको अध्यक्षतामा बैठक बस्ने र ५० प्रतिशत उपस्थितिलाई गणपुरक सङ्ख्या मानिएको छ । आयोगले शिक्षकको स्थायी नियुक्ति तथा बढुवासम्बन्धी, अध्यापन अनुमतिपत्रका लागि पाठ्यक्रम तथा परीक्षा सञ्चालन गर्ने र शिक्षकका सेवा सर्त र सुविधा सम्बन्धमा मन्त्रालयलाई सुझाब दिने भनी यसको काम कर्तव्य तथा अधिकार भनी उल्लेख गरिएको छ ।

२. अध्यापन अनुमतिपत्र तथा शिक्षक नियुक्तिको सिफारिससम्बन्धी व्यवस्था - कस्तो अवस्थामा अध्यापन अनुमति परीक्षाको सञ्चालन गर्ने, कस्ता व्यक्तिहरू यो परीक्षाको लक्षित समूह हुन्, अध्यापन अनुमतिपत्रका लागि हुनपर्ने न्युनतम आवश्यकता के हुने, कार्यरत शिक्षक तथा अन्य विशेष परिस्थितिका व्यक्तिलाई कस्तो व्यवस्था गरिएको छ भन्ने बारेमा उल्लेख गरिएको पाइन्छ ।

(३) शिक्षक पदका लागि कस्तो व्यक्ति उम्मेदवार हुन नसक्ने भनी अयोग्यताको व्याख्या, शिक्षक सेवालाई समावेशी बनाउनपर्ने प्रावधान, शिक्षकको बढुवाको प्रावधान लगायत आर्थिक कार्यविधि सम्बन्धमा समेत नियमावलीमा स्पष्ट व्याख्या गरिएको छ ।

यो नियम प्रारम्भ हुनु भन्दा अघि स्वीकृत स्थायी शिक्षक दरबन्दीमा कार्यरत वा अस्थायी नियुक्ति भई सेवामा रहेका शिक्षकहरू बाहेक वि.सं. २०६८ वैशाख १ गते देखि प्राथमिक तहको शिक्षकका लागि प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने प्रावधान राखिएको छ । शिक्षाशास्त्र सङ्काय वा उच्चमाध्यमिक तहबाट शिक्षा विषय लिई कक्षा १२ उत्तीर्ण गरेका व्यक्तिहरू मात्र उम्मेदवार बन्न सक्ने र त्यस्ता व्यक्तिहरूका लागि थप तालिमको आवश्यकता नपर्ने समेत स्पष्ट पारिएको छ । यो संशोधनले वि.सं. २०६८ साल चैत्र मसान्तभित्र प्रक्रिया पुगेका सबै तहका शिक्षकहरूको एक तह श्रेणी बढुवा गर्ने उल्लेख गरेको छ ।

माथि उल्लेख भएका विषयवस्तुहरू पर्याप्तमा छैनन् । यहाँ भएका विषयवस्तुहरू परीक्षार्थीले अध्ययन गर्दा केन्द्रित गर्नुपर्ने विषयका सन्दर्भमा नमुना पाठ्यसामग्री मात्र हुन् । तल दिइएका नमुना प्रश्नहरूले अध्ययनको क्षेत्रलाई बढाउन सहयोग पुऱ्याउने छन् भन्ने आसयमा प्रस्तुत गरिएका हुन् । पहिला आफैँले उत्तर खोज्न प्रयत्न गर्ने र अन्तमा मात्र यसै साथ संलग्न भएको उत्तरकुञ्जिकाको सहयोग लिन सकिनेछ । पाठ्यक्रममा उल्लेख भएअनुसारका क्षेत्रबाट सोध्न सकिने नमुना प्रश्नहरू र तिनीहरूको उत्तरसमेत यहाँ प्रस्तुत गरिएका छन् । कक्षामा अभ्यास गराउँदा यस्तै प्रश्नहरूको सेट बनाएर गर्न सकिन्छ ।

१. प्रचलित शिक्षा ऐन अनुसार उच्चमाध्यमिक शिक्षाले के बुझाउँछ ?

क) कक्षा एकदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा ख) कक्षा आठदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा

ग) कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा घ) कक्षा एघारदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा

२. जिल्ला शिक्षा समितिको अध्यक्ष को हुन्छ ?

क) जिविसको सभापति वा सभापतिको काम गर्न तोकिएको व्यक्ति

ख) प्रमुख जिल्ला अधिकारी

ग) जिल्ला शिक्षा अधिकारी

घ) स्थानीय विकास अधिकारी

३. स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थाले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालयको शिक्षकको नियुक्ति तथा बढुवा कसले गर्छ ?

क) शिक्षक सेवा आयोग ख) सम्बन्धित विद्यालय व्यवस्थापन समिति

ग) जिल्ला शिक्षा कार्यालय घ) स्थानीय सेवा आयोग

४. शिक्षक सेवा आयोगमा रहने सदस्यहरूको सिफारिस गर्न गठन हुने समितिको अध्यक्षमा को रहने व्यवस्था छ ?

क) शिक्षा मन्त्रालयको सचिव ख) महान्यायाधिवक्ता

ग) लोकसेवा आयोगको अध्यक्ष घ) लोकसेवा आयोगको सदस्य

५. नेपाल सरकारले कस्तो क्षेत्रमा घुम्ती विद्यालय सञ्चालन गर्न सक्छ ?

क) विकट हिमाली क्षेत्रमा ख) पहाडी क्षेत्रमा

ग) हिमाली क्षेत्रमा घ) पिछडिएको जनजाति बसोबास गरेको क्षेत्रमा

६. ग्रामीण शिक्षा विकास कोषको अध्यक्ष को हुन्छ ?

क) जिल्ला शिक्षा अधिकारी ख) प्रमुख जिल्ला अधिकारी

ग) शिक्षासचिव घ) अर्थसचिव

७. विद्यालय व्यवस्थापन समितिको व्यवस्था किन गरिएको हो ?

क) विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न

ख) विद्यालयको सञ्चालन, निर्देशन र नियन्त्रण गर्न

ग) विद्यालयको सञ्चालन, नियन्त्रण, रेखदेख र व्यवस्थापन गर्न

घ) विद्यालयको सुरक्षा गर्न र निर्देशन दिन ।

८. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरूको छनोट गर्न शैक्षिक सत्र सुरु भएको कति दिनभित्र कतिदिनको म्याद दिएर अभिभावक भेला गराउनु पर्दछ ?

क) ७ दिनको म्याद दिएर १५ दिन भित्र
ख) ३० दिनभित्र ७ दिनको म्याद दिएर
ग) ३० दिनभित्र १५ दिनको म्याद दिएर
घ) १५ दिनभित्र ७ दिनको म्याद दिएर

९. विद्यालय व्यवस्थापन समितिले तालिममा जाने शिक्षकलाई तालिमबाट फर्केपछि कति समय विद्यालयमा सेवा गर्नुपर्ने सर्त निर्धारण गरी कबुलियतनामा गराउन सक्छ ?

क) तालिममा गएको अवधिभर
ख) कम्तीमा एक वर्ष
ग) कम्तीमा दुई वर्ष
घ) कम्तीमा तीन वर्ष

१०. शिक्षकले कति प्रकारका बिदा पाउने व्यवस्था छ ?

क) पाँच प्रकारका
ख) छ प्रकारका
ग) सात प्रकारका
घ) आठ प्रकारका

११. दिइएकामध्ये शिक्षकले कुन बिदा पाउँदैन ?

क) असाधारण बिदा
ख) घरबिदा
ग) अध्ययन बिदा
घ) हिउँदे र वर्षे बिदा

१२. विद्यालयको कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु हुने शिक्षकको परिवार वा सन्ततिलाई दिइने वृत्तिको सिफारिस गर्न कसको अध्यक्षतामा समिति गठन हुने व्यवस्था छ ?

क) प्रमुख जिल्ला अधिकारी
ख) जिल्ला शिक्षा अधिकारी
ग) क्षेत्रीय शिक्षा निर्देशक
घ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष

१३. शिक्षकलाई नोकरीबाट हटाउने वा बर्खास्त गर्ने अधिकारी को हुने व्यवस्था छ ?

क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष
ख) सम्बन्धित जिल्लाको जिल्ला अधिकारी
ग) सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशक
घ) महानिर्देशक शिक्षा विभाग

१४. विद्यालयका प्रधानाध्यापकले शिक्षक आचारसंहिता पालन गरे नगरेको अभिलेख कसले राख्नु पर्छ ?

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्षले
ख) विद्यालय व्यवस्थापन समितिले
ग) विद्यालय निरीक्षकले
घ) जिल्ला शिक्षा अधिकारीले

१५. दिइएका मध्ये कुन आचारसंहिता विद्यार्थीले पालन गर्नुपर्छ ?

क) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रूपमा भाग लिनुपर्ने
ख) विद्यार्थीहरूलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनुपर्छ
ग) बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुनुहुँदैन
घ) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार र सच्चरित्रतालाई प्रोत्साहन गर्नुपर्छ

१६. शिक्षक सेवा आयोग नियमावली २०५७ कहिले जारी भएको हो ?

क) ०५७/७/२४
ख) ०५७/१०/१
ग) ०५७/२/९
घ) ०५७/११/७

१७. शिक्षक सेवा आयोगबाट लिइने प्रतियोगितात्मक लिखित परीक्षाको पूर्णाङ्क र उतीर्णाङ्क कति निर्धारण गरिएको छ ?

क) १०० र ३५ ख) ५० र २५

ग) १०० र ४० घ) १०० र ५०

१८. आयोगले एक पटक सिफारिस गरिसकेको व्यक्तिको सिफारिस कुन अवस्थामा बदर हुन सक्दछ ?

क) सिफरिस भएको मितिले ३० दिनभित्र नियुक्ति पत्र बुझ्न नआएमा

ख) नियुक्ति लिनु अगावै दरखास्तसाथ पेस गरेका प्रमाणपत्रहरू नक्कली भएको प्रमाणित आधार उपलब्ध भएमा ।

ग) नियुक्तिका लागि सिफारिस भएको व्यक्तिले नियुक्ति बुझ्नु अगावै मृत्यु भएमा ।

घ) नियुक्तिका लागि सिफारिस भएको व्यक्ति कुनै कसुरमा जेलमा परेमा ।

१९. शिक्षक सेवा आयोगले शिक्षकको बढुवाका लागि छुट्याएको कार्य सम्पादन मूल्याङ्कन गर्दा तालिम वापतका लागि बढीमा कति अङ्क दिन सक्ने व्यवस्था गरेको छ ?

क) १२ ख) १०

ग) १८ घ) १५

२०. अध्यापन अनुमतिपत्रको परीक्षा कसरी हुने व्यवस्था छ ?

क) प्रत्येक तहको छुट्टा छुट्टै लिखित परीक्षा लिएर

ख) प्रावि, निमावि र माविको एउटै लिखित परीक्षा लिएर

ग) कक्षा शिक्षणको अवलोकन र लिखित परीक्षा लिएर

घ) कक्षा शिक्षणको अवलोकनबाट

२१. शिक्षक सेवा आयोगको नियमावलीअनुसार आयोगबाट लिइने प्रतियोगितात्मक लिखित परीक्षाको उत्तीर्णाङ्क कति तोकेको छ ?

क) ३० अङ्क ख) ३५ अङ्क

ग) ४० अङ्क घ) ४५ अङ्क

२२. शिक्षक पदपूर्ति गर्दा तृतीय श्रेणीको रिक्त पद खुल्ला प्रतियोगितात्मक परीक्षाको माध्यमबाट गरिन्छ भने द्वितीय र प्रथम श्रेणीमा कसरी गरिन्छ ?

क) खुल्ला प्रतिस्पर्धाद्वारा

ख) अन्तर्वार्ताद्वारा

ग) कार्यसम्पादन मूल्याङ्कन तथा आन्तरीक प्रतिस्पर्धात्मक परीक्षाद्वारा

घ) कक्षा अवलोकनद्वारा

२३. शिक्षक पदका लागि लिइने परीक्षाको पूर्णाङ्क कति कति हुन्छ ?

क) लिखितमा १०० प्रयोगात्मकमा २५ र अन्तर्वार्तामा २५

ख) लिखितमा १०० प्रयोगात्मकमा ५० र अन्तर्वार्तामा २५

ग) लिखितमा १०० प्रयोगात्मकमा २५ र अन्तर्वार्तामा ५०

घ) लिखितमा १०० प्रयोगात्मकमा ५० र अन्तर्वार्तामा ५०

२४. शिक्षक पदमा अन्तर्वार्तामा शैक्षिक योग्यता वापत कति अङ्क दिइन्छ ?

क) प्रथम श्रेणी भए ५, द्वितीय श्रेणी भए ३ र तृतीय श्रेणी भए १ अङ्क दरले ।

ख) प्रथम श्रेणी भए २, द्वितीय श्रेणी भए १.५ र तृतीय श्रेणी भए १ अङ्क दरले ।

ग) प्रथम श्रेणी भए ३, द्वितीय श्रेणी भए २ र तृतीय श्रेणी भए १ अङ्कका दरले ।

घ) प्रथम श्रेणी भए ४, द्वितीय श्रेणी भए ३ र तृतीय श्रेणी भए २ अङ्कका दरले ।

२५. शिक्षक पदमा नियुक्तिका लागि सिफारिस गरिएको उम्मेद्वारले नियुक्ति पत्र लिएको मितिले कति दिनभित्र पदस्थापन गरिएको विद्यालयमा हाजिर नभएमा वैकल्पिक उम्मेद्वारले नियुक्ति पाउन सक्छ ?

क) १५ दिन | ख) २० दिन
ग) ३० दिन | घ) ४५ दिन

२६. शिक्षक पदमा नयाँ नियुक्ति गर्दा लागि रिक्त पदमध्ये दलितका लागि कतिकति प्रतिशत छुट्याएको छ ?

क) ४% | ख) २२%
ग) ९% | घ) ५%

२७. शिक्षक पदमा उम्मेद्वार हुने उमेर हद कति हो ?

क) ३५ वर्ष | ख) ४० वर्ष
ग) ४५ वर्ष | घ) उमेर हद लाग्दैन ।

## उत्तरकुञ्जिका

| प्रश्न नं. | उत्तर | प्रश्न नं. | उत्तर | प्रश्न नं. | उत्तर | प्रश्न नं. | उत्तर |
|---|---|---|---|---|---|---|---|
| १ | घ | ८ | ख | १५ | क | २२ | घ |
| २ | क | ९ | घ | १६ | क | २३ | क |
| ३ | ख | १० | ग | १७ | क | २४ | ग |
| ४ | ग | ११ | ख | १८ | ख | २५ | ग |
| ५ | क | १२ | क | १९ | घ | २६ | ग |
| ६ | ग | १३ | ग | २० | क | २७ | ख |
| ७ | क | १४ | ख | २१ | ख | | |

सही उत्तरमा गोलो (O) चिन्ह लगाउनुहोस् ।

१. तलका मध्ये कुनचाहिँ शिक्षाको राष्ट्रिय उद्देश्य हो ?
   क) भाषिक सीपलाई सिकाइ र दैनिक व्यवहारमा आत्मविश्वासका साथ प्रयोग गर्ने
   ख) व्यक्तिको सामाजिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने
   ग) सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने
   घ) आधारभूत भाषिक तथा गणितीय सीप विकास गर्ने

२. वर्तमान प्राथमिक शिक्षा पाठ्यक्रमको ढाँचाअनुसार कक्षा १ देखि ३ सम्म कति पाठ्यभार तोकिएको छ ?
   क) ३४ ख) ३६
   ग) ३९ घ) ४०

३. वर्तमान प्राथमिक शिक्षा पाठ्यक्रमको ढाँचाअनुसार स्थानीय विषय/मातृभाषालाई कति पाठ्यभार तोकिएको छ ?
   क) ३ ख) ४
   ग) ५ घ) ६

४. हाल कार्यान्वयनमा रहेको निम्नमाध्यमिक तह पाठ्यक्रम, २०५८ अनुसार निम्नमाध्यमिक तहको प्रत्येक कक्षाको सम्पूर्ण विषयको पूर्णाङ्क कति तोकिएको छ ?
   क) ८०० ख) ७५०
   ग) ७०० घ) ६५०

५. हाल परीक्षणको रूपमा रहेको आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६८ मा साधारण शिक्षातर्फ उल्लेख नभएको विषय कुन हो ?
   क) नैतिक शिक्षा
   ख) पेसा, व्यवसाय र प्रविधि शिक्षा
   ग) मातृभाषा/स्थानीय विषय/संस्कृत, कला वा अन्य
   घ) कला वा पूर्व व्यावसायिक

६. सामाजिक लिङ्ग (Gender) को विशेषता तलका मध्ये कुन हो ?
   क) यसलाई परिवर्तन गर्न सकिन्छ ख) यो जन्मजात हुन्छ
   ग) प्राकृतिक रूपमा भिन्न हुन्छ घ) माथिका सबै

७. लैङ्गिक समता भनेको के हो ?
   क) महिलाहरूको क्षमता अभिवृद्धिगरी सशक्तीकरण गर्नु
   ख) समाजमा पछाडि परेका महिलालाई मूलप्रवाहीकरण गर्नु
   ग) महिला र पुरुषलाई उनीहरूको क्षमता र अवस्थाअनुसार अवसर प्रदान गर्नु
   घ) महिला र पुरुषलाई समान किसिमको अधिकार र पहुँच उपलब्ध गराउनु

८. नेपालले कहिले संयुक्त राष्ट्रसङ्घबाट पारित बालबालिकासम्बन्धी महासन्धी अनुमोदन गऱ्यो ?
क) सन् १९८९ ख) सन् १९९०
ग) सन् १९९१ घ) सन् १९९२

९. हालको त्रिचन्द्र क्याम्पसको स्थापना कहिले भएको हो ?
क) वि.सं. १९७५ ख) वि.सं. १९७६
ग) वि.सं. १९७७ घ) वि.सं. १९७८

१०. वि.सं. १९८० मा कुन राणा प्रधानमन्त्रीले काठमाडौंको ढोकाटोलमा कन्या पाठशाला स्थापना गरेका थिए ?
क) वीर शमशेर ख) जुद्ध शमशेर
ग) चन्द्र शमशेर घ) देव शमशेर

११. दरवार स्कुल ( हाल भानु मा.वि. ) को स्थापना सर्वप्रथम कुन स्थानमा भएको थियो ?
क) धीर शमशेरको दरवारको सानो चोकमा ख) सेतो दरवार
ग) रानीपोखरीको अगाडि घ) थापाथली दरवारको दाख चोकमा

१२. नेपाल संस्कृत विश्वविद्यालयको स्थापना कहिले भएको थियो ?
क) वि.सं. २०४१ ख) वि.सं. २०४२
ग) वि.सं. २०४३ घ) वि.सं. २०४४

१३. वि.सं. २०२८ मा नेपालको विद्यालय शिक्षाको संरचना कस्तो थियो ?
क) ३+४+३ ख) ५+३+२
ग) ५+२+३ घ) ३+५+२

१४. हालको शिक्षा विभागको स्थापना कहिले भएको हो ?
क) वि.सं. २०५१ ख) वि.सं. २०५४
ग) वि.सं. २०५६ घ) वि.सं. २०५८

१५. हाल मुलुकभर कतिओटा स्रोतकेन्द्रहरू सञ्चालित छन् ?
क) १०९१ ख) १०५३
ग) १०१९ घ) १०३५

१६. विद्यालय क्षेत्र सुधार योजनाले आधारभूत तह भन्नाले कति कक्षादेखि कति कक्षासम्म हुने भनी उल्लेख गरेको छ ?
क) कक्षा १ देखि ८ सम्म ख) कक्षा ६ देखि ८ सम्म
ग) कक्षा १ देखि ५ सम्म घ) कक्षा १ देखि ३ सम्म

१७. प्राथमिक तहमा कार्यरत सम्पूर्ण शिक्षकलाई तालिम प्राप्त बनाउने उद्देश्यका साथ सञ्चालित आयोजना कुन थियो ?
क) माध्यमिक शिक्षा कार्यक्रम ख) आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम
ग) रेडियो शिक्षा शिक्षक तालिम घ) शिक्षक शिक्षा आयोजना

१८. शिक्षकको क्षमता विकासका लागि शिक्षा मन्त्रालयअन्तर्गत स्थापना भएको केन्द्रीय निकाय कुन हो ?
क) शिक्षा विभाग ख) शैक्षिक जनशक्ति विकास केन्द्र
ग) पाठ्यक्रम विकास केन्द्र घ) शैक्षिक तालिम केन्द्र

१९. अफगानिस्तानको प्रायमिक शिक्षा कति कक्षादेखि कति कक्षासम्म रहेको छ ?

क) कक्षा १ देखि ३ सम्म
ख) कक्षा १ देखि ५ सम्म
ग) कक्षा १ देखि ६ सम्म
घ) कक्षा १ देखि ८ सम्म

२०. श्रीलङ्काको विद्यालय शिक्षा कति वर्षे रहेको छ ?

क) १० वर्षे
ख) ११ वर्षे
ग) १२ वर्षे
घ) १३ वर्षे

२१. राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-०३२) ले शिक्षकहरूको सेवाको सुरक्षा गर्न तलका मध्ये के व्यवस्था गरेको थियो ?

क) शिक्षकहरूको सेवाको गठन
ख) अवकास प्राप्त भएपछिको व्यवस्था
ग) शिक्षकहरूको तलब स्केल
घ) माथिका सबै

२२. तलका मध्ये कुन सबैका लागि शिक्षा (२००४-२००९) ले राखेको उद्देश्य हो ?

क) आधारभूत तथा प्राथिमिक शिक्षामा प्रायमिक उमेरका बालबालिकाहरू विशेष गरी बालिका र सुविधाविहीन समूहका बालबालिकाहरूको पहुँच बढाई उनीहरूलाई विद्यालयमा टिकाइ राख्ने ।
ख) प्राथमिक शिक्षामा पहुँच समन्याय सुनिश्चित गर्ने ।
ग) माध्यमिक शिक्षाको पहुँच र सक्षमतामा सुधार,
घ) सीपमूलक र रोजगारमूलक शिक्षाको विकास र विस्तार गर्ने ।

२३. 'नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट कार्ययोजनासहित लागू गर्ने' रणनीति तलका मध्ये कुन शैक्षिक योजना तथा कार्यक्रमले लिएको छ ?

क) सबैका लागि शिक्षा (२००४–०९)
ख) आधारभूत तथा प्रायमिक शिक्षा कार्यक्रम
ग) माध्यमिक शिक्षा सहयोग कार्यक्रम
घ) त्रिवर्षीय योजना (२०६७/६८–६९/७०)

२४. माध्यमिक शिक्षा सहयोग कार्यक्रमले लिएको लक्ष्य तलका मध्ये कुन हो ?

क) सन् २००७ सम्ममा निम्नमाध्यमिक तथा माध्यमिक दुवै तहमा छात्राहरूको सहभागिता ४०% बाट बढाएर ५०% मा पऱ्याउने र सुविधाविमुख समूहको सङ्ख्यालाई पनि सोही प्रतिशतले वृद्धि गर्ने ।
ख) निम्न माध्यमिक तह र माध्यमिक तहमा खूद भर्ना दरलाई सन् २००७ सम्ममा क्रमश: ५५% बाट ६५% र ३५% बाट ५५% मा पुऱ्याउने ।
ग) माथिका दुवै हुन
घ) माथिका कुनै पनि होइनन्

२५. त्रिबर्षीय योजना (२०६७/६८–६९/७०) मा शिक्षाको कार्यनीतिअन्तर्गत तलका मध्ये कुन पर्दछ ?
  क) नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट रूपमा परिभाषित गरिनेछ र आवश्यक स्रोत साधन विनियोजन गरी स्पष्ट कार्ययोजनासहित लागू गरिनेछ ।
  ख) प्राथमिक शिक्षा पूरा गर्ने सबैलाई माध्यमिक शिक्षामा पहुँचको अवसर प्रदान गरिनेछ ।
  ग) सबै बालबालिकाहरूका लागि शिक्षाको सुनिश्चितता गरिनेछ ।
  घ) विद्यालयको कार्य कुशलतामा सुधार ल्याउन, योजना निर्माण गर्न र अनुगमन गर्नका लागि समुदायस्तर, जिल्लास्तर र राष्ट्रियस्तरका संस्थाहरूको क्षमता विकास गर्ने ।

उत्तरकुञ्जिका

| | | | | | |
|---|---|---|---|---|---|
| १) ख | २) क | ३) ख | ४) ग | ५) घ | ६) क |
| ७) ग | ८) ख | ९) ख | १०) ग | ११) घ | १२) ग |
| १३) क | १४) ग | १५) ख | १६) क | १७) घ | १८) ख |
| १९) ग | २०) घ | २१) घ | २२) क | २३) घ | २४) ग |
| २५) क | | | | | |

सही उत्तरको सङ्केत अक्षरलाई गोलो (O) घेरा लगाउनुहोस् :

१. राष्ट्रिय शिक्षा आयोग २०४७ कहिले गठन भयो ?
   क) २०४७/१०/१३   ख) २०४७/११/१४
   ग) २०४७/८/१४   घ) २०४७/९/१५

२. राष्ट्रिय शिक्षा आयोग २०४७ को पुनर्गठन कहिले भयो ?
   क) २०४८/४/१३   ख) २०४८/५/१३
   ग) २०४८/३/१४   घ) २०४८/३/१२

३. राष्ट्रिय शिक्षा आयोग २०४७ का सुरुका अध्यक्ष को थिए ?
   क) गोविन्दराज जोशी   ख) देवीप्रसाद ओझा
   ग) केशरजङ्ग रायमाझी   घ) रामहरि जोशी

४. राष्ट्रिय शिक्षा आयोगको पुनर्गठन हुँदा आयोगको अध्यक्ष को थिए ?
   क) रामहरि जोशी   ख) केशरजङ्ग रायमाझी
   ग) गोविन्दराज जोशी   घ) देवीप्रसाद ओझा

५. यस आयोगलाई कुनकुन कुरामा सुझाव प्रस्तुत गर्न भनिएको थियो ?
   क) राष्ट्रिय शिक्षाका उद्देश्य स्पष्ट गर्न   ख) नीति निर्धारण गर्न
   ग) विगतका कमजोरी केलाउन   घ) माथिका सबै

६. आयोगको प्रतिवेदनमा शिक्षाका उद्देश्य निर्धारण गर्दा संविधानको कुन कुरालाई ध्यान दिइएको थियो ?
   क) राज्यका निर्देशक नीति र सिद्धान्त   ख) संविधानको मर्म
   ग) मौलिक हक   घ) माथिका सबै

७. प्रतिवेदनले माध्यमिक शिक्षा कति वर्षको हुने सिफारिस गऱ्यो ?
   क) २   ख) ३
   ग) ४   घ) ५

८. प्रतिवेदनमा अनौपचारिक रूपमा अध्ययन गरेर औपचारिक परीक्षामा सम्मिलित पाउने गरी शिक्षाको कुन तहमा व्यवस्था भएको थियो ?
   क) प्राथमिक तह   ख) माध्यमिक तह
   ग) उच्चमाध्यमिक तह   घ) त्यस्तो व्यवस्था थिएन

९. प्रतिवेदनले उच्चमाध्यमिक शिक्षा केलाई भनेको छ ?
   क) माध्यमिक तहपछिको शिक्षा
   ख) माध्यमिक शिक्षापछिको २ वर्षको अनौपचारिक शिक्षा
   ग) माध्यमिक शिक्षापछिको २ वर्षको औपचारिक शिक्षा
   घ) स्नातक तह अघिको शिक्षा

१०. प्रतिवेदनअनुसार विशिष्टीकरणको पहिलो चरण कुन हो ?
   क) प्राथमिक शिक्षा   ख) निम्नमाध्यमिक शिक्षा
   ग) माध्यमिक शिक्षा   घ) उच्चमाध्यमिक शिक्षा

११. प्रतिवेदनमा निम्नमाध्यमिक तहको कूल पूर्णाङ्क कति प्रस्ताव गरेको छ ?

क) ६००　　　　ख) ६५०

ग) ७००　　　　घ) ७५०

१२. प्रतिवेदनले माध्यमिक तहको कूल पूर्णाङ्क कति प्रस्ताव गरेको छ ?

क) ६००+१००　　　　ख) ७००+१००

ग) ८००+१००　　　　घ) ९००+१००

१३. प्रतिवेदनमा उच्चमाध्यमिक तहको संरचना सामान्यतया तलकामध्ये कुन हुने सिफारिस गरिएको छ ?

क) १-१२ कक्षा　　　　ख) ९-१२ कक्षा

ग) ११-१२ कक्षा　　　　घ) माथिका सबै

१४. प्रतिवेदनले उच्चमाध्यमिक शिक्षक प्रशिक्षण कार्यक्रममा आधारभूत तालिम कति अवधिको हुनुपर्ने सिफारिस गरेको छ ?

क) १ वर्ष　　　　ख) २ वर्ष

ग) ३ वर्ष　　　　घ) ४ वर्ष

१५. यस आयोगले माध्यमिक शिक्षाका सन्दर्भमा दिएका सुझावहरूमध्ये कार्यान्वयनमा आएको सुझाव तल दिइएकामध्ये कुन हो ?

क) माध्यमिक तहको शिक्षालाई तीन तहको बनाइएको

ख) निम्नमाध्यमिक तहमा वातावरण विज्ञान विषय समावेश भएको

ग) शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको

घ) माथिका सबै

उत्तरकुञ्जिका

१. (ख)　२. (क)　३. (ग)　४. (ख)　५. (घ)　६. (घ)　७. (क)　८. (ख)

९. (ग)　१०. (घ)　११. (घ)　१२. (ख)　१३. (घ)　१४. (ख)　१५. (घ

सही उत्तरमा गोलो (O) चिन्ह लगाउनुहोस्।

१. शिक्षासम्बन्धी जिल्लास्तरीय योजना कसले पारित गर्दछ ?

क) शिक्षा विभाग　　ख) जिल्ला शिक्षा कार्यालय

ग) जिल्ला विकास समिति　　घ) जिल्ला शिक्षा समिति

२. वार्षिक कार्यतालिका (Operational calendar) भन्नाले कुनलाई बुझाउँछ ?

क) अध्यापन गर्ने शिक्षकको वर्षभरिको विद्यार्थी तथा शिक्षक गतिविधि दर्साउने तालिका योजना

ख) एक शैक्षिक सत्रभरिका लागि विद्यालयले गर्ने सम्पूर्ण गतिविधि/क्रियाकलाप समावेश गरी बनाइएको योजना

ग) पढाइ हुने दिनमा कक्षाकोठामा गरिने क्रियाकलापको वर्षभरिको योजना

घ) माथिका सबै

३. वार्षिक कार्ययोजना अर्थात वार्षिक पाठयोजना (Annual plan) भन्नाले के बुझिन्छ ?

क) एक शैक्षिक सत्रभरिमा विद्यालयले सञ्चालन गर्ने सम्पूर्ण गतिविधि दर्साउने गरी तयार पारिको योजना

ख) एक शैक्षिक सत्रमा विद्यालय खुलेका दिनहरूमा शिक्षकले गर्ने/गराउने क्रियाकलाप समेटिएको योजना

ग) शिक्षकले आफूले पढाउनुपर्ने विषयका एक शैक्षिक सत्रभरिमा शिक्षण गरिसक्नका लागि गर्नुपर्ने विद्यार्थी तथा शिक्षक गतिविधि समावेश गरी शिक्षकले तयार पार्ने योजना

घ) वर्षैभरि दैनिक रूपमा शिक्षण गर्न तयार पारिएको पाठयोजना

४. एकाइ योजना (Unit plan) भनेको के हो ?

क) एकाइअन्तर्गतका विषयवस्तुको शिक्षणसिकाइ सञ्चालन गर्न शिक्षकद्वारा तयार पारिएको योजना

ख) एकाइअन्तर्गतका पाठ दैनिक रूपमा शिक्षण गर्न तयार पारिएको पाठयोजना

ग) शैक्षिक सत्रभरि कति एकाइ पठनपाठन गर्ने भनेर तयार पारिएको योजना

घ) एकाइअन्तर्गतका विषयवस्तुको क्षेत्र र क्रम मिलाएर तयार पारिएको योजना

५. दैनिक पाठयोजनाका अङ्गहरू क्रम कुन हो ?

क) उद्देश्य - क्रियाकलाप - शिक्षण सामग्री - मूल्याङ्कन - गृहकार्य

ख) उद्देश्य - शिक्षण सामग्री - क्रियाकलाप - मूल्याङ्कन - गृहकार्य

ग) शिक्षण सामग्री - उद्देश्य - क्रियाकलाप - मूल्याङ्कन - गृहकार्य

घ) क्रियाकलाप - उद्देश्य - शिक्षण सामग्री - मूल्याङ्कन - गृहकार्य

६. कुनै पाठको शिक्षण कार्य कुन कुरामा आधारित हुन्छ ?

क) क्रियाकलाप　　ख) शैक्षिक सामग्री

ग) उद्देश्य　　घ) गृहकार्य

७. दैनिक पाठयोजनाका व्यावहारिक उद्देश्यमा कुन विशेषता हुनुपर्दछ ?
   क) विद्यार्थीको व्यवहारमा आएको परिवर्तन मापन गर्न सकिने
   ख) निर्धारित समयभित्र प्राप्त गर्न सकिने
   ग) स्पष्ट र दोहोरो अर्थ नलाग्ने
   घ) माथिका सबै

८. विद्यालयको स्तरमा तयार पारिने योजना कुन हो ?
   क) दैनिक पाठयोजना
   ख) एकाइ योजना
   ग) वार्षिक शैक्षणिक योजना
   घ) विद्यालयको वार्षिक कार्ययोजना

९. तल दिइएकामध्ये कुन वाक्यले शैक्षणिक योजनाको आवश्यकता र महत्त्वलाई झल्काउँछ ?
   क) शैक्षणिक योजनाले पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्य हासिल गराउन मदत गर्दछ
   ख) शैक्षणिक योजनाले शिक्षणसिकाइ प्रक्रियालाई मार्गनिर्देशन गर्दछ
   ग) शैक्षणिक योजनाले शिक्षकलाई बढी जिम्मेवार, नियमित र सजगतापूर्वक कार्य गर्नमा सहयोग पुऱ्याउँछ
   घ) माथिका सबै

१०. विद्यालयको वार्षिक कार्ययोजनामा समावेश नहुने कुनचाहिँ हो ?
   क) विद्यालय व्यवस्थापन समितिको बैठक
   ख) अभिभावक दिवस
   ग) अतिरिक्त क्रियाकलाप
   घ) दैनिक कार्यतालिका

११. दैनिक पाठयोजना निर्माण गर्दा कुन कुरामा ध्यान दिनु पर्छ ?
   क) विद्यार्थीको स्तर र क्षमता
   ख) उपलब्ध साधन र स्रोत
   ग) पाठ्यक्रमको उद्देश्य र पाठ्यवस्तुको गहिराई
   घ) माथिका सबै

१२. शैक्षिक सामग्रीलाई कुन रूपमा लिन सकिन्छ ?
   क) शिक्षणसिकाइबाट प्राप्त गरिने साध्य
   ख) शिक्षणसिकाइका उद्देश्य प्राप्तिमा सहयोगी साधन
   ग) शिक्षणसिकाइको प्रभावकारिता मापन गर्ने साधन
   घ) शिक्षणसिकाइबाट हासिल गर्नुपर्ने उद्देश्य

१३. शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने आवश्यकता के हो ?
   क) सिकाइलाई अर्थपूर्ण र दिगो बनाउन
   ख) विभिन्न धारणा र सीपको विकास गर्न
   ग) सिकाइ अनुभवलाई व्यावहारिक र मूर्त रूप दिन
   घ) माथिका सबै

१४. पाठ्यपुस्तक उपलब्ध नभएको अवस्थामा शिक्षकले शिक्षण गर्दा केको आधारमा गर्नु पर्छ ?
   क) आकर्षक शैक्षिक सामग्री
   ख) पाठ्यक्रम
   ग) प्र.अ.को निर्देशन
   घ) विद्यार्थीको रुचि

१५. शिक्षणसिकाइ कार्यका लागि शिक्षकलाई मार्गनिर्देश गर्ने सबैभन्दा उपयुक्त सामग्री कुन हो ?

क) पाठ्यक्रम
ख) पाठ्यपुस्तक
ग) शिक्षक निर्देशिका
घ) शैक्षिक सामग्री

१६. शिक्षणसिकाइ प्रक्रियामा बाह्य मुलुकबाट आयात गर्न नसकिने कुन हो ?

क) उद्देश्य
ख) शैक्षिक सामग्री
ग) योग्य शिक्षक
घ) शिक्षण प्रविधि

१७. मूल्याङ्कनको शाब्दिक अर्थ कुन हो ?

क) निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न
ख) विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्नु
ग) विद्यार्थीको कमजोरी पत्ता लगाउनु
घ) विद्यार्थीको प्रगतिको मापन गर्नु

१८. परिमाणात्मक र गुणात्मक दुवै गुण भएको तथ्य कुन हो ?

क) मापन
ख) परीक्षा
ग) मूल्याङ्कन
घ) उपलब्धि

१९. उपलब्धिको व्याख्या र विश्लेषण गर्ने गुण भएको तथ्य कुन हो ?

क) परीक्षा
ख) मूल्याङ्कन
ग) मापन
घ) उपलब्धि

२०. सीमित साधन र निश्चित परिधिमा आधारित गुण भएको तथ्य कुन हो ?

क) उपलब्धि
ख) मूल्याङ्कन
ग) मापन
घ) परीक्षा

२१. "मूल्याङ्नका साधनले राम्रो र नराम्रो, उच्च गुणयुक्त र न्यून गुणयुक्त आदि छुट्याउन सक्नु पर्दछ ।" यो मूल्याङ्कनका साधनको कुनचाहिँ गुणसित सम्बन्धित छ ?

क) वस्तुनिष्ठता
ख) व्यावहारिक
ग) विभेदीकरण
घ) व्यापकता

२२. "निर्णय गर्नका लागि आवश्यक सूचना प्रदान गर्नु मूल्याङ्कन हो ।" यो भनाइ कुन शिक्षाविद्को हो ?

क) Gronlund
ख) Crobback
ग) Stufflebean
घ) Tayler

२३. "कुनै पनि शैक्षिक कार्यक्रम वा शैक्षिक कार्यक्रमको अङ्गका बारेमा निर्णय गर्न सङ्कलन गरिएको वा प्रयोग गरिएको सूचना नै मूल्याङ्कन हो ।" यो भनाइ कसको हो ?

क) John Dewey
ख) Tayler
ग) Gronlund
घ) Cronback

२४. "कुनै पनि प्रक्रियाको मूल्य निर्धारण गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ ।" यो परिभाषा कसको हो ?

क) Paulo Friere
ख) John Dewey
ग) Dictionary of Education
घ) Dictionary of Good

२५. शिक्षणसिकाइको कुनै निश्चित तह वा विषयको उद्देश्य पूरा भए नभएको लेखाजोखा गर्नुलाई कस्तो मूल्याङ्कन भनिन्छ ?

क) कार्यक्रम मूल्याङ्कन
ख) प्रक्रिया मूल्याङ्कन
ग) विद्यार्थी मूल्याङ्कन
घ) प्रभाव मूल्याङ्कन

२६. कार्यक्रम मूल्याङ्कन अन्तर्गत कुनचाहिँ पक्षको लेखाजोखा गरिन्छ ?

क) प्रक्रिया
ख) साधन/सुविधा
ग) सन्दर्भ
घ) माथिका सबै

२७. तल दिइएका कुन पक्षले सम्पूर्ण कार्यक्रमको नतिजाको मूल्याङ्कनलाई समेट्छ ?

क) लगानी मूल्याङ्कन
ख) सन्दर्भ मूल्याङ्कन
ग) उपलब्धि मूल्याङ्कन
घ) कार्यक्रम मूल्याङ्कन

२८. कुनै कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिने वा नदिने बारेमा निर्ण लिनका लागि तलकामध्ये कुन मूल्याङ्कनले समेट्छ ?

क) सन्दर्भ मूल्याङ्कन
ख) लगानी मूल्याङ्कन
ग) प्रक्रिया मूल्याङ्कन
घ) उपलब्धि मूल्याङ्कन

२९. कुनै समस्याको कारण पत्ता लगाउनका लागि तलकामध्ये कुन मूल्याङ्कन गरिन्छ ?

क) निर्णयात्मक मूल्याङ्कन
ख) निदानात्मक मूल्याङ्कन
ग) निर्माणात्मक मूल्याङ्कन
घ) सुधारात्मक मूल्याङ्कन

३०. निर्माणात्मक मूल्याङ्कनअन्तर्गत नपर्ने तलकामध्ये कुन हो ?

क) एकाइ परीक्षा
ख) त्रैमासिक परीक्षा
ग) गृहकार्य
घ) वार्षिक परीक्षा

३१. निर्णयात्मक मूल्याङ्कनको साधन तलकामध्ये कुन हो ?

क) एकाइ परीक्षा
ख) त्रैमासिक परीक्षा
ग) अर्धवार्षिक परीक्षा
घ) वार्षिक परीक्षा

३२. मापन भन्नाले के बुझिन्छ ?

क) भौतिक गुणको मात्रालाई अङ्कमा प्रस्तुत गर्नु
ख) कुनै वस्तुको गुणलाई पूर्ण निर्धारित नियमका आधारमा अङ्कमा बदल्ने प्रक्रिया
ग) गुणको परिमाणात्मक मान
घ) माथिका सबै

३३. मूल्याङ्कनका साधनको विश्वसनीयता भन्नाले के बुझिन्छ ?

क) स्थिरता (Consistency)
ख) मापन सकिने गुण (Dependability)
ग) भविष्यवाणी गर्न सकिने आधार (Predictability)
घ) माथिका सबै

३४. विश्वसनीयता निकाल्ने विधिहरूमध्ये पर्ने तलकामध्ये कुन हो ?

क) विशेषज्ञद्वारा परीक्षण विधि
ख) परीक्षण पुनः परीक्षण विधि
ग) तथ्याङ्कशास्त्रीय विधि
घ) बहुसाधन विधि

३५. विश्वसनीयतामा प्रभाव पार्ने तत्वअन्तर्गत नपर्ने कुन हो ?

क) जाँचको अवस्था
ख) परीक्षणको लम्बाइ र समयान्तर
ग) प्रश्नहरूको वस्तुगतता र विविधता
घ) उमेर र प्राप्ताङ्कको विविधता

३६. वैधता स्थापित गर्ने विधि कुन हो ?

क) विषयगत वैधता
ख) रचनात्मक वैधता
ग) मापदण्डमा आधारित वैधता
घ) माथिका सबै

३७. वैधताको अर्थ कुन हो ?

क) परीक्षणको मापन कति उपयुक्त, सान्दर्भिक र मान्य छ ।
ख) समान व्यक्तिको समूहलाई समान र तुलनायोग्य मापनका साधन पटकपटक प्रयोग गर्दा नतिजा उही रहन्छ ।
ग) मापनद्वारा प्राप्त जानकारीले मापन गरिएका गुणहरूको वास्तविक मापन गरेका छन् ।
घ) परीक्षणका साधनमा भविष्यवाणी गर्न सक्ने गुण छ ।

३८. विद्यार्थीको परीक्षा लिदा पाठ्यक्रमले तोकिएका सबै एकाइबाट प्रश्नपत्र पर्ने गरी प्रश्नहरू बनाइएका छन् भने त्यस्तो परीक्षणमा कुन प्रकारको वैधता भएको मानिन्छ ?

क) रचनात्मक वैधता
ख) पूर्ण सूचनात्मक वैधता
ग) विषयगत वैधता
घ) आधारसम्बन्धी वैधता

३९. दुईओटा समान नमुनाका परीक्षणलाई एउटै विद्यार्थी समूहमा एकैपटक वा केही समयको अन्तरालमा प्रयोग गरी विश्वसनीयताको मापन गर्ने विधि कुन हो ?

क) समानान्तर प्रारूप विधि
ख) अर्धविभाजन विधि
ग) परीक्षण पुन: परीक्षण विधि
घ) समविषय विधि

४०. विद्यार्थीको अलगअलग रूपमा विवरण फाइल खडा गरी पारिवारिक, सामाजिक तथा शैक्षिक सूचनाहरू सङ्कलन गरिएको विवरणलाई के भनिन्छ ?

क) सञ्चित अभिलेख
ख) घटनावृत्त अभिलेख
ग) व्यक्तिगत अभिलेख
घ) अवलोकन अभिलेख

४१. विद्यार्थीका जीवनमा घटित घटना विशेष वा महत्वपूर्ण विवरणहरू सङ्कलन गरी राखिएको रेकर्डलाई के भनिन्छ ?

क) सञ्चित अभिलेख
ख) व्यक्तिगत अभिलेख
ग) घटनावृत्त अभिलेख
घ) रूजु सूची

४२. विद्यार्थी आफैंले आफ्नो प्रगतिको लेखाजोखा गर्नुलाई के भनिन्छ ?

क) आत्म परीक्षा
ख) आत्म मूल्याङ्कन
ग) आत्म अनुभूति
घ) आत्म अनुशासन

४३. तुलनात्मक रूपमा मौलिक विचार तथा अभिव्यक्ति क्षमताको परीक्षण गर्न सक्ने प्रश्न कुन हो ?

क) प्रयोगात्मक प्रश्न
ख) वस्तुगत प्रश्न
ग) विषयगत प्रश्न
घ) मौखिक प्रश्न

४४. अन्दाजको भरमा उत्तर दिने प्रवृत्तिका लागि सजाय (Penalty) हुने प्रश्न कुन हो ?

क) वस्तुगत प्रश्न
ख) सारांश लेख्ने प्रश्न
ग) छोटो उत्तर आउने प्रश्न
घ) जोडा मिलाउने प्रश्न

४५. प्रश्नहरू दोषरहित भए नभएको, प्रश्नको कठिनाइस्तर थाहा पाउने र प्रश्नहरू गल्ती भएमा शिक्षण कार्यमा सुधार ल्याउनु पर्ने भए सोको जानकारी प्राप्त गर्न के गर्नु पर्छ ?

क) प्रश्नको विशिष्टीकरण	ख) प्रश्न विश्लेषण

ग) प्रश्नको अङ्कन	घ)

४६. प्रश्न विश्लेषण गर्दा विभेदीकरणको मान बढीमा कतिदेखि कतिसम्म हुन्छ ?

क) + १ देखि - १	ख) + २ देखि - २

ग) + ३ देखि - ३	घ) + ४ देखि - ४

४७. निरन्तर विद्यार्थी मूल्याङ्कनको उद्देश्य कुन हो ?

क) विद्यार्थी नियमित विद्यालय आउन सहयोग पुग्ने वातावरण तयार गर्ने

ख) मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षणसिकाइका लागि प्रयोग गर्ने

ग) जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन र कमजोरका लागि विशेष मदत गर्ने

घ) माथिका सबै

**उत्तरकुञ्जिका**

१. (घ) २. (ख) ३. (ग) ४. (क) ५. (ख) ६. (ग) ७. (घ) ८. (घ) ९. (घ)
१०. (घ) ११. (घ) १२. (ख) १३. (घ) १४. (ख) १५. (ग). १६. (क) १७. (ख) १८.(ग)
१९. (ख) २०. (घ) २१. (ग) २२. (घ) २३. (घ) २४. ( ) २५. (घ) २६. (ग) २७.(ग)
२८. (क) २९. (घ) ३०. (घ) ३१. (घ) ३२. (घ) ३३. ( ) ३४. (ग) ३५. (घ) ३६.(क)
३७. (ग) ३८. (क) ३९. (क) ४०. (ग) ४१. (ख) ४२. (ग) ४३. क) ४४. (ख) ४५.(क)
४६. (घ) ४७. (घ)

१. योजना निर्माणको प्रथम चरण कुन हो ?
क) वर्तमान अवस्थाको विश्लेषण
ख) भावी कार्यदिशा निर्धारण
ग) योजना तयार पार्ने
घ) योजनाको मूल्याङ्कन गर्ने

२. विद्यालय तहमा तयार पारिने योजना कुन हो ?
क) Macro plan
ख) Meso plan
ग) Micro plan
घ) Periodic plan

३. विद्यालयस्तरमा गरिने योजनाका सरोकारवाला (stakeholders) तलकामध्ये को हुन् ?
क) अभिभावक
ख) शिक्षक, विद्यार्थी
ग) स्थानीय समुदाय
घ) माथिका सबै

४. विद्यालयस्तरमा गरिने योजना केमा आधारित हुन्छ ?
क) राष्ट्रको शैक्षिक नीति र प्राथमिकता
ख) शिक्षा व्यवस्थापनसम्बन्धी ऐन, नियम
ग) समुदायको आवश्यकता र चाहना
घ) माथिका सबै

५. शैक्षिक योजना निर्माणको साधन (planning tool) तलकामध्ये कुन हो ?
क) आर्थिक स्रोतसाधन
ख) विशेषज्ञ जनशक्ति
ग) शैक्षिक व्यवस्थापन सूचना प्रणाली
घ) प्रचलित शिक्षा ऐन, नियम

६. स्थानीयस्तरमा बनाइने योजनाको विशेषता तलकामध्ये कुन हो ?.
क) स्थानीय समुदायको महत्वाकाङ्क्षाको सम्बोधन
ख) माथिल्ला निकायको अनुगमन
ग) समतामूलक स्रोत बाँडफाँडको व्यवस्था
घ) जिल्लास्तरको योजनाको आधारशिला

७. नेपालको सन्दर्भमा १०० भन्दा बढी देखिने शैक्षिक सूचक तलकामध्ये कुन हो ?
क) सहजै देखिने विद्यार्थी भर्ना दर
ख) खुद विद्यार्थी भर्ना दर
ग) विद्यालय उमेर समूहका बालबालिकाको प्रतिशत
घ) विद्यालयमा भर्ना भएका कूल बालबालिकाको प्रतिशत

८. सूक्ष्म योजना (Micro plan) तलकामध्ये कुन हो ?
क) जिल्ला शिक्षा योजना (DEP)
ख) गाउँ शिक्षा योजना (VEP)
ग) विद्यालय सुधार योजना (SIP)
घ) वार्षिक रणनीति तयारी योजना (ASIP)

९. विद्यालय सुधार योजनाको मुख्य अभिप्राय (focus) कुन हो ?
क) स्थानीय समुदायलाई विद्यालय गतिविधिमा सहभागिता अभिवृद्धि गर्नु
ख) विद्यार्थीको उच्च सिकाइ उपलब्धिको सुनिश्चित गर्नु
ग) स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्नु
घ) योजना कार्यान्वयनमा सुनिश्चितता हासिल गर्नु

१०. विद्यालय सुधार योजनाको अन्तिम चरण कुन हो ?

क) आवधिक लक्ष्य निर्धारण र शैक्षिक सूचकको निर्माण

ख) कार्यक्रमको लागत अनुमान र स्रोतको खोजी

ग) कार्यक्रम कार्यान्वयनको रणनीति तयारी

घ) कार्यक्रम कार्यान्वयन योजना र अनुगमन

११. कुनै विद्यालयले तयार पारेको विद्यालय सुधार योजनामा समावेश हुनसक्ने रणनीति तलकामध्ये कुन हो ?

क) भौतिक मर्मत गर्ने

ख) आयस्रोत वृद्धिका लागि समुदाय परिचालन गर्ने

ग) चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

घ) अभिभावक भेलाको आयोजना गर्ने

१२. विद्यालय सुधार योजना निर्माण गरिसकेपछि कहाँ पेस गर्नुपर्छ ?

क) स्रोतकेन्द्र

ख) गाउँ विकास समिति/नगरपालिका

ग) जिल्ला शिक्षा कार्यालय

घ) जिल्ला शिक्षा समिति

**उत्तरकुञ्जिका**

१. (क) २. (ग) ३. (घ) ४. (घ) ५. (ग) ६. (ग) ७. (क) ८. (ग) ९. (ख)
१०. (घ) ११. (ख) १२. (क)

१. तलको कुन बुँदाले शिक्षकमा बाल मनोविज्ञानको ज्ञान हुनुपर्छ भन्ने कुराको पुष्टि गर्दछ ।

क. शिक्षकलाई उपयुक्त शैक्षणिक योजना बनाउन सहयोग गर्दछ ।

ख. निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी उपयोग गर्न शिक्षकलाई सघाउँछ ।

ग. विद्यार्थीको मनोभावना बुझेर विद्यार्थी केन्द्रित शिक्षण गर्न सहयोग गर्छ ।

घ. विद्यार्थीलाई सजिलै कक्षा चढाउन सघाउँछ ।

२. बालबालिकाहरूको दुई वर्षदेखि छ वर्षसम्मको विकासात्मक अवस्थाको नाम कुनचाहिँ हो ?

क. पूर्व बाल्यावस्था | ख. बाल्यावस्था

ग. उत्तर बाल्यावस्था | घ. किशोरावस्था

३. तलकामध्ये उत्तरबाल्यावस्थाको विशेषता कुन हो ?

क. यो खेलौनाको उमेर हो । | ख. यो बालसमूहको उमेर हो ।

ग. यो अनुकरण गर्ने उमेर हो । | घ. यो खप्टिएको अवस्था हो ।

४. "पूर्व किशोरावस्था यौनाङ्गहरू परिपक्व हुने र सन्तानोत्पादन गर्न सक्ने क्षमता प्राप्त हुने यौन परिपक्वताको अवस्था हो ।" यो भनाइ कसको हो ?

क. Root को | ख. Dewey को

ग. Piaget को | घ. रुसोको

५. खेलकूद, नाचगान र हिडडूल गर्न मनपराउने उमेर कुन हो ?

क. पूर्व बाल्यावस्था | ख. बाल्यावस्था

ग. किशोरावस्था | घ. उत्तरबाल्यावस्था

उत्तरहरू

१. ग   २. क   ३.ख   ४. क   ५. घ

१. तलका मध्ये कुनचाहीं शिक्षक केन्द्रित विधि हो ?

क. प्रदर्शन | ख. छलफल
ग. खोज | घ. समस्या समाधान

२. कुन शैक्षणिक व्यवस्थामा शैक्षिक वर्षको अन्तमा विद्यार्थीलाई कक्षा चढाउने वा नचढाउने भन्ने निर्णय गर्न जरुरत पर्दैन ?

क. कक्षा शिक्षण | ख. बहुकक्षा शिक्षण
ग. विषय शिक्षण | घ. खुला विद्यालय शिक्षण

३. तलका मध्ये कुन चाहीं कक्षाको भौतिक व्यवस्थापनसँग सम्बन्धित छ ?

क. कक्षामा नियमपालन तथा अनुशासन व्यवस्था ।
ख. विविधता (diversity) तथा समावेशीकरण ।
ग. चोटपटक तथा दुर्घटनाको जोखिम नहुने व्यवस्था ।
घ. कक्षालाई द्वन्द्वरहित बनाउने व्यवस्था ।

४. स्थानीय विषय वा मातृभाषा विषयको पाठ्यक्रम कसले बनाउने नीतिगत व्यवस्था छ ?

क. जिल्ला शिक्षा कार्यालयले | ख स्रोतकेन्द्रले
ग. विद्यालयले | घ. स्थानीय निकायले

५. स्थानीय/भाषा विषयको पाठ्यक्रम निर्माण प्रक्रियाको सबैभन्दा पहिलो काम के हो ?

क. विषय छनोट | ख. उद्देश्य निर्धारण
ग. शिक्षक तयारी | घ. परिचय लेखन

६. नेपालमा अगाडि सारिएको बहुभाषी शिक्षा (Multilingual Education) भनेको

क. मुलुकका विद्यालयहरूमा स्थानीय आवश्यकतानुसार सम्बन्धित मातृभाषाहरूलाई शिक्षणको माध्यम (medium of instruction) भाषाको रूपमा प्रयोग गर्नु हो ।
ख. शिक्षणको माध्यम भाषा सामान्यत नेपाली भए पनि शिक्षकले कक्षामा भएका मातृभाषी विद्यार्थीको आवश्यकतानुसार विभिन्न भाषामा पढाउने/बुझाउने हो ।
ग. मुलुकमा अस्तित्वमा रहेका सबै भाषाहरूको पाठ्यक्रम बनाई विद्यालयमा पठनपाठन गर्नु हो ।
घ. बहुभाषी मुलुक भएकाले विद्यार्थीले धेरै भाषाको अध्ययन गर्ने व्यवस्था मिलाउनु हो ।

**उत्तर**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | क | २. | ख | ३. | ग | ४. | ग |
| ५. | क | ६. | क | | | | |

तलका प्रश्नहरूको सही उत्तरको   _केतलाई गोलो घेरा दिनुहोस् :

१. शैक्षिक सामग्री भनेको वास्तबमा के हो ?
   क. शिक्षकका लागि आवश्यक विषयवस्तु
   ख. विद्यार्थीलाई अभ्यास गर्न सहयोगी विषयवस्तु
   ग. चेतना ग्रन्थिहरूको बहुउपयोगबाट सिकाइमा सरलीकरण गर्ने विषयवस्तु
   घ. पाठ्यक्रम र पाठ्यपुस्तक

२. शैक्षिक सामग्रीको प्रयोगबाट सबैभन्दा बढी के फाइदा हुन्छ ?
   क. विद्यार्थीको सिकाइशैली अनुरूप सिकाइमा सहयोग पुग्छ ।
   ख. शिक्षकले पढाउन कम मेहनत गरे पुग्छ ।
   ग. यसले शिक्षकलाई सक्रिय र विद्यार्थीलाई निष्क्रिय बनाउन सघाउँछ ।
   घ. विद्यार्थीहरूलाई रमाइलो र मनोरञ्जन प्रदान गर्दछ ।

३. कसले प्रयोग गरेको शैक्षिक सामग्रीबाट तुलनात्मक रूपमा सिकाइ बढी अर्थपूर्ण र टिकाउ हुन्छ ?
   क. शिक्षक स्वयम्ले   ख. शिक्षकले धेरै र विद्यार्थीले कम
   ग. शिक्षकको अनुपस्थितिमा विद्यार्थीले   घ. शिक्षकको सहजीकरणमा विद्यार्थीले

४. भाषा शिक्षणमा बढी उपयोगी हुने शैक्षिक सामग्री कुन हो ?
   क. चार्ट   ख. कैंची
   ग. तराजु   घ. ग्लोब

५. सुनाइ सीपको विकास गर्न कुन शैक्षिक सामग्री बढी उपयोगी हुन्छ ?
   क. चार्ट   ख. मोडेल
   ग. टेप रिकर्डर   घ. कथा पत्ती

६. कुन शैक्षिक सामग्री श्रव्य सामग्री हो ?
   क. टिभी   ख. कम्प्युटर
   ग. रेडियो   घ. घडी

७. तलका मध्ये स्थानीय स्तरमा सहजै पाइने सामग्री कुन हो ?
   क. बेसटेन ब्लक   ख. पकेट चार्ट
   ग. पत्रपत्रिका   घ. ज्यामिति बाकस

८. शैक्षिक सामग्रीले कुन अवस्थामा सिकाइलाई सघाउँछ ?
   क. विषयवस्तुलाई र शैक्षिक सामग्रीलाई अलगअलग पारिएको अवस्थामा
   ख. विषयवस्तुको प्रकृतिसँग शैक्षिक सामग्री मिल्दो भएमा
   ग. शैक्षिक सामग्रीले प्रयोगकर्तालाई आनन्द र रमाइलो दिएमा
   घ. शिक्षकको स्तर अनुसारको शैक्षिक सामग्री प्रयोग गरिएमा

९. पहिलो पटक गन्तिको अभ्यास गराउन कुन सामग्री बढी प्रभावकारी हुन्छ ?
   क. गन्ति तालिका   ख. अङ्क पत्ती
   ग. ससाना ढुङ्गाहरू   घ. क्यासेट प्लेयर

Acc. No.- 3086

१०. तलकामध्ये कुन सामग्रीको प्रयोग धेरै विषयहरूमा गर्न सकिन्छ ?

क. स्थानमान तालिका
ख. पकेट चार्ट
ग. तराजु
घ. रुलर

११. शैक्षिक सामग्री छनोट र निर्माण गर्दा ध्यान दिनु पर्ने सबैभन्दा महत्त्वपूर्ण पक्ष तलका मध्ये कुन हो ?

क. उपयुक्त साइजको, स्पष्ट र सफा हुनुपर्दछ ।
ख. विद्यार्थीको रुचि, क्षमता र स्तरअनुसारको हुनुपर्दछ ।
ग. सकेसम्म स्वनिर्मित/विद्यार्थी निर्मित हुनुपर्दछ ।
घ. सकेसम्म दह्रो र टिकाउ खालको हुनुपर्दछ ।

उत्तर :

१. ग  २. क  ३. घ  ४. क  ५. ग  ६. ग  ७. ग  ८. ख  ९. ग  १०. ख
११. ख

सही उत्तरमा गोलो (०) चिन्ह लगाउनुहोस् ।

१. नेपालको अन्तरिम संविधान कहिलेदेखि लागू भएको हो ?

क) २०६३ पुस १ गते
ख) २०६३ माघ १ गते
ग) २०६३ फाल्गुण १ गते
घ) २०६३ चैत्र १ गते

२. नेपालमा अन्तरिम संविधान, २०६३ ले पहिलो पटक थप गरेका मौलिक हक कुन हो ?

क) शिक्षा तथा संस्कृतिसम्बन्धी हक
ख) सूचनाको हक
ग) छुवाछुत तथा जातीय भेदभावविरूद्धको हक
घ) सम्पत्तिको हक

३. नेपातको अन्तरिम संविधानको शिक्षा तथा संस्कृतिसम्बन्धी हकमा तल लेखिएकोमध्ये कुन हक उल्लेख गरिएको छ ।

क) कानुनमा व्यवस्था भएबमोजिम प्राथमिक तहसम्मको शिक्षा नि:शुल्क प्राप्त गर्ने हक
ख) कानुनमा व्यवस्था भएबमोजिम निम्नमाध्यमिक तहसम्मको शिक्षा नि:शुल्क प्राप्त गर्ने हक
ग) कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क प्राप्त गर्ने हक
घ) कानुनमा व्यवस्था भएबमोजिम उच्चमाध्यमिक तहसम्मको शिक्षा नि:शुल्क प्राप्त गर्ने हक

370.95496 NEP-M 2011 Ed. 1 Nepal

४. नेपालको अन्तरिम संविधानअनुसार नेपालको कार्यकारिणी अधिकार कसकोमा निहित हुन्छ ?

क) मन्त्रीपरिषद्
ख) प्रधानमन्त्री
ग) उपराष्ट्रपति
घ) राष्ट्रपति

५. प्रधानमन्त्रीले को समक्ष सपथग्रहण गर्नुपर्छ ?

क) प्रधानमन्त्री
ख) सभामुख
ग) उपराष्ट्रपति
घ) राष्ट्रपति

उत्तरकुञ्जिका

१. ख  २. ग  ३. ग  ४. क  ५. घ